# पत्रकारिता

PATRAKARITA

नेपाल पत्रकार महासंघ, फागुन २०७५



# चासो कानून निर्माणमा

## साधारण सभा विशेषाङ्क

राष्ट्रिय समृद्धिका लागि सञ्चार : गुणात्मक, व्यवसायिक र सुरक्षित पत्रकार

## यो अंकमा




**प्रेस स्वतन्त्रतासम्बन्धी मान्यता र सञ्चारमैत्री कानून निर्माणको सवाल**

गोविन्द आचार्य — ३



**विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार र सीमाहरु**

तारानाथ दाहाल — ८



**पत्रकार महासंघका चुनौती**

रमेश विष्ट — २६



**लिङ्गको आधारमा हुने हिंसा र सञ्चारमाध्यमको भूमिका**

निर्मला शर्मा — ३८



**प्रश्नको घेरामा पत्रकार**

राजेश मिश्र — ५७

| | |
|---|---|
| **सम्पादकीय** : मुद्दा केन्द्रीत साधारणसभा | - २ |
| **बबिता बस्नेत** : प्रत्यक्ष निर्वाचनमा किन जाने पत्रकार महासंघ ? | - १५ |
| **अर्जुन शाह** : प्रत्यक्ष निर्वाचन र प्रदेश संरचना | - १७ |
| **धर्मेन्द्र झा** : नेपाली संघीयता र सूचनाको हक | - २० |
| **डा. महेन्द्र विष्ट** : कानुनी संरचना र नयाँ सञ्चार प्रणाली | - २३ |
| **अनिता विन्दु** : राष्ट्रिय सम्मेलनको सन्देश र पत्रकार महिलाको दायित्व | - २९ |
| **प्रभुनारायण बस्नेत** : अन्योलमुक्त हुन सकेन आजको पत्रकारिता | - ३२ |
| **पोषण केसी** : व्यवसायिक पत्रकारिता र आचारसंहिता | - ३६ |
| **रामजी दाहाल** : अनलाइन पत्रकारिता : औषधिले नसुकाऔं, पिलो निचरौं | - ४२ |
| **गंगाधर पराजुली** : न्यूनतम पारिश्रमिक निर्धारण समिति र पछिल्लो एक वर्ष | - ४५ |
| **जगत नेपाल** : शाख जोगाउन प्रत्यक्ष निर्वाचन | - ४८ |
| **हेमन्त काफ्ले** : प्रवासको पत्रकारिता : रहरमा फुलेको अप्ठ्यारो फूल | - ५० |
| **उदय जीएम** : ऐनाअगाडि उभिएर हेरौं आफ्नै अनुहार | - ५२ |
| **कृष्ण गिरी** : आवश्यकता आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको | - ५९ |
| **मन गहिरे** : मोफसलमा रहेका महिला पत्रकारको अवस्था र चुनौती | - ६३ |
| **भीमा शिवाकोटी** : महिलाका लागि पत्रकारिता : अवस्था र चुनौती | - ६५ |
| **गोपाल बराइली** : नेपाली सञ्चारमाध्यम र दलित समुदायको अवस्था | - ६८ |
| **भूपेन्द्र आचार्य** : पत्रकारको तेस्रो आँखा | - ७१ |
| **दीपेन्द्र श्रेष्ठ** : पोखरा : "क्यापिटल सिटी अफ टुरिजम्" | - ७३ |
| **गतिविधिहरू** | - ७९ |

# मुद्दा केन्द्रीत साधारणसभा

नेपाल पत्रकार महासंघको केन्द्रीय साधारणसभामा हामी उपस्थित छौं । महासंघको जीवनमा साधारणसभाको निकै नै महत्व हुन्छ । चुनावी अधिवेशनमा खासै नीतिगत छलफल हुन नसक्ने गरेको अनुभव हाम्रा माझमा छ । त्यसकारण यो साधारणसभा महासंघलाई जीवन्त बनाउन, स्पष्ट मार्ग पहिचान गरी अगाडि बढ्न, महासंघका सबै निर्णयहरूको स्वामित्व सबै सदस्यहरूले लिने अबस्थाको सुनिश्चितता गर्नका लागि महत्वपूर्ण हुनेछ ।

यो महत्वपूर्ण साधारण सभामा प्रवेश गर्दैगर्दा हाम्रा अहिलेका मुद्दाहरूको गहन विश्लेषण गर्दै ती मुद्दा सम्बोधनका लागि नीति बनाउने, रणनीति तय गर्ने र आवश्यकताअनुसार दवाव समूहका रूपमा सिंगो महासंघलाई उभ्याउने बलियो इच्छाशक्ति साधारणसभाका सबै सदस्यहरूमा जागृत हुनु जरूरी छ । हामी यतिबेला नेपाली प्रेसले अभ्यास गर्दै आएको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा कुनै पनि प्रकारको संकुचन हुन नहुने लडाई लड्नुपर्ने मागका साथ उभिनु परेको छ । मुलुकले नयाँ संविधान प्राप्त गरेको र त्यस संविधानअनुसार नयाँ संरचनामा गएको अवस्थामा संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्थालाई व्यवस्थित र परिणाममुखी बनाउनका लागि बिभिन्न तहमा कानुन निर्माण भइरहेका छन् । सामाजिक व्यबस्थालाई सुदृढ बनाउनका लागि बन्दै गरेका कानुनहरू नियन्त्रणमुखी पनि देखिएका छन् । प्रेस स्वतन्त्रतालाई संकुचन गर्ने खालका पनि बन्दै छन् । नागरिक अधिकारलाई पनि साँघुरो बनाउने खालका कानुन पनि बन्दैछन् । कानुनहरूमार्फत अधिकार खोसिएपछि ती अधिकार पुनःप्राप्तिका लागि आन्दोलन नै आवश्यक गर्छ । कानुन बन्दै गरेको अवस्थामा हामीले कानुन बनाउने अधिकार प्राप्त सबै तहलाई निरन्तर खबरदारी गर्दै आएका छौं कि अब बन्ने कानुनहरू प्रेसमैत्री मात्रै हैन नागरिक अधिकार सुनिश्चित हुनेगरी बन्नु पर्छ ।

यो साधारणसभाको एउटा प्रमुख मुद्दा यही हो । महासंघका सबै सदस्यहरूले प्रेसमैत्री र नागरिक अधिकारमैत्री बनाउन सबै ठाउँमा बलियो रूपमा आवाज उठाउनु पर्ने भएको छ । यो कुरामा हामी चुक्यौ भने नेपाली प्रेस कमजोर हुन जाने छ र कमजोर प्रेसले समाज रुपान्तरणको अभियानको अगुवाई गर्न सक्दैन । त्यो बेला प्रेससँगको नागरिक अपेक्षा पनि पूरा हुन नसक्ने अवस्थाको सिर्जना हुन्छ ।

साधारणसभाको अर्को महत्वपूर्ण मुद्दा भनेको पत्रकार महासंघले आफ्नो केन्द्रीय नेतृत्व चुन्ने निर्वाचन प्रणाली पनि हो । पत्रकार महासंघका शाखाका साधारणसभाका निर्णयहरू, शाखा अध्यक्ष र प्रदेश अध्यक्षहरूको राष्ट्रिय भेलाको मार्गनिर्देश र महिला पत्रकारहरूको राष्ट्रिय भेलाले पारित गरेको प्रत्यक्ष निर्वाचन प्रणाली अबलम्बन गर्ने सम्बन्धमा अन्तिम निर्णय गर्ने थलो पनि यही साधारणसभा हो । महासंघका सबै सदस्यहरूको मताधिकारको सुनिश्चितता गर्दै लोकतन्त्रको उच्चतम अभ्यासमार्फत नेतृत्व चयन गर्ने यो बिधिले महासंघको जीवनमा महत्वपूर्ण परिवर्तन ल्याउने विश्वासका साथ केन्द्रीय समितिले विधान संशोधन प्रस्ताव पनि साधारणसभामा प्रस्तुत गर्दैछ ।

त्यसबाहेक श्रमजीवी पत्रकारका मुद्दा, स्वरोजगारमूलक सञ्चारमाध्यमको प्रबर्द्धनको मुद्दा पनि अत्यन्तै पेचिलोरूपमा उपस्थित भएका छन् । यी बिषयमा पनि साधारणसभामा गम्भीर छलफल हुने छ ।

प्रस्तुत स्मारिकामा यिनै मुद्दाहरूका सन्दर्भमा केन्द्रित सामग्रीहरूलाई प्राथमिकता दिइएको छ । साधारणसभाको छलफललाई बिषय केन्द्रीत बनाउनका लागि पत्रकारिताको यो अंकले महत्वपूर्ण योगदान दिने हाम्रो विश्वास छ ।

**नेपाल पत्रकार महासंघद्वारा प्रकाशित त्रैमासिक "पत्रकारिता"**

**सम्पादक : विपुल पोखेल, संयोजक : प्रकाश थापा, भाषा : उदय जीएम**

**सम्पादन मण्डल : छेटु शेर्पा, लक्ष्मण कार्की, पवन आचार्य, राजेश चाम्लिङ, कलेन्द्र सेजुवाल, बसन्त गिरी**

कार्यालय : सञ्चारग्राम, तिलगंगा, काठमाडौं

फोन नं.: ०१-४११२७६३, ४११२६७३, फ्याक्स : ०१-४११२७८५

इमेल : fnjnepal@mail.com.np, website: fnjnepal.org

लेआउट : आनन्द शर्मा, एड. चौतारी प्रा. लि., कमलपोखरी, काठमाडौं

प्रिन्टिङ : उपलब्धि प्रकाशन सेवा प्रा. लि., गैरीधारा, काठमाडौं

# प्रेस स्वतन्त्रतासम्बन्धी मान्यता र सञ्चारमैत्री कानून निर्माणको सवाल



गोविन्द आचार्य
gnepali@gmail.com

नेपाल पत्रकार महासंघ केन्द्रीय समितिले आम सञ्चारमाध्यम सम्बन्धी एकीकृत कानूनको नमूना मस्यौदा बनाई संघीय सरकारसमक्ष पेश गरेको छ । यसैगरी सञ्चारसम्बन्धी अन्य कानून निर्माणका सम्बन्धमा पनि महासंघको स्पष्ट धारणा रहँदै आएको छ ।

**१. अवधारणाः**

पूर्ण लोकतन्त्रमा मात्रै पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सम्भव छ । लोकतन्त्रबिना प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको निर्बाध प्रयोगको कल्पनासम्म गर्न सकिँदैंन । प्रेसले पूर्णरूपमा स्वतन्त्रता पायो भने मात्रै त्यसले जनतालाई सही सूचना सम्प्रेषण गर्नुका साथै लोकतान्त्रिक शासनलाई जिम्मेवार र उत्तरदायी बनाउन भूमिका खेल्न सक्छ । यही कारणले स्वतन्त्र प्रेसलाई लोकतन्त्रको आधार मानिएको हो । प्रेसले लोकतन्त्रको पक्षमा वकालत गर्छ र अभिव्यक्ति स्वतन्त्रताको प्रयोगका साथै यसको रक्षाका लागि महत्वपूर्ण भूमिका खेल्दछ । त्यसैले प्रेस स्वतन्त्रताबिना कुनै पनि स्वतन्त्रता सम्भव हुँदैन ।

प्रेस स्वतन्त्रताको अधिकार भनेको लोकतन्त्रको आधारभूत विषय हो । त्यहाँ सीमित वर्गले मात्रै आफ्नो अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्न पाउने र बहुसंख्यक नागरिक त्यसबाट वञ्चित हुनु हुँदैन । यदि त्यसो भयो भने त त्यो समाज स्वतन्त्र र प्रजातान्त्रिक समाज नै हुँदैन । स्वतन्त्र प्रेसले लोकतन्त्रको रक्षा र विकासका लागिसमेत महत्वपूर्ण भूमिका खेलेको हुन्छ । विचार तथा अभिव्यक्ति स्वतन्त्रताको प्रयोग, संरक्षण र संबर्द्धनका लागि प्रेस यस्तो माध्यम हो जसले शरीरमा रक्तसञ्चारले खेलेको भूमिकासरह समाजमा भूमिका निर्वाह गरिरहेको हुन्छ ।

**२. पृष्ठभूमिः**

प्रेसलाई राज्यको चौथो अंगको संज्ञा दिइन्छ । राज्यका अन्य अंगहरूको देश र जनताप्रति जसरी दायित्व हुन्छ, त्यस्तै प्रेसको पनि समाजप्रति दायित्व हुने भएकाले यसलाई चौथो अंग भनेर सम्मान गर्ने गरिएको हो । फेरि प्रेसले राज्यका सबै अंगप्रति वाच डगको भूमिका खेलिरहेकाले पनि यसलाई फरक अंग भनेर सम्बोधन गर्ने गरिएको हो ।

प्रेसले विगतमा खेलेको भूमिकालाई हेर्ने हो भने पनि लोकतन्त्र प्राप्तिको आन्दोलनसँगै यसको विकास भएको र भूमिका समेत बढ्दै गएको पाइन्छ । कुनै पनि देशको राजनीतिक आन्दोलन र परिवर्तनमा प्रेसले प्रभावकारी भूमिका खेलेको पाइन्छ । समाजलाई मार्गनिर्देशन गर्ने र जनमत सिर्जना गर्ने सशक्त माध्यम भएकाले समाजको राजनीतिक, सामाजिक, साँस्कृतिक र आर्थिक रूपान्तरणमा प्रेसको भूमिका महत्वपूर्ण मानिन्छ ।

नेपालमा हेर्ने हो भने २००७ साल, २०४६ साल र २०६३ सालको लोकतान्त्रिक आन्दोलनमा प्रेसको महत्वपूर्ण भूमिकालाई कसैले नकार्न सक्दैन । २०४७ सालको संविधान निर्माणपछि पञ्चायती संविधानमा रहेका प्रेस स्वतन्त्रता विरोधी कानुनहरू खारेज गरियो र केही खुकुलो अवस्था सिर्जना भयो । त्यसपछि छापा, विद्युतीय र अनलाइन सञ्चारमाध्यमको विस्तार र विकास हुन पायो ।

२०४७ सालको संविधानले प्रेस स्वतन्त्रताको ग्यारेण्टी गर्ने जनाए पनि यसमाथि हस्तक्षेप भने रोकिएन । खासगरी २०५२ सालमा माओवादीले तत्कालीन राजतन्त्रात्मक संसदीय व्यवस्थालाई अन्त्य गरी जनगणतन्त्रात्मक व्यवस्था स्थापना गर्ने उद्देश्यका साथ जनयुद्धको शुरूवात गऱ्यो । त्यसपछिका दिनहरूमा द्वन्द्वको मारमा पत्रकारहरू परे । पत्रकारहरूमाथि गिरफ्तारी, यातना, थुनछेक, बेपत्ता र हत्यासम्मका घटनाहरू हुन पुगे । मनोवैज्ञानिक आतंक त छँदैछ । द्वन्द्वको समयमा २६ जना पत्रकार मारिए र कैयौं बेपत्ता पारिए ।

पछिल्लोपटक २०६१ माघ १९ गते तत्कालीन राजा ज्ञानेन्द्रले शासनसत्ता आफ्नो हातमा लिएर निरंकुश शासन सञ्चालन गरेपछि त संकटकाल लगाएर संविधानमा रहेको प्रेस स्वतन्त्रताको धारा नै निलम्बन गरियो । सैनिकहरूले सम्पादकका कुर्चीमा बसेर सञ्चारमाध्यममा सेन्सरसीप गर्न थाले । टेलिफोन, इन्टरनेटका लाइन काटिए । कैयौं पत्रकारहरूलाई पक्राउ गरियो । आवतजावतमा रोक लगाइयो । यसले स्वतन्त्र प्रेसको घाँटी निमोठ्ने काम भयो । यो नेपालको प्रेस स्वतन्त्रताको इतिहासमा अत्यन्तै कालो समयको रूपमा अंकित रह्यो ।

सबै प्रकारका दमनका बावजुद नेपाली पत्रकारहरूको छाता संस्था नेपाल पत्रकार महासंघ प्रेस स्वतन्त्रताको आन्दोलनमा अघि बढ्यो । महासंघले लोकतान्त्रिक गणतन्त्रको स्थापनाले मात्रै देशमा वास्तविक लोकतन्त्र स्थापना हुने ठहर गर्दै वास्तविक लोकतन्त्रमा मात्र पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेण्टी हुनसक्ने निचोड निकाल्यो । लोकतान्त्रिक व्यवस्थामा मात्रै मानवअधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, विधिको शासन, स्वतन्त्र न्यायपालिका, सामाजिक न्याय, आवधिक निर्वाचन, राज्यका सबै निकायमा विभिन्न वर्ग, जाति र क्षेत्रको समानुपातिक र समावेशी सहभागिता तथा स्वस्थ राजनीतिक प्रतिष्पर्धाका आधारमा जनप्रतिनिधिहरूको चयन हुन सक्छ भन्ने पत्रकार महासंघको धारणा रहँदै आएको छ । नेपाली पत्रकारहरूको साझा संस्था नेपाल पत्रकार महासंघले लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि २०६२/६३ मा भएको आन्दोलनमा संस्थागत सहभागिता जनाउनुको अर्थ प्रेस स्वतन्त्रता र पत्रकार हकहितको ग्यारेण्टी गराउनु नै हो । महासंघको अगुवाईमा भएको पत्रकारहरूको आन्दोलनसमेतका कारण निरंकुशतन्त्र झुक्न बाध्य भएको इतिहास हाम्रोसामु ताजै छ ।

ऐतिहासिक जनआन्दोलन २०६२/६३ को सफलतापछि अहिले नयाँ संविधानमार्फत् संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भइसकेको छ । आज एकातिर प्रेसले आफ्नो आचरण र मर्यादामा गम्भीर ध्यान दिनुपर्ने देखिन्छ भने अर्कोतिर प्रेस स्वतन्त्रताको व्यवहारिक प्रत्याभूति र पत्रकार हकहित र अधिकारको ग्यारेण्टी हुनु जरूरी छ । नेपालमा नयाँ संविधानमार्फत प्राप्त उपलब्धिहरू संस्थागत भइसकेको, तीनवटै तहको निर्वाचन सम्पन्न भई सबै तहमा सरकारसमेत गठन भइसकेको अहिलेको अवस्थामा राज्यको चौथो अंगका रूपमा सम्मान गर्ने गरिएको सञ्चार क्षेत्रको पुनर्संरचनामा सरकार, संसद र न्यायालयको कस्तो रवैया रहन्छ प्रतिक्षाकै विषय बनेको छ । देशको राजनीतिक र सामाजिक परिवर्तनसँगै सञ्चार क्षेत्रमा जे जस्ता सुधार र पुनर्संरचना हुनुपर्ने हो त्यो हुन नसक्दा राज्यका अन्य निकायहरू प्रेस स्वतन्त्रता, पत्रकारको सुरक्षा, सञ्चार क्षेत्रको गुणात्मक विकास र पत्रकारिताको व्यवसायिकताप्रति संवेदनशील बन्न नसकेको आभास हुन्छ । आगामी दिनमा राज्यका

सम्बन्धित निकायहरूलाई सञ्चार क्षेत्रका मुद्दा सम्बोधनका लागि घच्घचाउन सबै सरोकारवाला पक्षको एकता र साझा दवावको खाँचो छ । यसका लागि महासंघका केन्द्र, प्रदेश र जिल्ला शाखाहरूले पहलकदमी बढाउनु पर्दछ ।

**३. प्रेस स्वतन्त्रता सम्बन्धमा अन्तर्राष्ट्रिय प्रत्याभूति**

"प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ, यस अधिकारमा बिना कुनै हस्तक्षेप आफ्ना मत राख्ने र बिना रोकतोक कुनै भौगोलिक सीमानाको अधिनमा नरही जुनसुकै माध्यमद्वारा सूचना तथा विचार प्राप्त गर्ने, खोजी गर्ने र प्रसार गर्ने अधिकार समेत समावेश छ ।"

**– संयुक्त राष्ट्रसंघको मानवअधिकारसम्वन्धी विश्वब्यापी घोषणापत्रको धारा १९ बाट**

संयुक्त राष्ट्रसंघको साधारणसभाद्वारा १० डिसेम्बर, १९४८ मा पारित यो घोषणापत्र अभिव्यक्ति स्वतन्त्रताका सम्बन्धमा अवलम्बन गरिएको पहिलो औपचारिक अन्तर्राष्ट्रिय दस्तावेज हो । संयुक्त राष्ट्रसंघको घोषणापत्रले प्रेस स्वतन्त्रतालाई मानवअधिकारको आधारभूत मापदण्डको रूपमा अंगीकार गरेको छ । यो अधिकारलाई संयुक्त राष्ट्रसंघको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा १९ मा पनि उल्लेख गरिएको छ, जसलाई नेपालले सन् १९९१ मे १४ मा अनुमोदन गरिसकेको छ ।

विचार तथा अभिव्यक्ति स्वतन्त्रताका सवालमा मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको संरक्षणसम्बन्धी युरोपेली अभिसन्धि १९५०, मानवअधिकारसम्बन्धी अन्तर-अमेरिकी अभिसन्धि १९६९, मानवअधिकार तथा मानिसहरूको अधिकारसम्बन्धी अफ्रिकी बडापत्र, १९८१ लगायतले पनि संरक्षण गरेका छन् । विश्वका धेरै देशका संविधानमा अभिव्यक्ति स्वतन्त्रता अन्तर्गत प्रेस स्वतन्त्रतालाई अवलम्वन गरेको पाइन्छ ।

**४. प्रेस स्वतन्त्रता सम्वन्धी म्युनिख घोषणापत्र १९७१**

जर्मनीको म्युनिखमा सम्पन्न विश्वभरका पत्रकारहरूको एक भेलाले पत्रकारहरूको अधिकार र कर्तव्यबारे म्युनिख घोषणापत्र जारी गरेको थियो । सन् १९७१ नोभेम्वर २४ र २५ मा अनुमोदन गरिएको यो घोषणापत्रलाई अन्तराष्ट्रिय पत्रकार महासंघ (आइएफजे)लगायत विश्वका विभिन्न पत्रकार संस्थाले स्वीकार गरेका छन् ।

**पत्रकारका अधिकार तथा कर्तव्य**

- जस्तोसुकै परिणाम भोग्नु परे पनि सत्यको सम्मान गर्नुपर्छ । सत्य थाहा पाउनु जनताको अधिकार हो ।
- सूचना पाउने, टिप्पणी गर्ने र आलोचना गर्ने स्वतन्त्रताको रक्षा गरिनु पर्दछ ।
- आफूलाई स्रोत थाहा भएका तथ्यका आधारमा रिपोर्ट गर्नुपर्छ ।
- आवश्यक अभिन्न सूचनाहरू दबाइनु हुँदैन ।
- गोप्यता राख्ने विश्वास दिएर प्राप्त गरिएका सूचनाहरूको स्रोत खोल्नु हुँदैन ।
- हरेक दवावको प्रतिकार गर्नुपर्छ ।
- पत्रकारहरूलाई उसको विश्वास वा विवेकविपरीत विचार व्यक्त गर्न बाध्य पार्न सकिने छैन ।

आइएफजेले सन् २०१४ मा ब्रसेल्समा आयोजना गरेको मिडिया, सशस्त्र सङ्घर्ष र घृणात्मक अभिव्यक्ति विषयक सम्मेलनपश्चात जारी गरिएको घोषणापत्रमा सदासर्वदा जिम्मेवार पत्रकारिताको मूल्य र मान्यतामा उभिन आव्हान गर्दै मिडियामा घृणा र हिंसा भड्काउने कार्यविरूद्ध लड्न प्रतिवद्धता व्यक्त गरिएको छ भने मिडियामार्फत घृणा र हिंसालाई भड्काउने कार्यको निन्दा गरिएको छ ।

यसैगरी आइएफजेले सन् १९५४ को विश्व सम्मेलनबाट जारी र सन् १९८६ को विश्व सम्मेलनबाट संशोधन गरी लागु गरेको पत्रकार आचारसंहिताका सिद्धान्त यसप्रकार छन् ।

- सत्यको सम्मान, प्रेस स्वतन्त्रताको प्रतिरक्षा,
- झूठ सामग्रीबाट अलग,
- समाचार, तस्वीर या सामग्री संकलनका लागि सही विधिको अवलम्बन,
- गल्तीको सुधार, गोप्य स्रोतको संरक्षण,
- रङ्ग, लिङ्ग, लैंगिकता, भाषा, धर्म, राजनीतिक या अन्य विचार, राष्ट्रिय या सामाजिकजस्ता कुनै पनि विभेदको खतराबाट सचेतता,
- कुनै समाचार प्रकाशन या दवाउन, अर्काको कृतिको चोरी (plagiarism), विद्वेष (malicious), मिथ्या विवरण (misrepresentation), झूठो आरोप (calumny), गाली (slander), बेइज्जती (libel), निराधार अभियोग (unfounded accusations) तथा घुसखोरी (acceptanceof (bribe)को प्रयोगमा इन्कारी आदि ।

यसरी अन्तर्राष्ट्रिय कानुन, अभिसन्धि एवं आचारसंहिताको अध्ययनबाट विश्वमा प्रेस स्वतन्त्रताको उच्च प्रत्याभूति गरिएको देखिन्छ । हरेक व्यक्तिलाई विचारको स्वतन्त्रता, सूचनाको हकको स्वतन्त्रता र त्यस्ता सूचनाहरू खोज्ने, प्राप्त गर्ने र आफूले चाहेको माध्यमबाट प्रकाशन/प्रसारण गर्ने स्वतन्त्रता पाएको देखिन्छ ।

अभिव्यक्ति स्वतन्त्रतामाथिको हस्तक्षेपलाई विभिन्न अन्तर्राष्ट्रिय मापदण्डहरूले गम्भीर हस्तक्षेप मानेका छन् । तर यी स्वतन्त्रताको उपभोग गर्दा अरूको

प्रतिष्ठा र अधिकारको सम्मान गर्नुपर्ने तथा राष्ट्रिय सुरक्षा, सार्वजनिक सुव्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकतामा ध्यान दिनुपर्ने व्यवस्था गरिएको पाइन्छ । जसलाई संयुक्त राष्ट्रसंघको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धको धारा १९(३)को परिच्छेद (१,२)मा व्यवस्था गरिएको छ ।

यसलाई कानूनीरूपमै तोकिएका निश्चित कठोर शर्तहरु पूरा गरिएका अवस्था बाहेक अमान्य मानिएको छ । अभिव्यक्ति स्वतन्त्रताको अधिकार सार्वभौम हुन् भने त्यसविरूद्धका सीमाहरु अपवाद मात्रै हुन् । मापदण्डहरूले प्राप्त अधिकार नै खोसिने गरी नियन्त्रण गर्न नपाइने सुनिश्चित गरेको छ भने अभिव्यक्ति स्वतन्त्रतामाथिको त्यस्तो सीमा कानुन अनुकूल हुनुपर्ने ग्यारेण्टी गरिएको छ । यसैगरी कानुनीरुपमा लगाइएको प्रतिबन्धको उद्देश्य पनि अन्तर्राष्ट्रिय कानुनअन्तर्गत बैध मानिएको कुनै निश्चित उद्देश्यको संरक्षण वा सम्बर्द्धन गर्ने हुनुपर्छ र अन्तिम शर्तअन्तर्गत लागू गरिएको त्यस्तो कुनै प्रतिबन्ध बैध उद्देश्यको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक हुनुपर्छ भन्ने मान्यता छ ।

**५. नेपालमा प्रेस स्वतन्त्रता सम्बन्धी संवैधानिक व्यवस्था**

नेपालको संविधान २०७२ को प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेण्टी गरिएको छ । यसअघिका संविधानमा यस्तो व्यवस्था थिएन । यसैगरी नेपालको संविधान २०७२ को धारा १७ मा स्वतन्त्रताको हकअन्तर्गत विचार र अभिव्यक्ति स्वतन्त्रताको ग्यारेण्टी गरिएको छ भने धारा १९ मा सञ्चारको हकअन्तर्गत उपधारा १ मा सञ्चारमाध्यममा प्रकाशन, प्रसारण हुने सामग्रीमा पूर्वप्रतिबन्ध नलगाइने, २ मा सञ्चारमाध्यमको बन्द, जफत वा दर्ता खारेज वा सामग्री जफत नगरिने तथा ३ मा सञ्चारसाधनलाई अवरूद्ध नगरिने व्यवस्था छ ।

तर नेपालको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकता प्रतिकूल हुने लगायतका केही विषयवस्तुमा मनासिव प्रतिबन्ध लगाउने गरी कानुन बनाउन सक्ने व्यवस्था संविधानले गरेको छ । नेपालको संविधानमा रहेका यी प्रतिबन्धात्मक व्यवस्था अन्तर्राष्ट्रिय दस्तावेजमा भएका भन्दा बृहद छन् र यिनले प्रेस स्वतन्त्रतालाई साँघुरो बनाउन सक्छन् ।

नेपालको संविधान धारा १९ मा आमसञ्चारसम्बन्धी देहाय बमोजिमको हकको व्यवस्था गरिएको छ ।

(१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन ।

तर, नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय एकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरूत्साहन गर्ने कार्यमा मनासिव प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(२) कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चारमाध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन ।

तर, यस उपधारामा लेखिएको कुनै कुराले रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चारमाध्यमको नियमन गर्न ऐन बनाउन बन्देज लगाएको मानिने छैन ।

(३) कानुनबमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरूद्ध गरिने छैन ।

यसैगरी संविधानको धारा २७ मा सूचनाको हक प्रत्याभूत गरिएको छ । उक्त धारामा "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर,कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन ।" भनिएको छ ।

**६. संघीयतामा सञ्चारको अधिकार र कार्यान्वयनको सवालः**

नेपालको संविधानअनुसार राज्यको कार्यकारी अधिकार तीन तहमा बाँडफाँड गरिएको छ । संविधानको अनुसूची ५ मा संघको अधिकारको सूची, अनुसूची ६ मा प्रदेशको अधिकारको सूची, अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकारको सूची, अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूची र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूची व्यवस्था गरिएको छ । ती पाँच वटै सूचीमा सूचना तथा सञ्चार र पत्रकारितासँग सम्बन्धित विषयको अधिकार पनि उल्लेख छ ।

तीनै तहको अधिकार क्षेत्रमा परेका विषयमा पहिला संघीय ऐन बन्नु आवश्यक देखिन्छ । सञ्चारसम्बन्धी

संघीय ऐन नबनेका कारण संविधानमा उल्लेख भएका अधिकार प्रयोग र व्याख्यामा अन्योल छ भने सञ्चार क्षेत्रमा संघीयता आएको अनुभूति हुन सकेको छैन । अहिले केन्द्र आफैले विभिन्न पुराना ऐन कानूनहरू जसले संघीयता चिन्दैनन्, त्यसका आधारमा जारी गरेका निर्देशिका र मापदण्डका कारण सञ्चार क्षेत्रमा थप अन्योलता उत्पन्न भएको छ । सञ्चार क्षेत्रका लागि लागू नै नहुने विद्युतीय कारोवार ऐनको दफा ४७ अनुसार सञ्चारकर्मीमाथि मुद्धा चलाइनु, सुशासन ऐनअन्तर्गत निर्देशिका जारी गरेर अनलाइन सञ्चारमाध्यमको नियमन गर्न खोज्नु तथा पुराना ऐनहरू यथावत राखेर सञ्चारमाध्यमको नियमन गर्नु संविधान विपरीत कार्य हुन् । प्रदेश र स्थानीय तहले पनि संविधानसँग बाँभिने गरी सञ्चार नीति, सञ्चारसम्बन्धी ऐन र निर्देशिका बनाउँदा अन्योल उत्पन्न भएको छ । एउटै देशभित्र फरक फरक मापदण्डका कानूनहरू बन्ने अवस्थालाई अन्त्य गर्न पत्रकार महासंघले केन्द्र र प्रदेशमा एकीकृत आमसञ्चार ऐनका नमूना मस्यौदा बनाएर सम्बन्धित तहमा हस्तान्तरण गरिसकेको छ भने स्थानीय तहमा पनि प्रेसमैत्री कानून निर्माणका लागि पहल गरिरहेको छ ।

**७. पत्रकार महासंघ केन्द्र, प्रदेश र शाखाको भूमिकाः**

१. नेपाल पत्रकार महासंघ केन्द्रीय समितिले आम सञ्चारमाध्यम सम्बन्धी एकीकृत कानूनको नमूना मस्यौदा बनाई संघीय सरकारसमक्ष पेश गरेको छ । यसैगरी सञ्चारसम्बन्धी अन्य कानून निर्माणका सम्बन्धमा पनि महासंघको स्पष्ट धारणा रहँदै आएको छ । महासंघले सरोकारवाला पक्षको सहभागिता र सहमतिमा बनाएको नमूना कानूनमा प्रेस स्वतन्त्रताको सुनिश्चितता, स्वतन्त्र र स्वायत्त निकायबाट मात्रै प्रेसको नियमन, अभिलेखीकरण, वर्गीकरण, प्रेसपास वितरण लगायतका कार्य हुनुपर्ने तथा प्रदेश र स्थानीय तहमा समेत स्वायत्त सञ्चार संरचना बनाई सोही तहबाटै मिडियाको अभिलेखीकरण, नवीकरण, वर्गीकरण लगायतका कार्य हुनुपर्ने प्रस्ताव छ ।

२. महासंघको गत पुस ४ र ५ गते विराटनगरमा सम्पन्न प्रदेश र जिल्ला अध्यक्षहरूको राष्ट्रिय सम्मेलनले देशका सबै प्रदेश र स्थानीय तहले फरक फरक र आपसमा बाभिने तथा प्रेस स्वतन्त्रतामा गम्भीर आँच आउने खालका आमसञ्चार नीति, कानून र संरचनाहरू निर्माण गरेका र निर्माण गर्ने क्रममा रहेको औल्याउँदै हरेक प्रदेशलाई प्रेस स्वतन्त्रता अनूकूल र देशको संविधान र संघीय कानूनसँग नबाभिने गरी नीति, कानून र संरचना निर्माण गर्न आग्रह गरेको छ ।

३. प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी विश्वव्यापी मान्यता, नेपालको संविधानको व्यवस्था एवम् नेपालमा कार्यान्वयनमा रहेको ३ तहका सरकारको अधिकारसूचीअनुरूप महासंघका प्रदेश र जिल्ला तहले पनि सोही तहका सञ्चारसम्बन्धी प्रारम्भिक नमूना मस्यौदा तयार पारी सरोकारवाला पक्षबीचमा बृहत छलफल गराउने र व्यापक सहमति भएका विषय समेटेर नमूना मस्यौदा सम्बन्धित तहका सरकारलाई प्रस्तुत गर्नेछन् । नमूना मस्यौदामा हालसम्म केन्द्रमा मात्र रहेका मिडियाको दर्ता, नवीकरण, वर्गीकरण, विज्ञापन वितरण, पत्रकारिता प्रशिक्षणसहितका अधिकारहरू प्रदेश र स्थानीय तहमा ल्याउने प्रस्ताव गरिने छ । प्रस्तावमा मिडिया दर्ता, नवीकरण तथा सरकारी विज्ञापनको भुक्तानी सम्बन्धी व्यवस्था स्थानीय तहबाटै हुनेछ ।

४. स्वतन्त्र मिडियामाथि राज्यका कुनै पनि तहका निकायबाट हस्तक्षेप हुनुहुँदैन भन्ने मान्यताअनुरूप मिडियासम्बन्धी स्वतन्त्र र स्वायत्त संरचना बनाइनुपर्ने महासंघको मान्यता छ । मिडियाको कन्टेन्टबाहेक अन्य नियमन गर्ने तथा हाल केन्द्रमा सूचना विभाग, प्रेस काउन्सिल र सञ्चार मन्त्रालयसमेतले गरिरहेका मिडियाको वर्गीकरण, प्रशिक्षण, लोककल्याणकारी विज्ञापन वितरण, मिडियाको अभिलेखीकरण र लाइसेन्स वितरण जस्ता कामका लागि प्रदेशस्तरमा स्वतन्त्र र स्वायत्तखालको प्रदेश सञ्चार प्राधिकरण वा अन्य कुनै नामको स्वतन्त्र र स्वायत्त संरचना स्थापना गर्न उपर्युक्त हुन सक्छ । मिडियाको कन्टेन्ट अनुगमन, उजुरी सुनुवाईका लागि भने स्वनियमन प्रणालीको विकासमा महासंघको जोड रहँदै आएको छ । पत्रकार आचारसंहिता अनुगमनका लागि केन्द्रको प्रेस काउन्सिलको पुनर्संरचना र प्रदेशस्तरमा कार्यालय स्थापना जरूरी छ ।

५. प्रदेश र स्थानीय तहका एकीकृत कानूनमा पनि पत्रपत्रिका, रेडियो, टिभी, अनलाइनलगायत आमसञ्चारमाध्यम सञ्चालन र नियमनसम्बन्धी व्यवस्था, आम सञ्चारमाध्यमले संविधानमा सञ्चारमाध्यमले प्रकाशन प्रसारण गर्न नहुने भनेर तोकिएका प्रतिबन्धात्मक वाक्यांश विपरीत प्रकाशन तथा प्रसारण गरेमा हुने सजायको व्यवस्था, प्रदेशका सरकारी विज्ञापनहरू प्रदेशका सञ्चारमाध्यममा समानुपातिक रूपमा वितरण गर्नुपर्ने व्यवस्था, प्रदेशस्तरमा आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको स्थापना र पत्रकार हितका लागि पत्रकार बृत्ति कोषको स्थापना जस्ता प्रावधानहरू राखिनु उपर्युक्त हुन सक्छ ।

*(आचार्य नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष हुनुहुन्छ)*

# विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार र सीमाहरू

## महासंघ :सशक्त निगरानी र नीति निर्माणमा हस्तक्षेपकारी भूमिका



**तारानाथ ढाहाल**
tndahal@yahoo.com

> प्रदेश र स्थानीय तहमा बनिरहेका ऐनमा “प्रचलित कानून अनुसार हुने” भन्ने शव्दावली प्रयोग भइरहेका छन् । यसबाट के स्पष्ट हुन्छ भने आमसञ्चार जगतमा कानूनी नियमनको बाक्लो जालो फैलिदै आएको छ ।

नेपालमा वाक तथा प्रकाशन स्वतन्त्रता वा हकको अवधारणा पद्मशम्शेरले बनाएको २००४ सालको संविधानमा पनि केही समेटिएको थियो । २००७ को जनक्रान्तिले ल्याएको परिवर्तनले वाक अर्थात अभिव्यक्ति गर्न पाउने स्वतन्त्रताका साथै पत्रपत्रिका प्रकाशन गर्न पाउने कानूनी हक नेपाली नागरिकले पाएका हुन् । राजनीतिक उथल-पुथलका आरोहअवरोहसँगै २०४६ सालसम्म आइपुग्दा यो हक वा स्वतन्त्रताको पक्ष निकै कमजोर नै रह्यो । अर्थात पूर्णरूपमा राज्य नियन्त्रित नै रह्यो ।

२०४७ को संविधानले अभिव्यक्ति तथा विचारको स्वतन्त्रता, पत्रपत्रिका तथा छापाखाना सञ्चालनको हक जस्ता मौलिक हक मात्र होइन सूचनाको हक जस्तो आधुनिक संवैधानिक हक पनि व्यवस्था गऱ्यो ।

यो स्वतन्त्रताको संवैधानिक दायरा निकै फराकिलो मानिन्थ्यो । तथापि अभ्यास र प्रयोगमा अनेकौँ समस्या, अवरोध र नियन्त्रणात्मक कानूनी जटिलताहरु रही नै रहे ।

२०६३ को अन्तरिम संविधानले पनि त्यस दायरालाई अझै विस्तार गर्ने प्रयास गर्‍यो । २०७२ मा संविधानसभाबाट जारी संविधानसम्म आइपुग्दा यो स्वतन्त्रताको दायरा संवैधानिकरूपमा उदार नै रहे पनि यसको उपयोगका लागि नेपाली नागरिकले अनेकौँ बाधा अवरोधको सामना गरिनै रहनुपरेको तीतो यथार्थ हाम्रासामु छ ।

यो पृष्ठभूमिमा यस लेखमा हाम्रो संविधान र नेपाल राष्ट्रले अनुमोदन गरेका अन्तर्राष्ट्रिय कानूनहरूका आधारमा विचार तथा अभिव्यक्तिको स्वतन्त्रताको अधिकार र यसका सीमाहरु तथा यसको प्रत्याभूतिका लागि बनाइएका कानूनी संरचनाहरूको प्रवृत्ति कसरी अगाडि बढेको छ भनेर चर्चा गरिएको छ ।

नेपालको संविधानको धारा १७ ले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । धारा १७ (२) (क) मा प्रत्येक नागरिकलाई "विचार र अभिव्यक्तिको स्वतन्त्रता हुने" उल्लेख गर्दै प्रतिबन्धनात्मक वाक्यांशमा त्यस्तो अधिकार भएतापनि त्यस व्यवस्थाले "नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा संघीय एकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछूतलाई दुरूत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, गालीबेइज्जती, अदालतको अवहेलना हुने, अपराध गर्न  दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिव प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन" भनी उल्लेख गरिएको छ ।

**संविधानमा आम सञ्चारसम्बन्धी हकः**

नेपालको संविधान धारा १९ मा आम सञ्चारसम्बन्धी देहायबमोजिमको हकको व्यवस्था गरिएको छ ।

(१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन ।

तर, नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय एकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरूत्साहन गर्ने कार्यमा मनासिव प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(२) कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने  छैन ।

तर, यस उपधारामा लेखिएको कुनै कुराले रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चार माध्यमको नियमन गर्न ऐन बनाउन बन्देज लगाएको मानिने छैन ।

(३) कानुनबमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरूद्ध गरिने छैन ।

**संविधानमा सूचनाको हकः**

संविधानको धारा २७ मा सूचनाको हक प्रत्याभूत गरिएको छ । उक्त धाराको अनुसार "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर, कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन ।"

**संविधानमा व्यवस्था गरिएका सीमाहरूः**

| सूचनाको हकका सीमाहरू | सञ्चारसम्बन्धी हकका सीमाहरू | विचार तथा अभिव्यक्ति स्वतन्त्रता अधिकारका सीमाहरू |
|---|---|---|
| कानुनबमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य नपारिने | सार्वभौमसत्ता, भौगोलिक अखण्डता,<br>राष्ट्रियता संघीय एकाइबीचको सु-सम्बन्ध खलल पार्ने विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने,<br>राज्यद्रोह, गाली बेइज्जती अदालतको अवहेलना<br>अपराध गर्न दुरूत्साहन सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य<br>श्रमप्रति अवहेलना जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरूत्साहन गर्ने कार्य | सार्वभौमसत्ता भौगोलिक अखण्डता,<br>राष्ट्रियता स्वाधीनता<br>संघीय एकाइ बीचको सु-सम्बन्धमा खलल पर्ने, विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछूतलाई दुरूत्साहन गर्ने,<br>श्रमप्रति अवहेलना गर्ने,<br>गालीबेइज्जती, अदालतको अवहेलना,<br>अपराध गर्न  दुरूत्साहन सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्य |

माथि उल्लिखितसंविधानले व्यवस्था गरेको विचार तथा अभिव्यक्ति स्वतन्त्रता उपरको सीमा वा बन्देज लगाइन सक्ने आधारहरु अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय मापदण्डमा व्यवस्था गरिएका आधारहरूभन्दा ज्यादै व्यापक, अस्पष्ट र कम गम्भीर प्रकृतिका देखिन्छन् । अन्तर्राष्ट्रिय मापदण्डहरूमा व्यवस्था गरिएको विचार तथा अभिव्यक्ति उपरका सीमाहरु र त्यस्ता सीमाहरूको बैधताको परीक्षणसम्बन्धमा तलचर्चा गरिएको छ ।

**अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड**

अभिव्यक्ति स्वतन्त्रताको अधिकारले मानवअधिकारका अन्तर्राष्ट्रिय संयन्त्रहरूको शुरूवाती विकासक्रमदेखिनै सबै अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संयन्त्रहरूमा महत्वपूर्ण स्थान ओगट्दै आएको छ । त्यसमा पनि विशेषगरी मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर ाष्ट्रिय घोषणापत्र १९६६, मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको संरक्षणसम्बन्धी युरोपेली अभिसन्धि १९५०, मानवअधिकारसम्बन्धी अन्तर-अमेरिकी अभिसन्धि १९६९, मानवअधिकार तथा मानिसहरूको अधिकारसम्बन्धी अफ्रिकी बडापत्र, १९८१ आदिले यस अधिकारलाई महत्वपूर्ण स्थान प्रदान गरेका छन् ।

**मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८**

संयुक्त राष्ट्रसंघको साधारण सभाद्वारा १० डिसेम्बर, १९४८ मा पारित यो घोषणापत्र अभिव्यक्ति स्वतन्त्रताका सम्बन्धमा अवलम्बन गरिएको पहिलो औपचारिक अन्तर ाष्ट्रिय दस्तावेज हो । मानवअधिकारको विश्वव्यापी घोषणापत्रलाई मानवअधिकारको अन्तर्राष्ट्रिय आलेख (International Bill of Human Rights) पनि भन्ने गरिन्छ । संयुक्त राष्ट्रसंघको साधारणसभाद्वारा पारित यो घोषणापत्र मानव अधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि संयुक्त राष्ट्रसंघको एक महत्वपूर्ण उपलब्धिका रूपमा रहेको छ ।

घोषणापत्रले मानव अधिकारका आधारभूत मापदण्डका रूपमा अभिव्यक्ति स्वतन्त्रतालाई समेटेको छ । जसअन्तर्गत प्रत्येक व्यक्तिलाई बिनाकुनै हस्तक्षेप आफ्नो विचार प्रकट गर्ने, आफूले चाहेको सूचना माग्ने, प्राप्त गर्ने तथा त्यस्तो सूचना कुनै माध्यमद्वारा बिनाबन्देज प्रसार गर्ने स्वतन्त्रता हुन्छ ।

**घोषणापत्रको धारा १९ को व्यवस्थाअनुसार,**

'प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ । यस अधिकारमा बिना कुनै हस्तक्षेप आफ्ना मत राख्ने र बिना रोकतोक, कुनै भौगोलिक सीमानाको अधिनमा नरही जुनसुकै सञ्चारमाध्यमद्वारा सूचना तथा विचार प्राप्त गर्ने, खोजी गर्ने र प्रसार गर्ने अधिकारसमेत समावेश छ ।'

यसरी धारा १९ मा गरिएको यस व्यवस्थाले विचारको स्वतन्त्रता, सूचनाको हकको स्वतन्त्रता र प्रसारणको स्वतन्त्रतालाई समेट्छ ।

**नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६**

अभिव्यक्ति स्वतन्त्रताका सम्बन्धमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ मा गरिएको व्यवस्था पनि मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा रहेको व्यवस्थासरह नै रहेको छ । विचार, अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता प्रत्याभूति गर्ने सम्बन्धमा यो दस्तावेजको निकै ठूलो महत्व राख्छ । यस अनुबन्धको धारा १९ ले गरेको व्यवस्थाअनुसार,

- प्रत्येक व्यक्तिलाई बिनाकुनै हस्तक्षेप आफ्नो विचार राख्न पाउने अधिकार हुनेछ ।
- प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ, जसअन्तर्गत बिनाकुनै बन्देज वा सीमा आफूले चाहेको सूचना तथा विचार खोज्ने, प्राप्त गर्ने तथा त्यस्तो सूचना वा विचार मौखिक, लिखित वा मुद्रित रूपमा वा कलात्मक रूपमा वा आफ्नो छनौटको अन्य कुनै माध्यमद्वारा प्रसारण गर्न पाउने स्वतन्त्रता हुनेछ ।

अनुबन्धले अभिव्यक्ति स्वतन्त्रताको अधिकारहरूको प्रयोगमा विशेष कर्तव्य तथा उत्तरदायित्वहरु समावेश हुने व्यवस्थासमेत गरेको छ । त्यस्तो कर्तव्य तथा उत्तरदायित्वअर्न्तगत उल्लिखित अधिकारमा नियन्त्रण गर्न सकिने व्यवस्था पनि अनुबन्धले गरेको छ । अनुबन्धको धारा १९(३) मा त्यस्ता नियन्त्रणहरूकानुनद्वारा स्पष्ट रूपमा व्यवस्था गरिएको र अरूको अधिकार वा प्रतिष्ठाको सम्मानका लागि वा राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षणका लागि आवश्यक ठानिएको समयमा मात्र लागू हुनसक्छ भन्ने व्यवस्था गरिएको छ ।

२०११ को संयुक्त राष्ट्रसंघ मानव अधिकार समितिले उपरोक्त अनुबन्ध उपरको सामान्य टिप्पणी संख्या ३४ मा विचार र अभिव्यक्ति स्वतन्त्रता, सूचनाको अधिकार लगायतका अधिकारहरूको व्याख्या गरी यसलाई थप सुदृढ बनाएको छ। यसमा नियन्त्रणको व्यवस्था भएतापनिप्राप्त अधिकारलाई नै धरापमा पार्ने गरी नियन्त्रण हुनुहुँदैन भनी जोड दिइएको छ । अधिकार र सोउपरको नियन्त्रणको सम्बन्ध प्रष्ट हुनुपर्छ र मापदण्ड र अपवाद पनि सोही किसिमको हुनुपर्छ भनी निर्देशनसमेत दिएको छ ।

**अभिव्यक्ति स्वतन्त्रताविरूद्ध लगाइन सकिने बन्देजसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड**

अभिव्यक्ति स्वतन्त्रता अधिकारको अन्तर्राष्ट्रिय मापदण्डहरूको अध्ययनले सिद्धान्ततः अभिव्यक्ति स्वतन्त्रताको अधिकारले व्यक्तिहरूकाबीच सूचना तथा विचार आदान-प्रदानसँग सम्बन्धित कुनै पनि कार्यमा राज्यको हस्तक्षेपविरूद्ध सुरक्षा प्रदान गर्ने कुरा स्पष्ट भइसकेको छ । तथापि, अन्तर्राष्ट्रिय कानुनले अभिव्यक्ति स्वतन्त्रताको अधिकार निरपेक्ष वा पूर्ण अधिकार भने

होइन भन्ने कुरा स्वीकार गर्छ ।

**सामान्यतयाः** अभिव्यक्ति स्वतन्त्रताको उपयोगसँग सम्बन्धित अधिकांश क्रियाकलापहरू हानीरहित नै हुन्छन् तर 'सूचना तथा विचारको खोजी, प्राप्तिर प्रवाहअन्तर्गत समाजलाई हानी गर्नसक्ने किसिमका क्रियाकलापहरु पनि पर्न सक्छन् । यस्ता कार्यको उदाहरणमा कसैको हत्याका लागि गरिएको दुरूत्साहन वा बालबालिकाहरूलाई अश्लील सामग्रीको बिक्री आदि पर्न सक्छ । अन्य व्यक्ति तथा सामाजिक हितमा असर पार्ने त्यस्ता किसिमका अभिव्यक्तिहरूमा आवश्यकताको हदअनुसार बन्देज लगाउन सकिने कुरा अन्तर्राष्ट्रिय कानुनले स्वीकार गरेको छ । अन्तर्राष्ट्रिय संयन्त्रहरूमा त्यस प्रकारको बन्देज लगाउन सकिने आधार र अवस्थाका बारेमा स्पष्ट रूपमा उल्लेख गरिएको छ । त्यस प्रकारको आधार वा अवस्था भए नभएको बारेमा परीक्षण गरिनुपर्ने पनि उल्लेख गरेको छ ।

**अभिव्यक्ति स्वतन्त्रताविरूद्धको बन्देजको बैधता जाँचका लागि तीनखण्डे परीक्षण**

अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरूले यस अधिकारविरूद्धको हस्तक्षेपलाई निकै गम्भीररूपमा लिँदै त्यस्तो कुनै हस्तक्षेपलाई निश्चित कठोर शर्तहरु पूरा गरिएका अवस्थामा मात्र अनुमति प्रदान गरेका छन् । अन्तर्राष्ट्रिय मापदण्डअनुसार अभिव्यक्ति स्वतन्त्रताको अधिकार नियम हो भने त्यसविरूद्धका सीमाहरु अपवाद हुन् । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर ाष्ट्रिय अनुबन्ध १९६६ को धारा १९(३) ले अभिव्यक्ति स्वतन्त्रताविरूद्धको बन्देजको बैधानिकता जाँच्नका लागि परीक्षणको व्यवस्था गरेको छ । धारा १९(३) को व्यवस्थाअनुसार,

यस धाराको परिच्छेद दुईमा व्यवस्था गरिएको अधिकार हरूको उपयोग सँगसँगै विशेष कर्तव्य र दायित्व पर्छन् । तसर्थ यस अधिकारमा केही नियन्त्रण हुन सक्नेछ, तर त्यस्तो नियन्त्रण कानुनले व्यवस्था गरेका तथा निम्नलिखित हितको संरक्षणका लागि आवश्यक परेको अवस्थामा मात्रै लागू हुनेछ ।

(क) अरूको अधिकार तथा प्रतिष्ठाको सम्मानका लागि ।
(ख) राष्ट्रिय सुरक्षा, सार्वजनिक सुव्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताका लागि ।

अन्य प्रमुख मानव अधिकार संयन्त्रहरूमा पनि समानरूपमा व्यवस्था गरिएको यस परीक्षण विधिमा तीनवटा खण्ड रहेको हुनाले यसलाई तीनखण्डे परीक्षणका रूपमा लिइन्छ । तीनखण्डे परीक्षणको पहिलो खण्डअन्तर्गत अभिव्यक्ति स्वतन्त्रतामाथिको त्यस्तो कुनै हस्तक्षेप कानुन अनुकूल हुनुपर्छ । यहाँकानुन अनुकूल हुनुपर्छ भन्नुको अर्थ कानुनमा व्यवस्थाभएअनुरूप हुनुपर्छ, र त्यस्तो कानुन आफैंमा पनि न्यायिक (Just Law) हुनुपर्छ भन्ने हो । त्यसैगरी, दोस्रो खण्डअनुसार त्यसरी कानुनी रूपमा लगाइएको प्रतिबन्धको उद्देश्य अन्तर्राष्ट्रिय कानुनअन्तर्गत बैध मानिएको कुनै निश्चित उद्देश्यको संरक्षण वा सम्बर्द्धन गर्ने हुनुपर्छ र अन्तिम शर्तअन्तर्गत लागू गरिएको त्यस्तो कुनै प्रतिबन्ध बैध उद्देश्यको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक हुनुपर्छ । अभिव्यक्ति स्वतन्त्रतामा प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा बन्देज लगाउने कुनै पनि कानुन वा कदमले उल्लिखित परीक्षणको कुनै एक खण्ड मात्र पनि पालन गर्न नसकेमा त्यस्तो कानुन वा कदम अवैधानिक हुन्छ ।

**परीक्षणको पहिलो खण्डःत्यस्तो बन्देजको व्यवस्था कानुनमा नै गरिएको हुनुपर्ने**

अभिव्यक्ति स्वतन्त्रताविरूद्धको बन्देजको बैधानिकतासम्बन्धी पहिलो परीक्षण अथवा शर्त भनेको त्यस्तो कुनै हस्तक्षेपसम्बन्धी व्यवस्था कानुनमा स्पष्ट रूपमा उल्लेख भएको हुनुपर्छ भन्ने हो । कानुन लागू गर्ने सरकारी अधिकारीको स्वेच्छामा त्यस्तो बन्देज लागू हुन सक्दैन, बन्देजका लागि सो समयमा लागू रहेको कुनै कानुन वा नियम हुनैपर्छ भन्ने यो प्रावधान निकै महत्वपूर्ण छ ।

'कानुनमा व्यवस्था गरिएको' भन्ने शर्तको अर्थ बन्देजसम्बन्धी नियम लिखित रूपमा हुनुपर्छ भन्नमात्र खोजिएको होइन । त्यस्तो कुनै कानुन स्पष्ट र निश्चित हुन आवश्यक हुनुका साथै कस्तो किसिमको व्यवहार/कसुरको परिणाम के हुन्छ भन्ने कुरा पनि नागरिकहरूलाई स्पष्टरूपमा थाहा हुने किसिमको हुनुपर्छ । अस्पष्ट शब्दहरु प्रयोग गरिएका, सो कानुन लागू हुने क्षेत्र अस्पष्ट भएका कानुनले ती मापदण्ड पूरा गर्दैनन् र परिणामस्वरूप कुनै पनि त्यस्ता कानुनहरु अभिव्यक्ति स्वतन्त्रताविरूद्धका गैरकानुनी बन्देज हुन् । उदाहरणका लागि 'समाजमा झगडाको बीउ छर्न', 'राज्यको झुटो चित्रण गर्ने' कार्यमा लगाइएको बन्देजहरु अस्पष्टताका कारण पहिलो खण्डको परीक्षणमा असफल हुन्छन् ।

**परीक्षणको दोस्रो खण्ड : बन्देजको व्यवस्था बैध कानुनी उद्देश्यपूर्तिका लागि**

अभिव्यक्ति स्वतन्त्रतामाथिको बन्देजको दोस्रो आवश्यक तत्व भनेको त्यस्ता प्रतिबन्धले बैध कानुनी उद्देश्य पूरा गर्नुपर्छ भन्ने हो । त्यस्ता बैध कानुनी उद्देश्यहरु के–के हुन् भन्ने कुरा अभिव्यक्ति स्वतन्त्रताका अन्तर्राष्ट्रिय मापदण्डहरूमा स्पष्टरूपमा उल्लेख भएका छन् । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९(३) को परिच्छेद (क) र (ख) मा त्यस्ता बैध उद्देश्यहरु उल्लेख गर्दै अभिव्यक्ति स्वतन्त्रतामाथिको बन्देजलाई सीमित पार्न खोजिएको छ । साथै महत्वपूर्ण कुरा के हो भने बन्देजका लागि आवश्यक त्यस्ता कानुनी उद्देश्यको सूचीमा सरकारले मनलागी परिवर्तन वा थपघट गर्न पाउँदैन । सो अनुबन्धमा उल्लिखित बैध उद्देश्यअन्तर्गत अरूको अधिकार तथा प्रतिष्ठाको सम्मान र राष्ट्रिय सुरक्षा, सार्वजनिक सुव्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताका लागि मात्र अभिव्यक्ति स्वतन्त्रतामा बन्देज लगाउन सकिन्छ ।

**परीक्षणको तेस्रो खण्ड : त्यस्तो बन्देज लगाउन आवश्यक नै हुनुपर्ने**

परीक्षणको तेस्रो खण्डलाई सामान्यरूपमा हेर्दा स्वयंसिद्ध तथ्य जस्तो देखिन्छ । यस खण्डको परीक्षणअनुसार यदि त्यस्तो बन्देज साँच्चै आवश्यक छैन भने पहिलो र दोस्रो खण्डअनुरूप त्यस्तो बन्देज बैध उद्देश्य संरक्षणका लागि साँच्चै नै आवश्यक होइन भने कानुनअनुरूप र बैध उद्देश्य पूरा गर्ने किसिमको नै भए पनि परीक्षणको तेस्रो खण्डअनुरूप हुन सक्दैन र त्यसले अभिव्यक्ति स्वतन्त्रताका उल्लंघन गर्छ । अन्तर्राष्ट्रिय मानव अधिकार अदालतहरूले अभिव्यक्ति स्वतन्त्रतामा अनावश्यक बन्देज लगाइएको भनी निर्णय दिएका अधिकांश मुद्दाहरूमा निर्णयको आधार त्यो सम्बन्धित कानुन आवश्यक रहेको नदेखिनु थियो । यसो हुनुको एक महत्वपूर्ण कारण अन्तर्राष्ट्रिय अदालतहरूले अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने कुनै पनि कानुन वा व्यवहारका सन्दर्भमा 'आवश्यकता' भन्ने शब्दलाई ग्रहण गर्दा विभिन्न गुणहरूले सम्पन्न हुनुपर्ने मान्नु हो ।

कुनै बन्देज 'आवश्यक' हुनका लागि अभिव्यक्ति स्वतन्त्रतामाथिको त्यस्तो बन्देज सामाजिक आवश्यकता सम्बोधन गर्ने खालको, अभिव्यक्ति स्वतन्त्रतामाथिको उपलब्ध बन्देजहरूमध्ये थोरै हानी पुऱ्याउने खालको, अभिव्यक्ति स्वतन्त्रतामा कमसेकम हस्तक्षेप गर्ने खालको हुनुपर्छ ।

**संविधानमा आमञ्चारको बाँडफाँडः**

नेपालको संविधानअनुसार राज्यको कार्यकारी अधिकार तीन तहमा बाँडफाँड गरिएको छ । संविधानको अनुसूचीको ५ मा संघको अधिकारको सूची, अनुसूची ६ मा प्रदेशको अधिकारको सूची, अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकारको सूची, अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूची र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूची व्यवस्था गरिएको छ । ती पाँचवटै सूचीमा सूचना तथा सञ्चार र पत्रकारितासँग सम्बन्धित विषयको अधिकार पनि उल्लेख छ ।

| अनुसूची ५ (संघ) | अनुसूची ६ (प्रदेश) | अनुसूची ७ (संघ र प्रदेश) | अनुसूची ८ (स्थानीय तह) | अनुसूची (तीन तहको साझा) |
|---|---|---|---|---|
| ८. दुरसञ्चार, रेडियो फ्रिक्वेन्सीको बाँडफाँड, रेडियो टेलिभिजन र हुलाक | ३. रेडियो, एफ.एम र टेलिभिजन सञ्चालन | १४. सञ्चारमाध्यम सम्बन्धी | ३. एफ.एम सञ्चालन | २. शिक्षा, खेलकुद र पत्रकारीता |

उपरोक्त अधिकार सूचीमा उल्लेख नभएका अन्य विषयहरु अनुसूची ५ मा नै पर्ने स्पष्ट पारिएको छ । यो सूचीलाई स्पष्ट र विस्तृत पार्ने कानून छैन । तीनै तहको सरकारको अधिकार क्षेत्रमा परेका विषयमा पहिला संघीय ऐन बन्नु आवश्यक छ । तर यसअनुसार हालसम्म माथि उल्लेख गरिएका अधिकार क्षेत्रसँग सम्बन्धित संघीय ऐन बनेको छैन । त्यसैले अधिकार प्रयोग र व्याख्यामा अन्योल छ । दोहोरो-तेहेरो र फरक-फरक मापदण्डका नियमनकारी ऐन, नीति र संस्थाहरु खडा भइरहेका छन् ।

संविधानको यो अधिकार सूचीलाई कार्यान्वयन गर्न नेपाल सरकारले संघ, प्रदेश तथा स्थानीय तहको एकल तथा साझा अधिकार सूूचीको बाँडफाँड र विस्तृतीकरण तयार गरेको छ । संघीयता कार्यान्वयनका लागि भनी बनाइएको सो सूची तीन तहको सरकारको अन्तर सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयकोसिद्धान्तमा आधारित भएकोले सोहीअनुसार तयार गरिएको भनिएको छ । अहिले प्रदेश र स्थानीय तहका सरकारका अधिकारीहरूले यही सूचीलाई आधार मानी आ-आफ्नो नीति र ऐनहरु बनाइरहेको बताउने गर्दछन् । तर यो विस्तृतीकरण सूचीको संवैधानिक वा कानूनी हैसियत देखिँदैन ।

अधिकार बाँडफाँड सूचीअनुसार माथि उल्लिखित अधिकारका सूचीहरूलाई निम्न अनुसार विस्तृतीकरण गरिएको छ :

| संघ | प्रदेश | स्थानीय |
|---|---|---|
| दुरसञ्चार, सूचना प्रविधि र भूउपग्रह आदी सम्बन्धी - १३ वटा<br>- रेडियो टिभी तथा अन्य सञ्चार माध्यम सम्बन्धी - १६ वटा<br>- हुलाक सम्बन्धी - ९ वटा<br>- सिनेमा सम्बन्धी - २ वटा<br>- सूचनाको हक - १<br>र, अनुसूची ९ अनुसारको पत्रपत्रिका सम्बन्धी - ३ वटा | - रेडियो, एफ.एम टिभी सम्बन्धी - ३ वटा<br>- सूचना प्रविधि सम्बन्धी - ६ वटा<br>- आमसञ्चार र पत्रकार सम्बन्धी - ९ वटा<br>- सूचनाको हक - १<br>र,अनुसूची ७ अनुसार - ४ वटा | - एफ.एम नियमन - १<br>- केवुल टेलिभिजन - १<br>- अनुसूची ९ अनुसार एफ.एफ सञ्चालन - १ |

यो अधिकारको विस्तृतीकरण सूचीमा सञ्चार र पत्रकारितासँग सम्बन्धित केही विषय अस्पष्ट छन् । तीनै तहले गर्ने काममा परेका साझा कार्यहरु पनि छन् । हुनसक्छ, यस्तो अस्पष्टताले गर्दा प्रदेश र स्थानीय तहले नीति र कानून बनाउँदा तोकिएको क्षेत्रभन्दा थप केही क्षेत्रलाई पनि समेट्न खोजेको छन् । यसको निराकरणका लागि आमसञ्चार र पत्रकारिता क्षेत्रको समग्र नियमनका विषय स्पष्ट हुनेगरी संघीय ऐन तर्जुमा गर्न सरोकारवालाहरूले छलफल र दवाव बढाउनु आवश्यक छ ।

**महासंघको भूमिकाः**

संविधानको अनुसूचीमा उल्लिखित सञ्चार र पत्रकारितासम्बन्धी अधिकार बाँडफाँडबारे सरोकारवालाहरूसँग छलफल गरी ऐनमार्फत नै विस्तृतीकरण गर्नुपर्ने काम भएको छैन । यो काम नगरी प्रदेश र स्थानीय तहहरूले सूचना तथा सञ्चार सम्बन्धी नीति र ऐनहरु बनाइरहेका छन् । उनीहरूले अनुसूचीमा उल्लिखित बुँदाहरूलाई आफ्नै ढंगले बुझ्ने र ब्याख्या गर्नुपर्ने अवस्था विद्यमान छ ।

गण्डकी प्रदेश र ५ नं प्रदेशले सञ्चार नीति बनाएका छन् । प्रदेश नं १ ले "प्रदेश रेडियो, एफ.एम र टेलिभिजन प्रशारण सम्बन्धी ऐन" – २०७५ पारित गरिसकेको छ भने प्रदेश नं ३ ले "प्रदेश सञ्चारमाध्यम ब्यवस्थापन सम्बन्धी ऐन"– २०७५ पारित गरेको छ । प्रदेश नं. ५ मा प्रदेश प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र छापाखाना र प्रसारणसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश भएको छ ।कर्णाली प्रदेशमा सञ्चार नीति बन्दै गरेको खबर छ भने प्रदेश नं. २ले पनि प्रसारण र छापासम्बन्धी विधेयकहरु तर्जुमा गर्न परामर्शदाताहरु नियुक्त गरिसकेको भन्ने सुनिएको छ । कतिपय स्थानीय तहले पनि एफएम सञ्चालन तथा पत्रपत्रिका नियमनसम्बन्धी नीति र कानून तर्जुमा गरेको सुनिएको छ । नेपालगञ्ज उपमहानगरपालिकाले त यससम्बन्धी ऐन नै बनाएको पनि सुनिएको छ । यसरी नीति र कानून बनाउने प्रदेश र स्थानीय सरकारहरूले हाल विद्यमान रहेको संघीय कानूनहरु जस्तै छापाखाना तथा प्रकाशन ऐन– २०४८, राष्ट्रिय प्रसारण ऐन– २०४९, प्रेस काउन्सिल ऐन, श्रमजीवी पत्रकार ऐन– २०५१, सूचनाको हक सम्बन्धी ऐन– २०६४, भर्खरै लागू भएका फौज्दारी संहिताहरु र देवानी संहिताहरु तथा वैयक्तिक गोपनीयताको हक सम्बन्धी ऐनका प्रावधानहरूतर्फ ध्यान दिएको देखिँदैन । एउटा आमसञ्चार माध्यम वा एकजना सञ्चारकर्मी कुन–कुन ऐनले कहाँ–कहाँ, के– के गर्दा नियमनमा पर्नुपर्ने हो भन्ने भयावह अन्योलको स्थिति अहिले सिर्जना भएको छ ।

कानून पारित भएको प्रदेश ३ मा प्रेस रजिष्ट्रारको कार्यालय खोलिदै छ । प्रदेश ५ मा पनि पत्रपत्रिका दर्ता कार्यालय र प्रेस रजिष्ट्रार जस्ता नयाँ संरचनाहरु प्रस्तावित छन् । कतिपयमा प्रदेश सञ्चार प्रतिष्ठान बन्ने, पत्रपत्रिका मूल्यांकन संरचनाहरु बन्ने तथा प्रदेश सार्वजनिक प्रसारण तथा प्रदेश समाचार बैंक जस्ता अवधारणा पनि नीति र कानूनहरूमा देखिन्छन् । आचारसंहिता अनुगमन र श्रमजिवी पत्रकारको हक नियमनका नयाँ संरचनागत ब्यवस्था पनि प्रस्तावित छन् । एकातर्फ केन्द्रमा रहेको सूचना विभागलाई सूचना तथा प्रसारण विभागका रूपमा विस्तार गरिएको छ । संघीय तहमा आमसञ्चार सम्बन्धी छाता ऐनको मस्यौदामा छलफल जारी छ । अर्कोतर्फ सोही प्रकारका प्रसारण नीति र संरचना तल पनि बन्दैछन् ।

आमसञ्चार क्षेत्रलाई नियमन गर्न विशेष ऐन बनाउने तथा नयाँ आएका फौज्दारी र देवानी संहिता एवं वैयक्तिक गोपनीयताको ऐन पत्रकार र आमसञ्चार माध्यमका लागि लागू नहुनेतर्फ कानूनी प्रबन्धहरु गर्ने भनी संघीय सरकारको तहमा कुराहरु सुनिन्छ । सरकारी कार्यदलहरूले यस्तै सुझाव दिएका छन् । तर प्रदेश र स्थानीय तहमा बनिरहेका ऐनमा "प्रचलित कानून अनुसार हुने" भन्ने शव्दावली प्रयोग भइरहेका छन् । यसबाट के स्पष्ट हुन्छ भने आमसञ्चार जगतमा कानूनी नियमनको बाक्लो जालो फैलिदै आएको छ । जसलाई छिचोल्न स्वतन्त्र पत्रकारिताका लागि असम्भवप्रायः हुनेछ । यसैगरी आमसञ्चारविरूद्धका मुद्धा "सरकारीवादी हुने" प्रस्ताव प्रदेश ३ र प्रदेश ५ का विधेयकहरूमा स्पष्ट उल्लेख हुनुले तलैसम्म सञ्चार क्षेत्र फौज्दारी नियमनको मारमा पर्ने देखिएको छ ।

यो अवस्थामा नेपाल पत्रकार महासंघका शाखाहरु र नेतृत्व पंक्तिले संविधान प्रदत्त सञ्चार स्वतन्त्रता र व्यवसायिक एवं स्वतन्त्र पत्रकारिताका आधारभूत सिद्धान्त र मान्यताहरु नखुम्चियून, नमिचियून् भन्नेतर्फ सजग निगरानी गर्नु आवश्यक छ । महासंघका प्रदेश संरचना नयाँ भएकाले पनि अन्योल र अलमल हुनसक्छ तर अब सशक्त निगरानी र नीति निर्माणमा हस्तक्षेपकारी भूमिका खेल्नै पर्दछ ।

**दिगो विकास लक्ष्य र आमसञ्चार नियमनः**

सन् २०३० सम्म हासिल गर्ने विकास लक्ष्य सम्बन्धी दिगो विकास लक्ष्य (SDG-2030) को नेपाल पक्ष राष्ट्र हो । दिगो विकास हासिल गर्न राष्ट्रिय लक्ष्य र मापदण्डहरु बनाइएका र बनाउँदै गरेको पनि छ । यो लक्ष्य हासिल गर्ने कर्तव्य हाम्रा तीनै तहका सरकारको जिम्मेवारीमा पर्दछ । आआफ्ना नीति र कानून बनाउँदा लक्ष्य हासिल गर्नेतर्फ सजग भएर सम्बोधन गर्नु आवश्यक छ । दिगो विकास लक्ष्यको लक्ष्य नं १६ को १० अर्न्तगत पत्रकारहरूको सुरक्षा र सूचनामा सहज पहूँचको व्यवहारमा प्रत्याभूति गर्नुपर्ने २ वटा उपलक्ष्यहरु पनि छन् । तर नेपालमा ती लक्ष्यहरु हासिल गर्ने समयवद्ध योजना र मापदण्डहरु तर्जुमा भएका छैनन् । प्रदेश र स्थानीय तहले बनाउने कानूनहरूमा यी दुबै विषयलाई पनि सम्बोधन गरिनुपर्छ ।

**अन्त्यमा,**

संविधानप्रदत्त अधिकारको रक्षा गर्दै खुला एवं उदार सञ्चार अभ्यासलाई कानूनी र संरचनागत व्यवस्था सुनिश्चित गर्ने यो अत्यन्त संवेदनशील समय हो । २०६३ सालदेखि नै सञ्चार क्षेत्रको नीति, कानूनी र संरचनागत सुधारको काममा प्रशस्त छलफलहरू हुँदै आए पनि ठोस् सुधार भने देखिएको छैन । सूचनाको हकसम्बन्धी ऐन बन्नु, श्रमवीजी पत्रकार कानूनमा सुधार हुनु, २०७३ मा आम सञ्चार नीति जारी हुनु र हालै राष्ट्रिय प्रसारण ऐनको केही दफाहरूमा परिवर्तन गरिनुबाहेक अरू कार्य प्रक्रियामा नै अल्झिएका छन् ।

संघीय तहमा कानूनी र संरचनागत परिवर्तनले गति नपाउँदा प्रदेश र संघीय तहमा थप समस्या बढ्न पुगेका छन् । तसर्थ नेपाल पत्रकार महासंघको अहिलेको प्रमुख दायित्व नै कानूनी र संरचनागत सुधारलाई सकारात्मक दिशा दिन प्रभावकारी दबाब सिर्जना गर्नु हो ।

संविधान र नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय कानूनहरूले तय गरेको सीमा र मापदण्ड भन्दा बाहिर हाम्रा राष्ट्रिय कानूनहरु जान सक्दैनन् । संघीय,प्रदेश र स्थानीय तहमा बनिरहेका आमसञ्चार सम्बन्धी नीति र कानून तथा संरचना निर्माणमा पत्रकार महासंघले यही मापदण्डका आधारमा सशक्त निगरानीको भूमिका पूरा गर्न सचेत रहनुपर्दछ । साथै राज्यका तीनै तहका सरकारी एवं व्यवस्थापकीय निकायसमक्ष वैकल्पिक कानूनी प्रस्तावहरू गर्ने र जनप्रतिनिधिहरूलाई प्रशिक्षित गरी असल कानून तर्जुमा गर्ने पैरवीको कार्यमा महासंघ केन्द्रित हुनु जरूरी छ ।

*(दाहाल नेपाल पत्रकार महासंघका पूर्वसभापति हुनुहुन्छ)*

**गतिविधि**

# पत्रकार पुस्तकालय तथा स्रोतकेन्द्र महासंघलाई हस्तान्तरण







काठमाडौं । गैरआवासीय नेपाली संघ (एनआरएनए)को सहयोग तथा नेपाल लाइब्रेरी फाउण्डेशनको प्राविधिक सहयोगमा नेपाल पत्रकार महासंघमा निर्मित पत्रकार पुस्तकालय तथा स्रोतकेन्द्रको एक कार्यक्रमका बीच एनआरएनएले महासंघलाई हस्तान्तरण गरेको छ ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले एनआरएनएलाई धन्यबाद दिँदै पुस्तकालय निर्माणको मुख्य श्रेय पुस्तकालयको परिकल्पना तथा सुरुवात गर्नेलाई जाने बताउनु भयो । उहाँले पुस्तकालय पत्रकार तथा पत्रकारिताप्रति चाख राख्ने सबैलाई उपयुक्त हुने बताउनुभयो ।

गैरआवसीय नेपाली संघ (एनआरएनए)का अध्यक्ष भवन भट्टले विश्वका ठूलाठूला पुस्तकालयलाई अनुशरण गर्दै महासंघमा पत्रकार पुस्तकालय तथा स्रोतकेन्द्रको निर्माण गरिएको बताउनुभयो साथै उहाँले आगामी दिनमा यसलाई डिजिटल पुस्तकालयका रूपमा स्तरोन्नति गरिने बताउनुभयो ।

प्रेस काउन्सिलका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठले पढ्ने बानी छुटेकाहरूका लागि पुस्तकालय महत्वपूर्ण हुने बताउनुभयो ।

कार्यक्रममा एनआरएनएका प्रवक्ता भूषण घिमिरे तथा सल्लाहकार डा.हेमराज शर्माले पुस्तकालय पत्रकारहरूका लागि पढ्ने र अनुसन्धान गर्न महत्वपूर्ण थलो हुने विश्वास व्यक्त गर्नुभयो । नेपाल लाइब्रेरी फाउण्डेसनका उपाध्यक्ष मणिराम फुयाँलले पुस्तकालयलाई आगामी दिनमा समेत सहयोग गरिने बताउनुभयो ।

एनआरएनएले पुस्तकालयका लागि आश्यक फर्निचर, कम्प्यूटर लगायतका सामग्री हस्तान्तरण गरेको छ ।

# प्रत्यक्ष निर्वाचनमा किन जाने पत्रकार महासंघ ?



बबिता बस्नेत
basnetbabita7@hotmail.com

महासंघ राजनीतिमा खासै रूची नराख्ने हरूको पङ्क्ति एउटा छ भनें अर्को चाहिँ पार्षद बन्नका लागि आवश्यक दश भोट पाइएन भनें दश जना पत्रकार साथमा नभएका मान्छेले के संगठनको कुरा गर्नु भन्ने सन्देश बाहिर जान्छ भन्ने मनो वैज्ञानिक त्रास पनि हो ।

देशभरिका पत्रकारहरूको छाता संगठन नेपाल पत्रकार महासंघको नेतृत्व चयन प्रक्रिया जटिल छ । अहिलेसम्मको अभ्यासमा केन्द्रीय नेतृत्वका लागि हुने निर्वाचनमा सबै पत्रकारहरूले मतदान गर्न पाउँदैनन् । नेतृत्व चयनमा मत दिनका लागि महासंघका साधारण सदस्यले पहिला पार्षद् चुन्नु पर्छ । दश जनाको मत पाएपछि पार्षद् बनिन्छ । पार्षद् बन्नका लागि सदस्य जुटाउन मिडिया हाउसहरूले मिडियामा काम गर्ने कर्मचारीहरूलाई समेत पत्रकार महासंघको सदस्य बनाउने गरेको र कति चाहिँ मिडिया हाउसभन्दा बाहिरका मानिसहरू पनि सदस्य रहेको भनी महासंघको आलोचना गर्ने गरिएको छ । महासंघले यसो गर भनेको त होइन तर जुन निर्वाचन पद्धतिमा महासंघ छ, त्यसले यस प्रकारको विकृतिमा मद्दत गरेको देखिन्छ । केन्द्र, जिल्ला सबैतिर यस प्रकारको समस्या छ ।

त्यसैले पनि पटकपटक पत्रकार महासंघभित्र शुद्धीकरणको बिषयले चर्चा पाउने गरेको छ । उक्त शुद्धीकरण सदस्यतासँग सम्बन्धित हुने गरेको छ ।

नेपाल पत्रकार महासंघमा अहिले १५ सय ८ जना पार्षद् छन् । उनीहरू महासंघका १३ हजार ४० साधारण सदस्यबाट चुनिएर आएका हुन् । केन्द्रमा हुने निर्वाचनका लागि जिल्ला जिल्लाबाट पार्षद्हरू एकै ठाउँ जम्मा भएर केन्द्रीय नेतृत्वका लागि मतदान गर्ने गरिएको छ । ठूलो संख्यामा रहेका साधारण सदस्यहरूलाई एकै ठाउँ जुटाएर निर्वाचन गर्न आर्थिक तथा अन्य ब्यवस्थापनका हिसाबले गाह्रो हुने भएकाले यस्तो ब्यवस्था गरिएको बुझ्न गाह्रो पर्दैन । प्रतिनिधिमूलक पार्षद् प्रणालीलाई नराम्रो भन्न मिल्दैन तर दश जनाको मत प्राप्त गर्नका लागि हुने निर्वाचनमा स्थापित पत्रकारहरूले भनें खासै रूची राख्ने गरेको पाइँदैन । रूची नराख्नेमा महासंघ राजनीतिमा खासै रूची नराख्नेहरूको पङ्क्ति एउटा छ भनें अर्को चाहिँ पार्षद बन्नका लागि आवश्यक दश भोट पाइएन भनें दश जना पत्रकार साथमा नभएका मान्छेले के संगठनको कुरा गर्नु भन्ने सन्देश बाहिर जान्छ भन्ने मनोवैज्ञानिक त्रास पनि हो । साथमा युनियन, चौतारी, सेन्टरवाला राजनीति छँदैछ । निष्पक्ष, नामी पत्रकार हुनु र पत्रकार महासंघको निर्वाचनमा जित्नु या भनौं संगठनमा सफल हुनु फरक कुरा हो ।

नेपाल बार एशोसिएशनले प्रत्यक्ष निर्वाचन गर्न थालेपछि पत्रकार महासंघको निर्वाचन चाहिँ प्रत्यक्ष किन नहुने? भन्ने चर्चा गर्न थालियो । प्रत्यक्षमैं जानु पर्छ भन्ने निर्णय महासंघले गरेपछि यसका सहज असहज कुराहरूको बारेमा चर्चा गर्नु आवश्यक छ । यो पङ्तिकार नेपाल पत्रकार महासंघको सदस्य र पार्षद् भएपनि नेतृत्वमा कहिल्यै रहिन । मुलुक संघीय संरचनामा गएपछि महासंघलाई पनि सोही सरचनामा ढाल्नका लागि २०७४ साल बैशाखमा गरिएको प्रदेश निर्वाचनका लागि केन्द्रीय संयोजकको जिम्मेवारी दिएपछि मैंले संगठनको संरचनालाई नजिकबाट नियाल्ने मौका पाएँ । महासंघले मेरो संयोजकत्वमा अधिवक्ता कपिलचन्द्र पोखेल, पत्रकारहरू अनिता बिन्दु, बालकृष्ण बस्नेत, धर्मेन्द्र कर्ण र अधिवक्ता भक्ति घिमिरे सदस्य रहेको टीमलाई प्रदेशको निर्वाचन गराउने जिम्मा दिएको थियो । निर्वाचन तयारी सुरू गरेपछि हामीले प्रायः सबै जिल्लामा साथीहरूसँग कुराकानी गर्‍यौं । जिल्ला शाखाहरूले प्रदेश उम्मेदवार हरूलाई शाखामैं भोट हाल्ने ब्यवस्था गरिएको थियो । प्रदेशस्तरको पहिलो निर्वाचन भएकाले उम्मेदवारदेखि मतदातासम्ममैं 'कन्फ्युजन' थियो । साथीहरूले पहिलो निर्वाचन भएकाले सकेसम्म सहमतिमा जाने कोसिस गर्नु भयो । सहमतिमा कोसिस गर्ने, नभए अन्त्यमा प्रजातान्त्रिक प्रक्रिया त छँदैछ भनेर लागिपरेका साथीहरू कतै पूर्ण सफल, कतै आंशिक सफल हुनु भयो भनें कतै चाहिँ सबै पदमा निर्वाचनमैं जानुपर्ने अवस्था आयो । सहमति भएका ठाउँमा हामीले राम्रो भयो, मिलेर जाने अभ्यास सधै राम्रो हो भन्यौं । निर्वाचन भएका ठाउँमा प्रजातन्त्रमा प्रतिष्पर्धा गज्जब कुरा हो भन्यौं । सबैभन्दा पहिले प्रदेश नं ४ (हाल गण्डकी प्रदेश) ले सहमतिमा निर्वाचन गरेर नामावली पठायो । त्यसपछि प्रदेश नं ६ र ५ मा सहमतिमा निर्वाचन सम्पन्न भयो । प्रदेश नं १, २, ३ र ७ मा निर्वाचन गरियो । कतै सबै पदमा त कतै केहीमा ।

प्रदेश निर्वाचनबाट एउटा कुरा स्थापित भएको छ, त्यो हो पत्रकार महासंघका जिल्ला शाखाहरू निर्वाचन गराउन सक्षम छन् । त्यसो त, जिल्लाका निर्वाचनहरू विगत लामो समयदेखि जिल्लामा भई नै रहेका थिए । जिल्लामा भएको संरचना निर्वाचनमार्फत नै आउने हो । पार्षद् पनि जिल्लाबाटै निर्वाचित भएर आउने हुन् तर प्रदेशस्तरको या भनौं जिल्लाभन्दा माथिको निर्वाचन अभ्यास यसअघि गरिएको थिएन । कुनै पनि काम अभ्यासनै नगरी गर्न सकिन्छ या सकिन्न भनेर भन्नसक्ने कुरै भएन । प्रदेशको निर्वाचन अनुभवले भन्छ, यदि प्रत्यक्ष निर्वाचनमा जाने हो भने निर्वाचन गर्न नसक्ने अवस्था चाहिँ छैन, गर्न सकिन्छ ।

प्रत्यक्ष निर्वाचनका आफ्नै राम्रा नराम्रा पक्षहरू छन् ।प्रत्यक्ष निर्वाचनमा जाँदा उम्मेदवारका लागि यस प्रकारको चुनाव निकै खर्चिलो पर्नेछ । यसअघि उम्मेदवारले हजार/बाह्र सय पार्षदलाई एकै ठाउँमा भेटे पुग्थ्यो । प्रत्यक्ष निर्वाचन हुने भएपछि उम्मेदवार हरूले सबै जिल्लामा जानु पर्‍यो । यातायातदेखि अन्य खर्चसम्मको जोहो गरेर देशब्यापी दौडाहामा जानका लागि समय र पैसा दुबै आवश्यक हुन्छ । त्यसको जोहो कसरी गर्ने हो भन्ने चुनौती उम्मेदवारलाई हुन्छ । आफू सबै जिल्लामा पुग्न नसक्ने हुँदा पत्रकारले पार्टीको सहारा लिने अवस्था पनि आउन सक्छ । पहिल्यै पार्टीगत आधारमा भएका युनियन, सेन्टर लगायतमा पत्रकारको कित्ताकाट भइसकेका कारण पार्टीहरू हावी हुने सम्भावना पनि त्यत्तिकै रहन्छ । साथै केही ठूला मिडियाहरू मिलेर नेतृत्व हत्याउने प्रयास गर्ने सम्भावनालाई पनि नकार्न सकिदैन । यति हुँदाहुँदै पनि प्रत्यक्ष निर्वाचनको सबै भन्दा राम्रो पक्ष चाहिँ सबै पत्रकारले मतदान गरी आफ्नो नेतृत्व आफैले चयन गर्न पाउने अवसर हो । प्रत्यक्ष निर्वाचन पार्षद् प्रणाली भन्दा ब्यापक प्रजातान्त्रिक प्रक्रिया हो । हरेक सदस्यले आफैले मतदान गरेर नेतृत्व चयन गर्न पाउनु आफैमा सुन्दर पक्ष हो । साथै यसले पार्षदवाला झन्झटबाट पनि पत्रकारहरूलाई मुक्ति दिन्छ । मतको शक्ति महासंघको साधारण सदस्य आफैमा सुरक्षित हुन्छ न कि पार्षदमा । साधारण सदस्य चाहिँ खासै केही होइनन्, पार्षद चाहिँ विशेष जस्तो गरिने परम्पराको यसले अन्त्य गर्नेछ । प्रत्यक्ष निर्वाचनमा गएपछि निर्वाचनलाई लिएर हरेक साधारण सदस्य विशेष हुनेछन् ।

*(बस्नेत सञ्चारिका समूहको पूर्वअध्यक्ष हुनुहुन्छ)*

# प्रत्यक्ष निर्वाचन र प्रदेश संरचना



अर्जुन शाह
arjun.shah33@gmail.com

अधिकार र कर्तव्यका दृष्टिले महासंघको जिल्ला तह प्रदेशप्रति उत्तरदायी हुने र प्रदेश केन्द्रप्रति उत्तरदायी हुने विधानको मर्म तथा ब्यवस्था कार्यान्वयनमा सुरूका दिनमा केही अलमल अवश्य देखिदै आएको छ । तर समयक्रमसँगै तमाम अलमलहरू किनारा लाग्दै जानेछन् भन्नेमा कुनै शंका छैन ।

हरेक राजनीतिक तथा सामाजिक परिवर्तनका आयामहरूमा नेपाल पत्रकार महासंघले सेतुका रूपमा आफ्नो भूमिकालाई ओजश्वी बनाएको इतिहास साक्षी छ । दलका नेताहरू कोठे बैठकमै सीमित रहेका बेला शाहीकालको जर्जर निरंकुशताका विरूद्धमा महासंघले सडकमा ओर्लेर लोकतन्त्र पुनःस्थापनाका आवाजहरू घन्काएको गौरवमय विगत हामीमाझ छ । त्यसअघिका अनेकन द्वन्द्वका बेलामा पनि महासंघको छातामुनि रहेका नेपालका मिडियाहरूले मानवअधिकार र न्यायका सवालहरूलाई अविचलित उठाइरहे । पछिल्लो समयमा संघीय लोकतन्त्रको संरचनागत अभ्यास गर्नमा पनि नागरिक संगठनका रूपमा नेपाल पत्रकार महासंघ अग्रपंक्तिमा रह्यो ।

खासगरी नेपाल पत्रकार महासंघले प्रेस स्वतन्त्रताको संवैधानिक अधिकारको रक्षा र पत्रकारहरूको सुरक्षा प्रधान प्राथमिकता हुन । न विगत न वर्तमान, यी मर्महरूमा महासंघले कहिल्यै तलमाथि सोचेन र कहिल्यै सोच्दैन पनि । र, लोकतान्त्रिक राजनीतिक परिवेशमा मात्रै सञ्चार क्षेत्र फक्रन सक्दछ भन्ने मान्यतामासमेत महासंघ अविचलित रहन्छ ।

राज्यले संघीय संरचनालाई आफ्ना अंगहरूमा संस्थागत विस्तार गर्ने संवैधानिक ब्यवस्थालाई कार्यान्वयन गर्न थालेसँगै पत्रकार महासंघले पनि यसअघि रहेको संस्थागत संरचनालाई पुनरावलोकन गरी कार्य अघि बढाइसकेको छ । यसअघि केन्द्र र जिल्ला दुईवटा संरचनामार्फत नेपाल पत्रकार महासंघले आफ्नो संस्थागत कार्य सञ्चालन गर्दै आएको थियो । हाल प्रदेश तहमा प्रदेश समितिको स्थापना र कार्यसञ्चालन आरम्भ भएको पनि एक वर्ष पुग्ने थाल्यो ।

यसअघि केन्द्र र जिल्लामात्रै रहेको संस्थागत संरचनामा प्रदेश तह थपिएपछि सुरूवाती चरणमा केही कठिनाई महसुस हुनु अस्वभाविक हैन । शून्य पूर्वाधार ब्यवस्था, विधानको ब्यवस्थाअनुरूप अधिकार र कर्तव्यहरूको कार्यान्वयन पनि सामान्यतः अप्ठेर ो/अप्ठेरो देखिएकै हो । अधिकार र कर्तव्यका दृष्टिले महासंघको जिल्ला तह प्रदेशप्रति उत्तरदायी हुने र प्रदेश केन्द्रप्रति उत्तरदायी हुने विधानको मर्म तथा ब्यवस्था कार्यान्वयनमा सुरूका दिनमा केही अलमल अवश्य देखिदै आएको छ । तर समयक्रमसँगै तमाम अलमलहरू किनारा लाग्दै जानेछन् भन्नेमा कुनै शंका छैन । राज्य व्यवस्थाका तीनवटा संरचनाझैं नेपाल पत्रकार महासंघमा पनि तीन तहका संरचनाद्वारा आफ्ना गतिविधिहरू अझ चुस्त र गतिशील हुनेछन् भन्ने स्पष्ट हुँदै आएको छ । यसअघि नै विधानले ब्यवस्था गरेको भएपनि विराटनगरमा सम्पन्न राष्ट्रिय सम्मेलनले सदस्यता वितरणको अनुगमन नियमन गर्ने अधिकार प्रदेश समितिलाई दिएपछि प्रदेश समिति पछिल्ला अवधिमा सशक्त रूपमा अघि बढ्नेमा द्विविधा छैन ।

संवैधानिक ब्यवस्था अनुरूप ब्यवस्थापिका र कार्यपालिका रहेको प्रदेश तहमा हुने मिडिया सम्वद्ध हरेक गतिविधिहरूमा नेपाल पत्रकार महासंघको प्रदेश समितिले आफ्नो चासो राख्दछ । सञ्चार सम्बद्ध कानुन निर्माणका सन्दर्भहरू, प्रदेश सरकारद्धारा निर्वाह हुनुपर्ने प्रेसमैत्री गतिविधिमा प्रदेश समितिले निरन्तर निगरानी र पैरवी गरिरहन्छ । महासंघ अन्तर्गत यसअघि कायम रहेका कुनै खास जिल्ला शाखाले प्रदेश सरकारसमक्ष प्रदेशका सबै जिल्लाको सामूहिक धारणाका रूपमा आवाजहरू राख्न प्राविधिक रूपमा कठिनाई थियो । प्रदेश समिति बनिसकेपछि त्यो कठिनाई स्वतः हटेर गएको छ ।

प्रदेश समिति गठन भएको एक वर्षका अनुभवहरूले पनि अनेक सकारात्मक सम्भावनाहरू स्थापित गरेको छ । केन्द्रीय समितिद्वारा जारी अभियानहरू, आन्दोलनहरू प्रदेशसरकार समक्ष प्रदेश समितिले पुऱ्याउँदै आयो । यस्तै, गत भाद्र १ गतेदेखि लागू भएको मुलुकी अपराध संहिता ऐनमा गरिएको वैयक्तिक गोपनीयता र प्रतिष्ठा विरूद्धको कसुरसम्बन्धी व्यवस्था र सोही ऐनमा गरिएको गालीबेइज्जती सम्बन्धी कसुरको व्यवस्थाले सूचनाको हक एवम् सञ्चारको हकमा अनुचित संकुचन गरेको ठहर गर्दै पत्रकार महासंघ प्रदेश समितिले प्रदेश सरकारमार्फत आफ्ना असन्तुष्टिहरू सरकारसमक्ष ब्यक्त गर्न सहज भयो । यस्तै प्रदेश विधायिकाले प्रदेशको आमसञ्चार नीति बनाउने क्रममा छ । कतिपय प्रदेशमा बनिसके पनि । मिडियामैत्री आमसञ्चार नीति बनाउन प्रदेश समितिले प्रदेश सरकारसमक्ष पैरवी गर्दै आएको छ ।

पत्रकार महासंघले प्रदेश समिति गठनको पृष्ठभूमिमा प्रत्यक्ष निर्वाचनको सफल अभ्यास गऱ्यो । ७ वटा प्रदेश समिति, एसोसियट र प्रतिष्ठान गरी १० वटा प्रदेश गठनका लागि गत २०७५ वैशाख २२ गते नेपाल पत्रकार महासंघले प्रदेशअन्तर्गत पर्ने सबै जिल्ला शाखाहरूमा प्रत्यक्ष निर्वाचनको सफल अभ्यासद्वारा प्रदेश समितिका पदाधिकारी चयन गऱ्यो । जटिल मानिएको अभ्यास सुरू गर्दा महासंघको केन्द्रदेखि जिल्ला तहसम्मले केही असहज महसुस गरेका थिए । तर महासंघका केन्द्रीय पदाधिकारीको दृढ प्रतिवद्धताले प्रदेश समितिका पदाधिकारी चयन गर्न जिल्ला तहमै महासंघका सबै सदस्यहरूले प्रत्यक्ष मतदान गर्ने अभ्यास साच्चै सफल मात्र नभई लोकतान्त्रिक अभ्यासको उच्चतम् नमूनाका रूपमा स्थापित भयो ।

प्रदेश समितिको चयन गर्न प्रत्यक्ष निर्वाचनका माध्ययमबाट अभ्यासका रूपमा सफल भइसकेपछि विगतदेखि नै चल्दै आएको नेपाल पत्रकार महासंघका तीनवटै तहको निर्वाचन प्रत्यक्ष प्रणालीबाट हुनुपर्ने बहसको निर्क्योल हुने बाटोतिर महासंघ पुगेको छ । विराटनगरमा सम्पन्न राष्ट्रिय सम्मेलनले खर्चिलो र भड्किलो तरिकाले हुँदै आएको पार्षद प्रणालीको निर्वाचन विधिलाई छोड्दै जिल्ला जिल्लाबाट तीन तहकै सदस्य पदाधिकारी चयन हुने निर्णयका लागि बाटो खोलेको छ । विराटनगरमा भएको सम्मेलनको मर्मलाई धनकुटामा भएको केन्द्रीय समितिको बैठकले अनुमोदन गरेपछि यसअघिको अलमलको अन्त्य भइसकेको छ । पोखरामा हुने राष्ट्रिय सम्मेलनले प्रत्यक्ष निर्वाचनमा जानुपर्ने म्याण्डेटको अन्तिम टुंगो लगाउने छ ।

यसअघि प्रदेशको निर्वाचन प्रत्यक्ष मतदान विधिबाट हुँदैगर्दा अनेकौं रचनात्मक सम्भावना मुखरित भएका देखिएका थिए । नेतृत्वमा जान चाहने उम्मेदवार हरेक जिल्लाका हरेक सदस्यसँग घुलमिल हुनैपर्ने अवस्था प्रत्यक्ष निर्वाचनले ल्यायो । यसअघि जिल्ला

जिल्लाबाट पार्षद चयन हुने र उनीहरूलाई मात्रै खास केन्द्रविन्दुमा राखेर निर्वाचनका गतिविधिहरू गरे पुग्ने अवस्था थियो । प्रत्यक्ष निर्वाचनले त्यो सीमिततालाई समाप्त पार्ने छ । जो प्रदेश चुनावमा देखियो भोगियो । अर्कोतिर पत्रकार महासंघभित्र सधै जोडतोडले उठिरहेको सवाल भनेको शुद्धीकरणको सवाल हो । पार्षद चयन पद्धतिले शुद्धीकरणको अभ्यास तथा प्रयत्नलाई खुम्च्याउँदै आएको थियो । प्रत्यक्ष निर्वाचनको विधिले शुद्धीकरणका प्रयत्नहरूलाई समेत सहज बनाउने छ । पार्षद हुनका लागि निस्क्रिय सदस्यहरूलाई पनि राखिराख्ने मोहलाई नयाँ विधिले घटाउने छ र महासंघका सदस्यहरूमा सदस्यता शुद्धीकरणको बाटो फराकिलो हुने विश्वास गर्ने ठाउँ छ ।

नेपाली पत्रकारितामा अर्को खिन्नता 'पार्टीकारिता' को ट्याग र क्रियाकलापले पनि गराउँदै आएको छ । यस प्रहारले कहिलेकाहीँ नेपाल पत्रकार महासंघको ओजमै पनि प्रहार हुने गर्छ । हुन पनि नाम मात्रका पत्रकार र भित्रीरूपमा दलीय कार्यकर्ताहरूले पत्रकारिताको धर्म, कर्तब्य र मर्यादामा आँच पुग्ने अवस्था आउने गरेको पनि साँचो हो । यसमा पनि पार्षद बनाउनका लागि हुने चलखेल, पार्षदलाई निर्वाचनका बेला आफूअनुकूल प्रयोग गर्ने उम्मेदवारको लालचले प्रेरित गरिरहेको देखिएको हो । प्रत्यक्ष निर्वाचनको विधिले त्यो चलखेल तथा मनशायलाई साँघुरो बनाउदै जाने देखिएको छ । सबै पत्रकार सदस्यहरूलाई दलका नेताहरूको ह्वीपले काम नगर्न सक्ने अवस्थाले महासंघको गरिमालाई थप उँचो नै बनाउने कुरामा आशा गर्न सकिन्छ । शुरूका केही वर्ष त्यति धेरै फरक नदेखिएपनि क्रमशः पत्रकार महासंघमा अहिले जस्तो कताकता र कहिलेकाहीँ दलको प्रभाव रहने गरेको भन्ने आरोप लागाउनेहरूका लागि शून्य ठाउँ उत्पन्न हुनेछ । प्रदेश निर्वाचनले देखाएको संकेत यही हो । अनि केन्द्रको निर्वाचन गर्दा भड्किलो र खर्चिलो निर्वाचन प्रणालीकै कारण पत्रकारले मात्र नभएर महासंघले समेत अनिच्छित चन्दा संकलन गर्नुपर्ने बाध्यता स्वतः हट्ने छ ।

*(शाह नेपाल पत्रकार महासंघ, सुदूरपश्चिम प्रदेशका अध्यक्ष हुन्)*

गतिविधि

# सञ्चारसम्बद्ध संघसंस्थाका प्रतिनिधिसँग छलफल कार्यक्रम



काठमाडौं । नेपाल पत्रकार महासंघले पुस ४ र ५ गते विराटनगरमा सम्पन्न राष्ट्रिय सम्मेलनले महासंघलाई प्रत्यक्ष निर्वाचन प्रणालीमा लैजान दिएको निर्देशनअनुसार महासंघ केन्द्रीय समितिको ६ र ७ गते धनकुटामा सम्पन्न बैठकले सो निर्देशनलाई कार्यान्वयन लैजाने निर्णय गरेसँगै सो सम्बन्धमा महासंघले सञ्चारसम्वद्ध संघसंस्थाका प्रतिनिधिसँग छलफल गरेको छ ।

कार्यक्रममा महासंघका अध्यक्ष गोविन्द आचार्यले पत्रकारको शुद्धीकरणका लागि महासंघले प्रत्यक्ष निर्वाचन प्रणाली अवलम्वन गर्न लागेको बताउनुभयो । उहाँले महासंघको निर्वाचनका बेलामा हुने भड्किलो चुनावी प्रचारप्रसार अन्त्य गर्न चुनावलाई प्रत्यक्ष गर्न लागिएको धारणा राख्नुभयो ।

कार्यक्रममा उपस्थित सञ्चारसम्वद्ध विभिन्न संघसंगठनका प्रतिनिधिहरूले महासंघको विराटनगरमा आयोजित राष्ट्रिय सम्मेलन तथा धनकुटामा सम्पन्न केन्द्रीय समितिको बैठकले गरेको निर्णयलाई सकारात्मक रूपमा लिएको बताउँदै महासंघले उठाएको प्रत्यक्ष निर्वाचन प्रणालीप्रति आ-आफ्नो संघसंगठनमा छलफल गरी महासंघलाई सुझाव दिने बताएका थिए ।

# नेपाली संघीयता र सूचनाको हक



धर्मेन्द्र झा
djanakpur@gmail.com

नेपालमा सूचनाको हक लागू भएको करिव ११ वर्ष भइसकेको छ । तर कार्यान्वयनको अवस्था भने अझै पनि सन्तोषजनक छैन । आयोगमा परेका उजुरी र पुनरावेदनका संख्याका आधारमा मात्र सूचनाको मागसम्बन्धी समग्र आँकलन गर्नु उचित हुँदैन तर हक प्रयोगबारे जनताको चेतनाको अवस्थाको मूल्यांकन गर्न भने यस्ता आधार आवश्यक हुन्छन् ।

केन्द्रीय सरकारको शक्ति र जिम्मेवारीलाई प्रदेश वा स्थानीयस्तरमा बाँडने पद्धति अथवा राज्यसत्ताका अधिकार र दायित्वहरू केन्द्रमा नथुपारी संघ र एकाईमा बाँड्नु संघीय शासन व्यवस्था हो ।सामान्यतया संघीयता भन्नाले एउटै राजनीतिक व्यवस्थामा अनेक तहका सरकार भन्ने बुझिन्छ । नेपाली शब्दकोशले संघीय भन्नाले 'प्रजातान्त्रिक पद्धति, परराष्ट्र नीति, रक्षा, मौद्रिक व्यवस्था आदि समान उपयोगका प्रमुख विषयहरू केन्द्रीय सत्तामा राखी अन्य कुरामा स्वायत्त शासनको अधिकार प्रयोग गर्ने राज्यको संगठन वा इकाइ हो' भनी अर्थ्याएको छ । सामान्य बुझाई र शाब्दिक अर्थका आधारमा संघीयतालाई शासकीय क्रियाकलापमा अधिकांश जनतालाई सहभागी गराउने राजनीतिक प्रक्रियाका रूपमा पनि परिभाषित गर्न सकिन्छ ।

वास्तवमा बहुजातीय, बहुभाषिक र बहुधार्मिक समाजको हक, हित र अधिकारको संरक्षण र सीमान्तकृत समूहहरूलाई सशक्तीकरण गर्ने शासन प्रणाली नै संघीयता हो ।

फ्रान्सेली विद्वान जोहान्स अल्थुसिर्यस (जोहानेस)ले सन् १६०३ मा आफ्नो शहर इमडेनलाई फ्रान्सबाट स्वतन्त्र राख्न, जनताले आफ्नो आवश्यकता पहिचान गरी समाधान गर्न, आरामदायी जीवनयापन गर्न, आफ्ना साधनस्रोतको स्वतन्त्ररूपले परिचालन गर्न पाउनुपर्छ भन्ने अवधारणा ल्याएका थिए । कालान्तरमा यही अवधारणाले संघीय स्वरूपको सिर्जना भएको मानिन्छ । व्यवहारमा संघीयताका विश्वमा अनेक उदाहरण दिन सकिए पनि सैद्धान्तिकरूपमा भने जोहानेसको यही अवधारणालाई आधुनिक विश्वमा संघीयताको प्रारम्भिक अवधारणाका रूपमा स्वीकार गर्ने गरेको पाइन्छ । यसअघि भारत वर्षमा वैशालीको वज्जी संघ र प्राचीन मिथिलाको सम्बन्धलाई संघीयताको विकासक्रमसँग जोडेर अध्ययन गर्न सकिन्छ, जो कम्तिमा पाँच हजार वर्ष पुरानो दृष्टान्त हो ।

समग्रमा विद्वानहरू एउटै भूगोल र एउटै जनतालाई फरकफरक बिषयमा भिन्नभिन्न तहका सरकारले शासन गर्ने व्यवस्था नै संघीय व्यवस्था हो भन्नेमा सहमत देखिएका छन् । संक्षेपमा भन्नुपर्दा संघीयतामा, कमसेकम दुई तहको सरकार, प्रत्येक तह आफ्ना नागरिकहरूप्रति प्रत्यक्षरूपमा उत्तरदायी र प्रत्येक तहहरू स्वशासित र स्वायत्त हुने अपेक्षा गरिन्छ ।

हाल संसारका करीव १५० देशमा एकात्मक शासन प्रणाली कार्यान्वयनमा रहेको पृष्ठभूमिमा २७ देशमा संघीय व्यवस्था कार्यान्वयनमा रहेको दावी गरिन्छ । विश्वमा आर्थिकरूपले समृद्ध र भूगोलका दृष्टिले पनि ठूला मानिने केही देशहरूमा संघीय शासन व्यवस्था छैन । युगाण्डा र क्यामरून संघीयताबाट एकात्मक शासनतर्फ फर्केका छन् । तर अर्को यथार्थ के हो भने संख्यात्मकरूपमा संघीयता भएका देशको उपस्थिति कम रहे पनि भूगोल र जनसंख्याका दृष्टिले २७ को संख्याले करिव आधा विश्वको प्रतिनिधित्व गर्दछ । यो तथ्यले संघीयताका लागि भूगोल अथवा आर्थिक समृद्धि मानक हुँदो रहेनछ भन्ने स्पष्ट हुन्छ । संघीयताका लागि त सम्बन्धित देशको तत्कालीन आबश्यकता नै महत्वपूर्ण कुरा हुने रहेछ भन्न सकिन्छ । माथि चर्चा गरिसकियो, संघीयताको सम्बन्ध तल्लो तहसम्म अधिकारको निक्षेपणसँग छ । यस लेखमा जनताको सुसूचित हुने अधिकारको निक्षेपणका सन्दर्भमा चर्चा गर्ने प्रयत्न गरिएको छ ।

नेपालमा सूचनाको हक लागू भएको करिव ११ वर्ष भइसकेको छ । तत्कालीन संसद्बाट २०६४ साल साउन ५ गते जारी सूचनाको हकसम्बन्धी ऐन सोही वर्षको भदौ ३ गतेदेखि लागू भएको घोषणा गरिएको थियो । यसबीचमा यो अधिकार प्रचलनका सम्बन्धमा यथेष्ट काम भएका छन् । अभियानले राम्रै गति प्राप्त गरेको देखिए पनि कार्यान्वयनको अवस्था भने अझै पनि सन्तोषजनक छैन । आयोगमा परेका उजुरी र पुनरावेदनका संख्याका आधारमा मात्र सूचनाको मागसम्बन्धी समग्र आँकलन गर्नु उचित हुँदैन तर हक प्रयोगबारे जनताको चेतनाको अवस्थाको मूल्यांकन गर्न भने यस्ता आधार आवश्यक हुन्छन् । आज पनि ग्रमीण नेपालीमात्र होइन सहरिया सम्भ्रान्तका बीचमा पनि यो ऐनले प्रवेश पाउन सकेको छैन अर्थात् आमजनतामा यसबारे समुचित जानकारी छैन । आगामी दिनमा यस अवस्थामा परिवर्तन अपरिहार्य छ ।

सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनको सन्दर्भले सुशासन र लोकतन्त्रको भावनालाई बल पुर्‍याउँछ । यो ऐन जति सशक्त ढंगले लागू हुन्छ, सुशासन त्यति नै सुदृढ हुने अपेक्षा गरिन्छ । समग्रमा भन्नुपर्दा नेपालमा अहिलेसम्म सूचनाको हकसम्बन्धी ऐन प्रभावकारी ढंगले लागू हुन सकेको छैन । यसको सोझो प्रभाव सुशासनमाथि परिरहेको छ । दुःखद कुरा, लागू नगर्ने दिशामा सरकार र सार्वजनिक निकायहरू नै अग्रसर छन् । देशमा नयाँ संविधान आएपछिका दिनमा व्यवस्थामा परिवर्तन आएको छ । संविधान जारीसँगै यो कार्यान्वयनको चरणमा छ । संविधान सार्वजनिक भएसँगै देश औपचारिकरूपमा संघीयतामा प्रवेश गरेको छ । संविधानले देशमा सातवटा प्रदेशको व्यवस्था गरेको छ । यसको अर्थ हो, देशमा अब केन्द्र, प्रदेश र स्थानीय गरी तीन तहमा शासन सञ्चालन हुनेछ । संविधानको यो व्यवस्थासँगै सूचनाको हकसम्बन्धी कानुनलगायत देशका अन्य कानुन कसरी लागू हुने भन्ने बहसको अवस्था सिर्जना भएको छ । यही अवस्थालाई दृष्टिगत गरी थुप्रै नयाँ कानुनको तर्जुमासँगै विद्यमान अनेकौं कानुन संशोधनका चरणमा छन् । यसै सन्दर्भमा सूचनाको हकसम्बन्धी विद्यमान कानुनबारे पनि नयाँ ढंगले बहस हुनुमात्र आवश्यक छैन बरू परिवर्तित परिवेशमा सूचनाको हक कसरी सुनिश्चित हुनेछ भन्नेबारे पनि छलफल चल्नु/चलाइनु आवश्यक छ । पछिल्लो समयमा नेपालका सरकारहरू जनताको सुसूचित हुने हकप्रति संवेदनशील देखिएका छैनन् । कहाँसम्मभने संघीयता कार्यान्वयनसँगै स्थापना भएका प्रदेश सरकारहरू पनि जनताको सूचनाको हकप्रति गम्भीर हुन सकेनन् । यसबीचमा तीन, चार (गण्डकी) र पाँचले सूचना र सञ्चार नीति तर्जुमाको प्रयत्न गरेका छन् तर पत्रकारिता कर्म तथा जनताको सुसूचति हुने हकप्रति खासै उदार देखिएका छैनन् ।

नेपालका विद्यमान कानुनहरूको विश्लेषणका आधारमा जानकारहरूका अनुसार सूचनाको हकसम्बन्धी ऐन यस्तो कानुन हो जो जनता स्वयंकै क्रियाशीलताका आधारमा लागू हुन्छ अर्थात जनता स्वयंले लागू गर्ने हैसियत राख्दछन् । यो ऐनमा सूचना माग गर्ने र प्राप्त गर्ने सन्दर्भमा समयावधिको किटान गरिएको छ । सूचना माग गर्नेले निवेदन दर्ता गर्नेबित्तिकै यस्तो

समयावधि लागू हुन्छ अर्थात सूचनामागकर्ताद्वारा सूचना मागसम्बन्धी निवेदन दर्ता हुनासाथ ऐनका प्रावधानहरू तत्काल आकर्षित हुन्छन् ।

अहिले विश्वमा लोकतन्त्रको साझा एजेण्डा बनेको पारदर्शिता र सुशासनको प्रत्याभूति दिलाउन सूचनाको हक प्रभावकारी हुने यसका अभियन्ताहरूले बताउने गरेका छन् । सूचनाको हकको राम्रो प्रयोग भएर यसले एउटा परिणाम दिएको उदाहरणका रूपमा भारतलाई लिन सकिन्छ । सूचनाको हकले नागरिकलाई बलियो बनाउने र लोकतन्त्रलाई सुदृढ बनाउने कुरा यसको अभ्यास गरेका राष्ट्रहरूले सुझाएका पनि छन् । भारतमा यो हक लागू भइसकेपछि त्यहाँका तत्कालीन प्रधानमन्त्री डा. मनमोहन सिंहले भनेका थिए, "भारतले वास्तबिक लोकतन्त्रको अभ्यास त ऐन बनेपछि मात्र गर्न पायो, लोकतन्त्रको प्राण रहेछ सूचनाको हक ।" उनको यो अभिव्यक्तिले पनि यो हकको अभ्यासले स्थापित गर्ने मूल्यलाई प्रतिबिम्बित गर्दछ ।

सूचनाको हक आफैमा सक्रियताको अपेक्षा गर्ने कानुन हो । यसको जति प्रयोग गर्‍यो, त्यति नै यसले अपेक्षित परिणाम दिने गर्दछ । विशेष समयमा आकर्षित हुने कानुनको रूपमा यो हक रहन सक्दैन । यस मान्यतालाई कार्यान्वयन गर्न सूचना आयोगको भूमिका महत्वपूर्ण हुन्छ । जनताले एउटा नवीन संस्कृतिको अभ्यासलाई निरन्तरता दिनका लागि यो हक प्रयोगको तहमा रहिरहन आवश्यक हुन्छ । सूचनाको हक प्रयोगको अभ्यासले नागरिकलाई व्यक्तिगत तहमा पनि महत्वपूर्ण लाभको अनुभूति दिन सक्छ भने यसले समाजलाई सुशासनको मार्गमा डोर्‍याउनसमेत मद्दत गर्दछ । यस्तोमा प्रश्न उठ्छ,, जनताको यति महत्वपूर्ण हकको रूपमा स्थापित सूचनाको हकलाई नेपालको परिवर्तित परिस्थितिमा आमजनताको पक्षमा कसरी सुनिश्चित गर्ने ? यस सन्दर्भमा माथि चर्चा गरिएको ऐन संशोधनको विषयले सूचनाको हकसम्बन्धी ऐनका सम्बन्धमा पनि प्राथमिकता पाउनुपर्दछ । केन्द्र र प्रदेशस्तरमा सञ्चालन हुने शासनका सन्दर्भमा सूचनाको हकको प्रत्यभूतिका लागि विद्यमान ऐन कानुनमा केही संशोधन अपेक्षित छन् ।

संघीयता भएका विश्वका अन्य मुलुकको अध्ययन गर्ने हो भने सूचनाको हकमाथि सबै जनताको पहुँच स्थापित गर्न स्वतन्त्र निकायका रूपमा दुईथरि संरचनाको व्यवस्था हुने गरेको पाइन्छ, एउटा केन्द्रीय र अर्को प्रादेशिक । नेपालमा अहिले एक राष्ट्रिय सूचना आयोग छ, जो केन्द्रीय अर्थात संघीयस्तरमा क्रियाशील छ । देश संघीयतामा गइसकेपछि, यो आयोगले कसरी काम गर्ने भन्ने विषयमा पुनर्परिभाषित हुनु जरूरी छ । सूचनाको हकमाथि समानरूपमा सबै जनताको पहुँच स्थापना गर्ने हो भने, संघीयता भएका अन्य देशमा व्यवस्था भएजस्तै नेपालमा पनि केन्द्रीय र प्रादेशिकरूपमा सूचना आयोगको स्थापना हुनु आवश्यक छ । यस्तो व्यवस्था हुन सके नेपालका सबै जनताले मानसिक र भौगोलिक दुबैरूपमा सूचना आयोग नजिक भएको अनुभूति सँगाल्न सक्नेछन् । सूचनाको हक कार्यान्वयन गर्ने/गराउने सन्दर्भमा सूचनाको हकसम्बन्धी कानुन भएका देशमा सूचना आयोगलाई सर्वाधिक जिम्मेवार निकायका रूपमा स्वीकार गरिन्छ । केन्द्र र प्रदेशस्तरको आयोगका बीचमा क्षेत्राधिकारको स्पष्ट विभाजन हुनु आवश्यक छ । नेपालको सन्दर्भमा नयाँ संविधानका कुनै पनि अनुसूचीमा यससम्बन्धी स्पष्ट व्यवस्था गरेको पाइँदैन । यसको अर्थ हो, यससम्बन्धमा विद्यमान ऐन र नियमावलीमा संशोधनमार्फत सम्बोधन गरिनु अपरिहार्य छ । अर्थात्, भावी दिनमा नेपालमा केन्द्र र प्रदेशहरूमा अलगअलग सूचना आयोगको व्यवस्था गरिनुपर्दछ । यस्तोमा हाल अस्तित्वमा रहेको आयोगलाई केन्द्रीय सूचना आयोगका रूपमा परिभाषित र स्थापित गरिनु जरूरी छ भने प्रदेशहरूमा अलग सूचना आयोगको स्थापनाको मार्ग प्रशस्त गरिनुपर्छ । यसो गरिँदा, प्रदेशमा स्थापना हुने आयोगको क्षेत्राधिकार, गठनविधि, आयुक्तको नियुक्ति, योग्यता, पारिश्रमिक, सेवा–सुविधा, सूचनाप्राप्तिको अवधि, सूचना प्राप्त गर्न लाग्ने शुल्क, सूचनाप्राप्तिको कार्यविधिलगायतका विषयमा स्पष्ट व्यवस्था गरिनुपर्छ ।

यस अतिरिक्त ऐन संशोधनमार्फत केही थप विषय पनि सम्बोधित हुनु जरूरी छ । प्रदेशभित्र सूचना माग, प्राप्ति र पुनरावेदनका सम्बन्धमा अन्तिम किनाराको अधिकार प्रदेशभित्रै अर्थात् प्रादेशिक सूचना आयोगलाई प्रदान गरिनु आवश्यक छ । तर यस्तो अवस्थामा प्रदेशहरूका सूचनासम्बन्धी अलगअलग कानुन हुनसक्ने यथार्थलाई नकार्न सकिँदेन । यसको अर्थ हो, सूचनासम्बन्धी प्रादेशिक कानुनबीच तारतम्य नमिल्न सक्छ र विविधता कायम हुन सक्छ । यस्तोमा प्रादेशिक आयोग र प्रदेशका कानुनबीच समन्वय आवश्यक ठहरिन सक्छ । यस्तोमा ऐन संशोधनमार्फत आवश्यक अधिकार प्रदान गरी समन्वयका लागि केन्द्रीय सूचना आयेगलाई जिम्मेबार बनाउन सकिन्छ । यतिमात्र होइन, प्रदेश आयोगमा पुनरावेदनमार्फत न्याय पाउन नसकेको अनुभूत गरेका सेवाग्राहीलाई एकपटक थप पुनरावेदनको अधिकार प्रदान गर्न सकिन्छ र यस्तो पुनरावेदन सुन्ने अन्तिम निकायका रूपमा केन्दीय आयोगलाई जिम्मेवारी प्रत्यायोजन गर्न सकिन्छ । यसैगरी, केन्द्रीय आयोगलाई नीति निर्माणका लागि योग्य बनाई प्रादेशिक आयोगलाई कानुन कार्यान्वयनका लागि जिम्मेवार बनाउन सकिन्छ । माथि उल्लेख गरिएका कार्यहरू सम्पन्न गर्न संविधान संशोधनको जटील प्रक्रियामा प्रवेश गर्नु आवश्यक छैन । सहज प्रक्रियामार्फत ऐन र नियमावलीमा संशोधन गरेर यी सबै विषयलाई सम्बोधन गर्न सकिन्छ ।

*(झा नेपाल पत्रकार महासंघका पूर्वकेन्द्रीय अध्यक्ष हुनुहुन्छ)*

# कानुनी संरचना र नयाँ सञ्चार प्रणाली



डा. महेन्द्र विष्ट
mahendrabista@yahoo.com

**अहिले संघ, प्रदेश वा स्थानीय तहबाट कानुन निर्माणको प्रक्रिया अघि बढिरहँदा सबै क्षेत्रबाट यसप्रति गहन विश्लेषण र विहङ्गम दृष्टिकोणको आवश्यकता छ । प्रेस स्वतन्त्रता किञ्चित पनि संकुचित हुनु हुँदैन । तर, अराजकता पनि रहिरहनु हुँदैन । विद्यमान सञ्चार प्रणालीमा परिवर्तनको निम्ति स्वमूल्यांकन र सुधारको खाँचो छ ।**

नयाँ संविधानले व्यवस्था गरेको संघीय प्रणालीअनुरूप गठित तीनै तहको संसद र सरकारले एक वर्षभन्दा बढी समय व्यतीत गरिसकेका छन् । यसक्रममा सरकारका नियमित कामसँगै संविधान कार्यान्वयनको विशेष दायित्वअन्तर्गत मौलिक हकलाई कार्यान्वयन गर्न कानुन निर्माणको प्रक्रिया चलिरहेको छ । त्यसका साथै संघीय, प्रदेश र स्थानीय सरकारले सम्बन्धित संसदमा अरू विधेयक लैजाने क्रम पनि अघि बढिरहेको छ । यसक्रममा सञ्चार क्षेत्रसँग सम्बन्धित कानुन पनि कतै पारित हुने, कतै संसदमा विधेयक दर्ता हुने, कतै बहसमा लैजाने र कतै मस्यौदा हुने काम भइरहेको छ । यो स्वाभाविक र अति आवश्यक कार्य हो । यद्यपि यस सन्दर्भमा कतिपय कानुनी प्रवन्धका विषयवस्तु बहसमा छन् । त्यसले सञ्चार क्षेत्रलाई व्यवस्थित गर्दैछ या संकुचन गर्न खोज्दैछ भन्ने तर्क वितर्क छन् ।

नेपाल पत्रकार महासंघ र समग्र सञ्चार क्षेत्रका निम्ति खासगरी प्रेससँग सम्बन्धित कानुन निर्माण बढी चासोको विषय हुनु स्वाभाविक हो । त्यतिमात्र हैन, लोकतन्त्र र परिवर्तनको पक्षमा लाग्ने हरेकका लागि यो सरोकारको विषय बन्छ र बन्नु पनि पर्छ । यद्यपि बहसलाई त्यसको सैद्धान्तिक आधार र विषयवस्तुको व्यवस्थामै केन्द्रित गर्न जरूरी हुन्छ । त्यस सिलसिलामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय प्रवन्ध, सैद्धान्तिक अवधारणा, लोकतान्त्रिक मान्यता र अहिलेको अभ्यास तथा आवश्यकताको विश्लेषण सान्दर्भिक हुनेछ ।

**अन्तर्राष्ट्रिय प्रवन्ध**

संयुक्त राष्ट्रसंघले सूचनाको स्वतन्त्रतालाई मानवअधिकारका रूपमा शुरूवातदेखि नै आत्मसात गर्दै आएको छ । सन् १९४६ मा सम्पन्न राष्ट्रसंघको पहिलोसत्रको साधारणसभाले पारित गरेको प्रस्तावमा 'सूचनाको स्वतन्त्रता मानव अधिकार तथा अन्य सबै स्वतन्त्रताहरूको आधार हो, जुन कार्यमा संयुक्त राष्ट्रसंघ समर्पित छ' भन्दै 'सूचना स्वतन्त्राभित्र कुनै पनि अवरोधविना कुनै पनि स्थान र व्यक्तिमा समाचार संकलन, प्रसारण र प्रकाशनको अधिकार हुनेछ...' भन्ने उल्लेख गरियो । मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा १९ ले अभिव्यक्ति स्वतन्त्रतालाई 'सूचनाको खोजी, प्राप्ति र प्रवाहको अधिकार' का रूपमा परिभाषित गरेको छ भने नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा १९ का साथै तीनवटा क्षेत्रीय मानवअधिकारसम्बन्धी सन्धिहरु मानव अधिकारसम्बन्धी युरोपेली महासन्धि, मानव अधिकारसम्बन्धी अफ्रिकी महासन्धि र मानव अधिकारसम्बन्धी अमेरिकी महासन्धिमा पनि अभिव्यक्ति स्वतन्त्रताको समान किसिमको प्रत्याभूति गरिएको छ ।

सूचनाको हककै सम्बन्धमा विचार र अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र सम्बर्द्धनसम्बन्धी विशेष प्रतिवेदकले सन् २००० मा विशेष टिप्पणी प्रस्तुत गर्दै सूचना भन्नाले सार्वजनिक निकायसँग रहेको जुनसुकै स्वरूप र साधनमा सुरक्षित गरिएका सम्पूर्ण विवरणहरु भन्ने ब्याख्या गर्नुका साथै सूचनाको स्वतन्त्रता भन्नाले सार्वजनिक निकायहरूले आफ्ना कार्यहरु र जनतालाई असर गर्ने नीति र निर्णयजस्ता जनचासोका सूचनाहरु व्यापकरूपमा प्रकाशित गर्ने र सम्प्रेषण गर्ने भन्ने कुरा बुझाउँछ भनेर उल्लेख गरेको छ । लोकतान्त्रिक मूल्य, सूचनाको हकसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड र विकसित सिद्धान्तलाई आत्मसात गर्दै विश्वका सय भन्दा बढी मुलुकहरूले राष्ट्रिय कानुनमा सूचनाको हकलाई व्यवस्थित गर्नुका साथै संरचनाको निर्माण र अभ्यास गर्दै आएका छन् भने प्रेस तथा अभिब्यक्ति स्वतन्त्रतालाई अधिकांश मुलुकले संविधान र अन्य कानुनमा स्पष्टताका साथ व्यवस्थित गरेका छन् ।

**प्रेस स्वतन्त्रताको सैद्धान्तिक अवधारणा**

आमसञ्चार क्षेत्रका तीन अमेरिकी विद्वान् फ्रेड एस. सिइबर्ट, थोडर पिटर्सन र विल्बर श्रामले सन् १९५६ मा प्रेसका चार सिद्धान्त नामक पुस्तक प्रकाशनमा ल्याए । प्रेसका यी चार सिद्धान्तलाई प्रेस स्वतन्त्रताको सैद्धान्तिक व्याख्या गर्ने प्रमुख आधारका रूपमा समेत लिने गरिन्छ । ती चार सिद्धान्तमा पहिलो हो– अधिनायकवादी सिद्धान्त, जुन सत्य भनेको केही बुद्धिमान मानिसहरूले उत्पादन गर्ने कुरा हो भन्ने पुनर्जागरणकालको विचारमा आधारित छ । दोस्रो हो– उदारवादी सिद्धान्त, जुन मिल्टन, लक, जेफर्सन, मिल आदिले उठाएको सत्यको उद्‌बोधन मानवको एउटा प्राकृतिक अधिकार हो भन्ने मान्यतामा आधारित छ । त्यस्तै तेस्रो हो– सामाजिक उत्तरदायित्वको सिद्धान्त, जुन जनताप्रतिको उत्तरदायित्वको आधुनिक लोकतान्त्रिक मान्यतामा आधारित छ, र चौथो हो– सोभियत साम्यवादी सिद्धान्त, जुन पुरानो अधिनायकवादी सिद्धान्तको विस्तारित रूपसमेत मान्ने गरिन्छ । प्रेसका यी चार सिद्धान्त र पछि पुनर्व्याख्या भएका अन्य सिद्धान्तले राजनीतिक प्रणाली सापेक्ष प्रेस स्वतन्त्रता अवस्थालाई चित्रित गर्दछन् ।

प्रेस र सरकारबीचको सम्बन्धलाई विश्लेषण गरेर राजनीतिक प्रणाली सापेक्षतामा परिभाषित प्रेसका यी सिद्धान्तले स्वतन्त्रता र नियन्त्रणका अवस्थालाई विश्लेषण गर्दछन् । सञ्चारमाध्यमको अनुमति र विषयवस्तुमाथिको सरकारी नियन्त्रणलाई चारवटै सिद्धान्तमा स्पष्ट गरिएको छ भने सामाजिक उत्तरदायित्वको सिद्धान्तले मिडिया स्वयंको उत्तरदायित्वलाई बढी ब्याख्या गर्दछ । यद्यपि प्रेस स्वतन्त्रताको नयाँ अवधारणासँगै आमसञ्चारमाध्यममा आमजनता अर्थात् पाठक, स्रोता, दर्शकको पहुँचका साथै सञ्चारमाध्यमको स्वामित्व, विषयवस्तु तथा तिनमाथिको नियमनका क्षेत्रहरु पनि विश्लेषणको आधारका रूपमा समेटिन थालेको छ । डेनिस म्याक्वेलले प्रेस स्वतन्त्रतालाई सामाजिक उत्तरदायित्वको सिद्धान्तसँग जोडेर 'मिडियाको समाजप्रति दायित्व हुन्छ, मिडियाको स्वामित्व भनेको सार्वजनिक स्वामित्व हो र मिडिया स्वतन्त्र हुनुपर्छ तर स्वनियमन भने आवश्यक हुन्छ' भनेर उल्लेख गरेका छन् ।

**प्रेस स्वतन्त्रताका सीमा तथा बन्देजका क्षेत्रहरू**

लोकतन्त्रमा प्रेस स्वतन्त्रता अनिवार्य शर्त हो तर त्यो सीमाविहीन भने हुँदैन । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सीमा हुन्छ र त्यस्तो सीमाको रूपमा विषवस्तुमाथि नियन्त्रणका वा कानुनी बन्देजका क्षेत्रहरु रहन्छन्, जुन अन्तर्राष्ट्रिय मापदण्डभित्रै पर्दछ । विषयवस्तुमाथिको नियन्त्रणका प्रमुख क्षेत्रहरूमा मानहानी, राष्ट्रिय सुरक्षा, गोपनीयता, अदालतको अवहेलना, घृणायुक्त अभिव्यक्ति, असत्य समाचार, धार्मिक दुष्प्रचार र यौनजन्य अश्लीलता वा उच्छृङ्खलता जस्ता विषयहरु पर्दछन् । प्रेस स्वतन्त्रताको सिद्धान्तले यी क्षेत्रमा नियन्त्रणको जायज प्रयोगमा अनुमति प्रदान गर्दछ, जुन कानुनबमोजिम, वैध उद्देश्यको लागि र त्यो तत्काललाई आवश्यक भएको हुनुपर्दछ । यद्यपि नेपालको सन्दर्भमा विषयवस्तुमाथि नियन्त्रणका वैध प्रवन्धले पनि सबैलाई झस्काउने गर्दछ किनभने विगतमा यसको दुरूपयोग भएको छ । लोकतन्त्रको आवरणमै लोकतान्त्रिक अधिकार खोस्ने एवं प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई संकुचित गर्ने काम भएका छन् । यसैले पनि कतै त्यसको पुनरावृत्ति त हुने हैन भन्ने आशंका हुनु अस्वाभाविक हैन ।

**लोकतान्त्रिक मान्यता**

अहिलेको युगमा लोकतन्त्रलाई नै सबैभन्दा उत्तम राजनीतिक प्रणाली मानिन्छ । लोकतन्त्रको अर्थ अभिव्यक्तिको स्वतन्त्रता, स्वतन्त्र निर्वाचन, सर्वमान्य मताधिकार र आवधिक निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिबाट सरकारको नियन्त्रण हो । यो मतदानको प्रक्रिया मात्र हैन, लोकतान्त्रिक आचरण र व्यवहार पनि हो । यसलाई असमानताको अन्त्य र स्वतन्त्रता उदयको घोषणाका रूपमा पनि लिने गरिन्छ । १६औं अमेरिकी राष्ट्रपति अब्राहम लिंकनले जनताले जनताका लागि गरिने जनताको शासन नै लोकतन्त्र हो भनेका छन् । अध्ययेताहरूका विचारमा लोकतन्त्रका लागि लोकतन्त्रवादीको आवश्यकता पर्दछ । लोकतन्त्रवादी हुन ब्राण्ड हैन, व्यवहार जरूरी हुन्छ । यसको निम्ति मानवअधिकारको सम्मान र सुरक्षा गर्ने, सार्वजनिक र राजनीतिक बहसमा संलग्न हुने, अरूका विचार र दृष्टिकोणहरु स्वीकार गर्ने, विचार र अभिमत आदान-प्रदान गर्ने, तर्कको शक्तिमा विश्वास गर्ने, आफ्नो विचार र दृष्टिकोणमा परिवर्तन गर्न तयार हुने, सम्झौता र मेलमिलाप गर्न इच्छुक हुने एवं समस्याको शान्तिपूर्ण तरिकाले समाधान गर्न तत्पर हुने गुण जरूरी हुन्छ । त्यसमा विचार र अभिव्यक्ति स्वतन्त्रता अपरिहार्य रहन्छ ।

सार्वजनिक सञ्चारमाध्यमको सन्दर्भमा विचार र अभिव्यक्ति स्वतन्त्रता भनेको माध्यमको स्वतन्त्रता मात्र नभएर माध्यममा विषयवस्तुको छनोट गर्न पाउने समाचारकक्षको अधिकारको प्रत्याभूति पनि हो । यसर्थ कानुनी प्रावधान मात्र नभएर आफ्नो सञ्चारमाध्यममा विषयवस्तुको निर्धारण या कार्यक्रमको छनोट गर्ने वा सम्पादकीय परीक्षण या नियन्त्रण गर्ने एउटा सम्पादकको अधिकारको प्रयोग हुने वातावरण कत्तिको छ भन्ने आधारमा सञ्चारमाध्यममा प्रेस स्वतन्त्रताको अवस्था मापन गर्न सकिन्छ । साथै, उसले विषयवस्तुको छनोट गर्ने विधि, क्षेत्र, उत्तरदायित्वको बहन एवं विश्वसनीयता पनि महत्वपूर्ण आधार बन्दछन् ।

**राष्ट्रिय प्रवन्ध र अभ्यास**

मुलुकको राजनीतिक प्रणालीको सापेक्षतामा प्रेसका सिद्धान्तको विकास भएका हुन्छन् । नेपाल लोकतान्त्रिक प्रणाली भएको मुलुक हो । यो प्रणाली प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको जगमा उभिने भएकोले प्रेस स्वतन्त्रता अनिवार्य शर्त हुन्छ । संविधिानसभाबाट बनेको नेपालको वर्तमान संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको उल्लेख छ भने विभिन्न धाराहरूमा यससम्बन्धी अन्य व्यवस्था छन् । धारा १७ मा विचार र अभिव्यक्तिको स्वतन्त्रता एवं धारा १९ मा सञ्चारको हकसम्बन्धी व्यवस्था छ । सञ्चारको हकअन्तर्गत कुनै पनि पत्रपत्रिका, रेडियो, टेलिभिजन, अनलाइनजस्ता सञ्चारमाध्यमबाट कुनै सामग्रीको प्रकाशन वा प्रसारण गर्न पूर्वप्रतिबन्ध नलगाइने, कुनै सामग्री प्रकाशन प्रसारण गरेबापत बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत नगरिने तथा सञ्चारका साधनलाई अवरूद्ध नगरिने प्रत्याभूति संविधानमा गरिएको छ । यस्तै धारा २७ मा सूचनाको हकको व्यवस्था छ भने धारा २८ मा गोपनीयताको हक, धारा १०३ मा संघीय संसदको विशेषाधिकार, धारा १२८ मा अदालतको अवहेलना, धारा १८७ मा प्रदेशसभाको विशेषाधिकार र धारा २७३ मा संकटकालीन व्यवस्था उल्लेख छ ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका यी अन्तर्राष्ट्रिय मापदण्ड र संविधानले गरेको व्यवस्था विपरीत संघीय, प्रदेश वा स्थानीय तहले कुनै पनि कानुन निर्माण गर्न मिल्दैन । संविधानसँग बाझिने कानुन बनाउने चेष्टा गरेमा यसै पनि त्यो स्वतः खारेज हुने स्थिति छँदैछ, त्यतिमात्र नभएर चर्को विरोधको सामना गर्नुपर्ने अवस्था पनि बन्दछ । अहिले कानुन निर्माणको चरणमा कानुन निर्माण गर्ने पक्षले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका यी राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रवन्ध, सैद्धान्तिक अवधारणा र लोकतान्त्रिक मान्यतालाई आत्मसात गर्नै पर्दछ । यद्यपि प्रेस जगत्ले पनि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासँगै यसको उत्तरदायित्व एवं विषयवस्तुमाथि बन्देजका बैध प्रवन्धहरूलाई नजरअन्दाज गर्न मिल्दैन ।

नेपाली पत्रकारितामा कतिपय यस्ता अभ्यास अहिले पनि विद्यमान छन् जसले प्रेस स्वतन्त्रतालाई संकुचित गरिरहेका छन् । त्यस्ता व्यवस्थामा सुधार हुनै पर्दछ । सँगसँगै प्रेस स्वतन्त्रताको दुरूपयोग गर्ने जुन प्रवृत्ति छ, त्यसमाथि पनि नियन्त्रण आवश्यक छ । यो सरकारले गर्ने निर्णय वा कार्यकारी अधिकारबाट नभई कानुनी प्रवन्ध, नियामक निकाय एवं अदालती प्रक्रियाबाट हुनुपर्दछ । जीवित व्यक्तिलाई मृतक भनेर लेख्दा-बोल्दा सामान्य लज्जाबोध समेत नहुने पत्रकारिता कसैको पनि चाहना हैन । व्यक्तिको चरित्रहत्या गर्ने, अश्लीलताको व्यापार गर्ने, व्यक्तिको निजी जीवन र गोपनीयतामाथि धावा बोल्ने, नितान्त व्यक्तिगत स्वार्थमा सञ्चारमाध्यमको दुरूपयोग गर्ने, आर्थिक लेनदेनको आधारमा समाचार प्रकाशन-प्रसारण गर्ने, राष्ट्रिय एकता, भौगोलिक अखण्डता, सामाजिक सद्भाव, राष्ट्रिय सुरक्षाविपरीत मनमौजी किसिमले लेख्ने र समाजमा पत्रकारिताको पहिचान नै त्यही हो भन्ने भ्रम पारिदिने जुन प्रवृत्ति हावी भइरहेको छ, त्यसलाई निरूत्साहित गर्न जरूरी छ । प्रेस स्वतन्त्रताको नाममा त्यस्तो प्रवृत्तिको रक्षाकवच बन्ने क्रम बन्द नहुञ्जेल नत व्यवसायिक पत्रकारिता फस्टाउन सक्तछ नत पत्रकारप्रति समाजले हेर्ने दृष्टिकोण सकारात्मक बन्न सक्तछ । चालीसको दशकमा अमेरिकामा पीत पत्रकारिताको चरम अभ्यासले जुन सामाजिक उत्तरदायित्वको आवश्यकता बोध गरायो, आज नेपालमा पनि त्यो महसुस भइरहेको छ ।

अहिले संघ, प्रदेश वा स्थानीय तहबाट कानुन निर्माणको प्रक्रिया अघि बढिरहँदा सबै क्षेत्रबाट यसप्रति गहन विश्लेषण र विहङ्गम दृष्टिकोणको आवश्यकता छ । प्रेस स्वतन्त्रता किञ्चित पनि संकुचित हुनु हुँदैन । तर, अराजकता पनि रहिरहनु हुँदैन । विद्यमान सञ्चार प्रणालीमा परिवर्तनको निम्ति स्वमूल्यांकन र सुधारको खाँचो हामीमा पनि छ ।

*(डा. विष्ट नेपाल पत्रकार महासंघका निवर्तमान अध्यक्ष हुनुहुन्छ)*

# पत्रकार महासंघका चुनौती



रमेश विष्ट
rameshbista2009@gmail.com

**महासंघको जिम्मेवारी र दायित्व श्रमजीवी पत्रकार र समग्र सञ्चार क्षेत्रप्रति त छ नै देश र समाजप्रतिको दायित्व पनि उत्तिकै छ । नागरिक अगुवा संस्था हुनुको नाताले महासंघप्रतिको अपेच्छा स्वभाविक छ । त्यसलाई पूरा गर्नु पनि महासंघको कर्तव्य हो ।**

नेपाल पत्रकार महासंघको २५औं महाधिवेशन सम्पन्न हुँदा मुलुक संविधान कार्यान्वयनको महत्वपूर्ण चरणमा थियो । ६ वटा प्रदेशमा स्थानीय तहको निर्वाचन सम्पन्न भई संघ र प्रदेशको निर्वाचनको तयारी भइरहँदा वर्तमान नेतृत्व निर्वाचित भएको हो । प्रदेश दुईको स्थानीय तहको निर्वाचन हुन बाँकी थियो । मुलुकमा तीनवटै तहको निर्वाचन सम्पन्न भई लामो राजनीतिक संक्रमणकालको अन्त्य र नयाँ राजनीतिक व्यवस्थाको सुरूवात हुँदै गर्दा त्यसलाई सहयोग पुर्‍याउनु नेपाली प्रेसको समेत महत्वपूर्ण दायित्व र जिम्मेवारी अपरिहार्य थियो । गणतन्त्र र संघीयता नेपाली प्रेसको समेत एजेण्डा भएकाले समग्र सञ्चारकर्मीहरूको छाता संस्था हुनुको नाताले महासंघ आफ्नै ढंगले परिचालित भयो । एकातर्फ सबै निर्वाचनहरू स्वतन्त्र र निष्पक्ष ढंगबाट सम्पन्न होस भन्ने सञ्चार क्षेत्रको चाहना थियो भने अर्कोतर्फ सुरक्षित र निर्भयताका साथ समाचार संकलन र सम्प्रेषणको वातावरण निर्माण गर्न महासंघको क्रियाशीलता स्वभाविक थियो । यी दुबै काममा महासंघले आफूलाई केन्द्रीत गर्‍यो ।

निर्वाचनपछिको राजनीतिक परिदृश्य महासंघका लागि निकै पेचिलो र चुनौतीपूर्ण रह्यो । पुराना कानुनहरू विस्थापित गर्दै नयाँ कानुनहहरू निर्माण तीव्र भएकाले कानुनीरूपमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको जगेर्ना सोचेजस्तो सजिलो भएन र छैन । मुलुकी ऐनलाई विस्थापित गर्दै बनेको मुलुकी फौजदारी संहिता, देवानी संहिता र गोपनीयता सम्बन्धी कानुनले सञ्चार जगतलाई भस्कायो । कुनै पार्टी विशेषको चाहनाभन्दा पनि सबै राजनीतिक दलको सहमतिमा आएको उक्त कानुनमा स्वतन्त्र प्रेसमाथि अंकुश लगाउने थुप्रै प्रावधानहरू लागु भए । महासंघले प्रेसलाई नियन्त्रण गर्ने प्रावधानहरूसहितको कानुन स्वीकार गर्ने प्रश्नै थिएन । महासंघ चरणबद्ध दवाव र आन्दोलनमा ओर्लियो । फलस्वरूप प्रेस स्वतन्त्रता विरोधी प्रावधान पहिचान गरी संशोधनका लागि प्रतिवेदन दिन समिति गठन भयो । समितिले प्रतिवेदन दिएपनि अहिलेसम्म पनि संशोधनको प्रक्रिया अघि बढ्न सकेको छैन ।

संविधानअनुसार तीन तहको सरकार निर्माण भएपछि महासंघ र नेपाली मिडियाका सामु कानुन निर्माणमा प्रेस स्वतन्त्रताका चुनौती थप बढेर गयो । संघीय संसद, प्रदेश संसद र स्थानीय तहहरूले समेत कानुन निर्माण गर्ने भएकोले ती कानुनहरू नेपालको संविधान र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको विश्वव्यापी मान्यता विपरीत नबनाउन् भन्नका लागि महासंघको निगरानी र खबरदारी जारी छ । तीनै तहमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता विरोधी मनोविज्ञान व्याप्त रहेकाले प्रेसमैत्री कानुन निर्माण अहिले पनि महासंघका सामु चुनौती बनेर खडा छ ।

यसैबीचमा पत्रकार महासंघको इतिहासमा पहिलोपटक प्रादेशिक संरचना निर्माण भयो । विधानअनुसार ८ भौगोलिक र २ गैरभौगोलिक प्रदेश समितिको गठनपछि कानुन निर्माण सँगसँगै प्रेस स्वतन्त्रताको रक्षा र पत्रकारका क्षमता अभिवृद्धिमा महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन् । संघीयताको मर्म र भावनाअनुरूप महासंघ तीन तहको संरचनामा बिस्तार हुनु सांगठनिकरूपमा पनि महासंघको उपलब्धि हो । यसले महासंघको क्षमता, पहुँच र प्रभाव फराकिलो बनेको छ ।

### चुनौती व्यवसायिक र भौतिक सुरक्षाकै

महासंघले अहिले पनि पत्रकारको पेशागत र भौतिक सुरक्षालाई ठुलो चुनौतिको रूपमा सामना गरिरहेको छ । समाचार लेखेकै आधारमा पत्रकारमाथिको कुटपिट, धम्की र स्वनियन्त्रणमा कमि आउन सकेको छैन । महासंघको प्रेस स्वतन्त्रता अनुगमन इकाईको अभिलेखमा रहेका तथ्याङ्कले पनि पत्रकारको सुरक्षा चुनौतीलाई पुष्टि गर्छ । यो अवधिमा प्रेस स्वतन्त्रता हननका घटनाहरू घटेका छन् । यो संख्या संविधानमा नै पूर्ण स्वतन्त्रता उल्लेख गरिएको मुलुकका लागि शोभनीय विषय किमार्थ हुन सक्दैन । प्रेस स्वतन्त्रता हनन गर्नेमा राज्यपक्ष र गैरराज्यपक्ष नै उद्यत रहेको तथ्यहरूले छर्लङ्ग पारेका छन् । प्रेसलाई नियमन गर्ने भनेर कल्पना नै नगरिएको विद्युतीय कारोबार ऐन प्रयोग गर्ने, हिरासतमा राख्ने र अदालतमा मुद्दा दायर गर्ने क्रम विगतमा भन्दा पनि बृद्धि भएको छ । समाचार लेखेको आधारमा कसैले उजुरी गरेर होस् वा पत्रकारले सानातिना कमजोरी गरेर होस् प्रहरीले पक्राउ गरिहाल्ने प्रवृत्ति बढेकाले पत्रकार सत्यतथ्य समाचार सम्प्रेषण गर्ने नसक्ने अवस्थामा पुगेका छन् । यसले पत्रकारलाई स्वनियन्त्रण हुन बाध्य बनाएको छ भने समग्र प्रेस जगत हतोत्साही हुन पुगेको छ । यसको सबैभन्दा बढी मार अनलाइन मिडियाहरू हुन पुगेका छन् ।

श्रमजीवी पत्रकारहरूले भोगिरहेका पारिश्रमिकसम्बन्धी समस्या महासंघको अर्को चुनौती हो । पत्रकारको सेवासुविधा सुनिश्चित गर्ने श्रमजीवी पत्रकार ऐनको आंशिक कार्यान्वयन समेत हुन नसक्दा पत्रकारहरूको पेशागत अधिकार अन्यौलग्रस्त हुन पुगेको छ । अहिले पनि न्युनतम पारिश्रमिकको लडाईमा श्रमजीवी पत्रकारहरू संघर्षरत छन् । यो आफैमा अन्यन्त पीडादायी र लज्जाको विषय हो । ठूला र राष्ट्रिय भनिने सञ्चारमाध्यममा समेत न्युनतम पारिश्रमिक समेत लागु हुन सकेको छैन ।

महासंघले ठूला सञ्चारगृह लक्षित अभियान तीब्र पारेको छ । महासंघको दवावले केही सकारात्मक परिर्वतन देखिए पनि सन्तोष गर्ने अवस्था भने निर्माण भइसकेको छैन । समानुपातिक विज्ञापन प्रणाली कार्यान्वयन हुन नसक्दा साना र स्वरोजगारमूलक सञ्चारमाध्यमहरूमा अहिले पनि न्युनतम पारिश्रमिक लागु हुन सकेको छैन ।

बिना कारण जागिरबाट हटाउने, जागिर छाड्दा पनि पारिश्रमिक नपाउने जस्ता समस्या पनि श्रमजीवी पत्रकारहरूले भोग्दै आएका छन् । महासंघले यस्ता समस्यामा आन्दोलन, दवाव र सहजीकरणलाई प्राथमिकताका साथ अघि बढाएको छ । श्रमजीवी आफैले आफ्ना समस्या लुकाउने प्रवत्ति पनि देखिने गरेको छ ।

महासंघमा १३ हजार बढीसदस्य आवद्ध छन् । यो विशाल संख्याभित्र श्रमजीवी पत्रकारका अलावा साना/ठूला मिडियाका लगानीकर्ता समेत आवद्ध रहेको यथार्थ हाम्रोसामु छ । सञ्चारमाध्यमका प्राविधिक, स्तम्भकार आदि पनि महासंघको छातामुनि आवद्ध छन् । सदस्यतामा रहेको विविधताले महासंघले प्राथमिकतामा राख्ने विषय समेत कहिलेकाहीँ अन्यौलग्रस्त हुने गर्दछ । महासंघलाई मूलतः कस्ता सदस्यहरूको संख्या बनाउने भन्ने बहस समेत आवश्यक छ ।

### निर्वाचन प्रणाली

महासंघको तीन तहको निर्वाचन प्रणालीमध्य शाखा र

प्रदेश समितिको निर्वाचन साधारण सदस्यहरूबाट हुने वैधानिक प्रावधान छ । केन्द्रीय समिति १० साधारण सदस्यबाट एक निर्वाचित हुने सभासदहरूबाट निर्माण हुन्छ । लामो समयदेखि सबै साधारण सदस्यहरूको मतदानबाट केन्द्रीय समिति निर्वाचित हुने व्यवस्थाका पक्षमा बहस हुँदै आएको छ ।

पोखरा साधारणसभामा प्रत्यक्ष निर्वाचन प्रणालीसहितको विधान संशोधन प्रस्ताव पेश हुँदैछ । आम सदस्यहरूको लामो समयदेखिको चाहनालाई ध्यानमा राखेर यो संशोधन प्रस्ताव पेश हुन लागेको हो । प्रत्यक्ष निर्वाचन प्रणालीमा महासंघलाई रूपान्तरित गरेपछि बृहत् लोकतान्त्रिक अभ्यासका साथै महासंघको विविध पक्षमा सकारात्मक प्रभाव पर्ने अपेच्छा गरिएको छ । यो प्रणाली छ दशकभन्दा लामो महासंघको इतिहासमा कोशेढुङ्गा सावित हुनेछ ।

चुन्ने र चुनिने व्यापकतासँगै महासंघको सदस्यता शुद्धीकरणमा समेत सुधार आउने देखिन्छ । पेशाबाट निष्कृय रहेकाहरूको विदाई र पेशामा आएकाहरूको सहज प्रवेशलाई प्रत्यक्ष निर्वाचन प्रणालीले ठूलो मद्दत पुऱ्याउने छ । केन्द्र, प्रदेश र शाखामा सक्षम र जुझारू नेतृत्व चयनलाई समेत प्रत्यक्ष निर्वाचन प्रणालीले ढोका खोल्ने छ ।

महासंघको नीति निर्माण तय गर्ने र प्रतिवेदनहरू पारित गर्नेगरी संरचना निर्माण हुने हुँदा महाधिवेशन र साधारण सभाहरूमा खर्च हुनेठूलो धनराशीको भारबाट महासंघ मुक्त हुने छ ।

महासंघको जिम्मेवारी र दायित्व श्रमजीवी पत्रकार र समग्र सञ्चार क्षेत्रप्रति त छ नै देश र समाजप्रतिको दायित्व पनि उत्तिकै छ । नागरिक अगुवा संस्था हुनुको नाताले महासंघप्रतिको अपेच्छा स्वभाविक छ । त्यसलाई पूरा गर्नु पनि महासंघको कर्तव्य हो । महासंघलाई सबैको साझा र मुलुकको महत्वपूर्णअग्रणी संस्थाका रूपमा क्रियाशील राख्नु अहिलेको चुनौती हो ।

*(विष्ट नेपाल पत्रकार महासंघका केन्द्रीय महासचिव हुनुहुन्छ ।)*

गतिविधि

# सोसल मिडिया प्रयोगसम्बन्धी छलफल

काठमाडौं । नेपाल पत्रकार महासंघ, डिजिटल मिडिया समिति र सेन्टर फर मिडिया रिसर्चको आयोजनामा पत्रकारका लागि सोसल मिडिया प्रयोग गर्दा ध्यान दिनुपर्ने नियमहरूको बारेमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले पत्रकारहरूको आग्रहमै पत्रकारले सामाजिक सञ्जाल प्रयोगसम्बन्धी संहिता निर्माण गर्न लागेको जानकारी गराउनु भयो । उहाँले यो विषय प्रेस सरोकारवालासँगको बृहत छलफलबाट मात्र ल्याउने बताउनु भयो ।

महासंघका उपाध्यक्ष विपुल पोख्रेलले सञ्चारगृहको विश्वसनीयताका लागि सामाजिक सञ्जाल प्रयोगसम्बन्धी नियम ल्याउन लागेको बताउनु भयो । कार्यक्रममा सामाजिक सञ्चालन सम्बन्धी संहिता बनाउन बनेको कार्यदलका संयोजक तथा महासंघका सचिव प्रकाश थापाले विभिन्न छलफलहरूबाट आएका सुझावहरू समेटेर बनाएको पहिलो मस्यौदा प्रस्तुत गर्नुभएको थियो । नेपाल पत्रकार महासंघ डिजिटल मिडिया समितिका संयोजक लेखनाथ न्यौपानेले पत्रकारहरूलाई सामाजिक सञ्जाल प्रयोगसम्बन्धी साक्षरताका लागि कार्यक्रम आयोजना गरिएको बताउनु भयो । महासंघका पूर्वअध्यक्ष धर्मेन्द्र झाले पत्रकारहरूका लागि सामाजिक सञ्जाल प्रयोग सम्बन्धी नियम बनाउँदा अनलाइन सञ्चारमाध्ययम र सामाजिक सञ्जाललाई वर्गीकरण गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका सचिव, कोषाध्यक्ष, सदस्य तथा अनलाइन पत्रकार संघका अध्यक्ष लगायत विभिन्न सञ्चारमाध्यममा क्रियाशील पत्रकारहरूको उपस्थिति रहेको थियो ।









# राष्ट्रिय सम्मेलनको सन्देश र पत्रकार महिलाको दायित्व



अनिता विन्दु
anitabindu7@gmail.com

> महिलाको क्षमता र दक्षता बृद्धिका लागि आधारभूत र विषयगत तालिमको माग सम्मेलनले गरेको छ । महिलालाई अवसर नदिई उनीहरूको क्षमतामा प्रश्न उठाउने गरिएको छ । क्षमतावान महिलालाई पनि अवसरबाट वञ्चित गराउनकै लागि उनीहरूको क्षमतामाथि प्रश्न उठाउने चलन रहेको छ । यस्तो प्रवृत्तिको अन्त्यका लागि यो माग अघि सारिएको छ ।

लामो संघर्ष र बलिदानपछि प्राप्त भएको राजनीतिक उपलब्धिअनुरूप मुलुकले यतिबेला उन्नत राजनीतिक प्रणालीको अभ्यास गरिरहेको छ । अहिलेको राजनीतिक व्यवस्था संघीय लोकतान्त्रिक गणतन्त्रले हरेक क्षेत्र, समुदाय, वर्ग र पेशा व्यवसायीहरूको अवसर बृद्धि गरिरहेको छ । तर, राज्यका सम्पूर्ण निकायहरूको आवाज मुखरित गर्ने पत्रकारिता पेशामा भने चुनौतीहरू धेरै देखिएका छन् । अझ विशेषगरी पत्रकार महिलाहरूको सन्दर्भमा अवसरको विषय झनै पेचिलो बनेको छ । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकासहित राज्यका हरेक अंग र निकायहरूको वस्तुस्थितिबारे विश्लेषण गरी समाजमा प्रस्तुत गर्ने भएकाले पत्रकारिता क्षेत्र राज्यको चौथो अंगका रूपमा स्थापित छ ।

त्यसैले यो क्षेत्रलाई राज्यका अन्य अंगहरूसरह नै महत्वपूर्ण क्षेत्रका रूपमा लिने गरिएको छ । तर जनसंख्याको अनुपातमा पत्रकारिता क्षेत्रमा महिलाको उपस्थिति सन्तोषजनक छैन । २०४६ सालको जनआन्दोलनपछि राजनीतिमा आएको परिवर्तनले देशमा व्यवसायिक पत्रकारिताको थालनीसँगै सञ्चार क्षेत्रमा महिला सहभागिता बढेको भएपनि उनीहरूको सामाजिक, आर्थिक अवस्था तथा भौतिक र पेशागत असुरक्षा लगायतका कारण सन्तोषजनक स्थिति अझै बनिसकेको छैन । संख्याको हिसाबमा हेर्ने हो भने पनि सञ्चार क्षेत्रको विकासको अनुपातमा महिला पत्रकारहरूको सहभागिता अझै पनि न्यून छ । नेपाल पत्रकार महासंघको सदस्यताका आधारमा हेर्दा देशमा रहेका करिब १३ हजार पत्रकारमध्ये महिला पत्रकारको संख्या २ हजार ४ सय जति मात्रै छ । यो संख्या कुल पत्रकारहरूको संख्याको १८ प्रतिशत मात्रै हो । संख्यात्मक दृष्टिले मात्र नभई गुणात्मक दृष्टिले पनि उनीहरूको उपस्थिति कमजोर रहेको छ । महिला पत्रकारहरूलाई महत्वपूर्ण जिम्मेवारी नदिइने तथा उनीहरूको क्षमता बृद्धिमा उपयुक्त अवसर नदिइने जस्ता समस्या महिला पत्रकारहरूले भोगिरहेका छन् । स्वदेश या विदेशमा प्राप्त हुने महत्वपूर्ण तालिमका अवसरहरूमा अझै पनि महिला पत्रकारहरूले पहिलो प्राथमिकता नपाउने गरेको अवस्था छ । पुरूषको तुलनामा घरपरिवारमा धेरै समय बिताउनुपर्ने समस्या एकातिर छ भने कार्यस्थल लैंगिकमैत्री नहुँदा कतिपय अवस्थामा मानसिक र शारीरिक दुर्व्यवहार भोग्नुपर्ने अवस्था छ ।

महिला भएकै कारणले हुने विशेष प्राकृतिक अवस्थामा सकारात्मक विभेदको नीति अनुसार सुविधा दिइने भनिए पनि सञ्चारगृहहरूमा त्यस्ता नीतिहरू व्यवहारमा लागू नहुँदा महिलाहरूलाई समस्या पर्ने गरेको छ । गर्भवती तथा सुत्केरी अवस्थामा मात्र होइन महिनावारी भएका बेला पनि महिला पत्रकारहरूलाई विभिन्न समस्या हुने गरेका छन् । त्यस्तो अवस्थामा ती समस्याहरूलाई सहज रूपमा लिई सम्बोधन गर्नुको सट्टा पुरूष हाकिमले बेवास्ता गर्ने तथा उडाउने प्रवृत्ति पनि भोग्नुपरेको पत्रकार महिलाहरूले गुनासो गर्ने गरेका छन् । कार्यालयमा शिशु स्याहार केन्द्रको व्यवस्था नहुँदा आमा पत्रकारहरूलाई झनै समस्या हुने गरेको छ । पुरूषहरूको तुलनामा महिलाहरू थोरै संख्यामा मात्रै पत्रकारिता पेशामा प्रवेश गर्ने एउटा समस्या छ भने पत्रकारितामा प्रवेश गरेका महिलाहरूको पेशागत सुरक्षा एवम् पेशाप्रतिको आकर्षण बृद्धि गराउन नसकिने अवस्था पनि अर्को समस्याको रूपमा रहेको छ ।

पत्रकारितामा महिलाहरूको गुणात्मक सहभागिता बृद्धि गर्ने उद्देश्यले गत माघ १८ गते चितवनको पटिहानीमा सम्पन्न पत्रकार महिलाको राष्ट्रिय सम्मेलनले १३ बुँदे घोषणापत्र जारी गरेको छ । सम्मेलनले पहिलो बुँदाका रूपमा पत्रकारहरूको उपस्थिति हुने राज्यका हरेक निकायहरूमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता हुनुपर्ने माग अघि सारेको छ । अचानोको पीर खुकुरीले जान्दैन भनेजस्तो महिला पत्रकारहरूका पीर पुरुषलाई थाहा हुँदैन । महिलाको समस्या समाधानका लागि महिलालाई नै नीति निर्माण तहमा पुराउनुपर्छ भन्ने उद्देश्यका साथ ३३ प्रतिशत उपस्थितिको माग गरिएको हो ।

महिलाको क्षमता र दक्षता बृद्धिका लागि आधारभूत र विषयगत तालिमको माग सम्मेलनले गरेको छ । महिलालाई अवसर नदिई उनीहरूको क्षमतामा प्रश्न उठाउने गरिएको छ । कतिपय महिलाहरूको क्षमता बढाउनुपर्ने अवस्था रहेको हुनसक्ने भएपनि कतिपय क्षमतावान महिलालाई पनि अवसरबाट वञ्चित गराउनकै लागि उनीहरूको क्षमतामाथि प्रश्न उठाउने चलन रहेको छ । यस्तो प्रवृत्तिको अन्त्य गर्न तथा महिला पत्रकारहरूको क्षमता बृद्धि गराउने उद्देश्यले यो माग अघि सारिएको छ ।

महिला पत्रकारहरूको शारीरिक सुरक्षा तथा पेशागत सुरक्षा अर्को महत्वपूर्ण सवाल हो । सुरक्षाकै कारण महिलाहरू पत्रकारिता पेशामा प्रवेश गर्न नरूचाउने तथा पेशामै रहिरहन नसक्ने बाध्यतालाई अन्त्य गर्नका लागि भौतिक तथा पेशागत सुरक्षाको विषय उठाइएको हो । पेशामा टिकिरहने वातावरण बनाउनका लागि श्रम ऐनले गरेको व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुका साथै संघ र प्रदेश तहमा महिलामैत्री कानुन बनाउन जोड दिइएको हो ।

सम्मेलनले नेपाल पत्रकार महासंघमा अध्यक्ष र महासचिवमध्ये एकजना महिला हुनुपर्ने तथा महिला उपाध्यक्षको व्यवस्था गरिनुपर्ने माग अघि सारेको छ । त्यसैगरी महासंघको केन्द्रीय समितिमा ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चित गर्नुपर्ने विषयलाई सम्मेलनले उठाएको छ । हालको विधानले केन्द्रमा महिला सचिव १ र ३ जना महिला सदस्य हुनुपर्ने व्यवस्था गरेको छ भने समावेशी उपाध्यक्षको व्यवस्था गरेको छ । प्रदेशमा महिला उपाध्यक्ष र ३ जना महिला सदस्य अनिवार्य र सचिव पद समावेशी हुने व्यवस्था गरेको छ । केन्द्रमा उपाध्यक्ष पद समावेशी भएकाले महिलाका लागि मात्रै सुनिश्चित नहुने हुँदा सम्मेलनले महिला उपाध्यक्षकै व्यवस्था गर्नुपर्ने विषयलाई जोड दिएको हो ।

पटिहानी सम्मेलनले पत्रकार महासंघको नेतृत्वमा तयार भएको सञ्चार प्रतिष्ठानहरूलाई लैंगिकमैत्री बनाउने सम्बन्धी निर्देशिका अनिवार्य कार्यान्वयनमा जोड दिएको छ । त्यसैगरी सञ्चारगृहहरूले आन्तरिक लैंगिक नीति बनाई लागू गर्नुपर्ने, नीतिगत एवम् नेतृत्व तह र सम्पादकीय डेस्कमा महिला सहभागितालाई सुनिश्चित गर्नुपर्ने कुरालाई पनि सम्मेलनले जोड दिएको छ । महिलाकै नेतृत्वमा सञ्चालन भइरहेका

सञ्चारगृहहरूलाई दिगोरूपमा सञ्चालन गर्नका लागि राज्यले विज्ञापन लगायतका विषयमा सहयोग गर्नुपर्ने, महिला सञ्चारकर्मी कार्यरत रहेको सञ्चारगृहहरूमा शिशु स्याहार केन्द्रको व्यवस्था गर्नुपर्ने, सुत्केरी बिदालाई पाँच महिना पुर्‍याई प्रभावकारीरूपमा कार्यान्वयन गर्नुपर्ने लगायतका विषयलाई सम्मेलनले विशेष प्राथमिकताका साथ उठाएको छ । कतिपय निजी सञ्चारगृहहरूमा सुत्केरी बिदा बसेका महिलाहरूको जागिर नै नरहेको उदाहरणलाई समेत मध्यनजर गर्दै सम्मेलनले सुत्केरी बिदा बस्न पाउनुलाई अधिकारका रूपमा स्थापित गर्न खोजेको छ । महिला पत्रकारहरू केही लामो बिदामा बसेका बेला उनीहरूको पदोन्नतिमै अवरोध आउने समस्या सम्बोधनका लागि पनि सम्मेलनले विशेष जोड दिएको छ ।

नेपालको जनसांख्यिक बनोटमा पुरूषभन्दा महिलाको हिस्सा धेरै छ । पछिल्लो जनगणनाअनुसार करिब ५१ प्रतिशत जनसंख्या महिलाले ओगटेका छन् । आधा आकाशभन्दा धेरै हिस्सा ढाकेका महिलाहरूको विकासबिना समाज विकासको आशा गर्नु कोरा कल्पना मात्रै हुन जान्छ । समग्र महिला वर्गकै उत्थान एवम् विकासका लागि समाजमा महिला पत्रकारहरूको उपस्थिति र भूमिका प्रभावकारी हुन जरूरी छ । सञ्चार क्षेत्रमा महिलाको सशक्त भूमिका बृद्धि गर्न संख्यात्मक र गुणात्मक उपस्थिति बढाउन अपरिहार्य छ । पटिहानी सम्मेलनले माग गरेबमोजिम महिला पत्रकारहरूका अवसर बृद्धि गर्ने, भौतिक र पेशागत सुरक्षाको प्रत्याभूति दिने, सञ्चारगृहहरूमा लैंगिकमैत्री वातावरण बनाई महिलालाई निर्धक्कसँग काम गर्ने अवसर सिर्जना गर्ने, सम्पादकीय डेस्कमा सम्मानजनक अवसर प्रदान गर्ने, महिला पत्रकारहरूको क्षमता बृद्धि तथा उचित र न्यायपूर्ण जिम्मेवारी प्रदान गर्ने जस्ता विषयहरू महिला पत्रकारका हकहितका मात्रै विषय होइनन् । महिला पत्रकारहरूको क्षमता बृद्धिको विषय समग्र महिलाको विकास र अन्ततोगत्वा समाजकै विकासको महत्वपूर्ण पक्ष भएकाले सम्मेलनले उठाएका मागहरूलाई सम्बोधन गर्नु राज्यको दायित्व हो ।

सम्मेलनका माग सम्बोधन गर्न महिला पत्रकार हरूको मातृ संगठन नेपाल पत्रकार महासंघले पनि आफ्नो ठाउँबाट नीतिगत सहयोगका साथै दवावमूलक कार्यक्रम गर्न जरूरी छ । यसका साथै नीतिगत निर्णय गर्ने तहमा पुगेका महिलाहरूले समग्र महिला पत्रकारहरूका मुद्दालाई सम्बोधन गर्न अग्रसरता लिनु आवश्यक छ । महिला पत्रकारहरूले पनि परिस्थिति अनुसारका चुनौतीहरूको सामना गर्नबाट पछि हट्नु हुँदैन । आफ्ना घरायसी वा अन्य कामहरूको बहानामा थोरै मात्रै समय पत्रकारिता पेशालाई छुट्टयाउने गर्नाले महिलाहरूका क्षमता बृद्धि र जिम्मेवारीका अवसर हरूलाई न्यूनीकरण गरिरहेको हुनसक्छ । तसर्थ महिला पत्रकारहरू स्वयम्ले पनि पेशामा अब्बल रहन चुनौतीबाट भाग्ने नभई सदैव चुनौतीको सामना गर्न रमाउने बानी बसाल्न आवश्यक छ ।

*(विन्दु नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय उपाध्यक्ष हुनुहुन्छ)*

गतिविधि

# मधेशी पत्रकारसँग छलफल कार्यक्रम सम्पन्न



काठमाडौं । नेपाल पत्रकार महासंघ, मधेश समितिको आयोजनामा मधेशी पत्रकारसँग छलफल कार्यक्रम सम्पन्न भएको छ । समितिले काठमाडौंमा रहेका मधेशी पत्रकारसँगको छलफलमा पत्रकारिता क्षेत्रसँग सम्बन्धित विभिन्न विषयमा छलफल गर्नुका साथै सहभागीहरूको सुझाव संकलन गरेको छ । कार्यक्रममा महासंघका पदाधिकारी, केन्द्रीय सदस्य तथा विभिन्न सञ्चार माध्यममा क्रियाशील पत्रकारहरूको उपस्थिति रहेको थियो ।

# अन्योलमुक्त हुन सकेन आजको पत्रकारिता



प्रभुनारायण बस्नेत

आफ्नो धारणा राखेर समाचार दिने प्रचलन नेपाली पत्रकारितामा लामो समय चल्यो । आज जस्तो इमेल, इन्टरनेटको त के कुरा टोलमा एउटा ल्याण्डलाइन टेलिफोन समेत हुँदैनथ्यो । फ्याक्स हुने पसल दिनभरि हिँडेर पनि भेट्टाइँदैनथ्यो । मोबाइल फोनको जमाना थिएन त्यो । त्यसैले महत्वपूर्ण समाचार लेखेर हुलाकबाट पठाउनु एक मात्र विकल्प हुन्थ्यो ।

नेपाली पत्रकारिता यतिबेला नाजुक मोडमा खडा छ । आजसम्म हाम्रो समाजले जेलाई पत्रकारिता भनेर बुझेको थियो, त्यसको अर्थात छापामाध्यमको पत्रकारिता ठूलो संकटमा परेको छ । पत्रपत्रिकालाई एकमात्र सूचना सम्प्रेषणको साधन ठान्ने हामी अहिले त्यसको भविष्य देखेर रणभुल्लमा परेका छौं । पत्रपत्रिकाको भविष्यलाई लिएर अहिले नेपाली समाजमा गम्भीर चिन्ता उत्पन्न भएको छ । पत्रपत्रिकाको मात्र के कुरा रेडियो टिभीकै भविष्य पनि अन्यौलमा परेको छ । 'न्यू मिडिया' नाम दिइएको अनलाइन सञ्चारमाध्यमले अहिले पत्रकारिताका अन्य माध्यमलाई बिस्तारै विस्थापित गर्दै लाँदैछ तर यसको भविष्य पनि सुनिश्चित भइसकेको छैन । यसर्थ, अहिले सिङ्गो पत्रकारिता जगत संकटको भुमरीमा फसेको देखिन्छ ।

राणाशासन अन्त्यसँगै शुरू भएको नेपालको स्वतन्त्र पत्रकारिताले पञ्चायतकालमा अनेक दुःख, कष्ट, समस्या भोल्यो । पञ्चायतको अन्त्यपछि तुलनात्मक रूपमा केही खुकुलो वातावरण बने पनि व्यक्तिकै लगानीमा चलेका, लगानीकर्ता नै सम्पादक रहेका साप्ताहिक पत्रिकाको स्थिति २०४६ सालपछि निकै कमजोर बन्न पुग्यो । प्रजातन्त्रले ग्यारेण्टी गरेको अभिव्यक्ति स्वतन्त्रताको लाभ उठाउँदै ठूला आकारका र ठूलो लगानीका दैनिक पत्रिकाले बजार पिटे । तिनको प्रभावकारिता यति डरलाग्दो देखियो कि साप्ताहिक पत्रिकालाई पत्रिका नै नठान्ने र साप्ताहिकमा काम गर्ने सञ्चारकर्मीलाई पत्रकार नै नमान्ने स्थिति बन्न पुग्यो । ठूला आकारका दैनिक पत्रिकाले आफूलाई मूलप्रवाहको दावी गरे । र तिनले साना आकारका, कम लगानीका पत्रपत्रिकाको अस्तित्व स्वीकार गर्न समेत अप्ठेरो मान्न थाले । त्यही स्थिति सर्वसाधारण, राजनीतिक क्षेत्र, व्यापार व्यवसायसँग सम्बन्धितहरूको सम्बन्धमा पनि देखियो ।

पत्रकारिताको मूल्यमान्यता, मर्म र भावना नबुझेको जमात एकाएक यो क्षेत्रमा प्रवेश गर्‍यो । व्यवसायी र अदृश्य पैसा लगानी गरेर नाम, दाम दुबै सँगै कमाउने र अन्य गैरकानूनी धन्दालाई सुरक्षित गराउने एउटा जमात पत्रकारिता क्षेत्रमा पस्यो र त्यसले यो क्षेत्रमा जबरजस्त कब्जा जमायो । यसले पत्रकारितामा विकृति विसंगतिलाई ह्वात्तै बढाइदियो । हुन त पत्रकारिता क्षेत्र हिजो पनि विकृतिमुक्त थिएन, आज पनि छैन र भोलि पनि हुने छैन । यस क्षेत्रमा क्रियाशीलहरूले नै विकृति हटाएर अघि बढ्ने आँट देखाउन जरूरी छ । विकृति बढ्यो भनेर पुर्पुरोमा हात लगाएर समाधान भेट्टाउन सकिँदैन । पत्रकारिताको वर्तमान अवस्थाको सही मूल्यांकन गर्न यसको विगत बुझ्नु जरूरी छ । जंगबहादुरले भित्राएको गिद्धे प्रेसबाट नेपालको मुद्रण परम्परा शुरूवात भएको हो । पछिसम्म बनारस, कलकत्ता गएर आफ्ना केही सामग्री छपाएर वितरण गर्ने चलन निकैपछिसम्म थियो । २००७ सालको परिवर्तनपछि नेपालमै मुद्रण व्यवसाय फष्टाउन थाल्यो । केही पढेलेखेकाहरू पत्रकारिता क्षेत्रमा प्रवेश गरे । नेपालीद्वारा नेपालमै पत्रकारिता अघि बढ्ने अवस्था आयो । त्यसअघि नेपालको राजनीति र पत्रकारिता भारतमा बसेर मात्र गर्न सम्भव थियो ।

हिजो प्रविधिको समुचित विकास नभइसकेको अवस्थामा पत्रकारिता अत्यन्त कठिन काम थियो । हप्ताभरि शिशाको अक्षर टिपेर कम्पोज गर्ने, त्यसलाई मेसिनमा छाप्ने र फेरि अक्षरका लागि त्यही सामग्री डिस्पोज गर्ने र नयाँ सामग्री कम्पोज गर्नुपर्ने बाध्यता आउँथ्यो । कतिपय अक्षर पुराना भएर प्रष्ट नबुझिने, छपाईका क्रममा कतिपय अक्षर खस्ने समस्या समेत उत्पन्न हुन्थ्यो । एउटा फोटो छाप्नु पर्‍यो भने 'उड ब्लक', 'जिंक ब्लक' बनाएर पहिले नै तयार पार्नु पर्थ्यो । सञ्चार र यातायातको सुविधा नहुँदा समाचार संकलन र प्रकाशन गर्न अत्यन्त कठिन थियो ।

धेरै पत्रपत्रिकाका आफ्ना छापाखाना थिएनन् ।अर्काको छापाखानामा पैसा तिरेर छाप्न समयतालिका मिलाउन कठिन पर्थ्यो । जोसुकैले पत्रिका छाप्न मान्दैनथे । प्रशासनको आँखी भइन्छ भन्ने त्रास हुन्थ्यो । राजा, राजतन्त्रको त के मन्त्री, पञ्च नेता, अञ्चलाधीश, सिडियोको समेत आलोचना गरेर पत्रिकामा समाचार छाप्ने आँट कमैले गर्थे । त्यस्तो भयो भने पत्रकारलाई थुन्ने र पत्रिकाको दर्ता खारेज गरिदिने स्थिति आउँथ्यो ।

नेपालको दुर्गम क्षेत्र मानिएका कर्णाली, मनाङ, मुस्ताङ, सोलुखुम्बु, ताप्लेजुङ आदि जिल्लामा कुनै पत्रिकाका प्रतिनिधि हुँदैनथे । त्यहाँका समाचार जति नै सनसनीपूर्ण भए पनि प्रकाशनमा आउँदैनथ्यो । राससका प्रतिनिधि हुने हुँदा ठूला खालका एकाध घटना रेडियो, गोरखापत्रमा आउँथे । यातायातको सुविधा नभएका जिल्लामा पत्रपत्रिका समेत पुग्दैनथे । झापा, विराटनगर, राजविराज, जनकपुर, वीरगञ्ज, हेटौंडा, चितवन, पोखरा, बुटवल, नेपालगञ्जजस्ता यातायातको सुविधा भएका स्थानमा पत्रिका पुग्न दुई दिन लाग्थ्यो । त्यहाँको समाचार हुलाकमार्फत आउनुपर्ने हुँदा राजधानीसम्म आइपुग्न हप्तादिनसम्म लाग्ने गर्थ्यो । तात्तातो समाचार छाप्ने, ब्रेकिङ न्यूज दिएर तत्काल सूचना सम्प्रेषण गर्ने स्थिति नै थिएन । त्यसैले त्यसबेलाको पत्रकारिता, सूचनामूलक होइन विश्लेषणात्मक खालको हुन्थ्यो । आफ्नो धारणा राखेर समाचार दिने प्रचलन नेपाली पत्रकारितामा लामो समय चल्यो । आज जस्तो इमेल, इन्टरनेटको त के कुरा टोलमा एउटा ल्याण्डलाइन टेलिफोन समेत हुँदैनथ्यो । फ्याक्स हुने पसल दिनभरि हिँडेर पनि भेट्टाइँदैनथ्यो । मोबाइल फोनको जमाना थिएन त्यो । त्यसैले महत्वपूर्ण समाचार लेखेर हुलाकबाट पठाउनु एक मात्र विकल्प हुन्थ्यो ।

पत्रकारिताको यो ढुङ्गेयुगको अन्त्य पञ्चायतको अन्तिम समयतिर नै भयो । कम्प्युटर टाइप गरेर अफसेट मेसिनमा छाप्ने प्रविधि २०४४ कै हाराहारीमा सुरू भयो । केही पत्रिकाले २०४६ साल अघि नै यो प्रविधि प्रयोग गरे । तर, त्यसबेला पेजमेकर थिएन । वर्डमा प्रिन्ट गरेर त्यसलाई कटिङ गर्दै पेष्टिङ गर्दैगर्दा अनेक समस्या आउँथे । एउटा समाचार अर्कोमा जोडिने अवस्था पनि आउँथ्यो । विस्तारै फोटो ब्लक बनाउने, शिशाको अक्षर टिपेर पेज तयार गर्ने समस्याबाट नेपाली पत्रकारिता क्षेत्र मुक्त हुँदैगयो ।

आज छपाईमा विकास भएको प्रविधिले छापामाध्यम पत्रकारितालाई सहज बनाएको छ । रेडियो, टिभीमा डिजिटल प्रविधि भित्रियो । रेडियो र टिभी पत्रकारिताप्रति मान्छेको अपूर्व आकर्षण देखा पर्‍यो तर यो पनि धेरै समय टिकेन । अहिले पत्रिपत्रिका, टिभी, रेडियो, जुनसुकै माध्यम र संस्थाले पनि अनलाइन संस्करण

राख्नु अनिवार्य भएको छ । अब संसारकै पत्रकारिताको मूलप्रवाह अनलाइन हुने स्थिति देखिँदैछ । तत्कालै अपडेट गरिहाल्ने र अपडेट गर्नासाथ संसारभरि पुगिहाल्ने भएकाले यसको प्रभावकारिताको अरू विकल्प नै छैन ।

यो त भयो पत्रकारिताको प्राविधिक पक्ष । कुनै पनि कुराको निर्णायक पक्ष प्रविधि हुँदैन । पत्रकारिता मात्र त्यसको अपवाद बन्न सक्दैन । निर्णायक कुरा सिद्धान्त, विधि, प्रक्रिया र प्रवृत्ति हो । नेपाली पत्रकारिताको शुरूवात सिद्धान्त पढ्ने पण्डितबाट भएको होइन । २०४६ सालको आन्दोलनअघि रत्नराज्य क्याम्पसमा मात्र पत्रकारिता पढाई हुन्थ्यो । शुरूमा स्नातकबाट मात्र शुरू भएको पत्रकारिताको पठनपाठन प्रमाणपत्र तहमा पनि ओर्लियो । र बिस्तारै स्नातकोत्तरमा पनि यो विषय पढाई हुन थाल्यो । त्यसपछि पत्रकारिता पढेका विद्यार्थीहरूको यो क्षेत्रमा प्रवेश भयो । अहिले पत्रकारिताप्रतिको आकर्षण बढ्दो देखिन्छ । प्लस टुमा मास कम्युनिकेशन पढ्ने, स्नातक, स्नातकोत्तरमा पत्रकारिता पढ्नेको जमात निकै ठूलो छ । देशभित्रै चलेका बिगहाउस, विदेशी सञ्चारमाध्यममा पाउने रोजगारी आदिले त्यो जनशक्ति खपत पनि भइरहेको छ ।

अहिले बिटवाइज जनशक्ति खपत भइरहेको छ । महिला, बालबालिका बिट हेर्नेले अर्थबिट बुझ्दैन । अर्थबिट हेर्नेले क्राइम बिट थाहा पाउँदैन । आफ्नो बिट र आफ्नो काम बाहेक कुनै मतलव नहुने पत्रकारको जमात अहिले निकै ठूलो देखिएको छ । तर हाम्रो  विगत त्यस्तो छैन ।  पत्रकार भनेपछि सारा कुरा थाहा पाउनुपर्छ भन्ने हुन्थ्यो । पत्रकारले कुनै विषयमा समाचार लेख्न सकेन भने ऊ यो पेशाको काविल होइन भन्ने हुन्थ्यो ।

पत्रकारिता पढेको र अन्य क्षेत्रबाट आएका बीच अहिले नजानिदो दुरी छ । तर विगतमा पत्रकारिताको अध्ययन, तालिम, प्रशिक्षण लिनुलाई मूर्खता ठानिन्थ्यो । पञ्चायतको अन्त्यतिर खुलेको प्रेस इन्स्टिच्यूटमा तालिम लिएको पुस्ता अहिले वरिष्ठमा गनिन थालेको छ । तर त्यो पुस्ताले अंगिकार गरेको प्रवृत्तिले हाम्रो पत्रकारितालाई सही बाटोमा हिडाउनेमा ढुक्क हुन भने सकिदैन ।

पत्रकारिताको विकासका लागि आज सरकारलाई घच्घच्याउने संघसंस्थाहरू प्रशस्त छन् । पत्रकार महासंघ, आर्थिक पत्रकार समूह, अनलाइन पत्रकार संघ, फोटो, चलचित्र, वातावरण, पर्यटन जस्ता क्षेत्रसँग सम्बन्धित पत्रकारका संगठनहरू क्रियाशील छन् । त्यसबाहेक पार्टीका भातृ संगठनका रूपमा पत्रकार संगठनहरू पनि छन् । सबै पार्टीले कुनै न कुनै रूपमा आफ्नो मातहतमा काम गर्ने गरी 'प्रेसवीङ' गठन गरेका छन् । तर तिनको काम भने पत्रकारिताको स्वच्छता र निष्पक्षता प्रवर्द्धन गर्नु, पत्रकारितालाई आफ्नो धर्ममा चल्न मद्दत गर्नु होइन । त्यस्ता संगठन पार्टीका प्रचार संयन्त्र मात्र भएका छन् । राजनीतिक दलका गलत, असंगत र खराव कुरा ढाकछोप गर्नु, नेताका भ्रष्ट चरित्रको बचाउ गर्नु, पार्टी सम्बद्ध पत्रकार संगठनको काम भएको छ । अहिले पत्रकारितामा यही नै सबभन्दा ठूलो समस्याको रूपमा देखा परेको छ ।

पत्रकारमहासंघ, प्रेस काउन्सिल आदि पत्रकारको हितको पक्षमा खडा हुनुपर्ने संस्थामा पनि चर्को राजनीतिकरण छ । कांग्रेस समर्थकले हत्याएको संस्थाले आफ्नै पार्टीको हित मात्र हेर्ने, कदाचित उसले निष्पक्ष भएर काम गऱ्यो भने पनि अर्को पक्षले त्यसलाई स्वीकार नगर्ने र कम्युनिष्ट पक्षले हत्याएका संस्थाले उचित निर्णय गरे पनि कांग्रेस पक्षलाई त्यो सहज नहुने अवस्था आज छ । यस्तो स्थितिमा समग्र पत्रकारिता क्षेत्रका चुनौतीको सामना गर्न, विद्यमान समस्या र विकृति हटाउनु सहज कार्य होइन ।

यस क्षेत्रको मूल समस्या हिजो जुन थियो, आज पनि त्यही छ । प्रविधिको विकासले काम गर्न सहज भयो । पहुँचको क्षेत्र विकास भयो, सामाजिक सञ्जालले गर्दा कुनै पनि क्षेत्र अब कसैको पहुँच बाहिर रहेन । तर यो समस्याको समाधान होइन । हाम्रो सामाजको 'मोटिभ चेञ्ज' गराउन समाजलाई अग्रगामी दिशा दिनमा पत्रकारिताको योगदान के रहन्छ, त्यो महत्वपूर्ण कुरा हो । हो, एक्सपोजर नपाएकाले एक्सपोजर पाए, तिनको जीवनमा परिवर्तन आयो । शिक्षा, स्वास्थ्य, रोजगारीबाट वञ्चितहरूको पक्षमा पत्रकारिताले कुरो उठाउँदा लाजगाल तिनको सुनुवाई गर्नुपर्ने पनि भयो । तर यति नै पर्याप्त होइन ।

यस क्षेत्रलाई कसरी निष्पक्ष, तटस्थ र सत्यको पक्षमा खडा गर्ने भन्ने सवाल पेचिलो बनेको छ । चाहे पञ्चायतकालमा होस् वा पञ्चायत अन्त्यपछि राजनीतिक दल, नेता, मन्त्री, प्रशासकहरूले पत्रकारितालाई आफ्नो गुणगान गाउने, प्रशंसा गराउने, तिनका अपराध छोप्ने संयन्त्रका रूपमा बुझ्छन् । मन्त्रीले आफ्नो राम्रो सुन्ने चाहना कतिसम्म राख्छ भन्ने कुरा सञ्चारमन्त्री हुँदा गोरखापत्रमा आफ्नो पक्षमा छापिएको कुरालाई लिएर प्रदीप नेपालले एउटा टिप्पणी गरेका थिए । उनले भनेका थिए, गोरखापत्रले आफ्नो बारेमा (मन्त्रीको बारेमा) जुन कुरा लेख्छ, त्यो देखेर  साह्रै आनन्द लाग्दो रहेछ । अहिले मात्र होइन धेरै पहिलेदेखि आफूले खर्च गरेर केही पत्रकार पाल्ने, आफ्नो मात्र गुणगान गाउने गरी पत्रिका, अनलाइन, रेडियो, टीभी, चलाउने प्रवृत्ति हावी छ । पत्रकार पनि आफ्नो विवेक प्रयोग गरेर सत्य असत्य छुट्याएर काम गर्नभन्दा जसले आफूलाई लगानी गरिदिएको छ, त्यसैको मात्र प्रशंसामा लागिरहन्छन् । विषयगत ज्ञान भएका नभएमा हुकुमी शासनमा, लोकतन्त्रमा, कम्युनिष्ट प्रजातन्त्रवादी सबैको सन्दर्भमा यो कुरा सत्य सावित भएको छ । पत्रकारिता विशुद्ध रोजगारीको पेशा होइन । अहिले यसको सामाजिक उत्तरदायित्वको पक्षलाई पूर्णतः

बेवास्ता गरेर जागिर वा रोजगारीको पक्षलाई मात्र उठाउने गरिएको छ । त्यो नै समस्याको मूल जरो हो । कतै काम नपाए पत्रिका वा पत्रकारितामा हात हाल्ने प्रवृत्ति छ । यसले यो क्षेत्रलाई बदनाम गरिएको छ ।

अहिलेको पत्रकारिताको गुणस्तर खस्केको छ । भाषाको ज्ञान नै नभएकाहरू, अनेक स्वार्थ राख्नेहरू यस क्षेत्रमा प्रवेश गरेका छन् । हिजो आफूले लेखेको कुराको उत्तरदायित्व आफूमै हुन्छ भन्ने धारणा पत्रकार, टिप्पणीकार, लेखकहरूमा हुन्थ्यो तर आज त्यसलाई विलकुल महत्व दिन छाडिएको छ । भाषालाई बिगार्ने, विकृत गराउनेहरू र पत्रकारिता विशुद्ध जागिर वा आयआर्जनको माध्यम हो भन्ने ठान्नेहरूबाट यो क्षेत्रलाई मुक्त गराउन सकिएन भने संकटको बेला यसले डरलाग्दो समस्या निम्त्याउन सक्छ । हिजो दुःख गरेर राष्ट्र, जनता र आदर्शको लागि कलम चलाउने वा पत्रिका चलाउनेहरूको कदर पनि थियो । तर आज पत्रकारिताको आवरणमा अरू नै गलत धन्दा गरेर कुस्त कमाउनेको मात्र कदर हुने स्थिति बन्दैछ । नयाँ पुस्ता र पत्रकारितासँग सरोकार राख्ने निकायले यसलाई समय छँदै विचार पुऱ्याउनुपर्छ ।

*(बस्नेत नेपाल पत्रकार महासंघ ललितपुरको पूर्वअध्यक्ष हुनुहुन्छ)*

**गतिविधि**

# श्रमजीवी पत्रकारको पक्षमा महासंघ आन्दोलित



काठमाडौं । नेपाल पत्रकार महासंघले कार्तिक १ गतेदेखि लागु भएको नयाँ न्यूनतम पारिश्रमिक र श्रमजीवी पत्रकार ऐन तथा नियमावलीमा उल्लिखित सेवासुविधा उपलब्ध गराउन माग गर्दै देशभरका सञ्चारगृहहरूलाई ध्यानाकर्षण गराउने अभियानको थालनी गरेको छ ।

त्यसक्रममा नेपाल टेलिभिजनका अध्यक्ष महेन्द्र विष्टलाई भेटी ध्यानाकर्षणपत्र बुझाइयो । महासंघका अध्यक्ष गोविन्द आचार्य, महासचिव रमेश विष्ट समेतको उपस्थितिमा महासंघको श्रमजीवी हित प्रवर्द्धन समितिका संयोजक तथा महासंघका सचिव रामप्रसाद दाहालले विष्टलाई ध्यानाकर्षणपत्र बुझाए । त्यस अवसरमा महासंघका अध्यक्ष आचार्यले देशको सबैभन्दा ठूलो प्रसारण संस्था र सरकारी सञ्चारगृह हुनुको नाताले नेपाल टेलिभिजनले उदाहरणका रूपमा ऐन तथा नियमावली कार्यान्वयन गरेर देखाउनु पर्ने बताए । केही दिनमा हुने अनुगमनबाट सन्तुष्ट हुन नसकिए त्यस्ता मिडियामा महासंघ केन्द्रित हुने उनले बताए ।

महासचिव विष्टले सरकारी सञ्चारमाध्यमले ऐन तथा नियमावलीले तोकेका सेवा सुविधा उपलब्ध गराएमा निजी सञ्चारगृहलाई पनि दबाब पर्ने बताए ।

सचिव दाहालले न्यूनतम पारिश्रमिकलगायत ऐन तथा नियममा उल्लिखित सेवा सुविधा नदिने सञ्चारगृहमा कठोर ढंगले प्रस्तुत हुने बताए । दाहालका अनुसार, एक हप्तासम्म देशभरका सबै सञ्चार प्रतिष्ठानलाई एकै व्यहोराको ज्ञापनपत्र बुझाइनेछ, यो श्रमजीवी पत्रकारको पक्षमा आन्दोलनको आरम्भ हो ।

ज्ञापनपत्र बुझ्दै नेपाल टेलिभिजन कार्यकारी अध्यक्ष महेन्द्र विष्टले सरकारले तोकेको न्यूनतम पारिश्रमिकलगायतका सेवासुविधा उपलब्ध गराइसकेको जानकारी गराएका थिए ।

ध्यानाकर्षण पत्र बुझाउन महासंघ केन्द्रका तर्फबाट जन्मदेव जैसी, यम विरही, टेकराज थामी, लेखनाथ न्यौपाने, लेखा समिति सदस्य भूपेन्द्रं आचार्यको समेत उपस्थिति रहेको थियो ।

# व्यवसायिक पत्रकारिता र आचारसंहिता



**पोषण केसी**
poshankcnpj@gmail.com

**व्यवसायिक पत्रकारिताको विकासका लागि आचारसंहिताको पूर्ण पालना पहिलो शर्त हो । त्यसकारण अहिले पत्रकारिता क्षेत्रमा प्रवेश गर्दै गरेका नयाँ पुस्तालाई पनि व्यवसायिक पत्रकारिताको अभ्याससँगै आचारसंहिताका बारेमा व्यवहारिक ज्ञान दिलाउन जरूरी छ ।**

लामो समयसम्म विभिन्न पत्रकारिताका माध्यमबाट मुलुकमा लोकतान्त्रिक व्यवस्था बहालीका लागि क्रियाशील रहेको नेपाली प्रेसजगत अब क्रमिकरूपमा व्यवसायिक पत्रकारितातर्फ अग्रसर बन्दै गएको छ ।

२०४६ सालको बहुदलीय प्रजातान्त्रिक व्यवस्था पुनर्वहाली भन्दा पहिले साप्ताहिक पत्रपत्रिकाका माध्यमबाट नेपालमा प्रजातान्त्रिक व्यवस्था बहालीका लागि क्रियाशील रहेको नेपाली पत्रकारिता जगत बहुदलीय प्रजातान्त्रिक व्यवस्था बहालीसँगै व्यवसायिक पत्रकारिताको अभ्यासमा अगाडि बढ्ने अपेक्षा गरिएको थियो तर दुर्भाग्य, विभिन्न कालखण्डमा भएका राजनैतिक घटनाक्रमका उतार चढावले नेपाली प्रेस व्यवसायिक पत्रकारिताको अभ्यासको साटो सदैव मिसन पत्रकारिताका माध्यमबाट मुलुकका विभिन्न प्रतिकूल परिस्थितिमा मुलुकमा प्रजातान्त्रिक व्यवस्थाका साथै नागरिक हक र अधिकारका लागि लडिरहनु पर्‍यो ।

चाहे त्यो २०५२ सालदेखि माओवादी जनयुद्धका नाममा शुरू भएको आन्दोलन होस् या तत्कालीन राजा ज्ञानेन्द्रले शासनसत्ता आफ्नो हातमा लिई नागरिक स्वतन्त्रतासँगै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गरेको अवस्था किन नहोस् । प्रत्येक प्रतिकूल समयमा नेपाली प्रेसले पत्रकारिताका माध्यमबाट मात्र नभई कतिपय समयमा सडकमा गएर सडक आन्दोलनको समेत अगुवाई गर्नुपर्ने परिस्थितिहरू सिर्जना भएको सबैमा जगजाहेर नै छ ।

नेपाली प्रेसले मुलुकका प्रतिकूल परस्थितिमा कहिले पनि आफ्ना पेशागत हक अधिकारका आवाज उठाएन । मुलुकमा प्रजातान्त्रिक व्यवस्था वहाली भएमात्र आफ्ना हकअधिकारहरू स्थापित हुने अपेक्षासहित जहिले पनि मुलुकमा लोकतान्त्रिक/गणतान्त्रिक व्यवस्था बहाली गराई नागरिक स्वतन्त्रताका पक्षमा आवाज उठाउँदै आयो तर जबजब मुलुकमा प्रतिकूल परिस्थितिपश्चात अनुकूल अवस्था आयो, दुर्भाग्य ! नेपाली प्रेसका पेशागत

विकासका लागि आचारसंहिताभित्र रहेर मर्यादित पत्रकारिता गर्न सक्यौं भने मात्र नेपाली समाजले अपेक्षा गरेको व्यवसायिक पत्रकारिता सम्भव हुनसक्छ र व्यवसायिक पत्रकारिताको विकास पनि हुन सक्छ ।

प्रेस काउन्सिलले जारी गरेको पत्रकार आचारसंहिताको पूर्ण पालना गर्न सक्यौं भने प्रेस स्वतन्त्रता हननका घटनाहरू पनि ९० प्रतिशत न्यूनीकरण हुने छन् । तसर्थ व्यवसायिक पत्रकारिताको विकासका लागि आचारसंहिताको पूर्ण पालना पहिलो शर्त हो । त्यसकारण अहिले पत्रकारिता क्षेत्रमा प्रवेश गर्दै गरेका नयाँ पुस्तालाई पनि व्यवसायिक पत्रकारिताको अभ्याससँगै आचारसंहिताका बारेमा व्यवहारिक ज्ञान दिलाउन जरूरी छ ।

विगतका प्रेस स्वतन्त्रता हननका घटनाहरूलाई फर्केर हेर्ने हो भने अधिकांश घटनाहरूमा आचारसंहिता उल्लङ्घन गरेकै कारणले घटना घटेको पाइन्छ । तसर्थ प्रेस स्वतन्त्रता हननका घटनाहरूको न्यूनीकरणका




मुद्दाहरू पनि सहीढङ्गबाट स्थापित हुन सकेनन् । मुलुकको प्रतिकूल परिस्थितिमा सँगसँगै आन्दोलनमा होमिएका राजनैतिक दलहरूले समेत सत्तामा पुगेपछि प्रेसका मुद्दाहरूलाई गम्भीरतापूर्वक लिने गरिएको पाइएन । त्यसो त पहिलेको तुलनामा नेपाली प्रेसका पेशागत व्यवसायिक धेरै मुद्दाहरू कानूनमा स्थापित भएका छन् । तर पनि ती मुद्दाहरूलाई व्यवहारमा कार्यान्वयन गराउन भने अझै थुप्रै चुनौतीहरू रहेका छन् ।

सञ्चार क्षेत्रमा प्राप्त कानूनी उपलब्धिहरूलाई संस्थागत गर्दै व्यवहारमा कार्यान्वयन गराउन सकियो भने मात्र व्यवसायिक पत्रकारितालाई अगाडि बढाउन सकिन्छ । व्यवसायिक पत्रकारिताको विकासका लागि प्राप्त कानूनी उपलब्धिलाई संस्थागत गर्दै व्यवहारमा कार्यान्वयन गराउन सँगसँगै आचारसंहिताको पनि पूर्ण पालना गर्नुपर्ने देखिन्छ ।

व्यवसायिक पत्रकारिताको अभ्यासमा बामे सर्दै गरेका हामी नेपाली पत्रकारहरूले व्यवसायिक पत्रकारिताको लागि पनि आचारसंहिता पूर्ण पालना गर्नुपर्ने देखिन्छ ।

लामो संघर्षपछि सञ्चार क्षेत्रमा प्राप्त भएका कानूनी उपलब्धिहरूका बारेमा पनि सचेत रहनुपर्ने अवस्था देखिएको छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्नेगरी पछिल्लो समय गत २०७५ भाद्रदेखि लागु भएको फौजदारी अपराध संहिता २०७५, देवानी संहिता २०७५ र अनलाइन पत्रकारितालाई व्यवस्थित गर्ने नाममा पछिल्लो समय ल्याइएको अनलाइन पत्रकारिता निर्देशिका यसका पछिल्ला उदाहरण हुन् । जुन कानूनहरू पूर्णतः प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्नेगरी ल्याइएको छ । त्यसैगरी समय समयमा राज्य तथा सरकारद्वारा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका विरूद्धमा ल्याउनसक्ने कुनै पनि प्रकारका नीतिनियम तथा कानूनका सन्दर्भमा समेत नेपाल पत्रकार महासंघ लगायत सञ्चारसँग सम्बन्धित संघसंस्थाहरू सचेत रहनु पर्ने देखिन्छ ।

*(केसी नेपाल पत्रकार महासंघका पूर्वमहासचिव हुन्)*

# लिङ्गको आधारमा हुने हिंसा र सञ्चारमाध्यमको भूमिका



निर्मला शर्मा
nirmalajee@gmail.com

राज्य संरचनामा ३३ प्रतिशत महिला सहभागिता राजनीतिक आन्दोलन हो, अब यसलाई ५० प्रतिशत पुऱ्याउन कस्सिनुपर्छ । यसरी चुलोचौकोभित्र गुम्सिएका महिलाका सपनालाई विपनामा बदल्नु छ । धर्म-संस्कृतिको आडमा शताब्दीयौंसम्म गरिएको ज्यादति समाप्त पार्नुछ ।

लिङ्गको आधारमा हुने हिंसा भन्नेबित्तिकै हाम्रो सन्दर्भमा महिलामाथि हुने हिंसा भन्ने बुझिन्छ । नेपालमा मात्रै होइन, दक्षिण एसियाली मुलुक भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्काजस्ता देशमा पनि लिङ्गको आधारमा हुने हिंसाका कारण महिलाहरू बढी पीडित हुने गरेका छन् । महिलामाथि हुने हिंसाविरूद्धको अन्तर्राष्ट्रिय दिवस (नोभेम्बर २५ देखि डिसेम्बर १०) मनाउनुले के देखाउँछ भने महिलामाथि विश्वमा नै हिंसा छ । त्यो पनि लिङ्गको आधारमा हुने हिंसा बढी छ । तर, हिंसाका स्वरूप र कारण फरक-फरक हुन सक्छन् । त्यस्तै यसको मात्रा पनि कहीँ धेरै र कहीँ थोरैको कुरा मात्र हो । तर, महिलाले कुनै न कुनै किसिमको हिंसा भोग्नुपरेको छ । त्यसैलाई लिङ्गको आधारमा हुने हिंसा भनिन्छ । लिङ्गको आधारमा हुने हिंसाभन्दा पुरूष पनि हुन सक्छन् तर हामीकहाँ महिलामाथि हुने हिंसा बढी हुनाले लैङ्गिक हिंसा भन्नेबित्तिकै महिलामाथि हुने हिंसा भन्ने बुझिन्छ ।

सन् १९९९ को डिसेम्बर १७ मा संयुक्त राष्ट्रसङ्घको महासभाले नोभेम्बर २५ लाई महिलाविरूद्धको हिंसा दिवस मनाउने प्रस्ताव पारित गरेपछि सदस्य राष्ट्रले यो दिवस मनाउन सुरू गरे । नेपालले सन् १९९७ देखि नै यो दिवस मनाउँदै आएको छ । महिलामाथि हुने गरेको हिंसाविरूद्धको यो दिवसलाई नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म अर्थात् १६ दिनसम्म मनाइन्छ । महिलामाथि हुने विभिन्न किसिमका हिंसालाई रोक्न संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्र जनचेतनाका कार्यक्रम ल्याएर कानुनद्वारा महिला अधिकार सुनिश्चित गर्न बाध्य हुन्छन् ।संयुक्त राष्ट्रसङ्घको भावनाअनुरूप धेरै मुलुकमा यो दिवस विभिन्न कार्यक्रम गरेर मनाइन्छ ।

नेपालको कुरा गर्दा यो दिवस विभिन्न कार्यक्रम गरेर मनाइन्छ । सरकारी, गैरसरकारी सङ्घसंस्थाले महिलाविरूद्धका हिंसासम्बन्धी कानुनको कार्यान्वयनको माग गरेर विभिन्न कार्यक्रमसहित मनाउने गरिएको छ । सञ्चारिका समूहले महिलाविरूद्धको हिंसा रोक्न सञ्चारमाध्यमको अनुगमन र सञ्चार अभियान गर्दै आएको छ ।

**सञ्चारमाध्यममा महिला हिंसाविरूद्धका समाचार**

नेपाली सञ्चारमाध्यममा महिला हिंसाका समाचारलाई छुट्टै विषय बनाएर समाचार रिपोर्टिङ गर्ने प्रचलन एकदमै कम भए पनि महिला हिंसाका विभिन्न स्वरूपका बारेमा भने समाचार आउने गरेका छन् । लिङ्गको आधारमा हुने हिंसामा बढी दुर्गम र गरिब ठाउँका महिला घरेलु हिंसा त्यसमा पनि कुटपिटबाट बढी पीडित छन् । घरमा हुने कुटपिटलाई घरको झगडा बाहिर ल्याउन हुँदैन भन्ने मान्यता पनि छ । सञ्चारमाध्यममा पनि कुटपिट वा अन्य कुनै घरेलु हिंसा भोगेका महिलाले आफ्नो नाम बताउन नचाहेमा उनको नाम पनि दिइँदैन । कारण अझै पनि महिलालाई कानुनले सुरक्षित बनाउन सकेको छैन । पर्याप्त कानुनको अभाव र भएको कानुन कार्यान्वयन नभएका कारण पीडित महिला खुलेर बाहिर आउन सकेका छैनन् । त्यसतर्फ पनि सञ्चारमाध्यमले आवाज उठाउनुपर्छ । त्यसैगरी, किन घरेलु हिंसाबाट महिला नै बढी पीडित छन् अथवा महिला नै किन कुटाइको शिकार बन्छन् भन्ने खालको खोजी रिपोर्टिङ आउँदैनन् । आइहाले पनि एकदमै कम । पत्रकारितालाई राज्यको चौथो अङ्ग भनिन्छ । त्यसैगरी आवाजविहीनहरूको आवाज दिने पनि सञ्चारमाध्यम हुन् । तर, महिला जसको आवाज सञ्चारमाध्यमले प्राथमिकताका साथ दिनुपर्ने हो त्यसरी आउँदैन । आइहाले पनि घटनापरक समाचारको रूपमा बढी आउँछन् । अहिले पनि खोजी रिपोर्टिङको रूपमा यस्ता विषय उठान हुन सकेका छैनन् ।

**सञ्चारमाध्यमले उठाउनुपर्ने विषय**

१. छोरा र छोरी समान होइनन् भन्ने सामाजिक मान्यताका बारेमा
२. छोरा नभएसम्म जति पनि छोरी जन्माइरहने प्रचलनका बारेमा
३. छोरा र छोरीमा शिक्षामा गरिने विभेदका बारेमा
४. छोरीलाई विवाहमा दिने दाइजोका बारेमा
५. छोरी भएकै कारण हुने सामाजिक विभेद
६. छोरी भएकै कारण हुने साँस्कृतिक विभेद
७. बहुविवाहका कारण महिलाले भोग्नुपर्ने विभेद
८. बालविवाह
९. अशिक्षाका कारण भोग्नुपर्ने अन्धविश्वास
१०. बोक्सीको आरोप, विधवा विवाहमा बन्देजजस्ता सामाजिक अन्धविश्वासका बारेमा
११. समान कामका लागि समान ज्याला
१२. संविधानलगायत अन्य कानुनले महिला र पुरुष समान भने तापनि व्यवहारमा नभएको बारेमा
१३. राज्यका हरेक निकायमा महिलाको समान सहभागिता कसरी गर्न सकिन्छ भन्ने विषयमा
१४. सबै क्षेत्रमा महिलाको समान सहभागिता भए–नभएको भन्ने विषयमा
१५. यौन दुर्व्यवहार (कार्यस्थल र अन्य स्थानमा हुने यौन दुर्व्यवहार) का विषयमा

**लिङ्गको आधारमा हुने हिंसाका स्वरूप**

१. शारीरिक र मानसिक हिंसा
२. स्वतन्त्रतामा रोक लगाउने हिंसा
३. पितृसत्तात्मक संरचनाका कारण हुने हिंसा
४. राजनीतिमा लागेका महिलामाथि हुने हिंसा
५. कामकाजी महिलालाई पेसामा हुने भेदभाव
६. सार्वजनिक तथा निजी जीवनमा हुने यौनदुर्व्यवहार

लिङ्गका आधारमा हुने हिंसाका कारण

१. पितृसत्तात्मक सोच
२. सामाजिक र साँस्कृतिक कारण
३. उपयुक्त कानुनको अभाव
४. अशिक्षा
५. गरिबी
६. रूढिवादी सोच
७. चेतनाको अभाव
८. पैतृक सम्पत्तिमा समान अधिकार नहुनु

महिलाविरूद्धको हिंसा विभेदको स्वरूप र मानवअधिकारको उल्लङ्घन हो । यसलाई न्यूनीकरण गर्न वा हुनै नदिन पहिला त सामाजिक सोचमा नै परिवर्तन हुनुपर्छ । हिंसालाई रोक्न कानुन पनि दण्डनीय हुनु जरूरी छ । अर्कातिर धेरै महिला यस्ता हिंसा सहनु उनीहरूको कर्तव्य हो भन्ने सम्झन्छन् । त्यतातिर पनि जनचेतना जगाउनमा सञ्चारमाध्यमको ठूलो भूमिका हुन्छ ।

राजनीतिमा लागेका महिलाले हिंसा भोग्नुपरेका दृष्टान्त हाम्रासामु धेरै छन् । यसमा मानसिक हिंसा बढी देखिन्छ । वर्षौंदेखि राजनीतिमा लागेका महिलाले घर र समाजबाट जुन किसिमका टीकाटिप्पणी भोगेका छन्, त्यसअनुसार पद र प्रतिष्ठा एकदमै कम पाएको देखिन्छ । राजनीति सबै कुराको मूल चुरो भयो । समाज परिवर्तन गर्न कानुन र जनचेतनाको आवश्यकता पर्छ । त्यस ठाउँमा महिलाको भौतिक उपस्थिति एकदमै आवश्यक छ ।

आज संघ,प्रदेश र स्थानीय तहमा  महिलाहरूको यो उपस्थिति एकैचोटि सम्भव भएको होइन । यसमा खास पृष्ठभूमि छ । हिजो धेरै पहल र प्रयत्नहरु भएका थिए । नेकपा माओवादीको दीर्घकालीन जनयुद्ध, जनआन्दोलनमा महिला सहभागिता र त्यसपछि बनेको अन्तरिम संविधानले महिलालाई यो तहमा ल्याउन आधार तयार गरेको हो । त्यसैगरी, प्रजातन्त्र पुनर्स्थापनापछि महिलाविरूद्धका कानुन परिमार्जन गर्न राज्य र निजीस्तरबाट धेरै नै प्रयास भए । त्यस अर्थमा पहिलोपटक नेपाली महिलाले पनि देशको मूल कानुन लेख्ने अवसर पाएका छन् । यस अभियानमा उल्लेख्य सङ्ख्यामा महिलाको सहभागिता हुनुलाई सुखद र स्वागतयोग्य मान्नुपर्छ । यसरी निर्वाचित भएका महिला सांसद र जनप्रतिनिधिहरूले समाजमा व्याप्त विभेद र पक्षपात अनि जस्तोसुकै राजनीतिक पद्धति आए पनि टसमस नगर्ने कुसंस्कार र कुरीतिविरूद्ध विधि निर्माणका लागि लड्नुपर्ने खाँचो पनि सँगै छ ।

राज्यप्रणालीका हरेक निकाय अनि कानुनबमोजिम निर्माण र गठन हुने अन्य सङ्घसंस्थामा अब पनि वर्षौंसम्म महिलाहरु पछि पर्नुपर्ने सामाजिक बाध्यता कसरी अन्त्य गर्न सकिन्छ, त्यसतर्फ पनि पत्रकारहरूको कलम चल्नुपर्छ ।

सबैभन्दा पहिला त महिलाका अधिकार कानुनद्वारा नै स्थापित गराउन अब संविधानले दिएका अधिकार स्थापित गराउन कानुन बन्नु जरूरी छ । सरकारद्वारा गरिने कुनै पनि निर्णयहरु महिलामाथि विभेद हुने खालका नहुन् भनेर खबरदारी गरिनुपर्छ ।

देशका सबै जातजाति, भाषाभाषी, क्षेत्र, वर्ग र लिङ्गका व्यक्तिलाई राज्य संरचनाका सम्पूर्ण क्षेत्रमा प्रतिनिधित्व गराए मात्र नेपाललाई पूर्णरूपले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक भन्न मिल्छ । सदियौंदेखि विद्यमान सामन्तवाद, सबै जातिमा देखिएको पितृसत्तात्मक संरचनाका कारण नेपाल राजनीतिक, आर्थिक तथा सामाजिक रूपले अत्यन्त पछाडि परेको छ । सबै वर्ग, समूह, जाति, भाषाभाषीभित्र पनि विभिन्न प्रकारले महिलालाई पछाडि पारिएको छ । छुवाछूत प्रथाका कारण महिला झन् बढी सीमान्तकृत बनाइएका छन् । महिलाको अधिकार सुनिश्चितताका लागि देशको नीति-निर्माण प्रक्रियामा महिलाको समानुपातिक सहभागितालाई अनिवार्य गरिनुपर्छ । यो यथार्थतालाई आत्मसात् गर्दै राज्यका सबै संयन्त्रको निर्णायक तहमा महिलाको समानुपातिक सहभागिताका साथै विविधतासहितको समावेशीकरण अनिवार्य छ ।

**राजनीति र अर्थतन्त्र**

परम्परागत रूपमै महिलालाई राजनीतिक, नागरिक तथा सामुदायिकस्तरका निर्णय-प्रक्रियाबाट पाखा पारिएको छ । महिलाको जनसङ्ख्याका आधारमा समानुपातिक समावेशी सहभागिता सुनिश्चित गर्न संवैधानिक व्यवस्था हुनुपर्छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको मूल आधार राजनीतिक दलहरु हुन् । उनीहरु लोकतान्त्रिक, समावेशी तथा पारदर्शी हुन सकेमा मात्र देशमा लोकतन्त्र दिगो हुन्छ । राजनीतिक पार्टीको निर्णायक तहदेखि गाउँ एकाइसम्मका सबै तहमा महिलाको समावेशी, समानुपातिक सहभागिता अनिवार्य गर्नुपर्दछ । महिलाको समानुपातिक समावेशी सहभागिता नभएको पार्टीलाई राष्ट्रिय पार्टीका रूपमा मान्यता नदिने कानुनी व्यवस्था हुनुपर्दछ ।

महिलाले अझै पनि आफ्नो नाममा छोराछोरीलाई नागरिकता दिन पाएका छैनन् । अहिले पनि सरकारीलगायत निजी सङ्घसंस्थामा बाबुको नाम मात्र राख्ने प्रचलन छ । त्यहाँ आमाको नाम अनिवार्य उल्लेख गरिनुपर्दछ ।

समानता महिला र पुरूषको बीचमा मात्र होइन, महिला–महिलाका बीचमा पनि आवश्यक छ । महिलाबीचको विविधतालाई पहिचान गरी जात, धर्म, शारीरिक अपाङ्गता, भौगोलिक क्षेत्र, पेसा, समुदाय, भाषाका कारण पछाडि पारिएका महिलाका लागि विशेष व्यवस्था गर्नुपर्दछ । अहिलेकै अवस्थामा महिला र पुरूषका बीचमा सतही रूपमा समान व्यवहार गरे पनि समानता हुन सक्दैन । त्यसैले केही समयका लागि महिलाका लागि विशेष व्यवस्था आवश्यक छ । विशेष व्यवस्था नहुन्जेलसम्म महिलाले समानताको अनुभूति गर्न सक्दैनन् । त्यसैले हालसम्मको राज्य संरचनाले महिलाको समूहभित्र पनि पछाडि पारिएका महिलाको अधिकार स्थापना गर्न विशेष कानुनी व्यवस्था गर्नुपर्दछ ।

युद्धबाट प्रभावित महिलाका बारेमा सही जानकारी प्राप्त गर्न देशभरमा सही अनुसन्धान जरूरी पर्छ । बेपत्ता पारिएका व्यक्तिको उपयुक्त छानबिन गरी सार्वजनिक गर्नु जरूरी छ । बेपत्ता पारिएका परिवारका लागि उपयुक्त क्षतिपूर्तिको व्यवस्था, आवश्यकताअनुरूपको सहयोग, विस्थापित महिलालाई सम्मानपूर्वक आफ्नो घर जान सक्ने वातावरण सिर्जना गर्नुपर्ने खाँचो छ । विस्थापित भएका बेलामा भएका सबै प्रकारका हिंसाको उचित छानबिन तथा दोषीमाथि कारबाही गर्नुपर्ने आवश्यकता छ । त्यसैगरी द्वन्द्वले विस्थापित बनाएका सम्पूर्ण महिलालाई आत्मसम्मानका साथ बाँच्न सक्ने सीप र क्षमता प्रदान गरी घर फर्काउने वातावरण तयार गर्नुपर्छ ।

द्वन्द्वको समयमा गरिएका अपराधको उचित छानबिन तथा दोषीउपर कारबाही गर्नुपर्ने अवस्था छ । पुनर्स्थापनाका लागि कार्यक्रम निर्माण र संयन्त्र बनाउँदा सबै तहमा महिलाको ५० प्रतिशत सहभागिता सुनिश्चित गर्ने कानुनी प्रावधान हुनु जरूरी छ ।

न्याय क्षेत्रलाई महिलामैत्री बनाइनुपर्छ । बलात्कारविरूद्धको कानुन तुरून्त कार्यान्वयन गर्ने पक्षलाई अधिकारमुखी पक्षबाट क्षमता अभिवृद्धि गरिनुपर्दछ । पीडितमुखी न्याय–प्रणालीको व्यवस्था यथाशीघ्र गर्नुपर्दछ । यसका लागि आवश्यक पर्ने सबै क्षेत्रको क्षमता अभिवृद्धिका लागि कानुनी व्यवस्था गर्नुपर्दछ । मानवअधिकार आयोग, महिला आयोग, दलित आयोगजस्ता उच्चस्तरीय स्वतन्त्र आयोगका सदस्यदेखि कर्मचारीसम्म सबै तहमा महिलाको समान सहभागिता ग्यारेण्टी गर्ने कानुन निर्माण गर्नुपर्छ ।

यसैगरी, निर्वाचन आयोग, अख्तियार दुरूपयोग अनुसन्धान

आयोग, लोकसेवा आयोगजस्ता संवैधानिक आयोगहरूका पदाधिकारीदेखि कर्मचारीसम्म सबै तह र पदमा महिलाको समान सहभागिता सुनिश्चित गर्ने कानुनी व्यवस्था हुनुपर्छ । कुनै पनि प्रयोजनका लागि सरकारद्वारा बनाइने आयोग, समिति सबैमा महिलाको समान सहभागिताको सुनिश्चितता हुनुपर्दछ । महिला सशक्तीकरण तथा समानताका लागि आर्थिक अधिकारले अत्यन्त महत्व राख्दछ । देशका प्रचलित अर्थव्यवस्था र आर्थिक नीतिले महिलाको कामलाई मूल्याङ्कन गरेको छैन । आर्थिक क्षेत्रभित्रका रणनीतिक स्थानहरूमा पुरुषको वर्चश्व छ । आर्थिक संरचनामा विद्यमान सामाजिक, आर्थिक व्यवधानहरूले महिलाको सहभागितालाई सीमित बनाएको छ । महिलालाई घरधन्दा तथा प्रजनन् भूमिकामा मात्रै सीमित राखिएको छ । आर्थिक क्षेत्रभित्र उनीहरूलाई सेवामूलक काममा लगाइने गरिन्छ ।

कुनै पनि कामलाई महिला भएकै कारणले गर्नुपर्ने वा पुरूषले मात्रै गर्न सक्नेजस्ता प्रावधानहरू राखी लिङ्गको आधारमा कामको विभाजन गरिनुहुन्न । यस्तो प्रवृत्तिलाई हतोत्साही गर्न लिङ्गको आधारमा गरिने कामको विभाजनलाई कानुनी रूपले दण्डनीय बनाइनुपर्दछ ।

महिला संलग्न भएका सम्पूर्ण कार्यक्षेत्रमा पेन्सन, सुरक्षित बासको व्यवस्था, औषधोपचारको व्यवस्था, बिमालगायतका सुविधाको नीतिगत व्यवस्था गरिनुपर्छ । एकल, विधवा, अपाङ्ग तथा परिवारको भरण–पोषण एक्लैले गर्नुपर्ने महिलाको तथ्याङ्क सङ्कलन गरी तिनीहरूलाई विशेष रोजगारी तथा सुविधाको व्यवस्था गर्नुपर्दछ । एक्लै परिवार पाल्न बाध्य महिलामा आश्रित व्यक्तिका लागि आवश्यकताअनुरूपको रोजगारी, शिक्षा, स्वास्थ्यजस्ता आधारभूत आवश्यकताको विशेष व्यवस्था गर्नुपर्छ । सबै स्कुल, कलेज, शैक्षिक संस्था, तालिम संस्थान तथा कार्यालयमा 'यौनशोषण तथा महिला हिंसा' विरूद्धको नीति बनाउने र त्यस्ता नीतिको उल्लङ्घन भएमा दोषीलाई कारबाही गर्ने व्यवस्था गर्नुपर्छ ।

**धर्म, संस्कृति र शिक्षा**

शिक्षा मानवअधिकार हो । मानवजीवनका लागि नभई नहुने कुरा हो । नेपालमा महिला प्रत्यक्ष वा परोक्षरूपले शिक्षाबाट वञ्चित हुनुपरेको यथार्थ हाम्रोसामु छ । हाम्रो शिक्षा–प्रणाली खासगरी स्कुल, कलेज, व्यावसायिक तालिमबाट दिइने शिक्षाले महिलाका अनुभव, आवश्यकतालाई समेटेका छैनन् । यिनमा पूर्णरूपले परिवर्तन गर्नु जरूरी छ ।

हाल देशमा प्रदान गरिने शिक्षा पुरुषमुखी छ । हरेक नेपाली महिलाको शिक्षाको अधिकार सुनिश्चित गर्नुपर्दछ । कुनै पनि उमेरको महिलाले आफ्नो आवश्यकताअनुरूपको शिक्षा प्राप्त गर्ने वातावरण हुनुपर्छ । शिक्षानीति बनाउँदा महिलाको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक तथा नागरिक अधिकारहरू सुनिश्चित गर्न सक्ने प्रकारको शिक्षा दिने नीति तयार गरी शिक्षा दिने व्यवस्था मिलाइनुपर्छ । उच्चशिक्षामा महिलाको पहुँच सहज बनाएर उनीहरूलाई आफ्नो संवैधानिक तथा कानुनी अधिकार माग गर्न सक्ने बन्नका लागि सहजीकरण गर्नुपर्छ ।

स्कुलको सबै तहदेखि उच्च शिक्षासम्म महिला–पुरूष दुबैलाई यौनशिक्षा दिने नीतिगत व्यवस्था गर्ने, सोअनुरूप कार्यान्वयनको वातावरण बनाइनुपर्छ । शैक्षिक पाठ्यक्रम, तालिमका विषयवस्तुहरु तयार गर्दा त्यस्ता पाठ्यक्रमहरूले छुवाछूत, धार्मिक, साँस्कृतिक विभेदका साथै महिलामाथि विभेद नगर्ने विषयलाई सुनिश्चित गर्नुपर्छ ।

हाम्रो समाजमा विद्यमान बहुसङ्ख्यक हिन्दू रीतिरिवाज, संस्कृति र धर्मले महिलालाई तल्लोस्तरमा राखी भेदभाव गरिरहेको छ । महिला–महिलामा जातीयताको आधारमा विभेद छ । यसप्रकारको विभेदपूर्ण मान्यता र व्यवहारको अन्त्य हुनुपर्छ ।

महिलालाई कुनै पनि प्रकारले असर पार्ने, भेदभाव गर्ने, हानी पुऱ्याउने खालका सम्पूर्ण साँस्कृतिक परम्परा, रीतिरिवाजलाई परिवर्तन गर्नुपर्छ । कानुन पूर्णपालनाका लागि प्रतिबद्धतासहित कार्ययोजना बनाउनुपर्छ । आफ्नो इच्छाअनुरूप आफ्नो आमाबुबाको अन्त्येष्टि गर्न पाउने महिला अधिकारलाई सुनिश्चित गर्न, त्यसो गरेका महिलामाथि टीका–टिप्पणी गर्ने तथा बन्देज लगाउनेलाई कानुनी रूपले दुरूत्साहित गर्ने व्यवस्था हुनुपर्छ ।

सञ्चारका सबै माध्यम र संस्थामा महिलाको समान पहुँच हुनुपर्छ । महिलाले सार्वजनिक र निजी क्षेत्रमा पुऱ्याएका योगदानको सबै प्रकारका सञ्चारमाध्यमले प्रसारण गर्ने नीति बनाउनुपर्छ । सञ्चारका माध्यमले विद्यमान लैङ्गिक असमानतालाई निराकरण गर्ने उद्देश्यका साथ समानता प्रवर्द्धनका क्रियाकलापलाई अगाडि बढाउनुपर्छ । राजनीतिक क्षेत्रमा झैं सञ्चारको क्षेत्रमा महिला प्रतिनिधित्वलाई अनुगमन गर्ने संयन्त्र निर्माण गर्नुपर्छ । हिंसा वा बेचबिखनमा परेर पीडित भएका महिलालाई अझ बढी पीडित र सीमान्तकृत बनाउने लेख, रचना तथा टेलिभिजन कार्यक्रमहरूलाई निरूत्साहित गरिनुपर्छ । सञ्चारमाध्यममा महिलाका अधिकार हनन गर्ने, महिलालाई नीच देखाउने खालका लेख/रचना, समाचार, प्रकाशन/टेलिभिजन कार्यक्रम प्रसारण गर्ने कार्यलाई निरूत्साहित गराइनुपर्छ । त्यसप्रकारका विज्ञापनमा कानुनी रूपमा रोक लगाउनुपर्छ । समग्रमा शताब्दीयौंदेखि महिलाविरूद्ध ज्यादति गर्ने सामन्तवादी संरचनालाई पूर्णरूपले बदलेर नवीन, जनमुखी र महिलामैत्री राज्य संरचना जरूरी छ । राज्य संरचनामा ३३ प्रतिशत महिला सहभागिता राजनीतिक आन्दोलन हो, अब यसलाई ५० प्रतिशत पुऱ्याउन कस्सिनुपर्छ । यसरी चुलोचौकोभित्र गुम्सिएका महिलाका सपनालाई विपनामा बदल्नु छ । धर्म–संस्कृतिको आडमा शताब्दीयौंसम्म गरिएको ज्यादति समाप्त पार्नु छ । यसो भयो भने मात्रै नेपाली महिलालाई 'यो देश हाम्रो पनि हो' भन्ने आभास हुनेछ ।

*(शर्मा सञ्चारिका समूहको पूर्वअध्यक्ष हुनुहुन्छ)*

# अनलाइन पत्रकारिता : औषधिले नसुकाऔं, पिलो निचरौं



रामजी दाहाल
dahalramjee@hotmail.com

अनलाइन पत्रकारिताका नाममा व्याप्त विकृति हटाउन प्रेस काउन्सिल र सूचना विभागले तत्काल पहल नगरे यसबाट भोलिका दिनमा समाजमा अराजक अवस्था सिर्जना हुनेछ ।

छापा पत्रकारितामा लामो समय काम गरेका अनुभवी पत्रकारका कुरा सुन्दा अनलाइन पत्रकारिता जत्तिको सजिलो पत्रकारिता शायदै अरू कुनै होला । सोभो हिसाबले हेर्दा ती पत्रकारको अनुमान सही लाग्न सक्छ । तर बाहिर बसेर सोचेजस्तो सहज छैन अनलाइन पत्रकारिता । यसका आफ्नै खाले समस्या छन् । तर पनि यस्ता समस्याका बाबजुद अनलाइन पत्रकारिताले फड्को मारेको बिषयमा भने दुईमत छैन । अक्षरको ब्लक जोडेर पत्रकारिता गरेको त्यो पुस्ताले पत्रकारिताले यति छिटो यो ढंगले फड्को मार्ला भनेर सोच्ने कुरा पनि भएन । नेपालको पछिल्लो अवस्था हेर्दा अनलाइन पत्रकारिता मूलधारको पत्रकारिता बन्ने क्रममा छ । नाम चलेका दैनिकदेखि साप्ताहिक पत्रिकामात्र होइन, रेडियो र टेलिभिजनले समेत आफ्नो अनलाइन संस्करण शुरू गर्नु पछाडिको मूल कारण पनि यही हो । किनभने ती मिडियाले बुझेका छन्, भोलिको बजार भनेको अनलाइन पत्रकारिताकै हो ।

हुन पनि पछिल्लो समय अनलाइन पत्रकारिताको जसरी विकास र बिस्तार भएको छ, त्यसले छापा पत्रकारिताको बजारलाई असर पार्न थालिसकेको बुझ्न सकिन्छ ।

**फैलँदो सञ्जाल, खुम्चिँदै जनशक्ति**

प्रेस काउन्सिल नेपालको २०७५ पुस मसान्तसम्मको तथ्याङ्कअनुसार १ हजार ५ सय ७० वटा अनलाइन काउन्सिलमा दर्ता भएका छन् । यसैगरी सोही अवधिमा सूचना विभागमा १ हजार २ सय ८१ वटा अनलाइन दर्ता भएका छन् । सूचना बिभागमा दर्ता भएकामध्ये १ सय ८१ वटा अनलाइन मात्र नवीकरण गरिएका छन् । नयाँ आर्थिक बर्षमा नवीकरण नगरेका ती अनलाइनलाई विभागले पुस मसान्तभित्र नवीकरण गर्न म्याद थपेको थियो । तर पनि नवीकरणका लागि कुनै चासो नदेखाएको विभागको तथ्यांकबाट प्रष्ट हुन्छ ।

नयाँ साप्ताहिक पत्रिका दर्ता हुने क्रम घट्दो छ भने लामो इतिहास भएका कतिपय स्थापित साप्ताहिकको प्रकाशन बन्द भइसकेको छ । ब्रोडसिट दैनिक पनि नयाँ दर्ता भएका छैनन् । सञ्चार मन्त्रालयको पछिल्लो तथ्यांकअनुसार देशभर ७४० एफएम रेडियोले मन्त्रालयबाट इजाजतपत्र पाएका छन् । यसैगरी भू-उपग्रह, भू-सतही र केबल गरी ११६ वटा टेलिभिजनले मन्त्रालयबाट इजाजतपत्र पाएका छन् ।

यी तथ्यांकबाट पनि प्रष्ट हुन्छ कि छापामाध्यमको तुलनामा विद्युतीय माध्यमको विकास र बिस्तार भइरहेको छ । मिडियाको विकास र बिस्तार हुनु पत्रकारिता पेशामा आबद्ध पत्रकारका लागि मात्र होइन, सिंगो समाजका लागि पनि सुखद पक्ष हो । तर, बिस्तार भएका यी माध्यमका लागि आवश्यक जनशक्ति भने थपिएको छैन । नेपाली पत्रकारिताको आजको सबैभन्दा ठूलो समस्या भनेकै स्तरीय जनशक्ति अभाव हो । यसो हुँदा भर्खरै सञ्चालनमा आएका नयाँ अनलाइनमा पनि पुरानै जनशक्ति ओहोरदोहोर मात्र गरिरहेका छन् ।

अनलाइन पत्रकारिताको आँखाबाट हेर्दा बजारमा अहिले दुई किसिमको जनशक्ति छ । एकखाले जनशक्तिले यसैमा आफ्नो भविष्य देखेको छ । जसले देश दुनियाँका कुरा बुझेर त्यसैअनुरूप आफूलाई बदल्दै अघि बढेको पनि छ । अर्को खालेलाई 'करिअर' को कुनै सरोकार छैन । यो समूहका पत्रकारहरू पार्टटाइमका रूपमा भ्याएसम्म बिहान, दिउँसो र बेलुका तीन सिफ्टमा फरक–फरक मिडियामा 'कपीपेष्ट' गर्छन् । त्यसैले कतिपय भन्ने गर्छन् यो समूहका पत्रकारहरू साँचो अर्थमा पत्रकार नभएर प्राविधिकमात्र हुन् । किन पनि यसो भनिएको हुनसक्छ भने नयाँ विषयवस्तुको उठान गर्ने वा खोजी समाचार गर्ने धैर्य उनीहरूमा छँदै छैन । र, कतिपयमा त्यस खाले पत्रकारिताको ज्ञान पनि छैन ।

सवाल पत्रकारको मात्र होइन, अधिकांश अनलाइन सञ्चालक (जो आफूलाई मालिक पत्रकार भन्न रूचाउँछन्) को हालत त्योभन्दा खासै भिन्न छैन । कतिपय अनलाइनको कार्यालय नै छैन भने केही एउटा ल्यापटपका भरमा अनलाइन चलाइरहेका छन् । तिनीमध्ये कतिपयले अपलोड गर्न सिपालु एकजना प्राविधिक राखेर अन्य अनलाइनका समाचार सारेर भर्ने गरेका छन् । अझ कतिपय अनलाइनले त एकजना प्राविधिकसमेत राख्न सकेका छैनन् । केही चाहिँ आफूलाई अब्बल दर्जाको पत्रकार ठान्छन् तर समाचार खोज्ने जाँगर र सीप उनीहरूमा हुँदैन । अनि उनीहरू कसैले भनेका भरमा 'मिसन पत्रकारिता'का नाममा कसैको व्यवसायमाथि अनावश्यक टिप्पणी गर्ने वा चरित्रहत्या गर्ने अभियानमा लागेका छन् । आफूले सुनेको सूचनाका बारेमा सत्यतथ्य बुझ्ने फुर्सद उनीहरूलाई हुँदैन । अनावश्यक बढाईचढाई गरी




बिक्रीयोग्य हेडलाइन राखेर फेसबुकमा शेयर गर्ने यस्तो समूह चियापसलमा बसेर अनलाइन पत्रकारिताको पाठ सिकाउनसमेत पछाडि पर्दैन ।

**कानुनी कडाइमा जोड**

तथ्यपरक, सन्तुलित र विश्वसनीय (एबीसी) जस्तो पत्रकारिताको सामान्य सिद्धान्तसमेत थाहा नभएका कतिपय पत्रकारका कारण अनलाइनप्रतिको विश्वासमा संकट आएको छ । अनलाइन पत्रकारिताको आजको सबैभन्दा ठूलो समस्या नै यही हो । त्यसकारण यो समस्याबाट पार लगाएर सिंगो अनलाइन पत्रकारितालाई विश्वसनीय बनाउन कानुनमा कडाई गर्नै पर्दछ ।

प्रेस काउन्सिल नेपाल र सूचना विभागले अगुवाई नगरी यो काम सम्भव छैन । यसका लागि पहिलो काम भनेको दर्ता नभई सञ्चालित जति पनि अनलाइन छन्, तिनलाई दर्ता प्रक्रियामा ल्याउनु पर्दछ । त्यसपछि न्यूनतम रकम धरौटी राख्ने व्यबस्था गर्नासाथ ल्यापटपमा कार्यालय राखेर मनपरी लेख्ने अनलाइन ठाउँमा आइहाल्नेछन् । धरौटी रकम भने वर्गीकरणका आधारमा तोक्नु पर्दछ । योसँगै दर्ता भएका तर नवीकरण नगरेका अनलाइनका बारेमा नयाँ




ढङ्गबाट सोच्नु पर्दछ । यति गरिसकेपछि काउन्सिलले पत्रपत्रिकाको जस्तै अनलाइन मिडियाको पनि प्रभावकारी अनुगमन गर्नुपर्छ । जसबाट अनलाइनको वर्गीकरण गर्न सघाउ पुग्दछ ।

**अनलाइन पत्रकारिताको महत्व**

परम्परागत मिडियामा जस्तो अनलाइन पत्रकारिताको बिषयवस्तुलाई कुनै भौगोलिक सीमाले रोक्न र छेक्न सक्दैन । यो तत्कालको मिडिया हो । हिजोका दिनमा कुनै घटनाबारे थाहा पाउन भोलिपल्टको अखबार पर्खनु पर्थ्यो । तर आज पाठकले तत्कालै जानकारी पाउन




सक्ने भएका छन्, अनलाइन पत्रकारिताकै कारण ।

अर्कातिर, रेडियो, टेलिभिजनमा एकपटक प्रसारण भइसकेको सामग्री स्रोता दर्शकका लागि पुनः अर्कोपटक सुन्ने, हेर्ने सुविधा हुँदैन । तर अनलाइन पत्रकारितामा हरेक दिन छापिएका सामग्री 'आर्काइभ'को रूपमा इन्टरनेटमा सुरक्षित राखिएको हुन्छ । जसलाई विश्वको जुनसुकै ठाउँबाट, जोकोहीले चाहेको बेलामा हेर्न र पढ्न सक्छन् । त्यसैले कतिपयले अनलाइन पत्रकारितालाई 'खुला पुस्तकालय' पनि भन्ने गरेका छन् ।

**नेपालमा अनलाइन पत्रकारिता**

विश्वमा इन्टरनेटको विकास सन् ७० को दशकको आरम्भतिर भए पनि सन् ९० पछि मात्रै व्यापकता पाएको हो । नेपालमा कम्प्युटर सन् १९७० को दशकमा भित्रिए पनि सन् ९० दशकदेखि मात्रै व्यापकता पाउन थालेको हो । इन्टरनेटको विकासले गर्दा विश्व नै एउटा गाउँ (ग्लोबल भिलेज) मा परिणत भएपछि अनलाइन पत्रकारिताको अवधारणा आएको हो ।

सन् १९९२ मा अमेरिकाको सिकागो ट्रिब्युन पहिलोपटक अनलाइन पत्रकारितामा प्रवेश गरेको पाइन्छ । सुरूका दिनमा अखबारमा जे सामग्री छापिन्थ्यो, तिनै सामग्री अनलाइनमा राखिन्थ्यो । नेपालमा सन् १९९४ मा इन्टरनेट भित्रिएको हो । त्यसको एक बर्षपछि सन् १९९५ मा अंग्रेजी दैनिक दि काठमाडौं पोष्टका सामग्री पहिलोपटक अमेरिकाको युनिभर्सिटी अफ इलिनोइसमा राखिएको थियो । त्यसपछि सन् १९९७ मा हिमाल साउथ एशियाले आफ्ना प्रकाशनको आर्काइभ गर्ने उद्देश्यले www.himalsouthasia.com प्रकाशन गऱ्यो भने मर्कन्टाइलको व्यापारिक वेबसाइट www.south-asia.com मा त्यतिखेरका दैनिक तथा साप्ताहिक पत्रिकाहरूले आफ्ना प्रकाशित सामग्री राखेका थिए ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५ को उपधारा (२) ले अनलाइन पत्रकारितालाई पनि पत्रकारिताकै एक विधाको रूपमा पहिलोपटक मान्यता दिएको थियो । त्यसअघि नेपालमा अनलाइन पत्रकारिताले कानुनी मान्यता पाएको थिएन । त्यसपछि जारी भएको नेपालको संविधान २०७२ को धारा १९ को सञ्चारको हक अन्तर्गत अनलाइन पत्रकारिताको बारेमा उल्लेख गरिएको छ ।

*(दाहाल नेपाल पत्रकार महासंघको पूर्वसचिव हुनुहुन्छ)*

# न्यूनतम पारिश्रमिक निर्धारण समिति र पछिल्लो एक वर्ष



**गंगाधर पराजुली**
gangadharparajuli@gmail.com

**सञ्चार प्रतिष्ठानलाई उद्योगको रूपमा मान्यता र सुविधा दिएर व्यवसायिक र संस्थागत विकास गर्नका लागि सरोकारवाला संस्थाहरूमा नीतिगत अस्पष्टता तथा कानुन कार्यान्वयनप्रति जागरूकता, समन्वय र सामुहिक भावना अभिवृद्धि गर्न पनि सरकारले समितिलाई थप प्रभावकारी बनाउन जरूरी छ ।**

**पृष्ठभूमी**

लोकतन्त्रको एउटा प्रमुख आधार विचार तथा अभिव्यक्ति स्वतन्त्रता हो । त्यसको मुख्य माध्यम भनेको स्वतन्त्र, स्वच्छ र मर्यादित एवं जिम्मेवार पत्रकारिता हो । यस किसिमको पत्रकारिताको प्रवर्द्धनका लागि विभिन्न संचार प्रतिष्टानहरूमा उचित श्रम अध्यासको माध्यमबाट असल श्रमसम्बन्ध कायम गर्नु आवश्यक छ । यहि आवश्यकतालाई दृष्टिगत गरि स्वच्छ, व्यवसायिक एवं मर्यादित पत्रकारिताको प्रवर्द्धन एवं समग्र मिडियाको सवलीकरण र संस्थागत विकासमा टेवा पुर्‍याउने लक्ष्यका साथ न्यूनतम पारिश्रमिक निर्धारण समिति गठन गरिएको हो ।

समितिले मुख्य रूपमा सबै संचार प्रतिष्ठानहरूमा श्रमजिवी पत्रकार सम्बन्धी ऐन र नियमावलीको प्रभावकारी कार्यान्वयनको अवस्था जिर्सना गराउन र संचार प्रतिष्ठानमा कार्यरत श्रमजिवीहरूको न्यूनतम पारिश्रमिक निर्धारण, पुनरावलोकन साथै समग्र ऐन नियम कार्यान्वयनको वातावरण निर्माणका लागि

सरकार, संचार प्रतिष्ठानका व्यवस्थापक/संचालक र श्रमजिवी तीनवटै पक्षसँग समन्वय र सामुहिक भावनाका साथ ठोस पहल गर्नुलाई नै आफ्नो मुख्य जिम्मेवारी ठानेको छ ।

**० समितिको गठन र निरन्तरता**

श्रमजीवी पत्रकार सम्बन्धी ऐन ०५१ को पहिलो संसोधन ०६४ अन्तर्गत ०६५ सालमा पहिलोपटक न्यूनतम पारिश्रमिक निर्धारण समिति गठन गरिएको हो । समितिले विभिन्न संचार प्रतिष्ठानहरूमा कार्यरत श्रमजीवी पत्रकार, कामदार र कर्मचारीको पेशागत हकहित र सेवा सुविधा एवं सुरक्षाका लागि समयोचित व्यवस्था गर्न पहल गर्दै आएको छ । यसका साथै संचार गृहमा कार्यरत श्रमजीवीहरूको पेशागत तथा व्यवसायिक दक्षता प्रवर्द्धन गर्न प्रोत्साहित गरि स्वच्छ पत्रकारिताको विकासका लागि श्रमजीवी पत्रकार ऐनको प्रभावकारी कार्यान्वयनमा पनि समितिले जोड दिँदै आएको छ । समितिमा हालसम्म डा. सुरेश आचार्य, डा. महेन्द्र विष्ट, गोविन्द आचार्य, खेमबहादुर भण्डारी र पोषण राज केसीजस्ता पत्रकारिता र संचार क्षेत्रमा क्रियासिल व्यक्तिहरूले अध्यक्षको जिम्मेवारी सम्हालीसक्नुभएको छ । पछिल्लो एक वर्षबाट समितिको अध्यक्षको जिम्मेवारी पंक्तिकार गंगाधर पराजुलीले सम्हालेको अवस्था छ । सरकारले यसैपटकदेखि अध्यक्षको नियुक्तिका लागि खुल्ला प्रतिस्पर्धात्मक छनौट प्रक्रिया अवलम्बन गरेको थियो ।

**० श्रमजीवीहरूको पारिश्रमिकमा पुनरावलोकन**

समितिमा अध्यक्षको नियुक्तिसँगै समितिले आफ्ना वार्षिक कार्यक्रमहरूलाई निरन्तरता र तीव्रता दिएपछि अघिल्लो आर्थिक वर्षको पछिल्लो छ महिनाकै अवधिमा नेपाल सरकारद्वारा स्वीकृत वार्षिक कार्यक्रमहरू सम्पन्न भए । त्यस अवधिमा संचार प्रतिष्ठानमा कार्यरत श्रमजीवीहरूले आफूहरूको न्यूनतम पारिश्रमिकमा पुनरावलोकन गर्नुपर्ने मागलाई नै प्रमुख रूपमा उठाएका थियौँ । श्रमजीवी पत्रकार ऐनको प्रभावकारी कार्यान्वयन र मिडिया हाउसको सवलीकरणका लागि मिडियामैत्री नीति ल्याउनुपर्ने आवाज पनि त्यत्तिकै उठेको थियो ।

०७२ सालको साउनमा तत्कालीन समितिले पारिश्रमिक पुनरावलोकनका लागि सिफारिस गरेको र ०७३ को साउनबाट मात्र नेपाल सरकारले सोही सिफारिसलाई कार्यान्वयनमा ल्याएको कुरालाई आधार मान्दा करिब ३ वर्षसम्म श्रमजीवीहरूको पारिश्रमिकमा पुनरावलोकन हुन नसकेको अवस्था थियो । यसका साथै सरकारले निजामतिलगायत सरकारी सेवामा कार्यरत कर्मचारीहरूको पारिश्रमिक सोही अवधिमा २५ प्रतिशत वृद्धि गरेको तर श्रमजीवी पत्रकार तथा कर्मचारीको पारिश्रमिक वृद्धि नगरिएकाले पारिश्रमिक पुनरावलोकनको आवाज उठ्नु स्वभाविक थियो । यसै विषयलाई गंभीरतापूर्वक मनन् गर्दै समितिले पारिश्रमिक पुनरावलोकनका लागि समितिका पूर्व अध्यक्ष डा सुरेश आचार्यको संयोजकत्वमा एक कार्यदल समेत गठन गरेर प्रक्रिया अगाडि बढायो ।

आर्थिक वर्ष ०७४/७५ भित्रै पारिश्रमिक पुनरावलोकनको सिफारिस नेपाल सरकारलाई बुझाउने लक्ष्य समितिको रहे पनि केही व्यवहारिक कठिनाइका कारण त्यो सम्भव हुन सकेन । तै पनि आम श्रमजीवीहरू, संचार प्रतिष्ठानका संचालकहरू एवं पत्रकारिता एवं संचारसँग सम्बन्धित विभिन्न संघ, संस्थासँगको परामर्श, समितिका अध्यक्षदेखि सदस्यहरुले विभिन्न जिल्लामा पुगेर गरेको सुझाव संकलन, औपचारिक एवं अनौपचारिक रूपमा प्राप्त सुझावलाई समेत आत्मसात गरि ०७५ को भदौ २४/२५ गते बसेको समितिको पूर्ण बैठकले श्रमजीवी पत्रकार एवं कामदार, कर्मचारीको लागि न्यूनतम पारिश्रमिकमा पुनरावलोकन गर्नका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्ने निर्णय गर्‍यो ।

समितिले पत्रपत्रिकाहरूलाई प्रेस काउन्सिल नेपालको वर्गिकरणका आधारमा, एफएम रेडियोलाई प्रसारण क्षमताका आधारमा तथा अनलाईन पत्रिकाहरूलाई स्वघोषणा गरि स्थानीय, प्रदेश वा राष्ट्रिय तहमा रहनसक्ने गरि वर्गिकरणको सिफारिस गर्नुका साथै न्यूनतम पारिश्रमिकमा पनि स्थानीयदेखि राष्ट्रिय स्तरका मिडियामा कार्यरत श्रमजीवीहरूलाई २० देखि ५० प्रतिशतसम्म पारिश्रमिक वृद्धिका लागि सरकारसमक्ष सिफारिस गरेको थियो ।

समितिको सिफारिसलाई सरकारले पनि तत्कालै सम्बोधन गरि यस अधिको न्यूनतम पारिश्रमिकमा एकमुष्ट २५ प्रतिशत वृद्धि गर्ने साथै पारिश्रमिक रकम बैंकिङ प्रणालीबाट भुक्तानी गर्नुपर्ने नयाँ व्यवस्था कार्तिक मसान्तबाट नै लागू गर्ने निर्णय गर्‍यो । जसले गर्दा आज राष्ट्रिय मिडियामा सुरूवाती चरणका पत्रकारले नै २४ हजार ३७५ रूपैयाँ न्यूनतम पारिश्रमिक पाउनुपर्ने भएको छ ।

**० निर्णय कार्यान्वयनको पहल**

नेपाल सरकारले न्यूनतम पारिश्रमिक वृद्धिको निर्णय गरेलगत्तै समितिले निर्णय कार्यान्वयनका लागि पहल गर्दै आएको छ । विभिन्न संचार प्रतिष्ठानमा पुगेर प्रमुख वा संचालकलाई भेटेर निर्णयको कार्यान्वयनका लागि आग्रह र दबाब दिने काम समितिका साथै नेपाल पत्रकार महासंघलगायतका संस्थाले पनि गर्न थाले । तै पनि संचार प्रतिष्ठानका संचालकले निर्णय कार्यान्वयनमा गंभीरता नदेखाएको गुनासो आएपछि समिति र पत्रकार महासंघलगायतका संस्थाले तोकिएको पारिश्रमिक श्रमजीवीलाई नदिने तथा ऐन कार्यान्वयन नगर्ने संचार प्रतिष्ठानलाई सरकारले दिने सेवा सुविधामा रोक लगाउन आग्रह गरेपछि संचार तथा सूचना प्रविधि मन्त्रालयले गत माघ ७ गने एक परिपत्र जारी गर्‍यो । सोही परिपत्रलाई सूचना तथा प्रसारण विभागले माघ १८ गते सम्पूर्ण संचार माध्यमहरूका लागि भनेर सार्वजनिक गरेपछि यसले नयाँ बहस सिर्जना गराएको छ ।

समितिले यस अगाडि अर्थात स्थापना कालदेखि नै तथा नेपाली पत्रकारहरूको छाता संस्था नेपाल पत्रकार महासंघले पनि पटक पटक ऐनको कार्यान्वयन नगर्ने प्रतिष्ठानहरूलाई सरकारी सेवा सुविधा रोक्नुपर्ने आग्रह गर्दै आएको थियो । तसर्थ मन्त्रालयको पछिल्लो निर्णय पनि श्रमजीवी पत्रकार ऐनको कार्यान्वयनलाई प्रभावकारी बनाउन तथा आम श्रमजीवीहरूकै पक्षमा आएकोमा दुईमत छैन ।

**० श्रमजीवी पत्रकार ऐनमा बहस जरूरी**

श्रमजीवी पत्रकार ऐन ०५१ म पहिलोपटक ०६४ मा संसोधन गरिएपछि हालसम्म त्यसमा कुनै परिमार्जन वा संसोधन गरिएको छैन । समितिको सिफारिस, मन्त्रालयको निर्देशन तथा सूचना तथा प्रकाशन विभागको पछिल्लो परिपत्रपछि मात्र ऐनको बारेमा सरोकारवालाहरूले बहस सुरू गरेका छन् । ऐनले संचार प्रतिष्ठानको परिभाषमा 'संचार सम्बन्धी कुनै व्यवसाय वा सेवा संचालन गर्ने उद्देश्यले तीन जना वा सोभन्दा बढी श्रमजीवी पत्रकार कर्मचारी वा कामदार कार्यरत रहेको प्रचलित कानुन बमोजिम स्थापना वा दर्ता भएको सार्वजनिक वा निजी संचार माध्यम वा संगठित संस्था सम्झनुपर्छ' भन्ने उल्लेख भए पनि यसबारेमा एक दशक बित्दा पनि बहस गरिएन । ऐन कार्यान्वयनका लागि वाध्यात्मक अवस्था सृजना भएपछि मात्र यसबारेमा नयाँ बहस सुरू हुनुलाई समेत सकारात्मक रूपमा लिनुपर्छ ।

मुलुकमा साना लगानीका वा स्वरोजगार मिडियाको संख्या उल्लेखनीय रहेको र लोकतन्त्र वा गणतन्त्रका लागि हुने गरेका आन्दोलनमा त्यस्ता मिडियाको महत्वपूर्ण योगदान रहेको कुरालाई सबैले स्वीकार गरेको अवस्था रहेपनि ऐनमा साना लगानी वा स्वरोजगार मिडिया भन्ने प्राब्धान कतै नरहेकोले केही समस्या उत्पन्न भएको हो ।

यसका साथै ऐनको दफा ३४ (ङ) मा ऐनको व्यवस्था लागू नहुने भनी केही प्राब्धान राखिएको छ । त्यसमा भनिएको छ 'यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि नेपाल सरकारले समितिसँगको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गर्न तोकिएको कुनै संचार प्रतिष्ठानको हकमा यस एनेको कुनै व्यवस्था लागू हुने छैन तर यस्तो व्यवस्था कुनै संचार प्रतिष्ठानको हकमा लागू नहुने गरि तोक्दा पत्रपत्रिकाको हकमा बिक्री संख्या, रेडियोको हकमा प्रसारण क्षमता, केबुल टेलिभिजनको हकमा ग्राहक संख्या, अनलाइनको हकमा पाठक तथा दर्शक संख्या, कार्यक्रम उत्पादकको हकमा उत्पादित कार्यक्रमको संख्या र समाचार एजेन्सीको हकमा समाचार वितरण संख्यालाई आधार मान्नुपर्ने स्पस्ट व्यवस्था छ ।'

तसर्थ अबको पारिस्थितिमा मिडियाका संचालकहरूले पनि श्रमजीवी पत्रकार ऐनका बारेमा साझा र सकारात्मक धारणा बनाउन आवस्यक छ । ऐनमा संचार प्रतिष्ठानको परिभाषाको विषयलाई होस अथवा ऐन लागू गर्ने वाध्यात्मक अवस्थाबाट उन्मुक्ति लिनका लागि होस सबै खाले मिडियाका संचालनकहरू एकपक्षीय वा बहुपक्षीय छलफलमा जुटेर साझा र ठोस निस्कर्ष निकाल्नु अहिलेको आवस्यकता हो । यसका लागि समिति सदैब सकारात्मक रहेको र आवश्यक सहयोगका लागि समेत तयार रहेको स्पस्ट पार्दै आएको छ ।

यसैगरि ऐनमा संचार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकार, कामदार र कर्मचारीको सम्बन्धमा स्पस्ट व्यवस्था गरिएको भए पनि सर्वोच्च अदालनको पछिल्लो निर्णयले एउटै प्रतिष्ठानमा कार्यरत श्रमजीवीलाई पनि फरक फरक ऐनबाट आकर्षित गर्न खोजेको देखिन्छ । यसबारेमा ऐनमा गरिएको स्पस्ट व्यवस्थामा र नेपाल सरकार संचार तथा सूचना प्रविधि मन्त्रालयको स्पष्ट दृष्टिकोण रहेकोले अदालतको निर्णयबाट उत्पन्न अन्यौल छिट्टै टुंगिने विश्वास गर्न सकिन्छ ।

**० समस्या र चुनौती**

न्यूनतम पारिश्रमिक निर्धारण समितिले तोकिएको जिम्मेवारी पुरा गर्न निरन्तर प्रयास गर्दै आएको छ । संचार क्षेत्र र पत्रकारिता पेशाले व्यापकता पाएसँगै समितिप्रति गुनासो र अपेक्षा पनि धेरै बढेका छन् । यस्तो अवस्थामा समितिलाई श्रोत, साधन र जनशक्तिको हिसाबले चुस्त बनाउनुपर्ने र ठोस जिम्मेवारी समेत दिनुपर्ने आवाज पनि उठेको छ । प्रेस रजिस्टारको व्यवस्था प्रभावकारी हुन नसकेको भनि चर्चा भइरहेको वर्तमान अवस्थामा सरकारले समितिलाई ठोस जिम्मेवारीसहित प्रभावकारी नबनाउने र यही अवस्थामा राख्ने हो भने समितिप्रतिको आकर्षण र महत्व पनि घटेर जान्छ । अस्थायी प्रकृतिको काम गर्न स्थायी संरचना बनाइएको भनेर समेत चर्चा हुने गरेकोले सरकारले समितिको कार्यक्षेत्र र दायित्वका सन्दर्भमा विद्यमान अस्पस्टता हटाउने, कमजोर संगठनात्मक अवस्थालाई सृदृढ बनाउने, स्रोत, साधन र बजेटको सिमितता हटाउने सकारात्मक पहल गरेमा समितिले ऐनको कार्यान्वयनमा अझ प्रभावकारी भूमिका निर्वाह गर्नसक्छ ।

यसका साथै संचार प्रतिष्ठानलाई उद्योगको रूपमा मान्यता र सुविधा दिएर व्यवसायिक र संस्थागत विकास गर्नका लागि सरोकारवाला संस्थाहरूमा नीतिगत अस्पष्टता तथा कानुन कार्यान्वयनप्रति जागरूकता, समन्वय र सामुहिक भावना अभिवृद्धि गर्न पनि सरकारले समितिलाई थप प्रभावकारी बनाउन जरूरी छ । त्यसो हुनसके समितिले समयसापेक्ष योजना तथा कार्यक्रको माध्यमबाट संचार क्षेत्रका समस्या समाधान गरी अपेक्षित परिणाम हासिल गर्न सक्छ ।

*(पराजुली न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष हुनुहुन्छ ।)*

# शाख जोगाउन प्रत्यक्ष निर्वाचन




जगत नेपाल

jagatnepal@gmail.com


**यो साधारणसभामा हामीले महासंघको शाख जोगाउनका लागि राजनीतिक दलको छायाँबाट यसलाई मुक्त राख्न आगामी महाधिवेशनबाटै प्रत्यक्ष निर्वाचन पद्धति अँगाल्नुको विकल्प छैन । समयले दिएको दायित्वलाई बुझेर हामीले महासंघलाई डायनोसर हुनबाट जोगाउनु नै अहिलेको आवश्यकता हो ।**

भनिन्छ, 'पत्रकारिता समाजको ऐना हो, समाजको पहरेदार हो र आवाजविहीनहरूको आवाज पनि हो ।' त्यसैले पत्रकारिता समाजभन्दा भिन्न हुन सक्दैन । हाम्रो सन्दर्भमा हेर्ने हो भने राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक परिवेश बमोजिम नेपाली पत्रकारिताले आफ्नो यात्रा तय गरेको देखिन्छ ।

**बोल्न प्रतिबन्ध**

२००७ साल निरंकश जहानीया शासनका वेला नागरिक अधिकार कल्पना वाहिरको कुरा थियो । नागरिक अधिकारका लागि धर्ना, नाराबाजी वा जुलुस लगाउने कुरा कल्पना बाहिरको विषय थियो । राणाहरूको बोली नै कानूनसरह हुन्थ्यो । उनीहरूलाई भगवानको अवतार मानेर पूजा गर्ने अन्धविश्वासी समाज थियो । 'मकैको खेती' नामक पुस्तक लेखेको अभियोगमा सुब्बा कृष्णलाल अधिकारीलाई जेलमा सडाएर मारियो ।

हुन त यस अवधिमा पनि सुधासागर, उद्योग, गोर्खापत्र, माधवी, शारदा लगायत केही पत्रिका प्रकाशित भए । तर, राणाको आशीर्वादमा खुलेका यी पत्रिका शासकको सहयोग रोकिएपछि आफै बन्द भए ।

यही अवधिमा जनताको मुक्ति, न्याय र स्वतन्ताको पक्षमा उठेका आवाज दबाउन के मात्र गरिएन ?

दशरथ चन्द, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ र शुक्रराज शास्त्रीले गीता, पुराण वाचन गरेको र राणाविरूद्व पर्चा बाँडेको आरोपमा मृत्युदण्ड भोग्नु पऱ्यो ।

**छिनको उज्यालो लगत्तै अन्धकार**

एक सय चार वर्ष राणाशाहीको अन्त्य गर्दै २००७ सालमा प्रजातन्त्र स्थापनापछि जनताले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्न पाए । फागुन ७ मा प्रजातन्त्र आयो, ८ गते देशकै पहिलो आवाज दैनिक शुरू भयो । २००७ देखि २०१५ को अवधिमा पत्रपत्रिका खुल्ने र बन्द हुने क्रम चल्यो । यो समयमा खुलेका धेरै पत्रिका टिक्न सकेनन् । कारण पत्रकारिताको विकासका लागि आधार बनिसकेको थिएन । भर्खरै ठूलो राजनीतिक परिवर्तन भएको थियो । राजनीतिक दलका नेता र पत्रकारबीचको भिन्नता र सीमारेखा कोरिएको अवस्था थिएन । त्यही वातावरणका बीच पत्रकारहरूको पहिलो संस्था खुल्यो, २००८ सालमा गोविन्दवहादुर श्रेष्ठको अध्यक्षतामा । यो संस्थाले निरन्तरता पाउन सकेन । अनि २०१२ मा कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा नेपाल पत्रकार संघ गठन भयो । आजको नेपाल पत्रकार महासंघ त्यसैको अविच्छिन्न उत्तराधिकारवाला संस्था हो । त्यो बेला पत्रकारिताको विकासका लागि आधार बनेकै थिएन ।प्रविधि थिएन, यातायातको सुविधा थिएन ।शिक्षित नागरिक थिएनन् । उद्योगधन्दा थिएनन् ।बिक्री थिएन, विज्ञापन थिएन । यस्तो अवस्थामा मिडियामा लगानीको वातावरण हुने कुरै भएन । त्यसैले जनतालाई सुसूचित गर्ने कामका लागि दलका कार्यकर्ता र पत्रकारको भूमिका हाम्रा अग्रजहरूले निर्वाह गरे । त्यो कठिन परिवेशमा पत्रकारहरूले जसरी काम गरे त्यो नै त्यस समयको आवश्यकता थियो ।

**मिसन पत्रकारिताको युग**

तत्कालीन राजा महेन्द्रले २०१७ साल पुस १ गते मुलुककै पहिलो जननिर्वाचित सरकार र संसद भंग गरी निरंकुश पञ्चायती व्यवस्था शुरू गरे । दलमाथि प्रतिबन्ध लगाए । प्रधानमन्त्रीसहितका नेतालाई थुने । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता हरण गरे । कुनैपनि समाचार र विचार प्रकाशन गर्नुपूर्व प्रतिबन्ध लगाउन सक्ने व्यवस्था संविधानमा राखियो । कुनै समाचार वा विचार प्रकाशन वा प्रसारण गरेमा पत्रिकाको दर्ता खारेज हुनसक्थ्यो । प्रेसमा भोटे ताल्चा लाग्न सक्थ्यो । त्यसैले प्रेसमा लगानीको वातावरण थिएन । त्यसैले २०१७ देखि २०४६ सम्म हाम्रा अग्रजहरूले प्रजातन्त्रको र अभिव्यक्ति स्वतन्त्रताको पक्षमा मिसन पत्रकारिता गर्न वाध्य हुनु पऱ्यो । यो कालखण्डमा पहिला प्रजातन्त्र अनि व्यवसायिक र उत्तरदायी पत्रकारिताको मान्यता स्थापित भयो । राजनीतिक दलका नेता र पत्रकार दुबैको भूमिका एउटै व्यक्तिले खेल्नुपर्ने अवस्था बन्यो ।

**प्रजातान्त्रिक काल**

पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातन्त्र बहाली भएपछि २०४६ सालदेखि नेपाली पत्रकारिताले छलाङ मार्‍यो । कुनै पनि समाचार वा विचार छाप्नु वा प्रसारण गर्नुपूर्व प्रतिवन्ध लगाउन नपाइने र छापेवापत प्रेसमाथि ताला लगाउन नपाउने ग्यारेण्टी २०४७ को संविधानले गऱ्यो । त्यसैको फलस्वरूप मिडियाले उद्योगको रूप लियो । व्यवसायिक पत्रकारिताले फड्को त मार्‍यो नै । शिक्षित जनशक्ति पत्रकारितामा भित्रियो, उद्योग बढ्यो, बाटोघाटो बने, रोजगारीका अवसर सिर्जना भए, प्रविधिको विकास भयो, विज्ञापन व्यवसाय फष्टाउँदै गयो । फलस्वरूप मिडियाको क्षेत्रमा आमूल परिवर्तन भयो ।

तर,यसैबीच माओवादी सशस्त्र विद्रोह शुरू भयो । सुरक्षा निकायबाट माओवादीमाथि दमन गर्ने नाममा चालिएका अप्रेशन हुन् वा माओवादीले सुराकीका नाममा । यो अवधिमा तीन दर्जनभन्दा बढी पत्रकारको हत्या भयो । राज्य र माओवादी दुबैले सेन्सरसीप लगाए । हिंसा र प्रतिहिंसाको चक्र लम्बिँदै गर्दा २०६१ माघ १९ गते तत्कालीन राजा ज्ञानेन्द्रले मुलुकको कार्यकारी अधिकार आफैले हत्याए । त्यो पनि मिडियामा सेना परिचालन गरेर ।

राजाले नागरिक अधिकार र प्रेस स्वतन्ता खोसेपछि व्यवसायिकताको अभ्यासमा लागेको नेपाली प्रेस एकपटक फेरि मिसनमा तानियो । हाम्रो पुस्ताले यही अवधिमा थोरबहुत मिसन पत्रकारिताको अभ्यास गर्नु पऱ्यो ।

**अबको यात्रा**

सात दशक लामो राजनीतिक संक्रमण अन्त्यसँगै मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासको चरणमा छ । नेपाली जनताको लामो संघर्षको परिणामस्वरूप संविधानसभाको निर्वाचन, राजतन्त्रको अन्त्य हुँदै संविधानसभाबाट संविधान जारी भएको छ । त्यही संविधानबमोजिम स्थानीय तह, प्रदेश र संघीय सरकार बनेको छ । राजनीतिक स्थिरतासँगै मुलुकको प्राथमिकता समृद्धि र विकास बनेको छ । अब अधिकार प्राप्तिका लागि जनताले संघर्ष गर्नुपर्ने अवस्था छैन । २०६२/०६३ को जनआन्दोलनपछिको पुस्ता पत्रकारितामा आएको छ । जसलाई व्यवसायिक र मर्यादित पत्रकारिताको अभ्यास, समाजप्रतिको उत्तरदायित्व बाहेक राजनीतिमा खासै चासो छैन । सूचना प्रविधिको क्षेत्रमा आएको क्रान्तिले परम्परागत मिडियाको क्षेत्राधिकार र शक्तिमाथि धावा बोलेभैं नयाँ पत्रकारिताको नयाँ पुस्ता पनि दलीय आवद्वताको जगमा बनेको महासंघको संरचनामा आमूल परिवर्तन चाहन्छ । नेपाल पत्रकार महासंघलाई सबै पत्रकारको साझा चौतारी बनाउने दायित्व हाम्रो काँधमा छ । महासंघको साधारणसभाले प्रत्यक्ष निर्वाचनमा जाने सैद्धान्तिक मार्गचित्र पारित गरेयता हामीले चार/पाँचपटक महाधिवेशन मार्फत नयाँ नेतृत्व चयन गरिसकेका छौं । यो साधारणसभामा हामीले महासंघको शाख जोगाउनका लागि राजनीतिक दलको छायाँबाट यसलाई मुक्त राख्न आगामी महाधिवेशनबाटै प्रत्यक्ष निर्वाचन पद्धति अँगाल्नुको विकल्प छैन । समयले दिएको दायित्वलाई बुझेर हामीले महासंघलाई डायनोसर हुनबाट जोगाउनु नै अहिलेको आवश्यकता हो ।

*(नेपाल, नेपाल पत्रकार महासंघका पूर्वसचिव हुनुहुन्छ ।)*

# प्रवासको पत्रकारिता : रहरमा फुलेको अप्ठ्यारो फूल



हेमन्त काफ्ले
kaflehemanta@gmail.com

प्रवासको पत्रकारिताको कुराकानी गर्दा अमेरिका र अस्ट्रेलिया अनि युरोपमा पत्रकारिता गर्दैगर्दा गोपनीयताको हक सबैभन्दा महत्वपूर्ण पक्ष मानिन्छ । अपराधमा संलग्न व्यक्तिदेखि बालबच्चा, बृद्ध र महिलाका बारेमा लेख्ने समाचारका बिषयमा सधै सजग हुनुपर्दछ ।

नेपालमा पत्रकारिताको कखरा पढेका र कलम चलाएकाहरूनै यतिबेला प्रवासी नेपाली पत्रकारिताको आधारस्तम्भ हुन् भन्दा फरक नपर्ला । मुलुकमा यसलाई पेशा बनाएकाहरू सुन्दर भबिष्यको खोजी गर्दै विदेश पुगेपछि आफ्नो 'प्यासन'लाई छाड्न नसक्दा प्रवासी नेपाली पत्रकारिताको प्रभाव बढेको पाइन्छ । हुन त दुई चार औंलामा गन्न सकिने नेपालीहरू विदेशी सञ्चारमाध्यममा काम नगरेका होइनन् । तर पनि व्यवसायिकरूपमा भन्दा पनि पत्रकारिताको प्यास मेट्न नसक्दा विदेश पुगेकाहरूले नै यसको बिँडो थामेको कुरो कसैबाट लुकेको छैन ।


यतिखेर संसारभर छरिएर रहेका नेपाली समुदायसँगै कैयन देशमा नेपाली तथा अंग्रेजी भाषाका पत्रिका र अनलाइन बग्रेल्ती देख्न पाइन्छन् । नेपालीहरूको बाुहल्यता रहेको अमेरिका र अस्ट्रेलिया, जापान र कोरियाजस्ता देशमा समेत प्रवासी पत्रकारिताको चहलपहल बढ्दो छ । नेपालमा गरेको पत्रकारिता र विदेशमा बसेर गरिने पत्रकारितामा केही फरक भएपनि नेपाली अनलाइन र दैनिकका प्रतिनिधिहरूको पत्रकारितामा त्यत्ति अलग पक्ष भेटिँदैन । विदेशमा दर्ता भएका पत्रिका स्थानीय कानुनअनुसार गाइडेन्स हुने हनाले पनि जिम्मेवार पत्रकारिता गरेको अनुमान लगाउन सकिन्छ । तर सोही स्थानबाट नेपाली अनलाइनहरूमा लेखिने समाचार साप्ताहिक स्टाइलको हुने गर्दछ ।

प्रवासको पत्रकारिताको कुराकानी गर्दा अमेरिका र अस्ट्रेलिया अनि युरोपमा पत्रकारिता गर्दैगर्दा गोपनीयताको हक सबैभन्दा महत्वपूर्ण पक्ष मानिन्छ । अपराधमा संलग्न व्यक्तिदेखि बालबच्चा, बृद्ध र महिलाका बारेमा लेख्ने समाचारका बिषयमा सधै सजग हुनुपर्दछ । देखेको कतिपय समाचार पनि लेख्न भने गोपनीयता र मानवअधिकारको सरोकारका कारण लेख्न नपाएको कैयन दृष्टान्तहरू छन् । जस्तो अस्ट्रेलियामा आत्महत्याको समाचार खुलेआम समाचारका रूपमा सम्प्रेषण गर्न पाइँदैन । यसले आम मानिसमा गलत सन्देश फैलाउने हुनाले पनि यहाँको पत्रकारिताको कोड अफ कन्डक्टले यो विषयमा रोक लगाएको छ । त्यति मात्र होइन, अपराधमा संलग्न व्यक्तिको तस्वीर र अपराध प्रमाणित नभइन्जेलसम्म समाचार बन्न पाउँदैनन् । हाम्रो देशमा अख्तियारले पत्र काटेकै भरमा हामीले लेख्ने समाचार, आरोप लागेकै भरमा अपराधीझै बनाउने प्रवृत्ति यहाँको पत्रकारितामा पटक्कै चल्दैन । मानहानीको विषयमा पनि यहाँको कानुन निकै गम्भीर र झन्झटिलो अनि मंहगो भएकोले मानिस यो झमेलामा पर्न चाहँदैनन् । मानहानीको मुद्दामा अरबौं रूपैयाँसम्मको क्षतिपूर्ति हुने हुनाले यहाँका मिडियाहरूले समाचारलाई मसिनोसँग केलाएर र प्रमाणित हुनेगरी मात्र लेख्ने गर्छन् । प्रवासी नेपाली पत्रकारिताको पहिलो पुस्तामा मात्र सीमित भएकोले पनि हामी अहिले यी सम्बन्धित मुलुकका कानुनी कुर ासँग गम्भीर भएको देखिँदैन । हाम्रा समाचारहरू प्रायः हाम्रै समुदायभित्र रहने भएकाले पनि ठूला र अप्ठ्यारा चुनौती खेप्नुपरेको देखिँदैन । हुन त प्रवासमा नेपाली समाज फराकिलो बन्दै गर्दा आपसी समन्वय र सञ्चार अनि भातृत्वका लागि शुरू भएको हाम्रो सामुदायिक पत्रकारिता अझसम्म व्यवसायिक बन्न सकेको छैन ।

पत्रकारितालाई पेशा बनाएर विदेशमा रमाउनेहरू मात्र केही औंलामा गन्न सकिने होलान् । नत्र आफ्नो नित्य कर्म सकेर बचेको समयलाई सदुपयोग गर्ने पार्टटाइम पत्रकारहरूले नै धानेका छन् प्रवासी पत्रकारिता । अस्ट्रेलियाको विषयमा कुरा गर्दा समाचारको पृष्टि गर्न सम्बन्धित निकायलाई लिखित पठाउने प्रचलन बढी देखिन्छ । इमेलमार्फत आधिकारिक धारणा माग गर्दा समाचार पृष्टि गर्न केही समय पनि लाग्ने गर्छ । कहिलेकाहीँ देखेको घटनाको समेत पुष्टि नगरी समाचार लेख्न निकै कठिन हुनेगर्छ । सम्बन्धित निकायले यसको पुष्टि गरेपछि मात्र घटनाका विषयमा आधिकारिक समाचार बन्ने गर्छन् ।

हुन त प्रवासी नेपाली समाजको हित र संरक्षण अनि नेपाली भाषा, कला,संस्कृतिको जगेर्नाका लागि यसले महत्वपूर्ण भूमिका निर्वाह गरेको पनि छ । पछिल्लो परिस्थितिमा प्रविधिले पत्रकारितालाई सहजतासँगै चुनौती पनि थपिदिएको छ । सामाजिक सन्जालहरू नागरिक पत्रकारिताको रूपमा उदाउँदै गर्दा प्रवासमा पत्रकारिताले आफ्नो अस्तित्वको लागि मर्यादित भएर अगाडि बढ्नुपर्ने बेला आएको छ ।

नेपाली समाजको हकहित र एकताको लागि कलम चलाउने र सम्बन्धित मुलुकको कानुन र परिधिभित्र रहेर पत्रकारिता नगरे प्रवासी पत्रकारिताले अबका दिनमा थुप्रै चुनौती समेत व्यहोर्नुपर्ने हुन्छ ।



असीको दशकदेखि विदेशिन सुरू गरेको नेपाली समाजलाई जोड्ने र यसका हितका खातिर कलम चलाउने अहिलेको प्रवासी पत्रकारिताको आवश्यकता हो । विदेशमा सानो समाचारले समाजमा ठूलो प्रभाव पार्ने हुनाले समाचार पस्किँदा सत्य र तथ्यको आधारमा कलम चलाएमात्र प्रवासमा विस्तारै फष्टाएको नेपाली पत्रकारिताले दिगो स्वरूप लिने छ । यसलाई साँच्चिकै भन्नुपर्दा रहरमा फुलेको अप्ठयारो फूलका रूपमा लिँदां हुन्छ । विदेशमा काम सकेर नामका लागि समाजमा जोडिने यो कर्म साँच्चिकै गारो र सारो पनि छ । समाचार लेखेन भने गाली, लेख्यो भने ताली अनि तलमाथि भयो भने घरबार उठिबासको पालि ।

*(काफ्ले नेपाल पत्रकार महासंघको पूर्वकोषाध्यक्ष हुनुहुन्छ । हालः अष्ट्रेलिया)*

# ऐनाअगाडि उभिएर हेरौँ आफ्नै अनुहार



उदय जीएम
udayamagar@gmail.com

**प्रश्न गरिरहने हाम्रो हैसियतमाथि नै प्रश्न सोझियो भने वा हाम्रो कर्मप्रतिको जनविश्वास गुम्यो भने मान्नुस् हाम्रो पत्रकारिता र हाम्रो कर्म मर्नेछ । के हामी मर्न तयार छौं ? होइन भने आफ्नो पेशाप्रति गौरवबोध गर्ने वातावरण बनाउने अचुक बुटी वा जिम्मेवारी पनि तपाईहाम्रै हातमा छ ।**

**उर्लेर आउँदा गण्डकीको भेलले**
**यी ढुङ्गे बगर कहाँ लाने हो ?**

माथिका दुई हरफहरू चर्चित जनवादी गायक जीवन शर्माका हुन् । फरक प्रसङ्गमा गीतिनाटक 'ठूली'का लागि जीवन शर्माले लेखेको यो गीत यतिबेला नेपाली पत्रकारिता जगतका लागि पनि उत्तिकै सान्दर्भिक देखिएको छ । प्रविधिको उच्चतम विकास, न्यू मिडियाको आगमन, अनलाइन र तालिम तथा प्रशिक्षणबिनाका अपरिपक्व अनलाइन पत्रकारहरूको बाढीले पत्रकारिता यतिबेला 'काम्लामा मुछेको सातु'जस्तै भएको छ ।'

अनिकालमा बीउ जोगाउनू, हुलमुलमा जिउ जोगाउनू' भनेजस्तै नेपाली पत्रकारितालाई स्वस्थ, व्यवसायिक, मर्यादित र आम नागरिकको विश्वासिलो र भरोसायोग्य बनाउने हो भने हामीले ऐनाअगाडि उभिएर आफ्नै अनुहार हेर्न आवश्यक छ । ऐनामा देखिएका हाम्रा अनुहारका दागहरू, विकृति, विसङ्गति र नकारात्मक पक्षलाई धोइपखाली गरेर सर्लक्कै हटाउन सक्यौं भने पक्कै पनि हामीमाथि उठेका औंलाहरू, अविश्वास र संशयहरू समाप्त भएर जानेछन् । र, हामीले दृढ अठोट गर्‍यौं भने त्यो सम्भव छ र त्यसको बुटी पनि हामीसँगै छ ।

**अलिकति पछाडि फर्किएर**

नेपाली पत्रकारिताको इतिहासमा नेपालमै छापिएको पहिलो पत्रिका 'सुधासागर' हो । यसको पहिलो प्रकाशन वि.सं. १९५५ साउनमा भएको देखिन्छ । नेपाली पत्रपत्रिकाहरूमा माइलो तर समाचारपत्रको रूपमा जेठो पत्रिका हो, गोरखापत्र । 'सुधासागर' निस्केको करीव २ वर्ष १० महिनापछि सम्वत १९५८ सालको जेठमा गोरखापत्र प्रकाशन हुन थालेको पाइन्छ । प्रारम्भमा प्रत्येक हप्ता सोमबार प्रकाशित हुने 'गोरखापत्र' ४२ वर्षपछि हप्ताको दुईपटक, ४५ वर्षपछि हप्ताको ३ पटक र ५९ वर्षपछि दैनिकरूपमा प्रकाशित भएको इतिहासकारहरूले उल्लेख गरेका छन् । नेपालको जेठो समाचारपत्र 'गोरखापत्र' अद्यावधि पनि प्रकाशित हुँदै आएको छ, समयानुकूल परिवर्तनसँगै । तत्कालीन श्री ३ देवशमशेरको पालामा प्रारम्भ भएको 'गोरखापत्र' अहिले रङ्गीन र आकर्षक पारिएको छ । २००७ साल फागुन ७ गते १०४ वर्षदेखि चल्दै आएको जहानियाँ राणाशासनको अन्त्य भयो । त्यसपछिका दिनहरूमा पत्रपत्रिका प्रकाशनमा केही तीव्रता आयो । २००७ फागुन ४ गतेदेखि हृदयचन्द्र सिंह प्रधानको सम्पादनमा नेपाली भाषाको 'जागरण' साप्ताहिक प्रकाशित हुन थाल्यो । त्यसको ४ दिन अर्थात २००७ फागुन ८ गतेदेखि सिद्धिचरण श्रेष्ठको सम्पादनमा नेपाली भाषाकै 'आवाज' दैनिक प्रकाशित भयो । त्यसपछि मणिराज उपाध्यायको सम्पादनमा 'समाज' दैनिक प्रकाशन हुन थाल्यो । त्यस्तै, २०१३ सालदेखि दाताराम शर्माको सम्पादनमा 'हालखबर' दैनिक प्रकाशन हुन थाल्यो । तर, यी सबै पत्रिकाहरू आर्थिक अभावका कारण केही समयपछि बन्द भएका देखिन्छन् । यसपछिका दिनहरूमा नेपालीका अतिरिक्त नेवारी, हिन्दी, अंग्रेजी आदि भाषाका पनि पत्रपत्रिकाहरू प्रकाशित भएका देखिन्छन् । त्यस्ता पत्रपत्रिकाहरूमा दैनिक समाचार, सत्याग्रह, नेपाल समाचार, समय, हालखबर, सही सन्देश, दियालो, गोरेटो, भूगोलपार्क, कल्पना, फिलिङ्गो, लोकमञ्च, दैनिक समाचार, नयाँ जमाना, देश सेवा, ममता, सही बाटो, हाम्रो देश, मातृभूमि, समीक्षा, जन्मभूमि, प्रवक्ता, नयाँ नेपाल, घटना, निर्माण, जनजीवन, तरङ्ग, जनमत, मदरल्याण्ड, कमनर, एभरेष्ट न्यूज, नयाँ समाज, डेली मिरर, राइजिङ नेपाल आदि हुन् ।

नेपालको पत्रपत्रिकाको इतिहासमा यी पत्रपत्रिकाहरूको उल्लेखनीय योगदान रहेको पाइन्छ । वरिष्ठ पत्रकार स्व. गोपालदास श्रेष्ठको सम्पादनमा २०१२ सालदेखि 'दि कमनर' दैनिक प्रकाशन हुन थाल्यो । यसले नै नेपालबाट प्रकाशित अंग्रेजी भाषाको दैनिक पत्रिकाहरूमा जेठो हुने श्रेय पाएको छ । यो बीचमा 'पासा पाक्षिक', 'नेपाल भाषा' र 'पासा दैनिक'हरू प्रकाशित भए । र, यी तीनवटै नेवारी भाषाका थिए । त्यस्तै, हिन्दी भाषाको 'तरङ्ग', 'जय नेपाल', नेपाल टाइम्स, नेपाली, जयतु संस्कृतम् आदि पत्रपत्रिकाहरू प्रकाशित हुँदै नेपाली पत्रकारिताको इतिहासमा इँटा थप्दै गरेको पाइन्छ । २०४६ सालको ऐतिहासिक जनआन्दोलनबाट बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएपछि नेपाली पत्रकारिता क्षेत्रमा उल्लेखनीय विकास भएको छ । कान्तिपुर दैनिक, नयाँ पत्रिका दैनिक, नेपाल समाचारपत्र दैनिक, राजधानी दैनिक, गोरखापत्र दैनिक, दि राइजिङ नेपाल, दि काठमाण्डुपोष्ट, दि हिमालयन टाइम्स, अन्नपूर्णपोष्ट दैनिक जस्ता ठूला आकारका पत्रपत्रिकाहरू निरन्तर प्रकाशित भइरहेका छन् । यस्तै, हिमाल र नेपाल पाक्षिक विविध विषयवस्तुलाई समेटेर आकर्षक साजसज्जामा प्रकाशित भइरहेका छन् ।

२०६२/०६३ को जनआन्दोलनको सफलतापछि संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापश्चात पत्रकारिता धेरै मौलाएको छ । यो अवधिमा ब्रोडसिट दैनिकहरूको आगमन खासै हुन नसके पनि म्यागेजिन र विषयगत/विधागत पत्रकारिता मौलाएको छ । त्यतिमात्र होइन, व्यवस्था परिवर्तनसँगै प्रविधिको उच्चतम विकास र इन्टरनेटको सहज पहुँचका कारण अनलाइन पत्रकारिता ह्वात्तै मौलायो । मैदानमा मेलो पसिसकेपछि अनलाइन चलाउन त्यति सजिलो भने पक्कै छैन । यद्यपि, झट्ट हेर्दा यो साह्है सजिलो लाग्छ । केही सय रूपैयाँमा डोमेन रजिष्ट्रेशन गर्‍यो, केही हजारमा अनलाइनको डिजाइन गरायो अनि शुरू भयो, अनलाइन पत्रकारिता । त्यसपछि शुरू हुन्छ, " एकै क्लिकमा संसारभर" भन्ने नारासहित अनलाइनमा समाचार सम्प्रेषणको काम । शुरूवातमा देखिएको यही सजिलो र छरितोपनकै कारण अनलाइनको बाढी नै आएको छ । यही बाढीले जीवन शर्माको गीतको हरफले भनेको "उर्लेर आउँदा गण्डकीको भेलले, यी ढुङ्गे बगर कहाँ लाने हो ?" भएको छ ।

प्रेस काउन्सिल नेपालको तथ्याङ्कअनुसार सूचीकरणका लागि प्राप्त भएका अनलाइनका निवेदनहरूमात्रै १ हजार ५ सय ४० रहेका छन् । सूचीकरणका लागि नआएका र विदेशबाट सञ्चालित अनलाइनहरूको त कुनै हिसाव नै छैन । लगानी, दक्ष जनशक्ति र व्यवस्थापनको कुनै पनि पक्षलाई आत्मसात नगरी लहड र रहरको भरमा हचुवामा अनलाइन खोलिहाल्ने

प्रवृत्ति ह्वात्तै बढेको छ । झट्ट हेर्दा सानो लगानीमा अनलाइन स्थापना गर्न सकिने देखिने भएकाले एउटा अनलाइन खोल्यो अनि पत्रकार भइहाल्छि नि भन्ने मानसिकताले झण्डै झण्डै अव्यवस्था र अराजकताकै स्थिति सिर्जना भएको छ । पत्रकारिताको आधारभूत तालिमसम्म नलिएका शिकारूहरू नै अनलाइनको सञ्चालक, प्रकाशक, सम्पादक र रिपोर्टर भएपछि के चाहियो ? छ्यापछ्याप्ती खुलेका यस्ता अनलाइनहरूकै कारण समग्र नेपाली पत्रकारिताको अनुहार वा छवि त्यति राम्रो छैन । जे पनि समाचार, जो पनि पत्रकार, जस्तो पनि पत्रकारिता ! यस्तो प्रवृत्तिले सिङ्गो पत्रकारिता जगत नै बदनाम बनेको देखिन्छ ।

एकातिर बग्रेल्ती खुलेका अनलाइनहरूको काँचो जनशक्ति र अर्कोतिर ब्रेकिङ न्यूज दिने होडबाजी, र्‍याङ्किङ बढाउने लोभ र भिजिटरको आधारमा



फेसबुकले दिने इन्स्ट्याण्ट आर्टिकलको डलर प्राप्त गर्ने लालचमा मिर्च मसाला भरेर शीर्षक राख्ने प्रवृत्तिले त पत्रकारिताको गरिमालाई धूलिसात नै बनाइदिएको छ । यही चक्करमा केही अनलाइनहरूले देशकै प्रधानमन्त्री केपी शर्मा ओलीको निधन भएको शीर्षक राखेर समेत समाचार प्रकाशित गर्न भ्याए । कहींकतै दुर्घटनामा चर्चित व्यक्तित्वको नामसँग मिल्ने कुनै व्यक्तिको मृत्यु भएमा उक्त नामसँग मिल्ने चर्चित व्यक्तिकै मृत्यु भएको हो कि भन्ने आभास दिनेगरी समाचार सम्प्रेषण गरिदिने प्रवृत्ति पनि उत्तिकै छ । यसले गर्दा कानुनी कारवाहीको दायरामा तानिने त पक्कापक्की नै छ, त्यसले सिङ्गो पत्रकारिता जगतको मुहारमा हिलो छ्याप्ने काम गरिरहेको छ र हाम्रा सञ्चारमाध्यमहरूको विश्वसनीयता खर्लप्पै सकिएको छ । यद्यपि केही अनलाइनहरू पत्रकारिताका सिद्धान्त, मूल्यमान्यतालाई आत्मसात गर्दै जिम्मेवाररूपमा प्रस्तुत हुँदा पनि ती ओझेलमा परेका छन् र उनीहरू हुलमुलमा थिचिएका छन् । जब सञ्चारमाध्यमको विश्वसनीयता समाप्त हुन्छ, कुनै सञ्चारकर्मी वा सञ्चारमाध्यमका लागि योभन्दा दुःखद कुरा अरू के हुन सक्छ ? के यो सञ्चारकर्मी वा सञ्चारमाध्यमको मृत्यु वा अवसान होइन ?

के हामी आफ्नै मृत्यु रोज्न तयार छौं ? के हामी आफ्नै अवसान रोज्न तयार छौं ? मृत्यु वा अवसान रोज्न तयार छैनौं भने समाधानको बुटी पनि हामीसँगै छ । ऐनाअगाडि उभिएर आफ्नै अनुहारलाई नियाल्ने र फोहर देखिए धोइपखाली गरेर सुन्दर बनाउने कर्तव्य पनि हाम्रै हो । त्यसका लागि त्यति ठूलो लगानी वा त्याग पनि गर्नै पर्दैन । सामान्यभन्दा सामान्य कुराहरूमा सचेत भए पुग्छ ।

### "देर आए दुरूस्त आए"

ब्रेकिङ समाचार दिने, भिजिटर बढाउने, र्‍याङ्किङ बढाउने, इन्स्ट्याण्ट आर्टिकलबाट डलर कमाउने लोभमा धेरैजसो अनलाइन सञ्चालकहरू परेका हुन्छन् । यसले गर्दा चिप्लिने सम्भावना अत्यधिक रहन्छ । ब्रेकिङ समाचार दिने नाउँमा गल्ती गरेर धेरै तनाव दिने, सत्य नबुझेर कसैलाई लाञ्छित गर्ने, बदनाम गर्ने भन्दा 'देर आए दुरूस्त आए' भन्ने नीतिलाई आत्मसात गरेमा कहींकतै चुक्ने सम्भावना रहन्न वा कम हुन्छ । यसले गर्दा हाम्रो सञ्चारमाध्यमको विश्वसनीयता बढ्नेछ र अन्यत्र पढेका समाचारमा विश्वास नलागे पाठकले हाम्रो सञ्चारमाध्यम खोज्ने दिन पक्कै आउने छ र त्यसले दीर्घकालीनरूपमा हाम्रो सञ्चारमाध्यमको भिजिटर र र्‍याङ्किङलाई पनि फाइदा नै पुग्नेछ । यसले अन्ततः हाम्रो पत्रकारिताको अनुहार सङ्लो बनाउन पनि उत्तिकै भूमिका खेल्ने छ ।

### सत्य/तथ्यको चेकजाँच

कुनै पनि घटनाको सत्य/तथ्य चेकजाँच गर्ने प्रवृत्ति छँदै छैन भन्दा पनि हुन्छ । अधिकांश अनलाइनहरू कहींकतै केही देख्यो कि ब्रेकिङ हान्ने सुरमा हुन्छन् । कम्तिमा एकपटक सम्बन्धित स्रोतसँग बुझेर सत्य/तथ्य चेकजाँच गर्ने हो भने हाम्रा सञ्चारमाध्यमहरूको विश्वसनीयता फर्काउन सफल हुने थियौं । यसबाट अनावश्यकरूपमा कानुनी झण्झटमा फस्ने, तनाव झेल्ने र धम्की र खप्की खानुपर्ने अवस्थाबाट मुक्ति पनि मिल्नेछ ।

### आचारसंहिताको कडाईपूर्वक पालना

आचारसंहिताको कडाईपूर्वक पालना हामीले हाम्रो अनुहार सङ्लो र सफा बनाउने अचुक बुटी हो भन्दा अत्युक्ति नहोला । हामी आफैले आफ्ना लागि बनाएको आचारसंहिताको अक्षरशः पालना गर्नसकेमा सुनमा सुगन्ध हुनेछ । आचार भन्नाले कुनै नियम, सिद्धान्त आदिमा आउने र पालन गर्नुपर्ने आचरण तथा व्यवहारको परिष्कृत र नैतिक रूप बुझिन्छ । त्यसै आधारमा गरिने व्यवहार, रीति वा प्रथा, चालचलन,



बानीबेहोरा, चरित्र नै आचार हो । आचरण वा व्यवहारको परिष्कृत नैतिक नियम प्रतिपादित गरी लेखिएको शास्त्र वा विद्यालाई हामी आचारसंहिता भन्छौं । यही आधारमै प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासंघले नेपाली पत्रकारहरूका लागि ' आचारसंहिता' जारी गरेका हुन् ।

पत्रकार आचारसंहिता– २०७३ मा पत्रकार वा सञ्चारमाध्यमहरूले के गर्ने, के नगर्ने ? भन्ने कुरा स्पष्टसँग उल्लेख गरिएको छ । पत्रकार र सञ्चारमाध्यमहरूले पालना गर्नुपर्ने कर्तव्यमा १५ बुँदा र पत्रकार र सञ्चारमाध्यमले गर्न नहुने कुरामा १५ बुँदा समेटिएका छन् । १. प्रेस स्वतन्त्रताको संरक्षण र सम्वर्द्धन, २. मानव अधिकार, अन्तर्राष्ट्रिय सम्बन्ध र सुसूचित हुने हकको सम्मान, ३. पेशागत मर्यादा तथा व्यवहार, ४. सामाजिक दायित्व, ५. सम्पादकीय स्वतन्त्रताको सम्मान, ६. सत्यतथ्य, सन्तुलित र वस्तुनिष्ठ सूचना सम्प्रेषण, ७. समाचार, विचार र विज्ञापन छुट्टिने गरी सम्प्रेषण, ८. गोप्य स्रोतको संरक्षण, ९. गोपनीयताको हकको सम्मान, १०. भ्रमण तथा लेखनवृत्तिमा पारदर्शिता, ११. राष्ट्रिय विपद्मा संयम, १२. मत सर्भेक्षणमा सतर्कता, १३. अन्तर्वार्तामा सजगता, १४. अनलाइन सञ्चारमाध्यमको जिम्मेवारी र १५. गल्ती सच्याउने तत्परता गरी १५ बुँदामा हाम्रा कर्तव्यहरू के हुने भनेर स्पष्ट गरिएका छन् । त्यस्तै, (१) सार्वभौमसत्ता, राष्ट्रिय एकता र सामाजिक सद्भावमा खलल पुग्ने, २. भेदभाव हुने गरी र निजी स्वार्थपूर्तिका लागि सूचनाको सम्प्रेषण, ३. हिंसा, आतंक र अपराधलाई प्रश्रय हुने, ४. पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचनाको सम्प्रेषण, ५. घटनासँग असम्बन्धित व्यक्तिको नाम उल्लेख, ६. बीभत्स दृश्य र तस्वीर प्रकाशन वा प्रसारण, ७. फोटो तथा दृश्यको गलत प्रयोग, ८. विज्ञापनलाई समाचार र समाचारलाई विज्ञापनका रूपमा प्रस्तुति, ९. पोस्ट डिलिट, १०. अनुचित दवाब वा सम्बन्ध, ११. प्रविधिको अदृश्य प्रयोग, १२. न्याय निरूपणमा प्रभाव, १३. पेशागत मर्यादाविपरीत उपहार तथा पुरस्कार ग्रहण, १४. मर्यादा र आत्मसम्मानमा प्रतिकूल असर, १५. जनस्वास्थ्य वा व्यक्तिको स्वास्थ्यका सम्बन्धमा अतिरञ्जना जस्ता १५ बुँदामा पत्रकार र सञ्चारमाध्यमहरूले गर्न नहुने काम भनेर स्पष्ट व्याख्या गरिएको छ । र, यो आचारसंहिता अलिकति प्रयास गर्ने हो पनि सजिलै प्राप्त गर्न सकिन्छ ।

**निष्कर्ष**

समाचारको अङ्ग पूरा गर्नुपर्छ र त्यसका लागि समाचारसँग सम्बन्धित स्रोत तथा आधिकारिक व्यक्ति/निकायबाट पुष्टि गराउनु जरूरी छ । त्यसपछि दोहोरो जाँच गरियो र हामीले नै हाम्रा लागि बनाएको 'पत्रकार आचारसंहिता'लाई अक्षरशः पालना गरियो भने धेरै हदसम्म हामी सही ठाउँमा उभिएका हुनेछौं । विद्युतीय वा छापा सञ्चारमाध्यम तथा तिनमा कार्यरत पत्रकारहरूले आफ्नै आचारसंहितामा उल्लिखित बुँदाहरूलाई मात्रै अक्षरशः पालना गरेको अवस्थामा अनावश्यकरूपमा कानुनी उल्झनमा फस्ने, असन्तुलित समाचारका कारण अर्को पक्षबाट हुनसक्ने दवाव, धम्की वा भौतिक आक्रमणका घटना नहुने र समग्रमा आलोचनात्मक चेतसहितको जिम्मेवार, गरिमायुक्त, स्वस्थ, मर्यादित र व्यवसायिक पत्रकारिताको अभ्यासमा हामी हुनेछौं । त्यसका लागि ऐनाअगाडि उभिएर हामीले आफ्नै अनुहार हेर्न आवश्यक छ । आफ्नो कामको समीक्षा गर्न जरूरी छ । त्यसो भएमा सधैंभरि अरूलाई प्रश्न गरिरहने हामीतिर प्रश्न सोझिने छैनन् । प्रश्न गरिरहने हाम्रो हैसियतमाथि नै प्रश्न सोझियो भने वा हाम्रो कर्मप्रतिको जनविश्वास गुम्यो भने मान्नुस् हाम्रो पत्रकारिता र हाम्रो कर्म मर्नेछ । के हामी मर्न तयार छौं ? होइन भने आफ्नो पेशाप्रति गौरवबोध गर्ने वातावरण बनाउने अचुक बुटी वा जिम्मेवारी पनि तपाईहाम्रै हातमा छ ।

*(जीएम नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव तथा अनुशासन समितिका संयोजक हुनुहुन्छ ।)*

# प्रश्नको घेरामा पत्रकार




राजेश मिश्र
rajesh.reporter@gmail.com


**द्वन्द्व वा आन्दोलनका बेला कसैको डर धम्कीका कारण पत्रकारितामा 'सेल्फ सेन्सरसीप' थियो । यतिबेला त्यसको कारण 'स्वार्थ र मोह' भएको छ । मिडिया र पत्रकारको संख्या बढ्दै जानु तर, साख र विश्वास खस्किुन महत्वपूर्ण आजको चुनौति हो ।**

कार्यक्रम थियो– 'नागरिकको नजरमा मिडिया ।' अध्यक्षता गरिरहेका नेपाल पत्रकार महासंघका जिल्ला अध्यक्षलाई सिधा लक्षित गर्दै फ्लोरबाट प्रश्न आयो-'तपाईको पत्रिकामा नगरप्रमुखलाई आलोचना गरेर कहिल्यै लेख्नसक्नुहुन्छ ?' प्रश्नमा जोडिएका नगरप्रमुख पनि मञ्चमै आसीन थिए । प्रश्न सोध्नुको कारण थियो– महासंघका अध्यक्ष नगरप्रमुखका प्रेस सल्लाहकार हुनु । र, उनको दैनिक पत्रिकामा नगरपालिका लक्षित नकारात्मक समाचारले स्थान नपाउनु ।

त्यस्तै, सार्वजनिक कार्यक्रममा संघीय समाजवादी फोरम नेपालका एकजना सांसदको प्रश्न आयो– पत्रकारहरूको जय नेपाल, अभिवादन कमरेड र लाल सलामको समूहमा जय मधेश पनि थपिएछ । कसले लेखेको समाचार पत्याउने ?

अर्को प्रसंग, निजी क्षेत्रमा कार्यरत एक उच्च अधिकारीको प्रश्न थियो– 'पत्रकारलाई कारवाही हुन्न ? जे लेखे पनि छुट ?' मागेजति विज्ञापन दिन नसक्दा पत्रकारबाट पीडित भएको उनले अनुभव बाँड्दै थिए ।

सधैं अर्कालाई प्रश्न सोध्ने पेसा पत्रकारिता । सरकार, सरकारी निकाय, संघ/संस्था, राजनीतिक दल, नेतादेखि कर्मचारीसम्मलाई जनताप्रति जिम्मेवार र उत्तरदायी बनाउने यस पेशाको काम हो । एकजना पत्रकारको दैनिकी नै हो– प्रश्न सोध्ने, स्वस्थ आलोचना/टीकाटिप्पणी गर्ने ।

अरूलाई जिम्मेवार बनाउने भूमिकामा रहने पत्रकार आफै आफ्नो पेशाको अनुशासन, मर्यादा र आचारसंहिताप्रति कति जिम्मेवार ? समाजले प्रश्न उठाउन थालेको छ । पत्रकारले गर्ने काम, उसले छाप्ने वा प्रसारण गर्ने समाचार सामग्री/कार्यक्रम, व्यक्तिगत आनीबानी, राजनीतिक सक्रियता जस्ता विषयहरूमाथि सार्वजनिक रूपमा प्रश्नहरू बर्सिन थालेका छन् । पत्रकारमाथि कायम समाजको विश्वसनीयता नै यतिबेला संकटमा पर्न थालेको छ । पत्रकार र समाजबीचको कसिलो सम्बन्धमा अविश्वासको खाडल बढ्नु पत्रकारिता पेशा र पत्रकारका लागि सुखद क्षण होइन । पाठक, स्रोता र आममानिसको विश्वास गुमाएको दिन पत्रकारिता 'मर्छ' ।

२०४६ सालको प्रजातन्त्रपछि नेपालमा प्रेस स्वतन्त्रताको वातावरण बनेको र त्यसपछि मात्रै व्यवसायिक ढंगले सञ्चारमाध्यमहरूको विकास भएको हो । जिल्ला जिल्लामा प्रिन्ट, एफएमहरू ठूलो संख्यामा सञ्चालनमा आए । काठमाडौंमा मात्रै केन्द्रीत टेलिभिजनहरू अहिले प्रदेशस्तर र ठूला शहरहरूसम्म पुगेका छन् । अनलाइनको त बाढी नै छ । हजारौंको संख्यामा खुलेका मिडियाले ठूलो संख्यामा पत्रकारको उत्पादन गरेको छ । अधिकांश स्वरोजगारमुखी तथा साना लगानीका मिडियाहरूका प्रकाशक नै पत्रकार पनि छन् । नेताहरूको रूचीमा पनि सञ्चार माध्यमको स्थापना भएका छन् । जिल्ला जिल्लामा दलगत मात्रै होइन, नेता केन्द्रित एमएम र पत्रपत्रिका छन् । ठूला मिडियाहरूमा 'कर्पोरेट इन्टरेस्ट' हावी हुने, लगानीको स्रोत पारदर्शी नहुनुले पत्रकारिताले बाटो बिराउँदै गएको छ ।

गतवर्ष तीन तहको निर्वाचन सम्पन्न भएपछि तीन तहका सरकारहरू गठन भएका छन् । प्रत्येक तहको सरकारको काम कारवाहीमाथि प्रश्न उठाउने जनताप्रति जिम्मेवार बनाउने र त्यसका लागि पत्रकारको भूमिका बढाउने बेला हो । अझ, स्थानीय सरकार त प्रतिपक्षीविहीन छ । प्रदेश र केन्द्रमा प्रतिपक्षीको संवैधानिक व्यवस्था छ । तर गाउँ र नगरसभामा प्रतिपक्षीको व्यवस्था छैन । स्थानीय सरकारमाथि निगरानी राख्ने सम्पूर्ण जिम्मेवारी पत्रकारकै हो । तर, पत्रकारले आफ्नो व्यवसायिक भूमिकाका लागि भन्दा पनि स्रोतसाधनको पहुँचका रूपमा त्यस अवसरलाई उपयोग गर्न थालेपछि स्थायी प्रतिपक्षीको भूमिका गुमाउँदै गएको छ । आफ्नै व्यवहारले पत्रकारहरू 'सेल्फ सेन्सरसीप' को मारमा पर्दैछन् । द्वन्द्व वा आन्दोलनका बेला कसैको डर धम्कीका कारण पत्रकारितामा 'सेल्फ सेन्सरसीप' थियो । यतिबेला त्यसको कारण 'स्वार्थ र मोह' भएको छ । काठमाडौंको चलन तलसम्म सरेको छ । मेयर, उपमेयर, अध्यक्ष, उपाध्यक्षदेखि वडाध्यक्षसम्मले प्रेस सल्लाहकार राख्न थालेका छन् । पत्रकारबाट प्रेस सल्लाहकार बनेकाको काम नै समाचार लुकाउने बनेको छ । लोकप्रिय हुने प्रचारमुखी विषयमात्रै बाहिर ल्याउने उनको दिनचर्या हो । अर्कोतिर दलीय निकटता, विज्ञापन वा आफ्ना संस्थालाई कार्यक्रम/बजेट प्राप्त गर्ने नाममा पनि पत्रकारहरू स्थानीय सरकारसँग निकट सम्बन्धमा जोडिएका छन् ।

केन्द्र र प्रदेशस्तरमा मन्त्री र सांसदपिच्छे पत्रकारको निकटता बढेको छ । आफू सम्बद्ध दल निकटका नेता विरूद्धका समाचार लेखिए दलबाट आउने स्पष्टीकरणको सामना गर्नुपर्ने अवस्था पत्रकार स्वयंले बनाएका छौं । दलबाट भविष्यमा पाउन सक्ने अवसर गुम्नसक्ने संशयले पनि पत्रकारिता कमजोर बनेको छ । 'सेल्फ सेन्सरसीप' को व्यवहार हावी हुँदै गएको छ ।

'स्वस्थ आलोचना' पत्रकारिताको धर्म र कर्म दुबै हो । तर, व्यक्तिगत वा राजनीतिक निकटता तथा स्वार्थ भावले पत्रकारितामा रहेको आलोचनाको शक्ति गुम्दै गएको देखिन्छ । जुन सिंगो पत्रकारिता पेशाकै लागि घातक हो । सामाजिक सञ्जालमा आफूनिकट नेता र दलको पृष्ठपोषकका रूपमा देखिने व्यवहारले पनि पत्रकारको विश्वसनीयता दिनदिनै ओरालो लाग्दै गएको छ । आफूलाई सहयोग गर्ने वा समर्थकलाई 'हाइलाइट' गर्ने र अरूलाई खेद्ने व्यवहारले सिंगो पत्रकारिता जगत समस्यामा पर्दैछ ।

व्यक्ति मात्रै होइन, संस्थागत रूपमै पनि चुनौती थपिएको छ । पत्रकारिता क्षेत्रका नाममा प्रदेश तथा स्थानीय सरकारहरूले छुट्याउने रकम ठूलो भएको छ । दुई वर्ष अगाडिसम्म पत्रकारिता क्षेत्रका लागि ५० हजारदेखि बढीमा ५ लाखसम्मको स्रोत रहेको जिल्लामा त्यो स्रोत पचासौं लाखसम्म पुगेको छ । महासंघ र पत्रकारितासँग सम्बन्धित अन्य संघ/संस्थाहरू मार्फत ती बजेट परिचालन हुँदैछ । ती



स्रोतको सही व्यवस्थापन हुन नसकेको प्रश्नहरू उठ्न थाल्दा पत्रकारका संस्थाहरूपनि आर्थिक विचलनको चपेटामा पर्ने चिन्ता बढाएको छ ।

समाजमा गलत गर्नेले पत्रकारसँग डराउनुपर्छ । तर, पत्रकारले नै गलत बाटो लिएपछि राम्रा र असल काम गर्नेहरू पनि डराउन थालेका छन् । पत्रकारसँग व्यवहार नमिलाउँदा जथाभावी लेखिने त्रास बढेको छ ।

मिडिया र पत्रकारको संख्या बढ्दै जानु तर, शाख र विश्वास खस्किनुआजको महत्वपूर्ण चुनौती हो । पत्रकारिता नागरिकका लागि हो । तर, नागरिक नै पत्रकारबाट टाढिन थाले, पत्रकारिताको के अर्थ रहन्छ ? दल, नेता, सरकार, व्यवसायी, ठेकेदार, प्रहरी, प्रशासनसँग बढी अन्तरघुलित हुने तर, जनतासँग टाढिदै जाने अवस्थामा सही अर्थमा पत्रकारिता हुन सक्दैन ।

समाजसँगको बढ्दै गएको 'ग्याप' लाई कम गर्दै लग्नु पत्रकारिता पेसामा लागेका सबैको तथा पत्रकारितासँग जोडिएका विभिनन संघसंस्थाका साथै आम पत्रकार हरूको साझा संस्था नेपाल पत्रकार महासंघको पहिलो र महत्वपूर्ण दायित्व हो ।

महासंघले पत्रकारहरूलाई समाजमा सबल ढंगले स्थापित गराउन, कमीकमजोरी केलाउन र कमजोरी सुधार्न सहयोगी होस भन्ने उद्देश्यले पत्रकारमाथि 'सार्वजनिक सुनुवाई' कार्यक्रम सञ्चालनमा ल्याएको छ । जहाँ नागरिक समाज, राजनीतिक दल, सरकारी निकायका अधिकारीले पत्रकारका कमीकमजोरी पत्रकार हरूकै माझ केलाउने गरेका छन् । महासंघको उक्त अभियान समाज र पत्रकारबीचको बढ्दो 'ग्याप'लाई कम गर्न मद्दत पुऱ्याइरहेको विश्वास गरिएको छ । मिडियाप्रति नागरिक समाजको सचेतना बढाउन पनि त्यसले भूमिका खेलेको छ । सहभागीले पत्रकारका कमीकमजोरी केलाउने, पत्रकार र पत्रकारिताकाबारे खुलस्त बहस हुने पत्रकारमाथि सार्वजनिक सुनवाई कार्यक्रमको व्यापकता आजको अपरिहार्यता छ ।

दुई दर्जन बढी जिल्लामा गरिएका त्यस्ता कार्यक्रमहरूको निष्कर्ष देखिन्छ– 'पत्रकार र पत्रकारितालाई सुधारौं । चाकरी होइन, आलोचनात्मक पत्रकारिता गरौं ।'

*(मिश्र नेपाल पत्रकार महासंघका केन्द्रीय कोषाध्यक्ष हुनुहुन्छ ।)*

# आवश्यकता आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको



कृष्ण गिरी
krishnagiri123@gmail.com

परम्परागत हिसावको पत्रकारिताबाट अब 'अडियन्स'को सूचना प्राप्त गर्ने चाहना पूरा गर्न सकिदैन । त्यसैले समय अनुसारको पत्रकारिताका लागि पत्रकार हरूको दक्षता अभिवृद्धि गर्न सरकारले तुरून्त आमसञ्चार प्रशिक्षण प्रतिष्ठान गठन गर्नुपर्दछ ।

नेपालमा आमसञ्चार क्षेत्रको गुणात्मक विकासका लागि आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको आवश्यकताबारे बहस हुन थालेको लामो समय भइसकेको छ । राष्ट्रिय आमसञ्चार नीति, २०७३ ले पनि आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको आवश्यकता र औचित्यलाई पुष्टि गर्दै प्रतिष्ठान स्थापना गर्ने विषयलाई उच्च प्राथमिकतामा राखेको छ ।

राष्ट्रिय आमसञ्चार नीति, २०७३ को बुँदा नम्बर २.२० मा भनिएको छ- 'पत्रकारिता पेसालाई व्यावसायिक र मर्यादित बनाउन आमसञ्चारसम्बन्धी अध्ययन, अनुसन्धान र प्रशिक्षणद्वारा सञ्चारकर्मीहरूको सीप तथा दक्षता अभिवृद्धि र अद्यावधिक गर्न एवम् उच्चतम व्यवसायिक अभ्यासका लागि प्रेरित गर्न राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना गरिनेछ ।'

त्यसैगरी, बुँदा नम्बर २.२१ मा 'पत्रकारिता र सञ्चार क्षेत्रको इतिहास र प्रविधिको विकासक्रम झल्किने गरी सूचना तथा सञ्चार क्षेत्रमा प्रयोग भएका सामग्रीहरूको समूह र प्रदर्शनी, यस क्षेत्रका पुराना उपकरण, सामग्री तथा प्रकाशनको सङ्कलन र संरक्षण एवम् आमसञ्चार क्षेत्रको अध्ययन, अनुसन्धानका लागि नेपाल सञ्चार सङ्ग्रहालय तथा अध्ययन प्रतिष्ठान स्थापना गरिनेछ' उल्लेख छ ।

नेपाली पत्रकारहरूको छाता सङ्गठन नेपाल पत्रकार महासंघले आमसञ्चार प्रशिक्षण प्रतिष्ठान गठन गर्न सरकारसँग पटकपटक माग गर्दै आएको छ । महासंघले देशभरका सबै पत्रकारहरूलाई तालिम, अध्ययन, अनुसन्धान कार्यका लागि सहज होस् भनेर पूर्व-पश्चिमको लगभग केन्द्र भागमा पर्ने चितवन जिल्लामा बृहत क्षेत्रफलमा प्रतिष्ठानको केन्द्र स्थापना गर्नसमेत सरकारसँग माग गरेको छ । गोविन्द आचार्य नेतृत्वको वर्तमान कार्यसमितिले सरकारसँग यस्तो माग गरेको हो ।

राष्ट्रिय आमसञ्चार नीति, २०७३ आएको दुई वर्ष भइसक्दा पनि यसमा प्रतिबद्धता जनाइएअनुसार सरकारले आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना गर्नसकेको छैन । सरकारी तवरमा बेलाबखत यसबारे कुरा उठेपनि गठनका लागि उति धेरै तदारूकता देखाएको पाइँदैन ।

२०४६ को राजनीतिक परिवर्तनपछि नेपालमा मिडिया उद्योग फस्टाएको छ । २०४७ सालको संविधानले प्रकाशन/प्रसारण सम्बन्धी अधिकारलाई मौलिक हकको रूपमा प्रत्याभूत गर्‍यो । त्यसपछि नै नेपालमा व्यवसायिक पत्रकारिताको युग शुरू भयो, मिडियामा निजी क्षेत्रबाट लगानी बढ्न थाल्यो र उद्योगको रूप लिन सफल भयो । बहुदलीय व्यवस्थाको डेढ दशकसम्म नेपाली मिडियाले सामान्यतः स्वतन्त्र अभ्यास गर्ने मौका पायो । तर २०६१ माघ १९ गते तत्कालीन राजा ज्ञानेन्द्र शाहले जननिर्वाचित सरकारलाई सत्ताच्यूत गरी शासनसत्ता आफ्नो हातमा लिएपछि भने सञ्चारमाध्यममाथिनै पहिलो हमला भयो । शाही 'कू' को अवधिमा नेपाली सञ्चार उद्योग र पत्रकारहरूमाथि चर्को दमन र हतोत्साही गर्ने काम भयो ।

२०६२/०६३ को जनआन्दोलनको बलमा लोकतन्त्र स्थापना भएपछि भने नेपाली सञ्चारमाध्यम र पत्रकार हरूले राहतको श्वास फेर्न पाए । त्यसयता नेपाली सञ्चार जगतले प्रेस स्वतन्त्रताको उपभोगमा छिटपुट घटनाबाहेक ठूलो व्यवधान व्यहोर्नु परेको छैन । तर पत्रकारिता क्षेत्रको व्यवसायिक विकास गर्ने कार्यमा लोकतान्त्रिक सरकारलेसमेत ध्यान दिन नसक्दा यसको गुणात्मक विकासमा आशातीत उपलब्धि हासिल हुन नसकेको तीतो यथार्थ हाम्रासामु विद्यमान छ ।

नेपालको संविधान २०७२ को प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेण्टी गरिएको छ । संविधानमा वाक स्वतन्त्रता, सञ्चारको हक, सूचनाको हकलाई मौलिक हकको रूपमा उल्लेख गरिएको छ । लोकतान्त्रिक गणतन्त्र स्थापनापछि नेपाली आमसञ्चार माध्यमको सङ्ख्यात्मक बृद्धिसँगै गुणात्मक विकास पनि माथि उठेको छ । नेपाल पत्रकार महासंघलगायत विभिन्न पेशागत सङ्घसङ्गठन तथा पत्रकारहरूको आफ्नै बुता र निजी क्षेत्रका मिडिया संस्थाहरूको पहलमा गुणात्मक विकासमा केही उपलब्धि भने हासिल भएको छ । तर नेपाली पत्रकारितालाई अझ बढी व्यवसायिक, जिम्मेवार र जवाफदेही बनाउन जरूरी छ र त्यसका लागि पत्रकारहरूको दक्षता अभिवृद्धि, पेशागत विषयमा नयाँ नयाँ जानकारी प्राप्त गर्ने अवसर र पत्रकारिता क्षेत्रबारेको खोज अनुसन्धानलाई प्राथमिकता दिनुपर्दछ । जसरी राज्यले संविधानमा प्रेस स्वतन्त्रताको ग्यारेण्टी गरेको छ, यसलाई व्यावहारिक रूपमा संरक्षण, सम्बर्द्धन गर्ने दायित्व पनि राज्यकै हुन्छ । त्यसैले आमसञ्चार प्रशिक्षण प्रतिष्ठान गठनको नीतिलाई सरकारले नीतिमा मात्रै सीमित नराखी वास्तविकतामा रूपान्तरण गर्नुपर्ने आवश्यकता टड्कारो छ ।

नेपाल पत्रकार महासंघ, प्रेस काउन्सिल नेपाल, नेपाल प्रेस इन्स्टिच्यूट, मिडिया प्वाइन्ट, नेपाल वातावरण पत्रकार समूह, सञ्चारिका समूहलगायतले स्रोत जुटाएर पत्रकारहरूलाई पत्रकारिता तालिम प्रदान गर्ने गरेका छन् । तर आर्थिक स्रोतको अभावले त्यस्ता तालिमले निरन्तरता पाउन सकेका छैनन् । यी र अन्य केही संस्थाले प्रदान गरेका तालिम पाउने पत्रकारले जीवनमा एक/दुईपटक पाएका त्यस्ता अवसरबाट सिकेको ज्ञानलाई आधार मानेर आधुनिक युगको प्रतिष्पर्धात्मक पत्रकारितालाई अगाडि बढाउनु परिरहेको छ ।

नेपाल प्रेस इन्स्टिच्यूट, मिडिया प्वाइन्ट, सञ्चारिका समूहले आफूले प्रदान गर्ने तालिमका लागि केही पाठ्यक्रम (Curriculum) तयार पारेका छन् । तर अन्य संस्थाले तालिमका लागि त्यस्तो कुनै पाठ्यक्रम तथा म्यानुअल तयार गरेका छैनन् । प्रशिक्षकले आ–आफ्नै ढङ्गले तालिम दिने गरेका छन् । यस्तो अवस्थामा पत्रकारिता तालिमका लागि गरिएका सबै लगानीले अपेक्षित परिणाम दिन सक्छन् भन्न सकिँदैन । आमसञ्चार प्रशिक्षण प्रतिष्ठान गठन भएमा प्रतिष्ठानले प्राज्ञहरूसँगको समन्वयमा पत्रकारिता तालिमको करिकुलम र म्यानुअलसमेत तयार पार्ने अपेक्षा गरिएको छ । त्यसैगरी, पत्रकार, सञ्चारकर्मीलाई प्रशिक्षण दिन मात्रै होइन दक्ष प्रशिक्षक उत्पादन गर्नका लागिसमेत आमसञ्चार प्रशिक्षण प्रतिष्ठान उत्तिकै आवश्यक छ ।

पत्रकारिताका विभिन्न आयामबारे खोज अनुसन्धान नेपाली पत्रकारितामा अत्यन्तै खट्किएको विषय हो । नेपाली पत्रकारिता क्षेत्रका विषयवस्तुमा नेपाल पत्रकार महासंघ, प्रेस काउन्सिल नेपाल, मार्टिन चौतारीलगायत विभिन्न संस्थाले बेलाबखत खोज अनुसन्धान गरेर

प्रकाशन पनि गर्दै आएका छन् । कलेजका विद्यार्थीले तयार पार्ने शोधग्रन्थ कलेजकै दराजमा थन्किने गरेका छन् । विशेषगरी आर्थिक अभाव, दक्ष जनशक्तिको कमी तथा त्यसलाई नेतृत्व गर्ने बलियो संस्था नभएको कारण पत्रकारिता क्षेत्रका विभिन्न पक्षहरूबारे बृहत रूपमा खोज अनुसन्धान हुन सकेको छैन । नेपाली पत्रकारिता क्षेत्रका विविध पक्षहरूको गहिरो अध्ययन, अनुसन्धान गरी समस्या र आवश्यकताको पहिचान गर्न आवश्यक छ र त्यस्तो अध्ययन अनुसन्धानले निरन्तरता पाउनुपर्दछ । त्यसका लागि राष्ट्रिय आमसञ्चार नीतिमा व्यवस्था भएअनुसार आमसञ्चार प्रशिक्षण प्रतिष्ठान र नेपाल सञ्चार सङ्ग्रहालय तथा अध्ययन प्रतिष्ठान तुरून्त स्थापना गर्नुपर्दछ । यी दुई प्रतिष्ठान एक आपसमा सम्बन्धित हुनाले कार्यालय पनि सँगसँगै राख्नु उपयुक्त हुन्छ ।

नेपाल पत्रकार महासंघका १३ हजार ५० जना सदस्य छन् । न्यूनतम पारिश्रमिक निर्धारण समितिको श्रमजीजी पत्रकार पारिश्रमिक अध्ययन प्रतिवेदन २०७० मा उल्लेख भएअनुसार देशभरका मिडिया हाउसहरूमा करिव २५ हजार पत्रकार, ७५ हजार मजदूर र कर्मचारीसमेत गरी  एक लाखको हाराहारीमा जनशक्ति कार्यरत रहेको अनुमान छ ।

पत्रकारिता एउटा पेशा त हो नै खासमा समाज र समग्र राष्ट्रलाई नै दिशानिर्देश गर्ने एउटा महत्त्वपूर्ण जिम्मेवारी पनि हो । त्यसैले पनि नागरिकलाई सुसूचित गर्ने, हरेक क्षेत्रलाई राम्रोसँग दिशानिर्देश गर्ने, राज्यको चौथो अङ्गको रूपमा मानिएको पत्रकारिता क्षेत्रको विकासमा राज्यले लगानी गर्नैपर्छ । केही अन्तर्राष्ट्रिय दातृ निकाय र गैरसरकारी संस्थाले कहिलेकाहीँ पत्रकारिता तालिमका लागि सहयोग गर्ने गरेका छन् । त्यसभित्र अवश्यै उनीहरूको रूची लुकेको हुन्छ । त्यसैले पत्रकारहरूलाई दक्ष बनाउने कार्यमा राज्यकै लगानी आवश्यक पर्दछ । यसैका लागि हामीले भन्दै आएका हौँ, आमसञ्चार प्रशिक्षण प्रतिष्ठान ।

राजनीतिक नेतृत्वले पत्रकारहरूका मञ्च पाउनेबित्तिकै नेपालको राजनीतिक परिवर्तनका आन्दोलनमा पत्रकार हरूको भूमिकाको प्रशंसामा समय खर्चिने र मख्ख पार्ने गरेका छन् । तर पत्रकारितालाई समृद्ध बनाउन सरकारबाट गर्नुपर्ने लगानीका सन्दर्भमा उनीहरू मौन रहने गरेका छन् । पत्रकारहरूको अध्ययन तथा दक्षता अभिवृद्धिमा उचित लगानी हुन नसक्दा पत्रकारिता क्षेत्रले अपेक्षित प्रतिफल दिन सक्दैन । राजनीतिक नेतृत्व र सरकारका प्रतिनिधिले पत्रकारहरूको भूमिकाको प्रशंसा गरेर मात्रै पुग्दैन अन्य क्षेत्रका लागि जस्तै पत्रकारिता क्षेत्रलाई पनि अब्बल बनाउन आवश्यक लगानी गर्नुपर्दछ ।

राज्यले हरेक क्षेत्रमा लगानी गर्छ, त्यसअनुरूप पत्रकारिता क्षेत्रको विकासका लागि पनि लगानी आवश्यक छ । जस्तो कि, शिक्षामा लगानीको विषयमा कुरा गर्दा कृषि र पशु विज्ञान अध्ययन गर्ने विद्यार्थी तथा यस क्षेत्रमा लामो-छोटो अवधिको तालिमका लागि राज्यले लगानी गरिरहेको छ । लगानी एउटा विद्यार्थी, एउटा व्यक्तिमा हुन्छ । तर त्यसबाट राज्यले प्रतिफल पाउने अपेक्षा गरिएको हुन्छ । उसले राज्यलाई योगदान गर्ने अपेक्षाले नै एकजना कृषि अध्ययन गर्ने (सरकारीमा) विद्यार्थीका लागि राज्यले लाखौँ रूपैयाँ लगानी गरेको हुन्छ । पत्रकारिता क्षेत्रबाट पनि समाज, राष्ट्रले प्रत्यक्ष, अप्रत्यक्ष लाभ प्राप्त गरिरहेको हुन्छ । त्यसैले यसका लागि आवश्यक लगानी गर्न सरकार हिच्किचाउनु हुँदैन ।

लोकतान्त्रिक राज्य व्यवस्थामा चौथो अङ्गको रूपमा मानिने पत्रकारिताले नागरिकको सूचनाको हक रक्षाका लागि, लोकतन्त्रलाई जीवन्त बनाइरहनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको हुन्छ । प्रेस काउन्सिलले पत्रपत्रिकाको वर्गीकरण गरेर लोककल्याणकारी विज्ञापन उपलब्ध गराउँदै त आएको छ तर यसबाट पत्रकारहरूको ज्ञान, सीप अभिवृद्धिमा योगदान पुगेको मान्न सकिदैन । त्यसका लागि पत्रकारहरूले आफ्नो सीप तिखार्ने थलोको खोजी गरिरहेका र सरकारसँग आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापनाका लागि पटकपटक आग्रह गर्दै आएका हुन् ।

पत्रकारिता नागरिकमा सूचना, विचार प्रदान गर्ने क्षेत्र हो भन्ने सबैलाई थाहा छ । अर्कोतर्फ सञ्चार प्रविधिमा निकै परिवर्तन आइरहेको छ, जसको जानकारी बिना सञ्चारकर्म अब फिक्का हुन्छ । त्यसैले समय अनुकूल पत्रकारहरूको ज्ञान, सीप, दक्षता अभिवृद्धिमासमेत ध्यान दिनैपर्छ । लोकतन्त्रलाई मजबुत बनाउने हो भने यो राज्यकै दायित्व हो भन्ने सम्झनुपर्दछ ।

नेपालमा २०३० को दशकदेखिनै औपचारिक रूपमा पत्रकारिता शिक्षाको आरम्भ भएको हो । अहिले कक्षा ९ देखि विद्यावारिधि तहसम्म पत्रकारिता अध्ययन अध्यापन हुन्छ । त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, काठमाडौँ विश्वविद्यालय र मध्यपश्चिमाञ्चल विश्वविद्यालयले पत्रकारिता शिक्षा अध्यापन गराइरहेका छन् । त्रिभुवन विश्वविद्यालय र नेपाल संस्कृत विश्वविद्यालयमा पत्रकारिता र सञ्चार विषयमा विद्यावारिधि तहसमेत छ । त्रिभुवन विश्वविद्यालय अन्तर्गत स्नातकोत्तरमा अध्ययनका लागि स्नातक तहमा पत्रकारिता नै अध्ययन गरेको हुनुपर्ने प्रावधान छ । तर अन्य विश्वविद्यालयले यस्तो प्रावधान नराखेपनि अध्ययन शुल्क निकै महङ्गो छ ।

जुनसुकै विषयमा उच्च शिक्षा अध्ययन गरेका विद्यार्थीहरूसमेत अहिले पत्रकारिता क्षेत्रमा आकर्षित भएको पाइन्छ । पत्रकारिता पेशामा आबद्ध हुनका लागि पत्रकारिता विषयमा नै उच्च शिक्षा हासिल गरेको हुनुपर्छ भन्ने त छैन तर पत्रकारिताका आधार भूतदेखि विशिष्ट ज्ञान, सीप, दक्षता हासिल गर्नु भने आवश्यक छ । पत्रकारिता गर्न वा पत्रकारिता

गरिरहेको व्यक्तिले पत्रकारिता विषयमा उच्च शिक्षा अध्ययन गर्नुको विशिष्ट महत्व हुन्छ । पत्रकारिता एवम् आमसञ्चार जस्तो प्रविधिसँगै चलायमान हुनुपर्ने र सधैँ नयाँ खोज भइरहने क्षेत्र भएकोले त्यसका लागि आवश्यक ज्ञान, सीप हासिल गरिरहनुपर्छ । नेपालमा विविधखाले जनशक्ति पत्रकारिता क्षेत्रमा क्रियाशील छ । अर्कोतर्फ उच्च तहको शिक्षामासमेत व्यवहारिक सीपलाई कम महत्त्व दिने गरिएकोले व्यवसायिक पत्रकार बन्नका लागि थप सीपको विकास गर्नु हाम्रो सन्दर्भमा अति आवश्यक छ । 'घन घोटी बञ्चरो' भनेझैं कार्यक्षेत्रमा रहेका पत्रकारहरूलाई पुनर्ताजगी प्रदान गर्न र नवप्रवेशीहरूलाई व्यवहारिक ज्ञान, सीप प्रदान गरेर दक्ष पत्रकार उत्पादन गर्न नेपालमा आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापनामा अब ढिलाई गर्नु हुँदैन ।

नेपालमा पत्रकारिता क्षेत्रबाट धेरै आशा, अपेक्षा गर्ने गरिएको छ । जुन क्षेत्रबाट राज्यले यतिधेरै आशा र अपेक्षा गरेको छ, त्यस क्षेत्रमा लगानीबिना प्रतिफल सम्भव छैन । पत्रकारिताको स्वरूप बदलिएको छ । हिजो लेटर प्रेसमा अक्षर मिलाएर पत्रिका छाप्ने पुस्तादेखि मल्टिमिडियाको प्रयोगमा अभ्यस्त पुस्तासम्म आज नेपाली पत्रकारितामा छ । परम्परागत हिसावको पत्रकारिताबाट अब 'अडियन्स'को सूचना प्राप्त गर्ने चाहना पूरा गर्न सकिदैन । त्यसैले समय अनुसारको पत्रकारिताका लागि पत्रकारहरूको दक्षता अभिवृद्धि गर्न सरकारले तुरुन्त आमसञ्चार प्रशिक्षण प्रतिष्ठान गठन गर्नुपर्दछ । यस्तो महत्वपूर्ण प्रतिष्ठान स्थापनाको अवधारणा नीतिमा मात्रै सीमित राख्नु राज्यको लागि नोक्सानी हो । पत्रकारिताका विविध पक्षबारे अध्ययन, अनुसन्धान, प्रकाशन र समस्याको सम्बोधनसमेत गर्ने क्षमता, अधिकार राख्नेगरी स्थापना गरिने यस्तो थलो केवल पत्रकारहरूको मागको सम्बोधन मात्रै होइन समयको आवश्यकतासमेत हो ।

*(गिरी नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य हुनुहुन्छ ।)*

गतिविधि

# द्वन्द्व र पत्रकारिता विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न




काठमाडौं । नेपाल पत्रकार महासंघका उपाध्यक्ष विपुल पोखेलले विगतमा नेपालको सञ्चार क्षेत्रले अत्यन्त द्वन्द्वको सामना गर्नुपरेको बताउनु भएको छ ।

नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिल नेपालको संयुक्त आयोजना र कास्मीरका  पत्रकारहरूको सहभागितामा भएको द्वन्द्व र पत्रकारिता विषयक अन्तरक्रिया कार्यक्रमा उहाँले जनतालाई सत्यतथ्य सूचना दिनु र द्वन्द्व अन्त्यका लागि भूमिका खेल्नु द्वन्द्व पत्रकारिताको उद्देश्य रहेको बताउनुभयो ।

कार्यक्रममा जम्मु प्रेस क्लबका अध्यक्ष अश्विनीकुमारले विगतको तुलनामा कास्मिरमा प्रेस स्वतन्त्रता हननका घटनामा सुधार आएको बताउँदै कास्मिरले पत्रकारिताको क्षेत्रमा फड्को मारेको बताउनुभयो ।

महासंघका सल्लाहकार तीर्थ कोइरालाले द्वन्द्वका बेला पत्रकारको सुरक्षामा चुनौती हुने भए तापनि पत्रकारहरूले त्यसबाट ज्ञान हासिल गर्ने धारणा राख्नु भएको थियो भने प्रेस काउन्सिल नेपालका सदस्य ईश्वरी ओझाले जुनसुकै सरकार आए पनि पत्रकारिता पेशा सुरक्षित हुन नसकेको बताउनु भएको जियो ।

कार्यक्रममा बीबीसी वर्ल्डका पत्रकार नवीनसिंह खड्काले द्वन्द्व पत्रकारिताको बारेमा आफ्नो धारणा राख्नुभएको थियो ।

# मोफसलमा रहेका महिला पत्रकारको अवस्था र चुनौती



मन गहिरे
gahiremana@gmail.com

**१५/२० बर्षसम्म निरन्तर मिडियामा काम गरेका महिला पत्रकारहरू उत्तरार्द्धमा गएर पेशाबाट पलायन हुनु परेको अवस्था, बौद्धिक श्रमको उचित मूल्याङ्कन नभएको भुक्तभोगी मोफसलका महिला पत्रकारहरू बताउँछन् । अब राज्यले आमसञ्चारमा महिलाहरूको पहुँच बढाउन महिला सञ्चारकर्मीहरूका लागि विशेष कार्यनीति ल्याउन जरूरी छ ।**

लोकतन्त्रको पुनर्वहालीसँगै मुलकको सञ्चार क्षेत्रमा आमूल परिवर्तनहरू भए । संविधानको प्रस्तावनामै पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई अंगिकार गरिएको छ । मुलुक केन्द्र, प्रदेश र स्थानीय तहमा गइसकेको अवस्था छ । लोकतन्त्रको विकास र संरक्षण गर्नका लागि मोफसलमा रहेका सञ्चारकर्मीहरूको महत्वपूर्ण भूमिका रहन्छ । राज्यको चौथो अङ्गको रूपमा रहेको पत्रकारिता क्षेत्र आफैमा जटिल विषय भए तापनि महिला पत्रकारहरू विभिन्न सञ्चारमाध्यमहरूमा होमिएका छन् ।

हुन त आमसञ्चार जगतमा महिला सञ्चारकर्मीहरूको सहभागिता न्यून देखिन्छ । महिला पत्रकारको सहभागिता बढाउन नसकेकै कारणबाट पनि व्यवसायिकरूपमा पत्रकारिता गर्ने महिला सञ्चारकर्मीहरू ज्ञान, सीप र क्षमता हुँदाहुदै पनि पेशाबाट बाहिरिएका तमाम घटनाहरू छन् । तसर्थ मोफसलमा रहेर काम गर्ने महिला पत्रकारको अवस्था र चुनौतीहरूको विषयलाई नै यहाँ उठान गरिएको छ ।

राज्यले कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जातजाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव नगरिने कुरा समानताको हकमा उल्लेख छ ।तर, महिला पत्रकारहरू यसबाट बञ्चित रहेको देखिन्छ । नेपाल पत्रकार महासङ्घ केन्द्रीय कार्यालयका अनुसार महासंघमा १३ हजार ५० जना जम्मा पत्रकारमध्ये २ हजार ३ सय ५४ जना मात्र महिला पत्रकारको संख्या रहेको छ ।सम्पादक पदमा ३२ जना महिला पुगेका छन् । १ हजार ५० पार्षदहरूमध्ये जम्मा ५३ जना महिला पार्षद रहेको अवस्था छ । देशभरिको नेपाल पत्रकार महासंघबाट सदस्यता प्राप्त तथ्यांकले यो देखाएको हो । त्यसैगरीमहासंघकै सदस्यता प्रतिवेदनमा हेर्दा उपत्यका र प्रदेश नं. ३ छोडेर त्यस बाहेकका प्रदेशहरूमध्ये प्रदेश नं. १ मा १४ सय ३४ जम्मा पत्रकार संख्यामध्ये २ सय ८७ महिला पत्रकारको संख्या रहेको छ । त्यसैगरी प्रदेश नं. २ मा ८ सय ५० जम्मा पत्रकारमध्ये १ सय ११ मात्र महिला पत्रकार सदस्य छन् । प्रदेश नं. ४ मा ९ सय ७४ जम्मा पत्रकारमध्ये १ सय ८६ जना मात्र महिला पत्रकार सदस्य रहेका छन् । प्रदेश नं. ५ मा १७ सय ६१ मा जम्मा पत्रकार सदस्यमा महिला पत्रकार सदस्य ३ सय ३० जना, प्रदेश नं. ६ मा जम्मा ८ सय ४ जम्मा पत्रकार सदस्यतामा १ सय १३ जना मात्र महिला पत्रकार रहेको अवस्था छ । प्रदेश नं. ७ मा ९ सय ९६ जम्मा पत्रकारमध्ये १ सय २० जना मात्र महिला पत्रकार सदस्य रहेका छन् ।

यसरी माथिको तथ्याङ्कले आमसञ्चार जगतमा महिलाहरूको उपस्थिति न्यून रहेको देखाउँछ । समग्रमा महिला पत्रकारको उपस्थिति जम्मा १२ प्रतिशतमात्र रहेको देखिन्छ । ३३ प्रतिशतमा अझै पुग्न सकेको छैन । यही १२ प्रतिशत महिला पत्रकारहरू पनि यही पेशामा टिकिरहने अवस्था देखिँदैन ।

**मोफसलमा रहेका महिला सञ्चारकर्मीका चुनौतीहरू :-**

समाचारकक्षमा दलित, जनजाति, मधेसी, महिला पत्रकारको उपलब्धता न्यून देखिन्छ । कारण सञ्चारमाध्यमहरू, सञ्चारगृहहरू समावेशी नहुनु पनि एउटा पक्ष हो । त्यसका साथै महिला पत्रकार घरपरिवारको बन्धनमा जगडिनुपर्ने, बालबच्चा सम्हाल्नुपर्ने थप विशेष जिम्मेवारी बहन गर्नुपर्ने हुनाले महिला पत्रकार चाहेजस्तो स्वतन्त्र भएर काममा जान नसक्नु, विवाह भइसकेपछि होस वा विवाह नहुँदै होस, समाचार संकलनमा जाँदा पुरूष सहकर्मी सँगसँगै हिड्नु पर्दा समेत संकुचित समाजका अगाडि आक्षेप लगाउँछन भन्ने डर, त्रासको वातावण सिर्जना हुनु, घरपरिवारबाट सहयोग र प्रोत्साहन मिल्नुको सट्टा उपेक्षा गरिनु, सञ्चारगृहभित्रै पनि यौन दुर्व्यवहारको प्रवल सम्भावना हुनुका साथै रिपोर्टिङ जादा समेत सुरक्षाको प्रत्याभूति नहुनु पनि यसका कारक हुन् । त्यसैगरी अन्य पेशामा जस्तो समय निर्धारण नहुनु, जतिबेला जहाँ जे परे पनि हिड्नुपर्ने हुँदा सामाजिक सुरक्षा नहुनु, काम शुरू गरे पनि नियुक्तिपत्र नपाउनु, बढुवा प्रक्रियामा भेदभाव हुनु, तलब र पारिश्रमिकदेखि अन्य सेवासुविधामा समेत भेदभाव हुनु, जति नै क्षमतावान भए पनि मोफसलका महिला पत्रकार निर्णयक र नेतृत्व तहमा पुग्न नपाउनु, महिला पत्रकार भनेपछि विश्वास नगर्नु, मोफसलका महिला सञ्चारकर्मीहरूमा विशेष आरक्षण र अवसरको अभाव हुनु, राज्यका सेवासुविधाबाट वञ्चित हुनु, श्रमजीवी पत्रकार ऐनको प्रभावकारी कार्यान्वयन नहुनु, सञ्चारगृहहरूको नियमित अनुगमन र मूल्याङ्कन नहुनु, वैदेशिक भ्रमण लगायत पेशागत दक्षता अभिवृद्धि गर्ने तालिमको अवसर यदाकदा भए पनि मोफसलमा नहुनु जस्ता विविध चुनौतीहरूको सामना मोफसलका महिला सञ्चारकर्मीहरूले गर्नुपरेको छ । उचित पारिश्रमिक नहुँदा यसै पेशाबाट मात्रै जीवन निर्वाह नहुने हुँदा महिला सञ्चारकर्मीहरू पेशाबाट अन्य पेशामा संलग्न हुन जान्छन् ।

१५/२० बर्षसम्म निरन्तर मिडियामा काम गरेका महिला पत्रकारहरू उत्तरार्द्धमा गएर पेशाबाट पलायन हुनु परेको अवस्था, बौद्धिक श्रमको उचित मूल्याङ्कन नभएको भुक्तभोगी मोफसलका महिला पत्रकारहरू बताउँछन् । अब राज्यले आमसञ्चारमा महिलाहरूको पहुँच बढाउन महिला सञ्चारकर्मीहरूका लागि विशेष कार्यनीति ल्याउन जरूरी छ । आरक्षण, अवसरलाई निरन्तरता दिँदै पेशागत दक्षताका लागि तालिम दिनुपर्ने देखिन्छ ।

आम सञ्चारगृह महिलामैत्री हुनुपर्ने, श्रमजीवी पत्रकार ऐनको प्रभावकारी कार्यान्वयन हुनुपर्ने, कार्य अनुभवका आधारमा सेवासुविधाको प्रवन्ध गर्नुपर्ने, सामाजिक सुरक्षामा विशेष प्राथमिकता दिइनुपर्ने, लैङ्गिकमैत्री सञ्चारमाध्यम निर्देशिका– २०७० लाई कार्यान्वयन तहमा पुर्‍याउनु पर्ने, पत्रकार महिलाको सामाजिक सुरक्षा प्रत्याभूति गर्नुपर्ने, गुणात्मक उपस्थिति बढाउन पुनर्ताजगी र नयाँ नयाँ प्रविधिसम्बन्धी ज्ञान, सीप, धारणाको विकास गर्नका साथै मोफसलका महिला पत्रकारहरूको स्तरवृद्धि गरी वृत्ति विकासमा समेत सरकारले विशेष ध्यान दिन जरूरी छ ।

*(गहिरे नेपाल पत्रकार महासंघ पाल्पाको केन्द्रीय पार्षद हुनुहुन्छ ।)*

# महिलाका लागि पत्रकारिता : अवस्था र चुनौती



भीमा शिवाकोटी

**झापाको दमकबाट प्रकाशित हुने पुरानो साप्ताहिक "जनज्योति" मा सह–सम्पादकको रूपमा सावित्रा दाहालले आफ्नो भूमिका निर्वाह गरेकी थिइन् । तर पत्रकारितामार्फत जीविकोपार्जन गर्न नसकेपछि हाल उनी प्राध्यापन पेशामा छिन् ।**

नेपालमा पत्रकारिताको थालनी वि.स. १९५५ बाट शुरू भयो । नेपाली पत्रकारिताका जन्मदाता मोतीराम भट्ट हुन् । नेपाली भूमिमा प्रथमपटक वि.स. २०५५ सालमा प्रकाशित "सुधासागर" नामक मासिक पत्रिकाको प्रकाशनको शुरूमा मोतीराम भट्ट र उनका सहयोगीहरूको मुख्य भूमिका रहेको थियो । उक्त पत्रिकाको पहिलो सम्पादक सिद्धिबहादुर मल्ल थिए । सुधासागरबाट शुरू भएको नेपाली पत्रकारितालाई गोरखापत्रले साप्ताहिक र दैनिक हुँदै निरन्तरता दियो प्रजातन्त्रको पुनर्वहालीसम्म । यसबीचमा अन्य थुप्रै पत्रिकाहरू निक्ले पनि पत्रकारितामा महिलाको खासै भूमिका रहेन । तर २००७ सालको क्रान्तिमा महिला नेतृत्वको निर्णायक भूमिका रहेपछि महिला नेतृहरूकै पहलमा विक्रम सम्वत २००८ सालमा मुलुकको पहिलो महिला सम्पादकको रूपमा आफूलाई स्थापित गर्दै साधना प्रधानले महिला पत्रिका "महिला" मासिक प्रकाशित गर्नुभयो । सो पत्रिका प्रकाशनका लागि कामक्षादेवीको पनि उत्तिकै महत्वपूर्ण भूमिका रह्यो ।



तर, एकमात्र महिला पत्रिका पनि केही समयपछि बन्द भयो । तथापि नेपाली पत्रकारिताको इतिहासमा महिला पत्रकारको जन्म महिला मासिकबाट शुरू भयो । जसका कारण महिलाहरूलाई यस क्षेत्रलाई पेशा बनाउन एउटा ऐतिहासिक प्रेरणा दियो ।

प्रजातन्त्रको पुनर्स्थापनापश्चात भने पत्रकारितामा महिलाको उपस्थिति क्रमशः बढ्दै गयो र महिलाअधिकार तथा महिलाका विविध मुद्दामा प्राथमिकताका साथ कलम चलाउन 'अस्मिता' जस्ता पत्रिकाहरूको शुरूवात भयो । महिलामाथि हुने दमन र हिंसाका विरूद्ध कलम चल्ने सो पत्रिका प्रकाशनपश्चात यस क्षेत्रमा महिला पत्रकारको संख्या तथा महिला पत्रकारको सम्पादनमा प्रकाशित हुने पत्रिकाहरू पनि बाक्लिँदै गए ।

**अवस्था**

नेपालको संविधान २०४७ ले जनतालाई सुसूचित हुने अधिकार र प्रेस स्वतन्त्रताको प्रत्याभूत गरेपछि आमसञ्चारका माध्यमको विकास हुन पुगेको हो । पञ्चायतकालमा प्रेसमाथि हुने अंकुश २०४६ पछि अन्त्य भयो । २०४६ सालको राजनीतिक परिवर्तनपछि मात्र नेपाली मिडियाको विकास भएको हो । २०५० को दशक नेपाली पत्रकारितामा व्यवसायिक पत्रकारिताको विकास भएको समय हो । यसबीचमा पत्रपत्रिका, एफएम रेडियो, टेलिभिजनको विकास र विस्तार भए । २०६२/०६३ को जनआन्दोलनपछि न्यू मिडियाको रूपमा अनलाइन न्यूज पोर्टलको विकास भएको हो । डिजिटल प्रविधिको विकासले न्यू मिडियाको तीब्र विकास हुने क्रम जारी छ ।

नेपालको जनसंख्यामा ५१% प्रतिशत भन्दा बढी महिला भएपनि राज्यका अन्य निकाय जस्तै पत्रकारिता क्षेत्रमा पुरूषको तुलनामा महिलाको उपस्थिति न्यून छ । नेपालमा रेडियो, टेलिभिजनको विकाससँगै महिला पत्रकारको सहभागिता बढेपनि महिला पत्रकारको दोहोरो/तेहेरो जिम्मेवारीबाट मुक्त हुन सकेका छैनन् । पेशागत जिम्मेवारीसँगै घरेलु श्रममा पनि त्यत्तिकै भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । महिला पत्रकारले प्रजनन् भूमिका निर्वाह गर्दा पत्रकारिता पेशा त्याग्नुपर्ने वाध्यात्मक अवस्था आउने गरेको छ ।

नेपाली पत्रकारिता आर्थिक आयका हिसावले खासै आकर्षक पेशा होइन । त्यसमा पनि महिला पत्रकारको जति नै क्षमता भए पनि सहकर्मी पुरूषको तुलनामा न्यून पारिश्रमिक दिने गरेको पाइन्छ । कमै मात्र महिला पत्रकारले परिवारबाट पत्रकारितामा लागि रहन सहयोग र उत्प्रेणा पाउने अवस्था छ ।

कार्य क्षेत्रमा पुरूष सहकर्मीबाट हुने यौन हिंसा र दुर्व्यवहारका अनेकौं घटना हुने गर्दछन् । सुरक्षाका दृष्टिकोणले पनि महिला पत्रकार कार्यक्षेत्रमा असुरक्षित हुने गरेका छन् । कमजोर आर्थिक अवस्था भएका महिला पत्रकारले पत्रकारितालाई निरन्तरता दिन निकै कठिन हुन्छ । आर्थिक अवस्था राम्रो भएका कैयौं क्षमतावान महिला पत्रकारले राम्रो आम्दानी नहुँदा मूलतः विवाहपछि पेशा परिवर्तन गर्नुपर्ने वाध्यता छ । सिंगो समाजको महिला पत्रकारलाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन हुन नसकेका कारण पनि महिला पत्रकारले पेशालाई निरन्तरता दिन कठिन हुने गरेको छ ।

**झापामा महिला पत्रकार**

झापाको पत्रकारिताको इतिहासलाई हेर्दा सबभन्दा पहिला वि.स. २०१० सालमा श्यामकृष्ण उपाध्यायको "केटो" पाक्षिक प्रकाशनसँगै सुरू भएको पाइन्छ । "केटो" पाक्षिक प्रकाशनसँगै सुरू भएको झापाको पत्रकारितामा झापाकै पहिलो महिला पत्रकार बाहुनडाँगी निवासी राधा चम्लागाई (शर्मा) हुन् । २०३४ सालमा विवेचनामा कार्यरत चम्लागाई हाल अमेरिकामा बस्दै आएकी छन् । त्यसो त "युगज्ञान"साप्ताहिकको प्रकाशक भएर वेदकुमारी रेग्मीले त्यो बेलामा पनि पत्रकारितालाई माथि उठाउन महत्वपूर्ण भूमिका खेलेकी थिइन् ।

तथापि, हालसम्म झापामा महिला पत्रकारको इतिहास लिपिवद्ध भएको छैन । खोज गरिरहँदा झापाको पहिलो महिला सम्पादक सुजाता उप्रेती हुन् । उनी वि.स. २०५८ सालतिर "हिमालय साप्ताहिक" को सम्पादक/प्रकाशक थिइन् । निर्मल छापाखानाबाट प्रकाशित उक्त साप्ताहिक लामो समयसम्म टिकिरहन सकेन । त्यसैगरी झापाको दमकबाट प्रकाशित हुने पुरानो साप्ताहिक "जनज्योति" मा सह–सम्पादकको रूपमा सावित्रा दाहालले आफ्नो भूमिका निर्वाह गरेकी थिइन् । तर पत्रकारितामार्फत जीविकोपार्जन गर्न नसकेपछि हाल उनी प्राध्यापन पेशामा छिन् ।

वि.स. २०४७ सालको संविधानले जनतालाई सूचनाको अधिकार ग्यारेण्टी गरेपछि झापामा पनि पत्रकारिताको राम्रो विकास भएको पाइन्छ । नेपाल पत्रकार महासंघ झापाको तथ्याङ्क अनुसार झापामा हाल १९ वटा साप्ताहिक, ९ वटा दैनिक, १८ वटा एफएम रेडियो, २ वटा टेलिभिजन र १९ वटा अनलाइनहरू सञ्चालनमा छन् । नेपाल पत्रकार महासंघ झापामा आवद्ध २६८ जना सदस्यहरूमा ५२ जना महिलाहरू सदस्य रहेका छन भने क्रियाशील करिव ३५ जना मात्र छन् । त्यसो त महिला पत्रकार हरूलाई पत्रकारितामा टिकाइराख्ने उद्देश्यका साथ २०६९ सालमा "नारी सञ्चार गृह" झापाको स्थापना भएको छ । जसमा ४० जना महिला पत्रकारहरू आवद्ध छन् । महासंघको सदस्य नभएका नव महिला पत्रकार पनि नारी सञ्चार गृहमा सदस्य बन्नसक्ने प्रावधानले महिला पत्रकारलाई पेशामा टिकाइरहन सहयोग मिलेको छ । अनेकन समस्याका बाबजुद झापामा सम्पादन तहमा केही महिला पत्रकारहरू सक्रिय छन् ।

झापा भद्रपुरबाट प्रकाशित वरूण साप्ताहिकको सम्पादक माया पकुवाल, राष्ट्रिय समाचार समितिको मेची प्रमुख अम्बिका भण्डारी, बिर्तामोडबाट प्रकाशित मेची टायम्स दैनिकको सम्पादक सुशीला संग्रौला, जनआन्दोलन साप्ताहिकको सम्पादक तथा प्रेस युनियन झापा सभापति इन्द्र पूर्वेली, रेडियो विराटको प्रबन्ध निर्देशक लिला अनमोल, सूर्योदय टेलिभिजनकी प्रवन्ध निर्देशक विष्णु मैनाली, रेडियो सनराइजकी समाचार सम्पादक सुषमा राजवंशी, दमकबाट प्रकाशित झापा पोष्ट दैनिककी सम्पादक रेगिना भट्टराई लगायतले निर्णायक तहमा बसेर काम गरिरहेका छन् । तथापि खोजमूलक पत्रकारितामा महिलाको सहभागिता अत्यन्तै कम छ । बढीभन्दा बढी मनोरञ्जनात्मक कार्यक्रममा महिलाको बढी आकर्षण रहेको पाइन्छ । समाचार, रिपोर्ट, फिचर, म्याग्जिन जस्ता विधामा महिलाको उपस्थिति एकदमै न्युन रहेको छ ।

**महिला पत्रकारका चुनौती**

सञ्चारमाध्यमले आम मानिसको जीवन र सामाजिक तथा राष्ट्रिय चासोका विषयहरूमा प्रत्यक्ष प्रभाव पार्दछ । विभिन्न कारणले राज्यको मूलधारमा आउन नसकेका व्यक्तिहरूका सम्बन्धमा सामाजिक दृष्टिकोण बनाउन समाजका विभिन्न वर्ग तथा समूहका मानिसहरूको यथार्थ चित्रण र सही प्रतिनिधित्व गराउन तथा राष्ट्रियस्तरका चासो र सवालका विषयमा सही सूचना सम्प्रेषण गर्न झापाका सम्पूर्ण पत्रकारहरूको अहम् भूमिका रहेको छ । तथापि राष्ट्रको चौथो अंग भनिने पत्रकारिताको विकासमा विभिन्न खालको समस्या भने नभएका होइनन् । पत्रकारितामा राजनीतिको प्रत्यक्ष प्रभाव, श्रमजीवी पत्रकारको भूमिका स्पष्ट नहुनु पत्रकार स्वयं पेशाप्रति इमान्दार बन्न नसक्नु जस्ता थुप्रै चुनौतीहरू छन् ।यसमा पनि महिला पत्रकारका अरू बढी समस्याहरू रहेका छन्, जसमा पत्रकारिता क्षेत्रमा महिलामैत्री वातावरण नहुनु, जिम्मेवारी विभाजनमा विभेद हुनु, निर्णायक तहमा महिलाको न्यून उपस्थिति हुनु, यौन दुर्व्यवहार, आर्थिक तथा सामाजिक स्वतन्त्रताको कमी, पितृसत्तात्मक सोच हावी हुनु, घरेलु हिंसा, पेशागत तथा सामाजिक सुरक्षाको ग्यारेण्टी नहुनु, विवाहपश्चात कार्यरत ठाउँबाट अन्यत्र जानुपर्ने वाध्यता, सञ्चार क्षेत्रमा काम गर्ने महिलाको अधिकारसम्बन्धी विशेष सञ्चार नीति र आचारसंहिताको अभाव, सञ्चार क्षेत्रका आधुनिक प्रविधिको पर्याप्त ज्ञान तथा आधारभूत साधनको अभाव आदि महिला पत्रकारहरूका चुनौती रहेका छन् ।

**निष्कर्ष**

पत्रकारितामा महिलाको उपस्थितिले महिला अधिकारका मुद्दा उठान गर्न केही न केही सहयोग पुगेको छ । तर, महिला पत्रकारको न्यून उपस्थितिले महिला अधिकार जुन रूपमा उठान हुनुपर्ने हो, त्यसका लागि समस्या भएको छ । राज्यका हरेक निकायमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व गराउने संवैधानिक व्यवस्थालाई सञ्चार संस्थामा पनि लागू गर्नु पर्दछ ।

पत्रकारिता क्षेत्रमा रहेका समस्यालाई समाधान गर्न श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गर्नु, पत्रकारितालाई राजनीतिक प्रभावबाट मुक्त राख्नु, महिलामैत्री वातावरण सिर्जना गर्दै महिलालाई अवसर दिने कुरामा कन्जुस्याई गर्ने परम्पराको अन्त्य गर्नु पर्दछ । महिला पत्रकारको उपस्थितिलाई अझ बढाउन सरकार, सञ्चार गृह, नेपाल पत्रकार महासंघ लगायतका संस्थाले सक्रिय भूमिका निर्वाह गर्नुपर्छ ।

*(शिवाकोटी नेपाल पत्रकार महासंघ झापाकी उपाध्यक्ष हुनुहुन्छ । )*

# नेपाली सञ्चारमाध्यम र दलित समुदायको अवस्था



**गोपाल बराइली**
gopalgpr@gmail.com

**सशक्तीकरण दलित समुदायको मूलप्रवाहीकरण मात्र गर्ने नभई अघि भनिएको दीर्घ सामाजिक रोगको ओखती साबित हुनसक्ने कुरामा दुईमत छैन । त्यसका लागिनेपाली सञ्चारमाध्यमहरूले त्यहीअनुसारको भूमिका निर्वाह गरिदिन जरूरी छ ।**

२०४६ को जनआन्दोलनपछि नेपाली पत्रकारिता जगतमा सबै राजनीतिक शक्तिलाई समान सम्मान र मुद्दामा आधारित भएर आलोचना वा समर्थन गर्ने व्यवसायिक प्रवृत्तिको विकास भयो । २०६२/०६३ को जनआन्दोलनले नेपाली आमसञ्चारमाध्यमलाईसबै जाति, समुदाय वा साँस्कृतिक समूहप्रति समान सम्मान दर्शाउने मान्यता स्थापित गरिदिएको छ । तर अल्पसंख्यक वा लामो समयसम्म पाखा पारिएका समुदायको आवाज वा अवधारणा सही ढंगले मुखरित गराउन सकेका छैनन् । आमसञ्चारमाध्यममा उनीहरूको भौतिक उपस्थिति पनि हुन सकेको छैन । जातीय भेदभाव तथा छुवाछूतको रोगबाट दलित समुदाय आजसम्म पनि चरम कष्ट र पीडा सहन बाध्य छ । यो दीर्घ सामाजिक रोग निको पार्दै समतामूलक समाज निर्माण आजसम्म पनि परिकल्पनामा मात्र सीमित हुन पुगेको छ ।

किनकि समाजमा दलित समुदायको शैक्षिक, स्वास्थ्य, आर्थिक र मानव विकास सूचकाङ्कका हिसाबले निक्कै दयनीय अवस्था छ ।

अझै पनि दलित समुदायका यावत समस्याहरू सञ्चारमाध्यममा आउन सकेका छैनन् । आएपनि त्यस्ता समाचारहरू घटनाप्रधान छन् । कतिपय सम्वेदनशील घटनाहरूमा समेत सञ्चारमाध्यमको आँखा पुग्न सकेको छैन । छुवाछूतका घटना, बलात्कार, अपमान जस्ता केही घटनामा दलित जोडिएको भए प्राथमिकतासाथ समाचार आउने गर्छन् । तर, दलितका सीप, कला र गलासँग जोडिएका समाचार नेपाली सञ्चारमाध्यममा कम प्राथमिकताका विषय बन्छन् ।

दलितका समाचार आउन कि मृत्यु हुनुपर्छ वा कुनै अपराध हुनुपर्ने अवस्था छ । नेपालमा अदृश्य उत्पीडन धेरै छ । कतिपय उत्पीडनको जानकारी पाउन गाह्रो छ । प्रहरीले छुवाछूतका घटनामा सहयोगी भूमिका निर्वाह नगरेको गुनासो हरेक घटनामा आउने गरेका छन् । प्रशासन पनि दलितमैत्री छैन । सञ्चारमाध्यमले समेत उत्पीडनको वास्तविक जानकारी राख्दैनन् । घटना भइसकेपछि पनि उजुरीका लामो प्रक्रियाका कारण प्रहरीसम्म पुग्न पाउँदैनन् । यसको सम्बन्ध मिडियाले घटनालाई कसरी आमरूपमा ल्यायो? त्यसले पनि प्रभाव पारेको हुन्छ ।

मानव सभ्यताको विकास र अधिकारहरूको नवीनतम परिभाषाहरूसँगै समाचारका मूल्यहरू अर्थात कुनै घटना वा प्रवृत्तिको समाचार बन्ने मापदण्डहरू विश्वव्यापीरुपमै विस्तारित हुँदैछन् । साँस्कृतिक सद्भाव, भेदभाव उन्मूलनजस्ता प्रगतिशील सोचहरूलाई कानुनहरूद्वारा प्रत्याभूत गरिएका छन् । पत्रकारिताको सैद्धान्तिक पक्ष गतिशील छ । त्यसैले पछाडिपारिएका समुदायको आग्रहलाई आमसञ्चारमाध्यमले प्रोत्साहित गर्नै पर्दछ । अखवार, रेडियो, टेलिभिजन वा अनलाइन सबै माध्यमबाट गरिने पत्रकारिताको अभ्यासमा समाजको विविधता झल्किनु पर्छ ।

आमसञ्चारमाध्यममा दलित समुदायको समावेशीकरण त्यस समूदायको यथोचित प्रतिनिधित्वका लागि मात्र होइन, आमसञ्चारमाध्यमको अधिक विश्वसनीयताका निम्तिसमेत आवश्यक छ । हामी सबैले त्यसका निम्ति उपयुक्त आमसञ्चार प्रणाली र वातावरण बनाउन सक्नुपर्दछ । राज्यले नीतिगत तहमै दलित समुदायको प्रतिनिधित्व र एजेण्डाको समावेशितालाई सुनिश्चित गर्न जरूरी छ । सञ्चारमाध्यमले पनि समाजमा विद्यमान रहेको जातीय विभेद जो विकासको अवरोध हो, त्यसको अन्त्यका लागि आफ्नो दायित्व निर्वाह गर्न जरूरी छ ।

आमसञ्चारमाध्यममा दलित समुदायको समावेशीकरण त्यस समुदायको यथोचित प्रतिनिधित्वका लागि मात्र होइन, आमसञ्चारमाध्यमको अधिक विश्वसनीयताका निम्ति समेत आवश्यक छ । हामी सबैले त्यसका निम्ति उपयुक्त आमसञ्चार प्रणाली र वातावरण बनाउन सक्नु पर्दछ । राज्यले नीतिगत तहमै दलित समुदायको प्रतिनिधित्व र एजेण्डाको समावेशितालाई सुनिश्चित गर्न जरूरी छ । सञ्चारमाध्यमले पनि समाजमा विद्यमान रहेको जातीय विभेद जो विकासको अवरोध हो, त्यसको अन्त्यका लागि आफ्नो दायित्व निर्वाह गर्न जरूरी छ ।

**दलित पत्रकारहरूको सवाल**

हालसम्म नेपालमा दलित समुदायका पत्रकारहरू कति छन् भन्ने तथ्याङ्क छैन । तथापि प्रत्येक जिल्लामा दलित समुदायका पत्रकारहरूको उपस्थिति छ । कतिपय जिल्लामा त संख्यात्मक र गुणात्मकरूपमै प्रभाव पार्नसक्ने उपस्थिति छ ।

तर, दुर्भाग्य ! उनीहरू जिल्लामा वा केन्द्रमै प्रभाव पार्नसक्ने अवस्थामा छैनन् । नेपाल पत्रकार महासंघको इतिहासलाई हेर्ने हो भने पनि केही जिल्लामा मात्रै नेतृत्व गरेको र अधिकांशमा काम चलाउनका लागि मात्रै दलित समुदायका पत्रकारलाई समावेश गरेको पाइन्छ । पछिल्लो समयमा अर्थात विधान संशोधन गरेपछि मात्रै नेपाल पत्रकार महासंघको २५औं महाधिवेशनमा१ जना पदाधिकारीको प्रतिनिधित्व सम्भव भएको थियो ।

यसलाई राम्रो मान्न सकिन्छ । महासंघका के दलित समुदायका व्यक्तिलाई समावेशीबाहेक सोझै पदाधिकारी वा नेतृत्वमै पुऱ्याउन सक्ने अवस्था छ त ?छैन । किनभने राजनीतिक संगठनहरूमा देखिने विभिन्न वाद, वर्ग र अमुक विचारकै कारण पनि यही अवस्था रहिरहेसम्म महासंघको नेतृत्व दलित समुदायको हातमा पुग्ने सम्भावना ज्यादै न्युन छ । त्यसकारण पनि अहिलेको अवस्थामा सुधार ल्याउन सक्नुपर्छ । त्यसका लागि दलित समुदायका पत्रकारहरूको एकता जरूरी छ ।

**यस्तो छ अवस्था**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को खण्ड (ज) र (झ) ले शिक्षा, स्वास्थ्य, आवास, रोजगार र खाद्य सम्प्रभुतामा सबै नागरिकको अधिकार स्थापित गर्ने र आर्थिक सामाजिक रुपले पछाडि परेका वर्गलाई जग्गा लगायत आर्थिक, सामाजिक, सुरक्षाको व्यवस्था गर्ने राज्यको दायित्व हुने उल्लेख गरेको छ । तर, ४४ प्रतिशत भूमिहीन तराई दलित, ४६.४ प्रतिशत ०.४ हेक्टर मात्र जग्गा हुने पहाडी दलितको समस्याहरू, सुदूर र मध्यपश्चिमका हलियाहरू मुक्तिपछि पनि पुनः मालिककोमा हली बस्नुपरेको बाध्यताका घटना मिडियामा अधिकारमुखी तवरबाट आउन सकेका छैनन् ।

सरकारले जातीय विभेद उन्मूलनका लागि अन्तर ाष्ट्रिय समुदायसमक्ष गरेका प्रतिवद्धताहरूको प्रगति सन्तोषजनक हुनसकेको छैन । सन् २००४ देखि

नेपाल पक्ष रहेको जातीय विभेदविरूद्धको अन्तर ाष्ट्रिय महासंन्धि (सर्ड)को प्रगति विवरण पठाएको छैन । दलित समुदायको खाद्य अधिकार र प्राकृतिक स्रोतमाथिको अधिकारजस्ता सवालहरूको खोजीनीति हुनसकेको छैन ।

सरकारले दलित समुदायलाईमात्र लक्षित गरेका कार्यक्रमहरू अत्यन्तै न्यून छन् । त्यसमध्ये मुक्त कमैया र हलिया पुनःस्थापन कार्यक्रम, गरिव घरपरिवार पहिचान र परिचयपत्र व्यवस्थापन तथा वितरण कार्यक्रम, विद्यालय क्षेत्र सुधार कार्यक्रम, प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद्को आवासीय सुविधासहित निःशुल्क छात्रवृत्ति, जनता आवास कार्यक्रम र बाल संरक्षण अनुदान अन्तर्गत दलित बालबालिकाका लागि मासिक २०० भत्ता प्रमुख हुन् । समग्रमा यस्ता कार्यान्वयनको अवस्थामा हेर्ने हो भने दलित समुदायको पहुँचमा यस्ता कार्यक्रम पुग्न सकेका छैनन् । मिडियाको ध्यान यस्ता सवालमा जानु आवश्यक छ ।

कुनै पनि सञ्चारमाध्यम समाज रूपान्तरणको बलियो अस्त्र पनि हो । नयाँ विचार निर्माण गर्ने, नागरिकलाई अधिकारबारे सुसूचित गर्ने र नागरिकका सरोकार, इच्छा, आकांक्षा र चाहनालाई सरोकारवाला निकायसम्म पुऱ्याएर नागरिकप्रति जिम्मेवार बनाउन सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण हुन्छ । तर, अझैं राज्यको पुनसंरचनाका सवालमा दलित समुदायको अवस्थाको मूल्यांकन गरिएको पाइँदैन । उत्पीडनमा पारिएका बहुसंख्यकसमुदायको अधिकार स्थापित नहुँदासम्म सही अर्थमा लोकतन्त्र संस्थागत हुन सक्दैन । त्यसकारण पनि नेपाली सञ्चारमाध्यमहरूले नेपाली समाजलाई समुन्नत बनाउन हरतरहले प्रयास गर्नपर्छ ।

समाजमा सबैभन्दा बढी हेपिएका, दलिएका, कुसंस्कारमा जेलिएका, उपेक्षित र सबैजसो क्षेत्रमा तुलनात्मक रूपले कमजोर अवस्थाका दलित समुदायलाई पहिचान र आत्मसम्मान दिलाउन, उत्थान गर्न तथा समर्थन र न्याय दिलाउन के पछिल्लो समयमा गरिएको निश्चित आरक्षण र केही क्षेत्रमा गरिएको समानुपातिक समावेशीकरणले सक्छ त ? यसर्थ ठूलो संख्यामा दलित समुदाय अझै वञ्चितीकरणमै पर्छन् । अझ अशिक्षित, सूचनाको पहुँचबाट टाढा रहेका र विकट क्षेत्रका सिङ्गो दलित समुदाय मूलप्रवाहबाट वञ्चितीकरणमा परेको सहजै विश्लेषण गर्न सकिन्छ । तसर्थ सशक्तीकरण दलित समुदायको मूलप्रवाहीकरण मात्र गर्ने नभई अघि भनिएको दीर्घ सामाजिक रोगको ओखती साबित हुनसक्ने कुरामा दुईमत छैन । त्यसका लागिनेपाली सञ्चारमाध्यमहरूले त्यहीअनुसारको भूमिका निर्वाह गरिदिन जरूरी छ ।

*(बराइली नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य हुनुहुन्छ ।)*




# पत्रकारको तेस्रो आँखा



**भूपेन्द्र आचार्य**
bhupendraacharya111@gmail.com

> आलोचना मात्र पत्रकारिताको धर्म हुनु हुदैन, आलोचना, समालोचनाका साथ समाधानको बाटो के हुने भन्ने विषयमा पनि पत्रकारिताले आफुलाई हिडाउन जरूरी छ । देशको समृद्धि र सामाजिक सुव्यबस्थाका लागि मिडियासमेतको संलग्नतामा राज्यले रणनीति बनाउन सक्यो भने त्यो सबैभन्दा प्रभावकारी हुने छ ।

हाम्रो देशको सुरक्षा व्यवस्था कस्तो छ भन्ने कुरा त विभिन्न समयमा हुने गैरकानुनी क्रियाकलापहरु, विभिन्न अपराधहरु, मानव तस्करीका विभिन्न सञ्चार माध्यामहरूमा आएका समाचारहरुले नै प्रष्ट पारेको छ । विभिन्न समयमा समातिएका अपराधीहरु विना सजाय छुट्नुले पनि नेपालको कानुनको अवस्था र कार्यान्वन कस्तो छ भन्ने देखाउँछ । विभिन्न आपराधिक घटनाहरुमा ठूला मान्छेहरुको संलग्नता हुनुले पनि यो कुराको पुष्टि गर्छ । कानुन बनाउने तहमा रहेकाहरु नै अपराधी छन् भने त्यो मुलुकको अवस्था कस्तो होला ? हामी सजिलै अनुमान लगाउन सक्छौं, नेपालको जस्तो होला ।

विभिन्न समयमा विभिन्न किसिमको शासन व्यवस्था स्वीकार्‍यौं हामीले । ती विभिन्न शासन व्यवस्थामा अनेक शासकहरु जन्मिए । तर तिनीहरूले काम गर्ने तरिकामा भने केही परिवर्तन आएन । एउटा स्वाधीन मुलुकको यस्तो दुर्दशा विरलै भेटिने गर्छ ।

३३ किलो सुन काण्डका मुख्य अभियुक्त भनिने चुडामणि उप्रेती 'गोरे' लाई नेपाल प्रहरीले समात्यो । तर यति सिजलै भने समातिएन । यस काण्डमा पूर्व प्रहरी अधिकृतदेखि लिएर ठूला मान्छेहरूको नाम पनि जोडियो । अब गोरे समातिएपछि ती अन्य संलग्नहरु जो भागेका छन् या समाजको प्रतिष्ठित पदमा छन् । तिनीहरु समातिन्छन् कि समातिँदैनन् । त्यो देखिनै बाँकी छ ।

यो सुन काण्डमा नेपालको ठूला मान्छेहरूदेखि अण्डर वर्ल्ड डन 'दाउद' सम्मको नामसम्म जोडिएर आयो । जसलाई समात्न नसकिने प्रहरी अधिकृतहरु स्वीकार्छन् । जसले नेपाल हुँदै भारत पुर्‍याउनका लागि नेपालको रूट प्रयोग गरेको भन्ने समाचारहरु छापिए ।

नेपालमा किन यस्तो फितलो सुरक्षा व्यवस्था छ ? संसारभरका ठूलो अपराधीले आफ्नो अपराधको जालो नेपालको बाटो भएर जसरी फैलाइरहेछन् । त्यो सिंगो नेपालको लागि पनि लाजमर्दो कुरा हो । केही समय अगाडि पनि नेपालमै जेल जीवन बिताइरहेका कुख्यात सिरियल किलर चार्ल्स शोभराजले भनेका थिए, 'म नेपालको एयरपोर्टबाट हात्ती छिराइदिन्छु ।' उनको यो अभिव्यक्तिबाट पनि प्रष्ट होइन्छ कि नेपालको सुरक्षा व्यवस्था कतिसम्म फितलो छ भनेर ।

यस्तो फितलो सुरक्षा व्यवस्था हुनुका पछाडिका कारणहरु के के हुन् ? किन यस्तो लाजमर्दो घटनाहरु घटिरहेछन् नेपालमा ? यी जटिल प्रश्नहरूको उत्तर सायद सुरक्षाको जिम्मा लिएको नेपाल पुलिससँग पनि छैन होला ।

तर नेपाल पुलिस को बाट र कसरी परिचालन भइरहेछ ? यो झनै अहिल्यै नै केही भन्न नसकिने सवाल हो । तर अब सरकारले हरेक तह र तप्कामा नियन्त्रण गरेर सुरक्षा व्यवस्थालाई मजबुद बनाउनुपर्छ । यसका लागि गृह मन्त्री माथि ठूलो चुनौती पनि छ । संस्कारजस्तै बनिसकेको यस्तो बेथितीलाई जरैदेखि उन्मूलन गर्नका लागि उनले ठूलो जोखिम उठाउनुपर्नेछ ।

फेरि त्यो जोखिम उठाएर साँच्चै सफल भए भने गृहमन्त्रीलाई भोलिका दिनमा नेपाली जनताले श्रद्धाको रूपमा लिनेछन् । एउटा गज्जबको र गतिलो संस्कार बसाउनुपर्ने जिम्मेवारी पनि उनको काँधमा छ । अबका आउने दिनमा अरूले त्यो संसार सिकुन् र जनताले न्यायको प्रत्याभूति पाउन सकुन् ।


राज्य नठगियोस् । ३३ किलो त के ३ आना सुन पनि करको दायराभन्दा बाहिर नजाओस् । अनि पो हुन्छ त समृद्धि अनि पो हुन्छ त समुन्नत समाजको निर्माण !

यो प्रक्रियामा नेपाली पत्रकारिताले क्षेत्रले पनि महत्वपूर्ण योगदान पुर्‍याउन सक्दछ । क्राइम विटको पत्रकारिताले अपराध खोज्ने मात्र हैन, अपराधको जड पत्ता लगाएर त्यसलाई नै सम्बोधन गर्नका लागि राज्यलाई रचनात्मक दवाव दिन सक्छ ।

यतीमात्र हैन पत्रकारिता मार्फत भएको अनुसन्धान पनि प्रहरीका लागि एउटा आधार बन्न सक्छ । आलोचना मात्र पत्रकारिताको धर्म हुनु हुदैन, आलोचना, समालोचनाका साथ समाधानको बाटो के हुने भन्ने विषयमा पनि पत्रकारिताले आफुलाई हिडाउन जरूरी छ ।

देशको समृद्धि र सामाजिक सुव्यबस्थाका लागि मिडिया समेतको संलग्नतामा राज्यले रणनीति बनाउन सक्यो भने त्यो सबैभन्दा प्रभावकारी हुने छ ।

*(आचार्य नेपाल पत्रकार महासंघ केन्द्रीय लेखा समिति सदस्य हुनुहुन्छ)*



# पोखरा : 'क्यापिटल सिटी अफ टुरिजम्'



दीपेन्द्र श्रेष्ठ
dipendae@gmail.com

मोटामोटी पोखरा भनेको फेवाताल र माछापुच्छ्रे हिमाल नै हो । ताल र हिमाल हटाइदिने हो भने पोखरा फिक्का लाग्नेछ । यसले आकर्षण गुमाउनेछ र गुमनाम हुनेछ ।

अक्सर पोखरा एकपटक आइसकेकाले प्रायः भन्ने गर्छन्, वाह पोखरा ! आहा पोखरा ! गज्जव पोखरा !!! तर एकपटक पनि पोखरा नआउनु भएकाहरूको जिज्ञासा रहन्छ, कस्तो छ पोखरा ? त्यसका लागि शायद प्रेमप्रकाश मल्लको एउटा गीतको यो दुई हरफ नै काफी हुन सक्छ ।

**पोखरा त साँच्चिकै पोखरै पो रैछ,**
**माछापुच्छ्रे फेवातालमा पौडी खेल्दो रैछ ।**

हो, मोटामोटी पोखरा भनेको फेवाताल र माछापुच्छ्रे हिमाल नै हो । ताल र हिमाल हटाइदिने हो भने पोखरा फिक्का लाग्नेछ । यसले आकर्षण गुमाउनेछ र गुमनाम हुनेछ । त्यसैले फेवाताल र हिमाल जोगाई राख्नु पोखराको चुनौतीबन्दै गइरहेको छ ।

**स्वर्गको टुक्रा धर्तीमा झरे जस्तो छ पोखरा,**
**कुमारी हिमाल मुसुक्क मुस्काई हाँसेकी पोखरा ।**

के साँच्चै पोखरा स्वर्गको टुक्रा जस्तै छ त ? पोखरा भम्रण गर्ने पहिलो विदेशी इकाई कावागुचीले आफ्नो पुस्तक 'थ्रि इयर्स इन टिबेट' भन्ने पुस्तकमा 'हिमालको मेरो ठाउँको यात्रामा पोखरामा मलाई लोभ्याउने दृश्य देखेँ, त्यस्तो स्वर्ग जस्तो दृश्य अन्यत्र कहीँ पनि देखिनँ' भनि लेखेका छन् । जापानी भिक्षु कावागुची सन् १८९९ मा पोखरा हुँदै तिब्वत गएका थिए ।

अध्ययेता टोनी हेंगन लेख्छन्, "पोखरा क्षेत्रको प्राकृतिक दृश्यमा अत्यन्त ठूलो विरोधाभास पाइन्छ । संसारमा कहीँ पनि ८ हजार मिटर भन्दा उच्च पर्वत शिखर हरूलाई बीचमा कुनै पर्वत श्रेणीद्वारा नहेरिकन यति नजिकै र उष्ण होंचो प्रदेशबाट देख्न सकिँदैन । उनी अगाडि लेख्छन्, 'समस्त संसारमा पोखरा निश्चय पनि अत्यन्त असाधारण र अत्यन्त मनोहर स्थान हो ।'

अर्का यात्री विलफिड नोयसले त पोखरावाट देखिने माछापुच्छ्रेको दृश्यलाई पत्याउनै नसकिने खालको छ र यो विश्वको सबभन्दा सुन्दर चुलीमध्ये एक हुनुपर्दछ भनेका छन् । त्यसैले त विश्व टुर गाइड म्यागजिन 'लोन्ली प्लानेट'ले हरेक वर्ष घुम्नै पर्ने विश्वप्रसिद्ध पर्यटन गन्तव्यमा पोखरालाई राख्ने गर्दछ ।

हो, ती अग्रजले भनेजस्तै पोखरामा मनै लोभ्याउने प्रकृति (हिमाल/ताल) , लट्ठ पार्ने संस्कृति र मुटु कमाउने साहसिक गतिविधिहरू छन् । त्यसैले पोखरा पर्यटनको राजधानी शहर हो ।

**आखिर किन त ?**

**१) हिमालको शहर :** गण्डकी प्रदेशको राजधानी शहर पोखरा मूलतः हिमाल र तालको शहर हो । विश्वमै ८ हजार मिटर अग्ला ८ मध्ये ३ वटा गण्डकी प्रदेशमा पर्दछन् । अन्नपूर्ण, धौलागिरी र मनास्लु तीतीन हिमाल हुन् । अन्नको पूर्ण जस्तो माना, पाथी, धानको राश जस्ता श्रृंखला मिलेर बनेको अन्नपूर्ण हिमाल यसको प्रमुख विशेषता हो । यो पूर्व पश्चिम लामो रेञ्जमा लमतन्न परेर सुतेजस्तो कलात्मक देखिन्छ ।

अन्नपूर्ण नै पहिलो ८ हजार मिटर अग्लो हिमाल हो, जसमा विश्वमै पहिलोचोटि हिमाल आरोहणको इतिहास रचियो । फ्रान्सका मौरिस हर्जोगले सन् १९५० जुन ३ मा अन्नपूर्णको शिखरमा मानव पाइला टेकेका थिए । यो टेकाई नै विश्व हल्लाउने एउटा साहसिक र अविश्वसनीय घटना थियो । हिमालमाथि मानव विजयको रूपमा यसलाई व्याख्या गरियो । यही घटना नेपाल र पोखरालाई विश्व समुदायमा चिनाउने एउटा 'गेट वे' को रूपमा चित्रित भयो । किनकि हर्जोगले 'दी अन्नपूर्ण' भन्ने किताव लेखे । जुन सर्वाधिक बिक्री भएको पुस्तक मानिन्छ । जसले यो क्षेत्रलाई विश्वजनिन् बनायो ।

**२) कुमारी हिमाल :** माछापुच्छ्रे : विश्वमै सुन्दर ४ कुमारी हिमालमध्येमा एक माछापुच्छ्रे हिमाल हो । आफ्नो अलग रूप र सौन्दर्यका कारण यो विश्व चर्चित छ । त्यसैले त माछापुच्छ्रे पोखराको शान हो ।

यसको अनुपम सुन्दरताकै कारण यसलाई अहिलेसम्म पनि आरोहणको अनुमति दिइएको छैन । अहिलेसम्म मानव पाइला नटेकिएको कारण यो हिमाल भर्जिन अर्थात कुमारी हिमालको नामले परिचित छ । यद्यपि बेलाबेला आरोहण अनुमति दिएर आम्दानीको स्रोत बनाउनु पर्दछ भन्ने आवाज नउठेको होइन । माछापुच्छ्रे गाउँपालिकाले पछिल्लो पटक आरोहणको लागि खुल्ला गर्ने प्रस्ताव पारित गरेपछि फेरि एकपटक पोखरेली त्यस प्रस्तावको विरोधमा एक भए । यसलाई कुमारी नै राख्नु पर्दछ भन्ने आवाज चर्को छ । त्यसपछि त्यो निर्णय गर्ने गाउँपालिका पनि यति बेला चुप छ ।

यसको टुप्पा 'माछाको पुच्छर' जस्तो कलात्मक आकारमा देखिन्छ । त्यही कारण यसको नाम नै माछापुच्छ्रे रहन गएको हो । विदेशी पर्यटकको आगमनपछि भने यसलाई अंग्रेजीकरण गरीफिस्टेलभन्न थालियो । आकाश खुलेको दिन, बिहानीको सूर्यको किरण परी टलक्क टल्कँदा यसलाई हेर्नुको स्वर्गीय आनन्दानुभूति बेग्लै हुन्छ ।

माछापुच्छ्रे हिमालको टुप्पोलाई मात्र सुक्ष्म ढंगले नियाल्ने हो भने त्यहा पूर्वतिर मुख फर्काएर लमतन्न परेर सुतिरहेको बाघ आकार देखिन्छ । यो पनि यसको अर्को आकर्षण हो ।

**३) फेवाताल र बोटिङ :** पोखराको पर्याय भनेको फेवाताल हो । संसारको सुन्दर तालहरूमध्ये यो १३ औं स्थानमा पर्दछ । पोखरा उपत्यकाको पश्चिम दक्षिण खोंचमा अवस्थित फेवाताल नेपालको दोस्रो ठूलो ताल हो । ताल छेउँको किनारलाई पहिले बैदाम भनिन्थ्यो । किम्वदन्तिअनुसार सो क्षेत्र पहिले तालको छेउँमा कुनै आकर्षण र मूल्य नभएको 'बेदामे' थियो । त्यही बेदामे क्षेत्र पछि 'बैदाम' हुँदै आज लेकसाइडको रूपमा गुल्जार छ । यसले वर्षेनी लाखौंको सँख्यामा पर्यटकलाई स्वागत गरिरहेछ ।

फेवाताल ८ हजार वर्षअघि निर्मित प्राकृतिक ताल हो । पहिले यो १० वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको ठूलो ताल थियो । मानवीय र प्राकृतिक अतिक्रमणको कारण अहिले यो ४ वर्ग कि.मी. मा खुम्चिएको छ । सर्वोच्च अदालतले तालको किनाराबाट ६५ मिटर मापदण्ड कायम गरी खाली गर्न, घरटहरा हटाउन, अतिक्रमण गरी दर्ता गरेका जग्गाको लालपूर्जा बदर गर्न र विश्व सम्पदा सूचिमा सूचिकृत गर्न परमादेश जारी गरेपछि भने फेवाताल जोगिने आशा पलाएको छ ।

फेवाताल पोखराको साँस्कृतिक, पर्यावरणीय र पर्यटकीय महत्व बोकेको निधि हो । यसमा डुङ्गा चलाएर गुजारा गर्ने झण्डै १ हजार परिवारको रोजीर ोटीको सम्बन्ध छ । माछा पालेर परिवार पाल्नेको कथा जोडिएको छ । त्यतिमात्र हैन पोखरा जलचर प्राणीको बासस्थान पनि हो । यहाँ पर्यटकले आफै वा बोटे

लिएर भाडामा नौका विहार गर्न पाउँछन् । फेवातालमा डुङ्गामा शयर गर्दाको आनन्द बेग्लै हुन्छ । तालकै छेउँमा वाराहीघाटदेखि खहरेसम्म 'फुट ट्र्याक' निर्माण गरिएको छ । साँझपख फेवातालको किनारमा पैदल यात्रा गर्दै रम्नेहरूको त्यहाँ भीड लाग्छ ।

पहिले पहिले बैदामका रैथानेहरू फेवातालको पानी पिउँथे । तर अहिले पानी प्रदूषित भएको छ । महानगरपालिका फेवातालबचाउने र पानी शुद्धीकरण गर्ने अभियानमा जुटेको छ । साँझपख खहरेबाट पामे जाने बाटोमा गएर लेकसाइडतिर हेर्ने हो भने साँझको झिलिमिली फेवातालको पानीमा प्रतिबिम्बित हुँदा समुन्द्रको किनारको कुनै विदेशी शहरभन्दा कम प्रतीत हुँदैन ।

फेवातालको पानीमा देखिने माछापुच्छ्रे हिमालको छाँया विश्वभरका पर्यटकलाई लोभ्याउने एउटा 'पर्यटन मिथक'को रूपमा सुविख्यात छ । त्यसैले त फेवाताललाई 'तालहरूको ताल : फेवाताल' भनिन्छ । यो दश तालको शहर हो ।लेखनाथमाबेगनास र रूपासहित ७ ताल छन् । जुन पर्यटकीय आकर्षक गन्तव्य हुन् । पोखरा– १२ मा माछापोखरी र पोखरा– १३ मा कमलपोखरी गरी पोखरामा १० वटा ताल रहेका छन् ।

**४) लेकसाइड :** प्लेस फर इन्टरटेनमेन्ट : सन् १९६० को दशकसम्म सुनसान बैदाम अहिले लेकसाइडको रूपमा गुल्जार छ । । बैदामबाट लेकसाइड नामकरण गराउने श्रेय पर्यटन व्यवसायी योगेन्द्रबहादुर भट्राइलाई जान्छ । उनले सन् १९६८ तिर तालको किनारमा एउटा पर्यटकीय सुविधायुक्त होटेल खोलेका थिए । जसको नाम थियो,होटल लेकसाइड । त्यही होटलको नामबाट ताल किनारको सम्पूर्ण क्षेत्र लेकसाइडको रूपमा परिचित भयो । अहिले लेकसाइड पर्यटनको राजधानी पोखराको 'लाइफलाइन' हो । दिनहुँ हजारौं. पर्यटक पोखरा घुम्न, लेकसाइडमा बास बस्न, फेवातालमा बोटिङ गर्न,तालवाराहीको दर्शन गर्न र अन्तर्राष्ट्रिय परिकार चाख्न आइपुग्छन् । लेकसाइडमा अहिले कटेज, भिल्ला र ९/१० तले भव्य होटल गरी हजारभन्दा बढी होटल, ४/५ सय रेष्टुराँ र सयौं ट्रेकिङ इक्युपमेन्ट पश्मिना/क्युरियो सप रहेका छन् ।

तपाई पोखरा आउनु भयो र लेकसाइड जानु भएन भने पोखरा भम्रण पूर्ण भएको मानिदैन । तर यसको मतलव लेकसाइड पुग्नु नै पोखरा घुम्नु भन्न खोजेको चाहीँ होइन । पोखरामा अरू पनि धेरै गन्तव्य छन्, जहाँ तपाईं पुग्नैपर्छ र घुम्नै पर्छ । साँझपख लेकसाइडमा बरालिनु/टहलिनुको मज्जै बेग्लै हुन्छ । तनावबाट मुक्ति दिलाउने एउटा 'बिन्दास' ठाउ हो लेकसाइड ।

**५) डेभिजफल :** छोरेपाटनको उत्तरतर्फ एउटा आकर्षक छाँगो छ, जुन 'डेभिजफल'को रूपमा चर्चित छ । पीडादायी कथा बोकेको यो छाँगो हेर्दा मान्छेले एकै साथ आनन्द र अचम्मको अनुभूति गर्छन् । घटनाअनुसार वि.सं. २०१८ साउन १५ गते त्यो छाँगोभन्दा केही माथि स्वीस दम्पत्ति खोलामा नुहाउँदै थिए । अचानक फेवा बाँधतिरबाट आएको बाढीले श्रीमती डेभीलाई बगायो र छाँगोमा परी उनको मृत्यु भयो । हेर्दाहेर्दै आफ्नी श्रीमती छाँगोमा बेपता भएपछि पत्नी वियोगले छट्पटिएका ती स्वीस पर्यटक रूँदै घर फर्किए ।

भनिन्छ त्यही समयदेखि त्यसलाई 'डेभिज फल्स' भन्न थालियो। छाँगो करीब एक सय मिटर भूमिगत गहिरो छ। त्यसको पानी भूमिगतरूपमै एक किलोमिटर दक्षिण फुस्रे खोलामा पुगेर मिसिन्छ । फेवातालको पानी नै छाँगोको मुहान हो । स्थानीयहरूले यसलाईं 'पाताले छाँगो' भन्छन् । वि.स. २०३१ सालमा तत्कालीन रानी ऐश्वर्यले पोखरा बसाईको क्रममा भ्रमण गरेपछि यो नेपाली नाम सुझाइएको हो।

**६) गुफाहरूको शहर :** पोखरा गुफाहरूको पनि शहर हो । यहाँ चर्चित महेन्द्र गुफादेखि चमेरे गुफा , क्रेजी केभ, गुप्तेश्वर महादेव गुफा लगायतका आकर्षक गुफाहरू रहेका छन् । पर्यटक लोभ्याउने यी रहस्यमय गुफाहरू संस्थागत सामाजिक उत्तरदायित्वका लागि पनि चर्चित छन् । यसबाट प्राप्त आम्दानीबाटै केही विद्यालय, क्याम्पस चलेका छन् ।

**क) महेन्द्रगुफा :** यो प्राकृतिक गुफा पोखरा–१६ बाटुलेचौरमा अवस्थित छ । यो १२५ मिटर लामो गुफामा भित्रसम्म मज्जाले जान सकिन्छ । यो गुफाभित्र बिजुलीको सुविधा भएकाले टर्च लानु पर्दैन । वि.सं. २०१७ सालमा तत्कालीन राजा महेन्द्रले उद्घाटन गरेकाले यसको नामै महेन्द्र गुफा राखियो । यो गुफा पिकनिक स्पटको लागि पनि चर्चित छ ।

**ख) चमेरे गुफा :** गुफामा चमेराको गुँड धेरै नै भएकाले यो गुफा 'चमेरे गुफा'को नामले परिचित छ । गुफामा पसेर माथि हेर्ने हो भने चमेराहरू तुर्लुङ्ग झुण्डिएर बसेका भेटिन्छन् । यो महेन्द्र गुफाबाट ७०० मिटर पश्चिममा पर्छ । यो १५० मिटर लामो छ ।

**ग) गुप्तेश्वर गुफा :** पाताले छाँगोको ठिक बाटोपारि (दक्षिण) पट्टि गुप्तेश्वर गुफा अवस्थित छ । यो पोखरा–१७ छोरेपाटनमा पर्दछ । गुफाकै छेउँमा अहिले गुप्तेश्वर महादेव मन्दिर निर्माण गरी गुफाको संरक्षण गरिएको छ भने धार्मिक पर्यटनको लागि गुफाभित्र आकर्षक गन्तव्यको रूपमा विकास गरिएको छ । त्यहा एउटा यान्त्रिक कामधेनु गाई छ । जहाँ सिक्का राखिदियो भने दूध झर्ने गर्दछ । यसले पर्यटकलाई निकै नै लोभ्याउने गर्दछ ।

**७) सिटी अफ म्यूजियम् :** पोखरा संग्रहालयको पनि शहर हो । यहाँ पर्यटकलाई घण्टौं भुलाउने हिमाल आरोहणको कथा बताउने अन्तर्राष्ट्रिय पर्वतीय

संग्रहालय (पोखरा– १७ रातो पैरो), पुतलीबारे जानकारी दिलाउने अन्नपूर्ण प्रकृति संग्रहालय ( पि.एन. क्याम्पस परिसर ), लोक संस्कृति झल्काउने क्षेत्रीय संग्रहालय (नयाँ बजार ), गुरूङ जातिको संस्कृति चिनाउने गुरूङ साँस्कृतिक संग्रहालय (तमु प्हे ल्हुँ संघ, शक्तिघाट ) र गोर्खालीहरूको जीवन्त कहानी झल्काउने गोर्खा मेमोरियल संग्रहालय (पोखरा–१६ ) दीप लगायतका छन् ।

८) **संस्कृतिको शहर (सिटी अफ कल्चर)** : पोखरा साँस्कृतिक शहर हो । पर्यटकहरू यहाँको मौलिक संस्कृति हेर्न पाउँदा मख्ख मात्र पर्दैनन्, घण्टौं बितेको पनि पत्तो पाउँदैनन् । पोखरा गुरूङ, मगर, नेवार, क्षेत्री, व्राम्हणबाहुल्य क्षेत्र हो । पोखरा गुरूङको ट्होटे/ल्होछार, मगरको घाटु/माघे संक्रान्ति, गाइनेको गन्धर्व संगीत, नेवारको तायमचाः/भैरव नाच/बाघेजात्रा, क्षेत्रीको सराङ र व्राम्हणको वालन नाच लगायतका संस्कृतिले समृद्ध शहर हो । यिनै संस्कृतिहरूले पोखरालाई जीवन्त राखेको पाइन्छ । यहाँको अर्को विशेषता भनेको साँस्कृतिक सहिष्णुता र सद्भाव हो । एक जातिले अर्को जाति समुदायको संस्कृति पर्वमा खुलेर सहभागिता जनाइरहेका हुन्छन् ।

९) **मन्दिरहरूको शहरः** पोखरामा आएका हिन्दू धर्मावलम्वीहरूको अनिवार्य गन्तव्य भनेको विन्दवासिनी मन्दिर हो । यो पुरानो मध्येको एक मन्दिर हो । भारतको विन्ध्याचल पर्वतबाट ल्याइएको मूर्ति थुम्कोमा प्रतिस्थापित गरिएकाले विन्दवासिनी भनिएको मानिन्छ । यो मन्दिर भाकल पूरा गर्न र तन्त्र साधनाका लागि शक्तिशाली मानिन्छ ।

पोखरा शहरको बस्ती विकास विन्दवासिनी मन्दिर र भीमसेन मन्दिरको स्थापना सँगसँगै भएको पाइन्छ । इतिहासविद्हरूका अनुसार सन् १७५२ मा पोखराका तत्कालीन राजा सिद्धिनारायण शाहले भाँडा बनाउन र काम लगाउन भक्तपुर/पाटनबाट एक हुल शिल्पी नेवार हरूलाई पोखरा भित्राए । उनीहरूलाई यहीं भीमसेन टोल, नालामुख, तेर्सापट्टी, साँघुमुखमा बसोबास गराए । नेवारहरूको त्यो पहिलो र पुरानो बस्तीलाई '२६ कुरिया' भनिन्छ ।

तिनै नेवारहरूले आफ्नो इष्टदेव भीमसेन मन्दिर बनाए । त्यहीं आसपासको समयमा विन्दवासिनी प्रतिस्थापित भएको मानिन्छ । उसो त पोखरामा गणेश मन्दिर (गणेशटोल), भद्रकाली मन्दिर, गुप्तेश्वर महादेव मन्दिर(छोरेपाटन), अकला मन्दिर(लामाचौर),तालवाराही मन्दिर (फेवातालको) बीचमा चर्चित मन्दिरहरू हुन् । वर्षेनी हजारौं भारतीय पर्यटक विन्दवासिनीमा दर्शन गर्न र मुक्तिनाथ जान पोखरा आउने गर्दछन् । यिनै मन्दिरहरूको कारण पोखरा 'धार्मिक पर्यटन गन्तव्य' को रूपमा पनि विकसित हुँदैछ ।

१०) **साहसिक पर्यटनको गन्तव्य (सिटी अफ एडभेञ्चर)** : पोखरा प्रकृति र संस्कृतिको संगम स्थल त हो नै, त्यसका साथसाथै पछिल्ला वर्षहरूमा 'सिटी अफ द एडभेञ्चर' को रूपमा पनि विकास हुँदैछ । बञ्जी जम्प, कायाकिङ, क्यानोनिङ, जीप फ्लायर, प्याराग्लाइडिङ, ऱ्याफ्टीङ, स्काई ड्राइभिङ आदि यसका आकर्षक उदाहरण हुन् । भूकम्पअघि मित्रराष्ट्र चीनबाट ठूलो संख्यामा प्याराग्लाइडिङलगायतका साहसिक गतिविधि गर्न चिनिया पर्यटक आउने गर्दथे । भूकम्पपछि त्यो संख्या घटेपनि हाल बिस्तारै 'पिक अप' लिन थालेको छ ।

११) **ट्रेकिङ हब** : पोखरा ट्रेकिङका लागि प्रवेश द्वार हो । यहाँबाट हाफ डे, फुल डे, सेभेन डेज ट्रेकिङ प्याकेजमा जान सकिन्छ । शान्ति स्तुपा, सराङ्कोट, कृस्ती, मट्टिखान हाफ डे ट्रेकिङका लागि चर्चित छन् भने काँडे, नौडाँडा, पञ्चासे, धम्पुस फुल डे र घान्द्रुक, अन्नपूर्ण बेसक्याम्प, माछापुच्छे बेसक्याम्प, मर्दी हिमाल ट्रेक, घोडेपानी, पुन हिल, सिक्लेश, राउण्ड अन्नपूर्ण सर्किट, क्होंलासोंथर, घलेगाउँ लामा दिनका ट्रेकिङ रूटको रूपमा परिचित छन् ।

१२) **शान्ति स्तुपा** : पोखरा साहसिक गतिविधि, मनोरञ्जनका साथसाथै ध्यान, शक्ति र योगाका लागि पनि प्रसिद्ध केन्द्र बन्दै गइरहेको छ । फेवाताल माथिको डाँडामा शान्ति स्तुपा छ । त्यहाँ बसेर ध्यान गर्न र पोखरा सहर तथा फेवाताल/हिमालका दृश्य 'एम्पीथियटर भ्यू'मा हेर्न लोभलाग्दो ठाउँ बनेको छ । प्यागोडा शैलीमा निर्मित यो स्तुपा उसो त बौद्ध धर्मावलम्वीहरूका लागि पवित्र गन्तव्य र हाफ डे ट्रेकिङका लागि उपयुक्त रूट हो । पोखरामा यस्तै गुम्बाहरू, माटेपानी, हेमजा, रामघाटलगायतका ठाउँहरूमा पनि छन् ।

१३) **सराङकोट** : समुन्द्र सतहबाट १६ सय मिटर उचाईमा अवस्थित सराङकोट लामो रेञ्जका हिम श्रृंखलाको दृश्यावलोकन गर्न र सूर्यास्त/सूर्योदयको भर्भराउँदो दृश्य हेर्नका लागि चर्चित छ । उसो त त्यहाँ निर्मित टावरले यसलाई अझ आकर्षण पैदा गरेको छ । अहिले त्यहाँ ठूलो महादेव मन्दिर निर्माण गरिदैछ भने सुविधासम्पन्न होटलहरू धमाधम बन्दैछन् । प्याराग्लाइडिङ 'टेक अफ' का लागि उपयुक्त स्थल सराङकोट पर्यटकीय गन्व्यमा स्थापित भएकै बेला फेवाताल किनार सेंदीबाट सराङकोटसम्म अन्नपूर्ण केवलकार निर्माण गरिन थालेपछि यसको आकर्षण झनै बढ्ने निश्चित छ । यो आउदो बैशाखदेखि सञ्चालनमा आउँदैछ । त्यसपछि सेंदीबाट ८/९ मिनेटमै सरर केबुलकार चढेर सराङकोटमा पुग्न सकिनेछ ।

१४) **ऐतिहासिक ठाउँ कास्कीकोट** : यो पोखराको ऐतिहासिक थलो हो । कश्यप ऋषिले तपस्या गरेको ठाउँ भएकाले सो ठाउँ 'कश्यपी' भन्दाभन्दै अपभ्रंश भई ' कास्की' हुँदै कास्की रहन गएको मानिन्छ । कास्कीकोट शाहवंशीय राजा कुलमण्डन शाहको राजधानी हो । कुलमण्डन शाह वंशका प्रथम राजा थिए । भनिन्छ उनले घले राजालाई लडाईंमा जितेर राज्य बसाले ।

उनकै सन्तान यशोव्रह्मा लमजुङका राजा भए । र उनकै सन्तान द्रव्य शाह गोरखाका राजा भई पृथ्वी नारायण शाह हुँदै नेपाल राज्यको एकीकरण भएको मानिन्छ । भलै 'क'बाट शुरू भएको कुलमण्डन शाहको राजसंस्था उनकै सन्तती ज्ञानेन्द्र शाह 'ज्ञ' मा आइपुग्दा पतन भइसकेको छ । तथापि यो एक ऐतिहासिक ठाउँ हो । अहिलेपनि त्यहाँ पुरानो पोखरी, किल्ला, दरबारका भग्नावशेषहरू पाइन्छ । कुलमण्डन शाहकै 'विन्टर प्यालेस'का रूपमा 'बाटुलेचौर'लाई लिइन्छ । बाटुलेचौरमा गन्धर्व जाति र क्षेत्री समुदायको ऐतिहासिक बाक्लो बस्ती हुनु यसका प्रमाण हुन् । उसो त त्यहाँपनि दरबारकालीन अवशेषहरू अहिलेपनि भेटिने स्थानीयहरू बताउँछन् ।

**१५) धर्मकाया बुद्ध मण्डला,काहुँडाँडा** : पोखराको पूर्वोत्तरमा अवस्थित यो डाँडा अहिले नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास हुँदैछ । त्यहाँ ८० मिटर अग्लो बुद्धको मूर्ति, पाँच हजार जना अट्ने मेडिटेसन हल, बौद्ध शिक्षाका पाठशालाहरू भएको 'धर्मकाया बुद्ध मण्डला' बन्ने भएपछि यसको ग्ल्यामर्स बढ्दै गएको छ । यो योजनाले मूर्त रूप पाउँदा पोखरा, लेकसाइडबाट साँझपख त्यो डाँडामा झिलिमिली बत्तीसहित राति भर्भराउँदो ठूलो बुद्ध मूर्ति देखिनेछ । त्यसको आकर्षणले विदेशी पर्यटकलाई समेत लोभ्याउनेछ । त्यसपछि उनीहरूले धर्मकाया बुद्ध मण्डला काहुँडाँडालाई आफ्नो गन्तव्य बनाउने छन् । काहुँकोटमा धरहरा भएरपनि लामो समयदेखि ओझेलमा परेको यो ठाउँले चाँडै नै मुहार फेर्ने अपेक्षा गरिन्छ । अहिले नै यो ठाउँ पिकनिक र पोखरा दृश्यावलोकनका लागि गन्तव्य बन्न थालिसकेको छ । पोखरा सहर तथा हिमालका दृश्य हेर्न लोभलाग्दो ठाउँ बनेको छ ।

**१६) सेती गर्ज** : पोखरालाई पूर्व र पश्चिम दुई चिराको रूपमा छुट्याएर बीचबाट बग्ने सेती गण्डकी कहिले देखिने गरी त कहिले नदेखिने गरी बग्छ । यही नै गण्डकीको विशेषता हो । खासगरी पृथ्वीचोक छेउँको चाइनापुल, भीमसेनचोकको महेन्द्रपुलबाट गण्डकीलाई हेर्दा मनै हराउने दृश्य देखिन्छ । अरू एक किलोमिटर माथि केआइसिंह पुल पुग्ने हो भने त्यस छेउँबाट सेतीको गर्ज देखिन्छ । यो पनि एउटा पर्यटकीय गन्तव्य हो । गण्डकीमा सेतो पानी बग्ने भएकाले यसलाई सेती गण्डकीको नामले पुकारिन्छ । सेतीको डिल (भिर)मा नदीलाई नजिकबाट नियाल्न ठाउँ ठाउँमा सुरक्षित तर साहसिक भ्यू पोइन्ट बनाउने योजनामा पोखरा महानगरपालिका जुटेको छ ।

**१७) होम स्टे** : पोखरामा शहरमा मात्र हैन, गाउँगाउँमा पनि पर्यटन बिस्तार भएको छ । पर्यटन प्रवर्द्धन गर्नका लागि 'होम स्टे' (घरबास) कार्यक्रमले सघाएको छ । होटल, लज, रेष्टुराँ नभएका गाउँहरू पनि पर्यटक पुऱ्याउन घरघरमा खाने/बस्ने सुविधा उपलब्ध गराइएको छ । पर्यटकीय नमुना गाउँ स्याङ्जाको सिरूबारी र लमजुङको घलेगाउँबाट प्रभावित यो संस्कृतिलाई पहिले नेपाल पर्यटन वोर्ड र टानले प्रोमोट गरेको थियो भने अहिले गण्डकी प्रदेश सरकारले त यही आर्थिक वर्षमा यो प्रदेशमा ३०० 'होम स्टे' पुऱ्याउने लक्ष्य राखेको छ । यो कार्यक्रम अहिले गाउँगाउँमा लोकिप्रय बन्दै गइरहेको छ भने पर्यटक पनि तान्न सफल भएका छन् ।

**१८) जुलोजिकल पार्क** : पोखरा-३१ पचभैयामा एउटा प्राकृतिक चिडिया घरको निर्माण गरिएको छ । यो अहिले जुलोजिकल पार्कको रूपमा विकसित हुँदैछ । युनाइटेड क्लब पोखराले 'पोखरा महोत्सव'बाट बचेको पैसाले यसको निर्माण गरेको हो । पछि यसलाई कास्की गौरवको आयोजनाको रूपमा तत्कालीन जिल्ला विकास समितिले स्वीकार गऱ्यो । अहिले गण्डकी प्रदेश सरकारले आफनो योजनामा पारी करिब २ करोड बजेट छुट्याएको छ । सामुदायिक वनमा निर्मित यो पार्क १३४ हेक्टरमा फैलिएको छ । मृग, हुँचिल, निल गाई, जरायो, बन बिरालो, चराचुरूङ्गी पाइने पार्क अहिले वन्यजन्तु उद्धार केन्द्रको रूपमा चर्चित छ ।

१९) पोखरेली ब्रान्ड : पोखरामा अहिले केही ठाउँहरू ब्रान्डको रूपमा स्थापित भएका छन् । जस्तो कि बाहिरका मान्छेको लागि पोखरा भन्नेबित्तिकै 'लेकसाइड', ताल भन्नेबित्तिकै 'फेवाताल', गुफा भन्नेबित्तिकै महेन्द्रगुफा (वाटुलेचौर ), मन्दिर भन्नेबित्तिकै विन्दवासिनी (मोहरिया टोल) 'ब्रान्ड'को रूपमा स्थापित छ । खाना खाने कुरा आउनेबित्तिकै थकाली फ्लेभर, अझ त्यसमा पनि माइलीको भान्छाघर, एयरपोर्ट थकाली, मन्त्र थकाली, (न्यूरोड/हल्लनचोक), होटल मोनालिसा (ड्यामसाइड) प्रसिद्ध छन् । सपिङ गर्न भाटभटेनी (न्यूरोड/पोखरा ट्रेड मल, सेलवेज, निभा/नेहा/द नर्थ फेस, सुलभ स्टोर्स (जरेवर) फिल्म हेर्न मिट टाउन ग्यालेरिया (सभागृह), सिने प्लेक्स (पोखरा ट्रेड मल) । रेष्टुराँ जानु परेमा बिजी बि, के.एफ.सि., चिल्लीबार, क्लव आर्म्सटरडम, बुमराङ, त्रिसरा, ब्यञ्जन (लेकसाइड), बाजेको सेकुवा, बाजेको माछा महल, मुग्लान रेष्टुरेण्ट (सभागृह), वियाँ, स्काई स्पोर्टस (न्यूरोड) लगायत दर्जनौं रहेका छन् । यहाँ होटल पोखरा ग्राण्ड, सांग्रिला, बाराही, फिस्टेल लज, रानीवन आर्केड, हिमालयन फ्रन्ट, माउन्ट कैलाश रिसोर्ट, अतिथि रिसोर्ट, होटल कान्तिपूर, टेम्पल ट्री, पसि प्लाजा, फूलवारी रिसोर्ट, रूपाकोट रिसोर्ट लगायतका सयौं अन्तर्राष्ट्रियस्तरका होटलहरू छन् । माछा खान पामे, बेगनास,रेन्बो ट्राउट सार्दिखोला प्रख्यात गन्तब्य हुन् । पोखरामा स्ट्याण्डर्ड डिस्को, दोहोरी, गजल रेष्टुराँ, स्पा सेन्टर लगायतको सुविधा छ । र कफि पारखीहरूका लागि पोखरामा अर्गानिक कफिसपहरू छन् । जसमा कफि कल्चर, हिमालयन जाभा, पोखरा जाभा (लेकसाइड), स्टार कफि सेन्टर (न्यूरोड)लगायत कैयन अन्तर्राष्ट्रियस्तरका कफिसपहरू पाइन्छन् ।

**२०) सुन्दरी डाँडा** : बेगनास चोकबाट मात्र ४ कि.मि. को दुरीमा सुन्दरी डाँडा पर्छ । यहाँसम्म पुग्नको लागि

राम्रो बाटो छ । त्यो ठाउँ बेगनास ताल र रूपातालको सिमाना बाटो हो । त्यहाँ लिवर्डले एउटै फ्रेममा २ वटा अलग अलग तालको सौन्दर्यपान गर्न सुविधा होस् भनी भ्यू टावर बनाइदिएको छ । त्यो भ्यू टावरबाट दायाँतिर बेगनास र बायाँतिर रूपाताल हेर्दा जुन आनन्द आउँछ नि त्यसलाई शव्दमा बयान गर्न सकिँदैन । शायद मानिस कुनै ठाउँमा पुगेर आनन्दित, रोमाञ्चित र खुसी हुन्छ भने सत्य हो ती ठाउँहरूमध्येको एक सुन्दर ठाउँ सुन्दरीडाँडा हो । सोही ठाउँमा हप्ता/दश दिनको प्याकेजमा मेडिटेशन सेन्टर पनि यहाँ छ । जहाँ बसेर मानिसले पुनर्ताजगी प्राप्त गर्ने गर्दछन् ।

यतिमात्रै होइन, पोखरामा हेर्न लायकका धेरै गन्तव्यहरू छन् जसले पोखरालाई सिंगारेका छन् । यहाँबाट अन्नपूर्ण बेस क्याम्पसम्म 'हेलिकोप्टर टुर'को व्यवस्था छ । लेकसाइडमा भाडामा साइकल/मोटरसाइकल पाइन्छ र मनमौजी तरिकाले आफ्नै सुरमा हुइँकिन पाइन्छ । यहाँ पुरानो बजार रामकृष्ण टोल छ । जहाँ अहिलेपनि पुराना घरहरू जोगाएर राखिएको छ । पर्यटकका लागि आकर्षणको केन्द्र बनिरहेको छ । त्यसैको छेउँमा 'नेवा छेँ (नेवारी घर) छ । जुन नेवारी कला संग्रहालयको रूपमा विकसित हुँदैछ । यो २००७ साल अघिसम्म गुमनाम थियो । बागलुङ र बन्दीपुर बजारको रूपमा विकास भइसक्दा यो आफ्नो परिचयको खोजीमा थियो ।

यो यस्तो शहर हो, जहाँ मान्छेले गाडी भन्दा पहिले जहाज देखे/चढे । जहाज चढेर जीप पोखरा भित्रियो । 'उल्टो गतिमा' विकास भएको पोखरा शहर पहिले औलो लाग्ने उपत्यका र नुन बोक्न भोट जाने ट्रान्जिट थियो ।

साठीको दशकमा 'हिप्पिइज्म'ले पर्यटनको सुदूर सम्भावना देखाएको यो शहरमा राजा महेन्द्रले आफ्नी प्रिय रानीका लागि बनाएको प्रेमको प्रतीक 'रत्न मन्दिर'पनि छ । जो यतिबेला सर्वसाधारणका लागि खुल्ला गरिने घडीको पर्खाइमा छ । त्यसकै छेउँमा हिमागृह र रानीवन छ । उसो त यो शहर लोक कवि अलिमिया, कवि शिरोमणि लेखनाथ पौड्याल, जन कविकेशरी धर्मराज थापा, कार्टुनका बादशाह दुर्गा बराल 'वात्स्यायन', पागल वस्तीका श्रष्टा सरूभक्त र हरिदेवीको जन्म ठाउँ पनि हो ।

द्रुतगतिमा विकास भइरहेको यो शहरमा अन्तर्राष्ट्रिय विमानस्थल बन्दैछ, जसले पोखरालाई पर्यटनको अन्तर्राष्ट्रिय गन्तव्य बनाउने पोखरेलीको विश्वास छ । यही भरोसाका साथ पर्यटन पूर्वाधारका लागि व्यवसायीहरूले आँखा चिम्लेर लगानी गरिरहेका छन् । उनीहरूलाई आफ्नो लगानीको चिन्ता छैन । किनकि पोखरा पर्यटनको राजधानी हो । अघोषित रूपमा त यो राजधानी हो नै, अब यसको राज्यबाट औपचारिक घोषणा गर्न मात्र बाँकी छ । यसका लागि पर्यटन सम्बद्ध संघ संस्था र राज्यले आन्तरिक गृहकार्य गरिरहेका छन् । सायद त्यसैले होला संघीय सरकारले (केन्द्र) सन २०२० लाई नेपाल भ्रमण वर्षको रूपमा मनाउने घोषणा गरिरहँदा गण्डकी प्रदेश सरकारले भने सन २०१९ लाई आन्तरिक भ्रमण वर्ष र सन २०२२ लाई अन्तर्राष्ट्रिय भ्रमण वर्षको रूपमा मनाउने घोषणा गरिसकेको छ ।

मिडियाको भूमिकाः बीसको दशकदेखि अहिलेसम्म झण्डै पचास वर्षमा पोखराले आफूलाई पर्यटकको राजधानीको रूपमा उभ्याएको छ । यो उठाउनका लागि पोखरालाई नेचर (प्रकृति), कल्चर (संस्कृति) र एडभेन्चर (साहसिक गतिविधि)ले जसरी साथ दिएको छ, त्यसरी नै मिडियाले पनि साथ दिएको छ भन्दा अत्युक्तिनहोला । किनकि नेपाली मिडिया पोखरा र पर्यटनप्रति यति 'मैत्रीपूर्ण' छन् कि यसले पर्यटनमा असर पर्नेगरी 'नेगेटिभ रिपोर्टिङ' कहिले पनि गरेन । यो नै पोखरेली पर्यटनको सुन्दर पक्ष हो । पोखराले पर्यटनमा बाामे सार्न लागेको बेला यसको सुन्दरतालाई अन्तर्राष्ट्रियकरण गर्न हिन्दी चलचित्र देव आनन्दको 'हरे राम हरे कृष्ण'ले सघायो । यो चलचित्र'हिप्पिइज्म' को कथामा निर्माण गरिएको थियो । हिप्पीहरू पोखराको पहिलो पुस्ताका पर्यटक थिए पोखराको लागि ।त्यसपछि धेरै हिन्दी र नेपाली चलचित्रले पोखरालाई सुटिङ्ग स्थलको रूपमा रोजे ।

माओवादी आन्दोलनको उत्कर्षताका (५८/५९ सालतिर) पोखराको पर्यटन सुस्तायो । पोखरेली पर्यटन व्यवसायीले विश्वशंकर पालिखेको नेतृत्वमा 'जाउँ है पोखरा' अभियान चलाए । यो अभियानमा मिडियाको राम्रो साथ रह्यो । पछि यस्तो अभियान 'चलिए पोखरा'को नाममा भारतका उत्तरपूर्वी प्रदेश विहार, मध्ये प्रदेश, पश्चिम बंगालमा चलाउँदा पनि साथमा मिडिया छुट्दैनन् । २०७२ सालको भूकम्पले पोखरेली पर्यटनलाई असर पार्दा होस् वा अन्य जुनसुकै बेला मिडियाले नङ र मासुको जस्तो भूमिका निर्वाह गरेको छ ।

अहिले स्थानीय/राष्ट्रिय सबै खालका मिडियाले पोखराको पर्यटन प्रवर्द्धनका लागि सघाइरहेका छन् । यही नयाँ गन्तव्यको बारेमा रिपोर्टिङ गरेर होस वा रेवान स्ट्रिट फेस्टिभल , फेवा नव वर्ष महोत्सवको न्यूज कभर गरेर । त्यतिमात्र हैन मिडियाले सफल पर्यटन व्यवसायीको सफलताका कथा छापेर, प्रसारण गरेर होस् वा न्यू कभरलाई स्थान दिएर सघाइरहेको पाइन्छ । पछिल्लोपटक फस्टाएको अनलाइन मिडियाले त झन् सघाइ नै रहेको छ । यसको एउटै उदाहरण काफी छ, लोन्ली प्लानेटको गन्तव्य सूचीमा पोखरा नछुट्नु । यसको नेचर, कल्चर र एडभेञ्चरलाई जोगाइराख्नु, पर्यटकीय गन्तव्यको नयाँ क्षेत्र खोज्नु, उच्च व्यवसायिक दक्षता प्रदर्शन गर्नु, अर्गानिक आतिथ्यता बचाई राख्नु र गुणस्तरीयतामा बृद्धि गरी शाख जोगाइराख्नु पोखरेली पर्यटन व्यवसायीको चुनौती हो । जय होस् ।

*(श्रेष्ठ नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष हुनुहुन्छ । )*

गतिविधि

# श्रमजीवी पत्रकार ऐन र न्यूनतम पारिश्रमिकमा पुनरावलोकन कार्यान्वयनको अवस्था र चुनौतिबारे अन्तर्क्रिया




काठमाडौं । नेपाल पत्रकार महासंघ श्रमजीवी हित प्रवर्द्धन समिति तथा न्यूनतम पारिश्रमिक निर्धारण समितिको संयुक्त आयोजनामा श्रमजीवी पत्रकार ऐन र न्यूनतम पारिश्रमिकमा पुनरावलोकन कार्यान्वयनको अवस्था र चुनौतिबारे अन्तरर्क्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले सञ्चारमाध्यमहरूले श्रमजीवी पत्रकार ऐन पूर्ण कार्यान्वयन नगरेको भन्दै महासंघले न्यूनतम पारिश्रमिक निर्धारण समितिसँग सहकार्य गरी संयुक्त अनुगमन गर्ने बताउनु भयो । उहाँले अनुगमनका क्रममा श्रमजीवी पत्रकार ऐन कार्यान्वयन नगर्ने सञ्चार प्रतिष्ठानमा आन्दोलन गर्ने चेतावनी दिनुभयो ।

न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष गंगाधर पराजुलीले सबै पत्रकारले श्रमजीवी पत्रकार ऐनको अध्ययन गर्न आवश्यक रहेको बताउनुभयो । उहाँले न्यूनतम पारिश्रमिक निर्धारण समिति सदैव पत्रकारको हितमा रहेको भन्दै न्यूनतम पारिश्रमिक नपाउने पत्रकारले सम्बन्धित निकायमा उजुरी गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा संयोजक तथा महासंघका सचिव रामप्रसाद दाहालले धेरै पत्रकारहरू न्यूनतम पारिश्रमिकबाट समेट बञ्चित हुनुपरेका कारण कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

कार्यक्रममा महासंघका केन्द्रीय सदस्यहरू यम विरही, टेकराज थामी लगायतले आफ्नो धारणा राख्नुभएको थियो । नेपाल पत्रकार महासंघ प्रतिष्ठान शाखाका अध्यक्षहरूको सहभागितामा आयोजना गरिएको कार्यक्रममा उपस्थित पत्रकारहरूले आफू कार्यरत सञ्चारगृहमा श्रमजीवी पत्रकार ऐन कार्यान्वयनको अवस्थाबारे जानकारी गराउनुभएको थियो । समितिले यसअघि सञ्चार तथा सूचना प्रविधि मन्त्रीलाई भेटी न्यूनतम पारिश्रमिक कार्यान्वयन गर्ने सम्बन्धमा बुझाएको ज्ञापनपत्रको ध्यानाकर्षण गर्ने, सबै सञ्चारमाध्यमलाई हाल लागू भएको पत्रकार न्यूनतम पारिश्रमिक कार्यान्वयन गर्ने सम्बन्धमा महासंघले ज्ञापनपत्र बुझाउने भएको छ । साथै समितिले श्रमजीवी पत्रकार ऐन कार्यान्वयन भए नभएको बारेमा सञ्चारमाध्यममा गई अनुगमन गर्ने तयारी शुरू गरेको छ ।

गतिविधि

# १८ बुँदे विराटनगर घोषणापत्र जारी गर्दै राष्ट्रिय सम्मेलन सम्पन्न




नेपाल पत्रकार महासंघको केन्द्रीय समितिको आयोजना, प्रदेश नं. १ को संयोजन र मोरङ शाखाको आतिथ्यतामा आज मिति २०७५ पुस ५ गते भएको राष्ट्रिय सम्मेलन विराटनगर घोषणापत्र २०७५ जारी गर्दै सम्पन्न भएको छ ।

**सम्मेलनबाट सर्वसम्मतरूपमा पारित भएको घोषणापत्र**

१. नेपालको संविधान २०७२ मा उल्लेख प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पूर्ण प्रत्याभूति र नेपाल पक्ष राष्ट्र भएका व्यवस्थाअनुसार कानुन निर्माण गर्न तीनै तहका सरकारसँग माग गर्दै प्रेस स्वतन्त्रता संकुचित पार्ने कुनै पनि किसिमका नीति, ऐन, कानुन र नियमावली नबनाउन र निर्देशिका जारी नगर्न यो राष्ट्रिय सम्मेलन जोडदार माग गर्दछ । साथै, प्रेस स्वतन्त्रता, सूचनाको हक एवम् नागरिक अभिव्यक्ति स्वतन्त्रता सुरक्षित र सुनिश्चित गर्न पनि माग गरिन्छ ।

२. फौजदारी मूलुकी संहिता ऐन र देवानी मूलुकी संहिता ऐन २०७४ मा प्रेसमाथि अंकुश लगाउने केही प्रावधान रहेकोमा संविधानसँग बाझिएका ती प्रेस स्वतन्त्रता विरोधी सम्पूर्ण प्रावधान खारेज गर्न माग गर्दछ ।

३. योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा सञ्चारगृह अनिवार्य सूचीकृत गर्नुपर्ने प्रणालीमा जान यो सम्मेलन निर्देश गर्दछ ।

४. अनलाइन सञ्चारमाध्यमलाई नियमन गर्दै अनलाइन सञ्चारमाध्यममा प्रकाशित समाचारको विषयमा चित्त नबुझ्दा प्रहरीले समाचार लेख्ने र प्रकाशन गर्ने पत्रकारलाई विद्युतीय कारोबार ऐन २०६३ को दफा ४७/४८ अनुसार कठोर कारबाही गर्ने गरेकोमा आपत्ति जनाउँदै नियमनकारी निकाय प्रेस काउन्सिल मार्फत नै आवश्यक प्रक्रिया अगाडि बढाउन तथा ऐनको सो दफा खारेज गर्न माग गर्दछ ।

५. सरकारले पत्रकारको न्यूनतम पारिश्रमिक बृद्धि गर्ने निर्णय गरिए पनि अधिकतर सञ्चारगृहबाट पत्रकारलाई तोकिएअनुसार सेवासुविधा नदिएको हुँदा घोषित सेवा सुविधा अविलम्ब उपलब्ध गराउन माग गर्दछ । अन्यथा नेपाल पत्रकार महासंघको अगुवाईमा श्रमजीवी पत्रकार ऐन लागू गर्न/गराउन देशव्यापी आन्दोलन गर्ने यो सम्मेलन प्रण गर्दछ । साथै, सञ्चारगृहमा कार्यरत पत्रकारले प्रयोग गर्ने सञ्चार उपकरण क्यामेरा, रेकर्डरलगायतका सञ्चार उपकरण सञ्चारगृहले नै उपलब्ध गराउन यो सम्मेलन माग गर्दछ ।

६. कम्तिमा एक वर्ष कार्यावधि पूरा गरेका क्रियाशील स्ट्रिन्जरलाई क्रमशः करार, अस्थायी र स्थायी गरी बृद्धि गरिएको पारिश्रमिक कार्यान्वयन गराउन दबाबमूलक कार्यक्रम तथा कार्ययोजना तयार पार्न केन्द्रीय समितिलाई निर्देश गर्छ ।

७. आम सञ्चारमाध्यम र पत्रकारसम्बद्ध संघसंस्थालाई महिला, दलित, आदिवासी जनजाति, मधेसी, अपाङ्गता, अल्पसंख्यक, पिछडावर्ग लगायतलाई पूर्ण समावेशी




बनाउन यो राष्ट्रिय सम्मेलन प्रण गर्दछ ।

८. नेपाल पत्रकार महासंघमा आबद्ध सदस्यता शुद्धीकरण गरी संघीयताको मर्म अनुसार प्रत्यक्ष निर्वाचन प्रणालीमा जान राष्ट्रिय सम्मेलन निर्देश गर्दछ । केन्द्रीय/प्रदेश पार्षदको व्यवस्था हटाई केन्द्रको हकमा केन्द्रीय समितिका सबै, प्रदेश कमिटीका पदाधिकारी र जिल्ला/प्रतिष्ठान/एशोसिएट कमिटीको अध्यक्ष सम्मिलित राष्ट्रिय परिषद् गठन गर्न तथा प्रदेश परिषदको हकमा प्रदेश कमिटीका सबै र जिल्ला/प्रतिष्ठान/एशोसिएट कमिटीका पदाधिकारी सम्मिलित प्रदेश परिषद्को व्यवस्था गर्न यो सम्मेलन सहमत छ । साथै, केन्द्रले परिषद्को कुल संख्याको दश प्रतिशत प्रादेशिक समानुपातिक ढंगले मनोनित गर्न पाउने व्यवस्था गर्न सम्मेलन माग गर्दछ । साथै, सबै साधारण सदस्यहरूले मतदान गर्न पाउने गरी शाखा/प्रदेश र केन्द्र तीनै तहको लागि एकै दिन निर्वाचन गर्ने वातावरण सिर्जना गर्न केन्द्रीय कमिटीलाई निर्देश गर्दछ ।

९. हाल प्रदान गर्दै आएको लोककल्याणकारी विज्ञापन दोब्बर गरी भुक्तानी र प्रेस पास वितरणको व्यवस्था जिल्ला तहबाटै गर्न, पत्रपत्रिकाको वर्गीकरण प्रदेशस्तरबाटै गर्न र स्थानीय तथा साना लगानीसँगै स्वरोजगारमुखी मिडिया प्रवर्द्धन गर्न स्थानीय विज्ञापन स्थानीय सञ्चारमाध्यमलाई प्रदान गर्न र समानुपातिक विज्ञापन प्रणाली लागू गर्न जोडदार माग गर्दछ ।

१०. पत्रकारको क्षमता अभिवृद्धि तथा संस्थागत विकासका लागि आवश्यक तालिम, अध्ययन-अनुसन्धानका लागि प्रदेशस्तरमै आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना गर्न पहल गर्ने प्रण गर्दछ ।

११. प्रादेशिकस्तरमा पनि सूचना तथा प्रसारण विभाग, सूचना आयोग र प्रेस काउन्सिलको कार्यालय स्थापना गर्न यो राष्ट्रिय सम्मेलन जोडदार माग गर्दछ । त्यस्ता निकाय स्थापना गर्दा पत्रकार महासंघको समेत समन्वयमा स्वतन्त्र, स्वायत्त, प्राज्ञिक व्यक्तित्व र सम्बन्धित क्षेत्रको हुनुपर्ने कानुन व्यवस्था गरियोस् ।

१२. पत्रकार महासंघमा आबद्ध सम्पूर्ण सदस्यहरूलाई दुर्घटना तथा स्वास्थ्य बीमाको अनिवार्य व्यवस्था गर्न र त्यस्तो व्यवस्था गर्दा सूचना विभागले उपलब्ध गराएको प्रेस पास नभएका व्यक्तिको हकमा पत्रकार महासंघको सिफारिसबाट हुने व्यवस्था गरियोस् ।

१३. पत्रकार महासंघको नयाँ सदस्यता वितरण गर्दा निरन्तर सक्रिय, मिडियामा आबद्ध, पत्रकारितालाई मूल पेसा बनाएकालाई मात्र सदस्यता प्रदान गर्न तथा नवीकरण गर्दा निस्क्रिय रहेका, वैदेशिक रोजगारीमा गएका, राजनीतिक दलका पूर्णकालीन कार्यकर्ता, स्थानीय/प्रदेश र संघीय निर्वाचनमा उम्मेदवार बनेका र सरकारी सेवामा रहेकाको सदस्यता खारेज गरी शुद्धीकरण कार्यान्वयन गर्ने प्रण गर्दछ ।

१४. पछिल्लो समय पत्रकारलाई सम्मान/पुरस्कार प्रदान गरी प्रलोभनमा पार्ने प्रवृत्ति बढ्दै गएकोले त्यसतर्फ पत्रकारलाई सचेत भई सम्मान/पुरस्कार दिने संस्था र त्यस सम्मान/पुरस्कारको महत्व हेरेर मात्र ग्रहण गर्न आव्हान गरिन्छ ।



१५. केन्द्र, प्रदेश र जिल्ला शाखाका पदाधिकारी र सदस्यहरूको पदीय मर्यादाक्रम निर्धारण तथा कार्यविधिमै कर्तव्य र दायित्व पनि उल्लेख गर्न केन्द्रीय समितिलाई निर्देश गर्दछ ।

१६. नेपाल पत्रकार महासंघको प्रदेश समिति/शाखा/प्रतिष्ठान तथा एशोसिएटले वार्षिकरूपमा अनिवार्य लेखा परीक्षण गरी आर्थिक हिसाव चुस्तदुरूस्त राख्न आव्हान गरिन्छ । साथै, साधारण सदस्यले सदस्यता नवीकरण विधानमा भएको व्यवस्था अनुसार समयभित्रै गर्न यो सम्मेलन आव्हान गर्दछ ।

१७. प्रदेश नं. १ लाई पर्यटन गन्तब्य बनाउन तथा विराटनगरको औद्योगिक तथा ऐतिहासिक महत्वलाई कायम गर्दै यसको विकास र प्रबर्द्धनमा जोड दिन सरकारसँग यो सम्मेलन विशेष आग्रह गर्दछ ।

१८. यो सम्मेलन सफल पार्न संयोजन गर्ने नेपाल पत्रकार महासंघ प्रदेश नं. १ समिति तथा सक्रियरूपमा सहभागी भई आर्थिक, भौतिक र व्यवस्थापकीय सहयोग गर्ने झापा, इलाम, सुनसरी, मोरङ, संखुवासभा, प्रदेश सरकार, विराटनगर महानगरपालिकासहित सम्पूर्ण संघसंस्थामा यो सम्मेलन हार्दिक आभार व्यक्त गर्दछ ।

गतिविधि

# महासंघको केन्द्रीय समितिको पाँचौं पूर्ण बैठक धनकुटामा सम्पन्न



नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको पाँचौं पूर्ण बैठक महासंघ अध्यक्ष गोविन्द आचार्यको अध्यक्षतामा २०७५ पुस ६ र ७ गते धनकुटामा सम्पन्न भएको छ । बैठकले पुस ४ र ५ गते विराटनगरमा आयोजित महासंघको राष्ट्रिय सम्मेलनको भावनाअनुरूप निम्न निर्णयहरू गरेको छ ।

१. पुस ४ र ५ गते विराटनगरमा सम्पन्न राष्ट्रिय सम्मेलनले दिएको म्यान्डेटलाई पूर्णरूपमा पालना गर्ने प्रतिवद्धता व्यक्त गरेको छ ।

२. नेपालको संविधान २०७२ मा उल्लेख प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पूर्ण प्रत्याभूति र नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय व्यवस्थाअनुसार प्रेस स्वतन्त्रता संकुचित नगर्ने नीति तथा कानून निर्माण गरी प्रेस स्वतन्त्रता, सूचनाको हक एवम् नागरिक अभिव्यक्ति स्वतन्त्रता सुरक्षित र सुनिश्चित गर्न संघीय, प्रदेश र स्थानीय सरकारहरूलाई सचेत गराउनुका साथै मुलुकी फौजदारी तथा देवानी संहिता, गोपनीयताको हक सम्वन्धी कानुनमा भएका प्रेस स्वतन्त्रताका विरुद्ध हुने प्रावधानहरू खारेज गर्न माग गरेको छ ।

३. नेपाल सरकारले पत्रकारको न्यूनतम पारिश्रमिक बृद्धि गर्ने निर्णय गरे पनि अधिकांश सञ्चारगृहहरूले त्यसलाई पालना नगरेको देखिएकाले घोषित सेवा सुविधा अविलम्ब उपलब्ध गराउन तथा श्रमजीवी पत्रकार ऐन पूर्णरूपमा कार्यान्वयन गराउनका लागि जारी रहेको दबावमूलक कार्यक्रमहरूलाई थप सशक्त आन्दोलनका रूपमा निरन्तरता दिने घोषणा गर्दै सम्बन्धित निकायलाई यसप्रति थप जिम्मेवार हुन आव्हान गरेको छ ।

४. अनलाइन सञ्चारमाध्यमलाई नियमन गर्दै अनलाइन सञ्चार माध्यममा प्रकाशित समाचारको विषयमा परेका उजुरी तथा गुनासा सम्बन्धमा समाचार लेख्ने र प्रकाशन गर्ने पत्रकारलाई विद्युतीय कारोबार ऐन २०६३ को दफा ४७/४८ अनुसार प्रहरीबाटै कारबाही गर्ने गरेकोप्रति आपत्ति जनाउँदै नियमनकारी निकाय प्रेस काउन्सिलमार्फत नै आवश्यक प्रक्रिया अगाडि बढाउन तथा ऐनको सो दफा खारेज गर्न माग गरेको छ ।

५. नयाँ संरचना आइसकेपछि केन्द्रदेखि स्थानीय तहसम्म सञ्चार नीति तथा कानूनहरूका विषयमा विवाद देखिएकाले संघ, प्रदेश तथा स्थानीय तहका सञ्चार नीति तथा कानूनहरू प्रेसमैत्री हुनेगरी एकरूपता कायम गर्न तीनै तहका सरकारहरूलाई आपसी समन्वयका लागि आग्रह गरेको छ ।

६. नेपाल सरकारद्वारा विभिन्न समयमा घोषणा गरिएका विभिन्न सामाजिक सुरक्षा कार्यक्रमहरूलाई तत्काल कार्यान्वयन गर्न यो बैठक नेपाल सरकारसँग जोडदार माग गर्दछ । साथै प्रेस काउन्सिल नेपालको पुनर्संरचना गरी प्रदेशस्तरमा समेत स्थापना गर्न र वर्गीकरण र नियमनका काम प्रदेशस्तरमा नै गर्नका लागि माग गरेको छ ।

७. आम सञ्चारमाध्यम र पत्रकार सम्बद्ध संघसंस्थालाई महिला, दलित, आदिवासी जनजाति, मधेसी, अपाङ्गता, अल्पसंख्यक, पिछडावर्ग लगायतलाई पूर्ण समावेशी बनाउन र नीति निर्माणका साथै संस्कृतिको संरक्षण तथा प्रर्वद्धन गर्न सञ्चारगृह तथा संस्थाहरूसँगको सहकार्यमा कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने निर्णय बैठकले गरेको छ ।

८. विगतमा भएका विभिन्न अधिवेशन, साधारणसभा तथा भेलाहरू तथा यही पुस ४ र ५ गते विराटनगरमा सम्पन्न राष्ट्रिय सम्मेलनको दिशानिर्देशअनुरूप नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको निर्वाचन प्रत्यक्ष निर्वाचन प्रणालीमा गर्ने र त्यसअुरूप विधान संशोधनका लागि विधान संशोधन समिति गठन गर्ने निर्णय गरेको छ ।

९. पत्रकारको क्षमता अभिवृद्धि तथा संस्थागत विकासका लागि आवश्यक तालिम, अध्ययन-अनुसन्धानका लागि केन्द्रीय तथा प्रदेशस्तरीय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना गर्न पहल गर्ने निर्णय गर्नुका साथै सम्बन्धित सञ्चारगृहहरूलाई नियमितरूपमा आफ्ना गृहमा कार्यरत पत्रकारहरूको क्षमता अभिवृद्धि तथा तालिम कार्यक्रमहरू सञ्चालन कार्यविधि निर्माण गरी कार्यान्यवन गर्न आव्हान गर्दछ ।

१०. नेपाल पत्रकार महासंघमा हाल कायम रहेका सदस्यहरूमध्ये पत्रकारितामा निस्क्रिय रहेका तथा पेशा परिवर्तन गरेकाहरूलाई सम्मानजनक रूपमा बिदाई गर्नका लागि निर्देशिका तयार गरी जिल्ला, एसोसिएट तथा प्रतिष्ठान शाखा र प्रदेश समितिहरूमार्फत शुद्धीकरण गर्ने निर्णय गरेको छ ।

११. नेपाल पत्रकार महासंघ प्रदेश समितिहरूको काम,

कर्तव्य र अधिकार स्पष्ट हुनेगरी निर्माण गरिएको कार्यविधिलाई राष्ट्रिय सम्मेलनको भावनाअनुरूप अन्तिम रूप दिई लागु गर्ने निर्णय गरेको छ ।

१२. साना लगानीका र स्वरोजगारमूलक सञ्चारमाध्यमलाई संरक्षण गर्न लोककल्याणकारी विज्ञापनको रकम वृद्धि र समानुपानिक विज्ञापन नीति लागू गर्न सम्बन्धित पक्षसँग माग गर्दछ ।

१३. नेपाल पत्रकार महासंघको प्रदेश समिति, जिल्ला तथा प्रतिष्ठान शाखा तथा एसोसिएट संस्थाहरूलाई वार्षिकरूपमा अनिवार्य लेखा परीक्षण गरी आर्थिक हिसाव चुस्तदुरूस्त राख्न र सोको जानकारी केन्द्रीय कार्यालयमा पठाउन सम्बन्धित शाखा तथा समितिहरूलाई निर्देशन गर्ने निर्णय गरेको छ ।

१४. धनकुटा जिल्लालाई अर्गानिक कृषि, पर्यावरणीय तथा पर्यटन गन्तव्यका रूपमा विकास गर्दै यसको महत्व बढाउन सम्बन्धित सबैमा अपील गर्दै यस कार्यमा सञ्चार क्षेत्रका तर्फबाट आवश्यक सम्पूर्ण सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेको छ ।

१५. धनकुटा नगरपालिकामा अवस्थित नमूना फोहर मैला प्रशोधन केन्द्रका बारेमा थप प्रचारप्रसार गरी देशभर यो उदाहरण अनुशरण गर्न प्रेरित गर्ने निर्णय गरेको छ । साथै केन्द्रलाई राष्ट्रिय प्रशोधन तालिम केन्द्रका रूपमा बिकास गर्न माग गर्दछ ।

१६. पुस ४ र ५ गते विराटनगरमा राष्ट्रिय सम्मेलन सम्पन्न गर्न सहयोग गर्ने प्रदेश नं १ समिति, मोरङ, सुनसरी, झापा, सिन्धुली, संखुवासभा, इलाम जिल्ला शाखाहरू र सम्पूर्ण सबैलाई धन्यवाद ज्ञापन गर्दछ ।

१७. यो बैठक सफल पार्न सहयोग गर्ने नेपाल पत्रकार महासंघ धनकुटा जिल्ला लगायत सम्पूर्ण संघसंस्था तथा निकायहरूलाई धन्यवाद ज्ञापन गर्दछ ।

# १३ बुँदे घोषणापत्र जारी गर्दै महिला पत्रकार राष्ट्रिय सम्मेलन सम्पन्न



काठमाडौं, १८ माघ । नेपाल पत्रकार महासंघ, केन्द्रीय महिला समितिको आयोजनामा माघ १६ र १७ गते चितवनको पटिहानीमा राष्ट्रिय महिला पत्रकार सम्मेलन सम्पन्न भएको छ ।

सम्मेलनको उदघाटन गर्दै पूर्वप्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले महिलाको सशक्तीकरणका निम्ति राज्यले विगतमा गरेको विभेदको क्षतिपूर्तिका रूपमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था संविधानमा गरिएको बताउनुभयो । उहाँले समाजमा रहेको विसंगति र विभेदको अन्त्यका लागि महिला पत्रकारको भूमिका महत्वपूर्ण हुने बताउनु भयो ।

कार्यक्रमका विशेष अतिथि महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री थममाया थापाले महिला पत्रकारहरूलाई काम गर्न सहज नभएको बताउँदै सबैभन्दा पहिला महिला आर्थिकरूपमा सशक्त, आत्मनिर्भर र स्वावलम्बी बन्नुपर्नेमा जोड दिनुभयो । उहाँले अझै पनि मुलुकमा कुसंस्कार र विभेद रहेको भन्दै महिला पत्रकारहरूले त्यसतर्फ कलम चलाउनुपर्नेमा जोड दिनुभयो ।



नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले धेरैभन्दा धेरै महिला पत्रकारहरूलाई नेतृत्वमा ल्याउन महासंघले आवश्यक पहल गर्ने बताउनु भयो ।

कार्यक्रममा प्रेस चौतारी नेपालका अध्यक्ष गणेश बस्नेत र प्रेस युनियनका वरिष्ठ उपाध्यक्ष दीपक आचार्यले धारणा राख्नुभयो ।

नेपाल पत्रकार महासंघ महिला समिति संयोजक लक्ष्मी पुनको अध्यक्षतामा भएको कार्यक्रममा सञ्चारिका समूहकी अध्यक्ष नीतु पण्डित, भरतपुर महानगरपालिका वडा नं २२ का वडाध्यक्ष विष्णुराज महतो, नेपाल पत्रकार महासंघ चितवनका अध्यक्ष राधेश्याम खतिवडा लगायतले धारणा राख्नुभएको थियो ।

कार्यक्रममा पत्रकार महिलाहरूको वर्तमान अवस्था, समस्या र समाधान विषयमा बहस तथा छलफल गरिएको थियो ।

कार्यक्रममा अगुवा पत्रकार महिला एवं नेपाल पत्रकार महासंघका पूर्व महिला पदाधिकारी तथा सदस्यहरूलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ प्रदेश समिति, जिल्ला शाखा, प्रतिष्ठान, एसोसियट शाखाामा रहनुभएका महिला उपाध्यक्षहरूको सहभागिता रहेको थियो ।

**पटिहानी चितवन घोषणा–पत्र २०७५**

१. सरकारी सञ्चारमाध्यम, आयोग, समिति र सल्लाहकार, बोर्ड र कर्मचारी नियुक्तिमा राज्यले अंगीकार गरेको ३३ प्रतिशत महिला सहभागिता सुनिश्चितताको तत्काल कार्यान्वयनका लागि जोडदार माग गर्दछौं ।

२. महिलाको क्षमता तथा दक्षता अभिबृद्धिको लागि आधारभूत र बिषयगत तालिमको ब्यबस्था तुरून्त गरियोस् ।

३. पत्रकार महिलाको भौतिक र पेशागत सुरक्षा सुनिश्चित गर्नुका साथै पेशागत स्थायित्वका लागि उचित वातावरण निर्माण गरियोस् र श्रम ऐनले ब्यवस्था गरेका सुविधाहरू उपलब्ध गराइयोस् ।

४. नेपाल पत्रकार महासंघको विधानमा प्रत्यक्ष निर्वाचन प्रणाली अंगीकार गरी अध्यक्ष वा महासचिव एकजना महिला हुनुपर्ने अनिवार्य ब्यवस्था हुनेगरी संशोधन गरियोस् । साथै एकजना महिला उपाध्यक्षको व्यवस्थाका लागि समेत विधानमा संशोधन गरियोस् ।

५. नेपाल पत्रकार महासंघको केन्द्रीय समितिमा ३३ प्रतिशत महिला सहभागिताका लागि विधानमा व्यवस्था गरियोस् ।

६. सञ्चारमाध्यममा आन्तरिक लैंगिक नीति अनिवार्यरूपमा बनाई कार्यान्वयन गरियोस् । नीतिगत र नेतृत्व तहमा महिला सहभागिता सुनिश्चित गरियोस् ।

७. आमसञ्चार नीति र श्रमजीवी पत्रकार ऐन जस्ताको तस्तै कार्यान्वयन हुने वातावरण निर्माणका लागि नयाँ बन्ने संघ र प्रदेशका कानूनहरू बनाइयोस् ।

८. सञ्चारमाध्यमले पत्रकार नियुक्ति र पदोन्नति गर्दा समावेशी नीति अपनाइयोस् ।

९. केन्द्र र मोफसलमा महिलाद्वारा सञ्चालित छापा तथा विद्युतीय सञ्चार माध्यमलाई स्थायित्व र दिगो व्यबस्थापन गर्नका लागि स्थानीय, प्रदेश र संघीय सरकारले नीतिगत व्यवस्था गर्नका लागि जोडदार




माग गर्दछ ।

१०. नेपाल पत्रकार महासंघले घोषणा गरेको राष्ट्रियस्तरको आमसञ्चार प्रतिष्ठान चितवनमा निर्माण गर्नका लागि तुरून्त पहल गरियोस् ।

११. पत्रकार महिलाका विशेष अवस्थालाई मध्यनजर गर्दै सञ्चारमाध्यममा शिशु स्याहार केन्द्रको अनिवार्य ब्यवस्था गरियोस् ।

१२. सरकारले व्यवस्था गरेको सुत्केरी बिदालाई पाँच महिना पुराउने गरी नीतिगत निर्णय गर्नुपर्ने र सो विषयमा ठोस निर्णय नहुँदासम्म भएको व्यवस्थालाई कार्यान्वयन गर्नुपर्ने । यी बिदाका कारण उसको पद यथावत रूपमै कायम हुनुपर्ने र उसको पदोन्नतिमा यस बिदाको कारण बाधा अवरोध नपुराइयोस् ।

१३. नेपाल सरकारले पहिचान गरेको नयाँ पर्यटकीय गन्तव्यमा पश्चिम चितवनको पटिहानी समेत परेकोमा स्वागत गर्दै पटिहानी लगायत पश्चिम चितवनको पर्या पर्यटनलाई लैंगिकमैत्री बनाउँदै विकास गर्न नेपाल सरकारले थप योजना ल्याउनुपर्ने यो भेला जोडदार माग गर्दछ ।